वैष्णव धर्म र नेपालका केही विष्णु मूर्तिहरू

प्रा.डा. साबित्री मैनाली

वैष्णव धर्म र नेपालका केही विष्णु मूर्तिहरू

प्रा.डा. साबित्री मैनाली

प्रकाशक : विश्वकान्त मैनाली
काठमाडौं, नेपाल

सर्वाधिकार : लेखकमा सुरक्षित

संस्करण : पहिलो, २०७०

मूल्य : रु. ५००।–

ISBN : 978-9937-2-6448-8

प्रकाशित प्रति : १०००

आवरण चित्र : वासुदेव विष्णु, नारायण मन्दिर, नारायणहिटी

कम्प्युटर : एस.बी. कम्प्युटर, बागबजार, ४२२२३०३

मुद्रक : एकेडेमिक प्रिन्टिङ प्रेस
पुतलीसडक, काठमाडौं

आलेख

सनातन धर्मावलम्बीहरूको सबैभन्दा प्राचीन ग्रन्थ वेदमा विष्णुको उल्लेख छ। वेदमा अन्य महत्त्वपूर्ण देवताहरू सरह विष्णुको उल्लेख नभए पनि उनको अवतारवादको अंकुर त्यहाँ पाइन्छ। ऐत्तरेय ब्राह्मणमा देवता र असुरहरूले पृथ्वी भागबण्डा गर्न लागेको प्रसङ्ग छ। जग्गा नाप्ने क्रममा इन्द्रले प्रष्टसँग आफ्नो विचार राख्दै भनेका थिए, "विष्णुको पाउले नापेको ३ पाइला जमीन देवगणको हुने छ र अरु सबै असुरहरूको" शतपथ ब्राह्मणमा पनि वामनरूप विष्णुले शयन गर्दा जति जमीन ढाकिन्छ, त्यति सबै देवताहरूको हुने उल्लेख छ। यस्तो निर्णयले देवता असुर दुवैको चित्त बुझेको थियो।

वैदिक समयका विष्णु, क्रमशः नारायण, वामन, परशुराम, राम, कृष्ण हुँदै आज सिताराम र राधाकृष्णका रूपमा व्यापक ढङ्गले पुजित छन्।

उत्तर वैदिक कालमा विष्णुको महत्त्व विस्तारै बिस्तारै बढेको देखिन्छ। यज्ञ प्रधान धर्म रहेका बेला विष्णुको तादात्म्य यज्ञसँग गरियो। शतपथ ब्राह्मणमा विष्णुको सिर नै सूर्य नारायण भएको उल्लेख छ। वैदिक कालसम्म देवताहरूको मूर्ति निर्माणको आवश्यकता ठानिएन। पौराणिक र महाकाव्य कालमा आइपुग्दा त्रयी देवको अवधारणाले बलियो जग हालिसकेका थियो। ब्रह्मा श्रष्टिकर्ता, विष्णु पालनकर्ता र शिव संहारकर्ताको रूपमा स्थापित र पुजित भैसकेका थिए। वैष्णव सम्प्रदायको केन्द्रविन्दुको रूपमा रहेका विष्णुको समन्वय त्रिदेवसँग क्रमशः गरियो र उनको प्रसिद्धि बढ्दै गयो। ऐतिहासिक देवता वासुदेव कृष्ण, वैदिक सौर देवता विष्णु र ब्राह्मण ग्रन्थका देवता नारायण नै त्रिदेवको समन्वयको परिणाम हो। भक्ति सम्प्रदाय विकसित भएपछि जसलाई वैष्णव सम्प्रदाय भनियो त्यसका मूल नायक नै वासुदेव कृष्ण भनिए। यसै सम्प्रदायलाई एकान्तिक, भागवत, पाञ्चरात्र, सात्वत आदि विभिन्न नामले संवोधन गरियो। महाभारत ग्रन्थका प्रमुख नायक वासुदेव कृष्णलाई उनका भाइ, छोरा र नाति सँगै पूजा आराधना गर्न

थालियो। संकर्षण (कृष्णका दाइ), प्रद्युम्न (रुक्मिणीबाट जन्मिएका छोरा), साम्ब (जाम्ववतीबाट जन्मिएका छोरा), अनिरुद्ध (प्रद्युम्नका छोरा, श्रीकृष्णका नाती) सँगै श्रीकृष्णलाई पञ्चवीर भनेर पूजा गर्न थालियो। पञ्चवीर पदवी पाएका कृष्णका परिवारका सदस्यहरूलाई भगवान् पञ्चवीर भनेर मूर्ति स्थापना गर्न थालियो। पञ्चको मान्यताबाट साम्ब लाई अलग गरेर, चार जनाको अस्तित्व मात्रै स्वीकार गरेर मूर्ति स्थापना गरियो। वीर विचारधारा व्यूह धारणामा बिस्तारै परिवर्तन भयो। चतुर्व्यूह (चतुर्मूर्ति) नामाकरण गरेर एउटै शिलामा, पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशामा वासुदेव, संकर्षण (वलराम), प्रद्युम्न र अनिरुद्धलाई दर्शाइन्छ। गुप्तकाल र त्यसपछि विष्णु चतुर्व्यूह मूर्तिका सङ्ख्या बढेर चौविस (चतुर्विंशति मूर्ति) हुन गयो। विष्णुको हातका आयुधहरू शङ्ख, चक्र, गदा र पद्मलाई क्रमशः तल, माथि गरेर फेर्दा नै २४ वटा विविध स्वरूप निर्माण हुन्छ। चतुर्व्यूह स्वरूपमा जोडिएका २० वटा नाम हुन्

१. केशव २. नारायण ३. माधव ४. पुरुषोत्तम ५. अधोक्षज ६. गोविन्द ७. विष्णु ८. मधुसूदन ९. अच्यूत १०. उपेन्द्र ११. त्रिविक्रम १२. नरसिंह १३.जनार्दन १४. वामन १५ श्रीधर १६. हृषिकेश १७. पद्मनाभ १८. दामोदर १९. हरि र २०. कृष्ण।

विष्णुका यी सबै स्वरूपका अनगिन्ती ठूला साना मूर्तिहरू भारतवर्षका विभिन्न स्थान र नेपालमा निर्माण गरिएका छन्। लामो समयसम्म सनातन धर्मावलम्बीहरूले ईश्वरका विविध स्वरूपमा प्रतिमा निर्माण गर्दै गए। हिन्दू बौद्ध र जैन धर्मावलम्बीहरूले समेत विकट, ठूला पहाड, चट्टान काटेर, तासेर त्यहाँ शिव पार्वती र मातृका गण, बुद्ध, वोधिसत्व र तिर्थांकरका सयौं चित्र र मूर्तिहरू बनाए। साँची, अजन्ता, एलोरा, बाघ, खजुराहो, एलीफेन्टा, आदि केही ठाउँ उदाहरणको रूपमा देखाउन सकिन्छ।

आर्यसमाजका प्रवर्तक र समाज सुधारक दयानन्द सरस्वती (सन् १९२४ ई – १८८३) ले १८७५ ई मा आर्य समाजको स्थापना गरेपछि तात्कालिन समाजमा ठूलो हलचल फैलियो। दयानन्द सरस्वतीका गुरु विरजानन्दको इच्छा अनुसार नै उनले वेदको प्रचार गरे तर मूर्ति पूजाको खण्डन गरे। आठ वर्षसम्म दयानन्दको प्रचार प्रसारबाट भारतका विभिन्न स्थान र नेपालमा समेत सनातन धर्मावलम्बीहरूको चिन्तनमा परिवर्तन आयो । दयानन्द सरस्वती (मूल शंकर) को नयाँ धार्मिक क्रान्तिले सनातन धर्मावलम्बीहरूको जीवन पद्धतिमा पनि परिवर्तन आयो। आर्य समाज (भद्र जनहरूको समाज) ले हिन्दूधर्म र दर्शनको चुरो समातेर यसमा भएका विकृतिलाई त्याग्न गरेको प्रयत्नले नव पुस्तालाइ उर्जा प्रदान गऱ्यो। वेदले

प्रकृतिको प्रतिनिधित्व गर्ने भएकोले दयानन्द सरस्वतीले ईश्वरको प्रतिमा निर्माण र पूजामा जोड दिएनन्। आर्य समाजको दस नियम पालन गर्दा प्राचीन सिद्धान्त र आदर्श सँगै ईश्वरलाई सबै सत्य ज्ञानको प्रारम्भिक कारण मनियो तर मूर्ति पूजामा जोड दिइएन। केही समय नयाँ मूर्तिहरूको निर्माणमा हौसला, उर्जा प्राप्त भएन तर निर्माण भएका अनगिन्ती मूर्तिहरूले त्यो रिक्त स्थान पूरा गरे।

महाभारतको आदि पर्व अन्तर्गत सम्भव पर्वमा अदितिका १२ जना छोराहरू (आदित्यहरू) को नाम दिइएको छ। ती १२ जना आदित्य मध्ये विष्णु कान्छा भए पनि सबैभन्दा चर्चित छन्। धाता, मित्र, अर्यमा, इन्द्र, वरुण, अंश, भग, विवस्वान्, पूषा, सविता, त्वष्टा र विष्णुको नाम क्रमशः बाह्र महिनामा पूज्ने पनि गरिन्छ।

विष्णुको व्यापकता यति बढ्दै गयो कि विशेष अनुष्ठान पूजा गरेर उनका हजार नामहरू जप्ने चलन चल्यो। महाभारत, पद्मपुराण र शाक्त प्रमोदमा विष्णुको सहस्र नामको उल्लेख छ। महाभारतको अनुशासन पर्व अन्तर्गत दानधर्मपर्वको १४९ अध्यायमा भीष्म पितामहले विष्णुको हजार नामको पाठ गरेका छन्। विष्णुका ती सहस्र नामको अर्थ र त्यसको पृष्ठभूमिको बारेमा वर्णन गर्दा विशाल ग्रन्थ नै तयार हुन्छ। विष्णुको सहस्रनाम माला जप्न मालाको आवश्यकता पर्दैन। अ अक्षरबाट शुरु भएको मात्रै १०८ वटा विष्णुका नाम छन्। मूर्ति विज्ञानको पृष्ठभूमिसँग सम्बन्धित केही नामको सामान्य अर्थ यहाँ सान्दर्भिक देखिन्छ।

अक्षर : = नाश नहुने

अजित : = कसैले जित्न नसकेका

अधृत : = पृथ्वीलाई पनि धारणा गर्ने

अनिमिषः = सधैँ जागा रहने।

अमूर्ति : = मूर्ति नभएका

आदित्य : = १२ आदित्य मध्ये एक विष्णु।

गदाग्रज : = वासुदेवका भाइ गदभन्दा पहिल्यै जन्मेका।

गदाधर : = कौमोदकी गदा लिने।

गोविन्द : = गाईहरूका इन्द्र

चक्री : = सुदर्शन चक्र लिने, संसाररूपी चक्र चलाउने।

चतुर्व्यूह : = वासुदेव, संकर्षण, प्रद्युम्न, अनिरुद्ध यी चार व्यूह बनाएर सृष्टि गर्ने।

पद्मनाभ : = जगत उत्पत्तिको कारणभूत कमल नाभिमा भएका।

त्रिपद = तीन पाउ भएका

त्रिविक्रमः = तीन पाइलाले तीनै लोक ढाक्ने।

विष्णुका यी विभिन्न नामहरू र काम अनुसार नै प्रतिनिधित्व हुने गरेर विष्णुका आकृति कुदिएका मूर्तिहरू निर्माण भएका छन्।

बस्ने ढाँचा अर्थात् मुद्राको आधारमा विष्णुका मूर्तिहरू ३ प्रकारका छन्।

१. स्थानक

२. आसन र

३. शयन

भारत र नेपाल दुवै ठाउँमा विष्णुका मूर्तिहरू प्रतिमा विज्ञान र वास्तु शास्त्रको निर्देशन अनुरूप नै बनाइएका छन्।

अपराजितपृच्छा, रूपमण्डन, विष्णुधर्मोत्तर, मत्स्यपुराण, अग्नि पुराण, मानसोल्लास, मयमत प्रतिष्ठा तन्त्र, समराङ्गण सुत्रधार, शिल्परत्न, विश्वकर्म वास्तुशास्त्र, जस्ता ग्रन्थहरूमा वास्तुशास्त्र परम्परा र प्रतिमा निर्माण बारे उल्लेख छ।

विष्णुका अधिकांश स्थानक (उभिएको) मूर्तिका ४ वा ८ हात बनाउने विधान छ। आयुध पुरुष सहित स्थानक मूर्तिहरू पनि बनेका छन्। स्थानक मूर्तिहरू पनि योग, भोग, वीर र अभिचारिक गरेर चार प्रकारका छन्। यस्तै आसन मूर्तिमा कमलको फूल कुण्डली स्वरूपको नाग र गरुडमा बसेको विष्णुका मूर्तिहरू निर्माण गरिन्छ। आसन मूर्तिमा विष्णुका आयुधसहितका ४ हात निर्माण गर्ने विधान छ। रूपमण्डन र अपराजितपृच्छामा चार मुख र बाह्र हातयुक्त विष्णुको गरुडमा आसन अनन्त रूपको वर्णन छ। यस्तै रूपमण्डनमै चार मुख र आठ बाहु भएका गरुडासन वैकुण्ठ र चार मुख र वीस बाहु भएका विश्वमुखः विष्णुको वर्णन पनि पाइन्छ। यसरी नै चारवटा शिर र सोह्रवटा हात भएका त्रैलोक्य मोहनको वर्णन पनि रूपमण्डन र अपराजितपृच्छामा छ। विष्णुको मन्दिरमा स्थापना गर्नु पर्ने प्रतिहारहरूले चण्ड, प्रचण्ड र जय र विजयको वामनाकार स्वरूप र चार वटा बाहुमा राखिने आयुधहरूको उल्लेख छ।

विष्णुको शयन प्रतिमा निर्माण विधान अनुसार योगशयन, भोगशयन, वीर शयन र अभिचारिकशयन प्रतिमा निर्माण गरिन्छ। लिच्छविकालका प्राचीन मूर्तिहरू त्रिविक्रम, विष्णु विक्रान्त, बराह, नरसिंह र गरुडासन विष्णुका मूर्तिहरू बनेको

झण्डै सय वर्षसम्म पनि शयन विष्णुका मूर्तिहरू स्थापना गरिएको देखिँदैन। काठमाडौं यंगाहिटी शिलालेख र गोपाल राज वंशावलीको आधारमा शिवपुरीको फेदीमा स्थित शयन विष्णुका मूर्तिको समय सातौं, शताब्दी तोकिएको छ। मल्लकालमा पनि शयन विष्णुको मूर्ति स्थापना गर्ने प्रचलन थियो। नेपालमा निर्माण भएका शयन विष्णुका केही मूर्तिहरू यसप्रकार छन्। १. शिवपुरी फेदीमा स्थित जलशयनी विष्णु २. हनुमानढोका, भण्डारखालस्थित जलशयनी विष्णु ३. हनुमानढोका, मोहन चोकको दलानको सुवर्ण चँदुवामा कुँदिएको शयन विष्णु

४. बालाजु २२ धारा उद्यान स्थित, जलशयनी विष्णु

५. आर्यघाटको स्वास्थ्य केन्द्र (सेतो घर) को भुइँतलाको भित्तामा स्थित जलशयन विष्णु ।

६. पशुपतिनाथ मन्दिरको पूर्वी ढोका, भष्मेश्वर, घाट, राज राजेश्वरी घाट, आर्यघाट, वत्सला मन्दिरको उत्तर तर्फको स्थानक शेषशायी नारायण, वागमती, विष्णुमति किनारमा स्थापित विभिन्न जल शयन मूर्तिहरू

७. पलान्चोक गाउँको फेदीमा रहेको जलशयन मूर्ति।

शयन विष्णुका मूर्तिहरू लिच्छवीकाल देखि शाहकाल सम्म नै निर्माण भएका छन। हिन्दू धर्म दर्शनको शिक्षा अनुसार आफ्नो समुदायको नेतृत्व गर्ने व्यक्ति ईश्वर, भगवान सरह नै हो, त्यसैले कुनै पनि समुदायको प्रमुखलाई ईश्वरको अवतार नै मान्ने प्रचलन छ हिन्दू समुदायमा। यही दर्शनले गर्दा नै यस देशका प्रमुख (राजा)ले शयन विष्णु (बूढानील कण्ठ) को दर्शन नगर्ने परम्परा चल्यो।

वैष्णव मूर्ति कलामा छिमेकी देशको प्रभाव, विशेष शैली आदिको बारेमा यस पुस्तकमा सारै राम्ररी व्याख्या गरिएको छ।

पशुपति आर्यघाटको पाटी (हाल स्वास्थ्य केन्द्र) को भित्तामा स्थित जलशयनी विष्णुको वर्णन मनन योग्य छ। यसै क्रममा पाटन मंगलबजारको भव्य मन्दिर भित्र स्थापित चतुर्व्युह विष्णुको विस्तृत वर्णन र चित्रहरू पनि उल्लेखनीय छन्। विभिन्न मूर्तिफलकको वर्णन गर्ने क्रममा भूदेवी र गरुडको वर्णनमा पनि नयाँ नौलो तथ्यहरू र नेपालमा निर्मित वैष्णव मूर्तिहरूको राम्रो व्याख्या यस पुस्तकमा छ। विष्णु मूर्ति निर्माण गर्ने प्रचलन भारतमा कुषाणकालमै भैसकेको थियो। गुप्तकालमा अनेक स्वरूपमा, विष्णु मूर्तिको विकास भयो, जसमध्ये शेषशायी विष्णुको स्वरूप पनि एउटा हो। गुप्तकालमा उत्तर भारतको भितरगाउँ, देवगढ, उदयगिरि, मथुरा, कालिजंर, नागपुर र मध्यप्रदेशको खजुराहोमा बनेका शेषशायी

विष्णु मूर्तिहरूको चर्चा विभिन्न प्रतिभा विज्ञान सम्बन्धी पुस्तकहरूमा पाइन्छन्।

सह प्रा.डा. साबित्री मैनालीका ३ वटा पुस्तकहरू प्रकाशित भैसकेका छन्। संस्कृतिका विविध विधाहरूमा कलम चलाएर अनुसन्धानमूलक लेखहरू र पुस्तक प्रकाशन गरेर डा. मैनालीले ठूला गुण लगाउनु भएको छ भन्दा अतिशयोक्ती हुँदैन। लिच्छवीकालिन धर्म तथा अर्थ व्यवस्था (वि.स. २०४१), प्राचीन नेपाली समाजमा प्रचलित प्रमुख धर्महरू (वि.सं. २०५७) हिन्दू मिनिएचर पेन्टीङ्स अफ द काठमाडौं भ्याली शिर्षकका पुस्तकहरूद्वारा पाठक र संस्कृति विषयका विद्यार्थीहरूले निकै लाभ लिएका छन्।

बी.ए. सम्म विराटनगरमा अध्ययन गरेर एम.ए., त्रि.वि., कीर्तिपुर संस्कृति विभागमा पढ्न आउनु भएकी सावित्री मैनालीले काठमाडौं उपत्यकाका गल्ली, चोक, चौबाटो, मन्दिर, विहार, बहाल, दरबार आदि थुप्रै ठाउँहरू अध्ययनको क्रममा धेरै पल्ट चाहार्नु भएको छ। २-४ पल्ट घुम्दा पनि भेउ पाउन नसकिने यहाँका बहाल, विहार, मन्दिर, दरबार, किल्ला, संग्रहालय, अभिलेखालयमा पूरा पूरा दिन घुम्दा धेरै पल्ट साथ दिएका सम्झदा रमाइलो लाग्दछ र सन्तोष हुन्छ। विभिन्न पुस्तकहरूको गहिरो अध्ययन, मनन र स्थलगत भ्रमण गरेर तयार पारिएको यो पुस्तक तथ्य सामग्रीहरूले मात्र भरिएको छ। यो पुस्तक खोजपरक स्थलगत अध्ययन गरेर तयार पारिएको हुनाले विश्वासिलो छ। डा. मैनालीको रोचक सरल शैलीले गर्दा नेपाली संस्कृति र मूर्तिकलामा रुची राख्ने सामान्य मानिसले पनि यो पुस्तक पढेर धेरै कुरा जान्न सक्तछ। अन्वेषक, अनुसन्धानकर्ता डा. मैनालीको सशक्त कलमबाट हरेक वर्ष यस्ता गतिला ग्रन्थ जन्मदै जाउन् भन्ने शुभकामना व्यक्त गर्दै नेपालको संस्कृतिको विविध पक्षहरू मध्ये मूर्तिकलाको क्षेत्रमा यस पुस्तकले नयाँ देन दिनेमा म विश्वस्त छु।

सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन प्रत्येक व्यक्ति, स्थानीय निकाय र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट हुनुपर्दछ। भौतिक (मूर्ति) र अभौतिक (अमूर्त) दुवै सम्पदाको जगेर्ना गर्न सकेमा आफ्नो देशको चिनारी बाह्य जगत्मा पुऱ्याउँदै आन्तरिक र बाह्य पयर्टन वृद्धि गर्नमा सकारात्मक भूमिका निर्वाह गर्न सकिन्छ। यस कार्यलाई यस पुस्तकले टेवा दिएको छ।

अन्त्यमा नेपाली चित्रकला र मूर्तिकलाको विशेष विधान हस्तपूजाको बारेमा दुई चार शब्द कोर्दै विषयको विट मार्दछु। स्नानद्वारा शुद्ध भएपछि कलाकारको दुवै हातमा विशेष विधानद्वारा गरिने अनुष्ठान, पूजालाई हस्तपूजा

भनिन्छ। भोकै, शुद्ध वा चोखो खाना खाएर कलाकारले कलाको सृजना आरम्भ गर्ने प्रथा आज पनि कायमै छ। हस्त पूजा गर्ने विधान र विज्ञको अभावमा प्राण प्रतिष्ठाको विधान लोप प्रायः भै सकेको छ। सम्पूर्ण मन्दिरको गर्भ गृह र मन्दिरको बाहिर स्थापित द्वारपाल (सिंह, शार्दूल, हात्ती, घोडा) का मूर्तिहरूमा प्राण प्रतिष्ठा गरिएका हुन्छन्। आधुनिक कला विधिको प्रवेश नेपालमा भरखरै मात्रै भए तापनि मूर्तिकला र चित्रकलाको क्षेत्रमा एउटा नौलो लहर आएको छ आधुनिक कलाले प्रभाव पार्दा पार्दै पनि नेपाली कला पूर्ण रूपमा धार्मिक र प्रतिमा विज्ञानका पुस्तकद्वारा निर्देशित सृजना हुन्।

प्रा.डा. वीणा पौड्याल
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौं

A Few Lines

I did have the extreme pleasure of reading the type-script of Dr. Sabitree Mainali, professor of Nepalese History, Culture and Archaeology of Tribhuvan University, titled "Vaishnav, Dharma ra Nepalka Kehi Vishnu Murti haru" (Vaishnav Religion and Some Vishnu Sculptures of Nepal") with much interest delight and curiosity. This study posseses seven interesting chapters. Vaishnavism is a major religious cult in Nepal as evidenceed by the plentiful Vishnu or Laxmi-Narayan images found in Nepal belonging to the Lichchhavi, Malla and the Shah period. The primary focus of this research is confined basically on the Vishnu sculptures of Nepal. The ten different poses of Lord Vishnu, extending from yogansan to Vishwarupa posture has been graphically described. Among the most popular postures of Vishnu are those which depict Vishnu in his usual mount Garuda or his Vishwarupa images where he manfests the entire universe.

Lord Vishnu certainly constitutes an important component of the Hindu Trinity, the other two being Shiva and Brahma. Vaishnavism did appear as a distinct religion in the Pre-Budhhist period (Seventh century B.C.). It was Vasudeva Krishna who was responsible for the popularity of Vaishnavism in South Asia by propogating his Bhakti cult in the text of Gita. The basic message of Gita is the complete surrender to God to attain salvation. The icons of Vishnu in Nepal constitute some of the best specimen of Asian art in the world.

The most interesting chapters in the book are however chapter two and chapter seven. In chapter two God Vishnu is in his usual

mount Garuda, while in chapter seven, we get a description of Vishnu sleeping in a bed of snakes. The classical (stone image of Vishnu is in his mount Garuda in the Changu Narayan complex of Kathmandu. Another Garuda styled image of Vishnu is in the store of Changu Narayan temple. It is a metalic image. The other Garuda style icons of Vishnu in Nepal come from Kumveshwar temple in Patan, Khajahani in Simaraungadh and Tribeni Ghat. The chapter seven is exclusively devoted to Vishnu sleeping in a bed of snakes. The last specimens of this image come from Hanuman Dhoka Bhandarkhal Pokhari and the Budhanilkantha as well as Balaju.

The research is very much inriched by 50 graphic documentation of the sculptures of Vishnu either in stone or metal. This visual feature is one of the most beautiful aspect of this book. While completing this study she has meticulously examined the primary and secondary sources. But the most significant aspect of this study is her vast knowledge of Nepali iconography and her critical scientific accumen. I must congratulate her for completing this "monumental work" on a little known aspect of Vaishnava icons of Nepal. I do sincerely hope that this book will shower upon her all the merit and reward she rightly deserves.

To conclude let me thank professor Mainali for giving this opportunity to pen the above lines. I do wish her well in life and a successful future. Once again thank you so much.

Prem Uprety
Professor of History
Tribhuvan University
June 15, 2012

भूमिका

कुनै पनि समाज वा देशको संस्कृतिको अध्ययनको एक महत्त्वपूर्ण श्रोतको रूपमा कलालाई लिइन्छ। संस्कृतिको महत्त्वपूर्ण अङ्गको रूपमा स्थापित कला (चित्रकला, मूर्तिकला तथा वास्तुकला) अन्तर्गतको मूर्तिकला र अझ त्यसलाई पनि साँघुर्‍याएर नेपालका वैष्णव मूर्तिकलालाई मात्र यस ग्रन्थमा समेट्ने काम भएको छ। नेपाली कलाकारद्वारा विभिन्न समय (प्राचीनदेखि आधुनिक कालसम्म) मा निर्माण गरिएका काठमाडौं उपत्यका भित्रका विभिन्न ठाउँहरू जस्तो मठ, मन्दिर, चोक, गल्ली लगायत कुना काप्चामा बेवारिसे अवस्थामा समेत रहेका तथा काठमाडौं उपत्यकाभन्दा बाहिर र अझ विदेशीहरूको संग्रहका विषय वस्तु बनेका विष्णुका विभिन्न स्वरूप (aspect) का मूर्तिहरूको बेग्ला बेग्लै विवरण तयार पार्ने हो भने पनि ठूला-ठूला ग्रन्थहरू तयार हुन सक्छन्। यस ग्रन्थमा नेपाली संस्कृति रूपी बगैंचामा फूलेका विष्णु मूर्ति रूपी विभिन्न फूलहरूलाई मालाको रूप दिने उद्देश्य राख्ता राख्दै पनि विष्णुका विभव स्वरूपका मूर्तिहरूलाई समाविष्ट गर्न सकिएन। अध्ययन तथा अनुसन्धानको क्रममा विभिन्न समयमा तयार पारिएका पर तथा व्यूहरूप अन्तर्गतका स्थानक, आसन तथा शयन स्वरूपका केही उल्लेखनीय विष्णु मूर्तिहरूलाई समेटेर ग्रन्थ रूपी एउटा मालामा उन्न पाउँदा आफू खुशीले गद्‌गद् भएको भाव पनि यहाँ व्यक्त गर्न चाहन्छु।

यस विषयको अध्ययन अनुसन्धान प्रतिको आफ्नो चाख तथा अध्यापनका पनि झण्डै चार दशक बित्न लाग्दा पनि विषयको गहिराइमा पुगी त्यसको सार खिच्नु महासागरबाट सानो घैंटोमा पानी लिए सरी मात्र भएको अनुभव मैले गरेकी छु। यति हुँदाहुँदै पनि नेपाली कला तथा संस्कृति प्रति अभिरुची राख्ने पाठक लगायत विभिन्न तहका संस्कृति विषयका विद्यार्थी तथा अनुसन्धानकर्ताहरूका लागि यो अनुसन्धानात्मक ग्रन्थ उपयोगी हुने कुरामा म विश्वस्त छु।

यस ग्रन्थ तयार पार्न मलाई सँधै घच्घच्याइ रहने मेरा गुरुहरू प्रा.डा. प्रेमरमण उप्रेती प्रा.डा. मुकुन्दराज अर्याल तथा प्रा.डा. प्रेमकुमार खत्री प्रति हार्दिक आभार

प्रकट गर्दछु साथै मलाई अन्तरात्मादेखि माया गर्ने अभिन्न मित्र, सहपाठी तथा सहकर्मी प्रा.डा. वीणा पौड्यालको सद्भाव तथा सधैंभरी मलाई अध्ययन अनुसन्धानमा लाग्न उत्प्रेरित गरिरहने सकारात्मक सोचलाई हृदयदेखि म अभिवादन गर्दछु।

यसैगरी मलाई स्थलगत अनुसन्धानको क्रममा सम्बन्धित ठाउँसम्म पुगी तस्वीर खिचेर तयार परिदिनु हुने पुरातत्व विभागका फोटोग्राफर भाई ओम श्रेष्ठलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। ग्रन्थमा समेटिएका केही मूर्तिहरूका फोटोहरू उपलब्ध गराएर गुन लगाउनु भएका विद्यार्थी भाइ सुवासकृष्ण डंगोललाई पनि धन्यवाद नदिइ रहन सक्तिन। सम्बन्धित स्थानमा प्राप्त हुन नसकेका थुप्रै तस्वीरहरू पुरातत्व विभागका सहयोगी मित्रहरूले जुटाइ दिनु भएकोमा पुरातत्व विभागका निर्देशक लगायत पुरातत्व विभाग परिवारलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु। अध्ययन अनुसन्धानको क्रममा पुस्तकालयमा रहेका पुस्तकहरूको अध्ययन गर्ने अवसर दिनु भएकोमा राष्ट्रिय अभिलेखालय पुस्तकालय प्रमुख प्रतिभा मानन्धर लगायत अभिलेखालय परिवारलाई धन्यवाद नदिइ रहन सक्तिन। सम्बन्धित स्थलमा प्राप्त हुन नसकेका तथा हराएका (विदेशिएका) कतिपय मूर्तिहरूको चित्र लगायतका विवरण विभिन्न लेखकहरूका पुस्तकहरूबाट पनि साभार गरेकी छु। महत्त्वपूर्ण तथा प्राप्त हुन नसकेका वैष्णव मूर्तिहरू पुस्तकमा छपाइ दिएर ग्रन्थकारलाई मूर्तिको अध्ययन गरी विवरण तयार पार्न सजिलो बनाइदिनु हुने विभिन्न पुस्तकका लेखकहरूप्रति पनि म यसै भूमिका मार्फत आभार प्रकट गर्दछु। यसरी नै मेरो हस्तलिखित ग्रन्थलाई टाइप तथा सेटिङ्ग गरी प्रकाशनको तहसम्म पुऱ्याइ दिने एस.बी. कम्प्युटर परिवारलाई पनि धन्यवाद दिनु आफ्नो कर्तव्य सम्झेकी छु। साथै मुद्रणको अभिभारा लिई पुस्तकाकारको स्वरूप दिने पैरवी प्रकाशनका प्रोप्राइटर पदम शिवाकोटी तथा प्रेस परिवारलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्तमा मेरा हर सुख दुःखमा साथ दिँदै मलाई यो तहसम्म पुऱ्याउनु हुने मेरा पति बरिष्ठ अधिवक्ता विश्वकान्त मैनालीप्रति हार्दिक आभार व्यक्त गर्दछु साथै मेरा छोरा–बुहारी तथा छोरी ज्वाइँबाट पुस्तक प्रकाशनको लागि पाएको हौसलाको कदर गर्दै उनीहरूलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु।

प्रा.डा. साबित्री मैनाली
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर, काठमाडौं
२०७०

विषयसूची

आलेख		ग
A few lines		ञ
भूमिका		ठ
शब्दावली		त
अध्याय एक	: वैष्णव धर्म र विष्णु मूर्तिहरू	१
अध्याय दुई	: नेपालका गरुडासन विष्णु मूर्तिहरू	२१
अध्याय तीन	: श्रीधर विष्णु मूर्ति	३९
अध्याय चार	: नेपालका चतुर्व्यूह तथा चतुर्विंशतिव्यूह विष्णु मूर्तिहरू	५२
अध्याय पाँच	: विष्णु मूर्तिफलकका महत्त्वपूर्ण पात्रहरू	८२
अध्याय छ	: विश्वरूप विष्णु तथा काठमाडौँका केही विश्वरूप मूर्तिहरू	१०९
अध्याय सात	: जलशायी (शेषशायी) विष्णु	१२०
निष्कर्ष		१३१
सन्दर्भ ग्रन्थसूची		१३४
चित्रसूची		१३७

शब्दावली

अञ्जली मुद्रा — दुवै हत्केला एक अर्कासँग जोडी छातीको तहसम्म पुऱ्याएर नमस्कार गरिएको मुद्रा

अधोवस्त्र — कम्मरभन्दा तल्लो भागमा लगाइने धोती लगायतका वस्त्रहरू

अर्धनारीश्वर — देवी र देवताको आधा-आधा स्वरूप मिलाएर बनाएको मूर्ति वा चित्र।

अभयमुद्रा — छातीको तहसम्म हात उठाएर हत्केला बाहिर फर्काएको हातको मुद्रा। संरक्षणको प्रतीक।

अमृत — देवता र दानवले समुद्र मन्थन गर्दा निस्केका विभिन्न वस्तुहरू मध्येको एक पदार्थ।

अमृत घट — अमृतले भरिएको पात्र (भाँडो)।

अवतार — देव-देवीले पृथ्वीमा अर्को रूप लिएर आउनु। उदाहरणको लागि भगवान् विष्णुले आवश्यकता अनुरूप विभिन्न युगमा लिएका अवतार मत्स्य, कुर्म, वराह आदि।

अक्षमाला — रुद्राक्षमाला, (ब्रह्मा, शिव, सरस्वती आदि देव-देवीले लिने विभिन्न आयुधहरूमध्येको एक आयुध)।

अंकुश — चोके (हुक) सहितको तान्ने वा अड्काउने हतियार जो विभिन्न देवी देवताको हातमा लिइन्छ।

अंगद — देवी-देवताले पाखुरामा लगाउने गहना (केयुर)।

आयुध — देवी-देवताहरूले हातमा लिने विभिन्न हतियार। जस्तो विष्णुले लिने शंख, चक्र, गदा, पद्म। शिवले लिने अक्षमाला, त्रिशुल आदि।

आयुध पुरुष — देवताहरूका विभिन्न आयुधहरूलाई मानवाकृतिमा देखाउनु। जस्तो शंख, गदा, चक्र र पद्मलाई क्रमशः पुरुष, स्त्री तथा नपुंसक रूपमा देखाइन्छ।

आसन — देवी-देवताहरू विराजमान हुने आसनहरू। गरुडासन पद्मासन आदि।

उर्ध्ववस्त्र वा उत्तरीय — शरीरको कम्मरभन्दा माथिको भागमा लगाइने वस्त्र जस्तो देवताहरूका मूर्तिमा शरीरको माथिल्लो भागमा ओढिने वा घाँटीमा अड्याइ दुवैतिरका काँधबाट झारिने ओढनी (Sash) तथा नारी मूर्तिमा लगाइने चोलो तथा ओढनी।

कट्यावलम्बित मुद्रा — एक हात कम्मरमा अड्याएर आरामसाथ उभिने मुद्रा। यस्ता मुद्रा खासगरी देवीका मूर्तिमा देखिन्छन्। विशेषतः उभिएका मूर्तिहरूका देब्रे हातद्वारा यो मुद्राको प्रयोग गरिन्छ।

कल्प — पौराणिक ग्रन्थहरूमा युगहरू बताउन प्रयोग गरिएको शब्द जसमा चार युग बराबर एक कल्प हुन्छ।

कमलासन — कमलको फूलको आसन।

कल्पवृक्ष — देवता र दानवले समुद्रमन्थन गर्दा निस्केका विभिन्न रत्न (चौध) हरूमध्येको एक, मनचिन्ते वृक्ष।

कटिबन्ध — कम्मरभन्दा तलको वस्त्र अड्याउन प्रयोग गरिने कम्मरपेटी।

गर्भगृह — कुनै पनि मन्दिरमा देवता वा देवी स्थापना गरिने मूल ठाउँ, जो प्रायः भूइँतलामा रहन्छ भने कतिपय मन्दिरमा पहिलो तलामा पनि राखिएको हुन्छ।

गदा — माथिल्लो भाग गोलो क्रमशः तल साँघुरिँदै आइ लट्ठीको आकारमा पुगेको हतियार जो विष्णुको चार हातमध्ये एक हातमा अविछिन्न रूपमा रहेको हुन्छ।

चतुर्व्यूह — भगवान् विष्णुका चार व्यूह रूपहरू वाशुदेव, संकर्षण, प्रद्युम्न तथा अनिरुद्ध। एउटै मूर्तिफलकमा चारैतर्फ एक एक स्वरूपहरू बनाइएको हुन्छ।

चतुर्विंशव्यूह — विष्णुका चौबिस व्यूहरूपहरू जसमा केशव, नारायण, माधव, गोविन्द, विष्णु, मधुसुदन, त्रिविक्रम, वामन, श्रीधर, ऋषिकेश, पद्मनाभ, दामोदर, संकर्षण, वासुदेव, प्रद्युम्न, अनिरुद्ध, पुरुषोत्तम, अधोक्षज, नरसिंह, अच्यूत, जनार्दन, उपेन्द्र, हरी र श्रीकृष्ण पर्दछन्।

पद्मबीज — कमलको बीउ (बीज) जो अक्सर विष्णुका हातमा लिइन्छ।

ढाल — शत्रुको प्रहार रोक्न हातमा लिइने वा छातीमा लगाइने कडा वस्तु। प्रद्युम्नको हातमा लिइने एक आयुध।

प्रभावली — देवत्वको प्रतीक, देवी देवताका शिर पछाडि गोलो तथा अण्डाकार ज्योतिपुञ्जको रूपमा राखिने घेरा जो सादा वा अलंकृत दुवै किसिमको हुन्छ।

बिल्वफल — बेल, लक्ष्मीका हातमा लिइने एक आयुध, फल विशेष।

मेखला — देवताको कम्मरमा बाँधिने कपडा विशेष (पट्टुका) जो सादा तथा अलंकृत हुन्छ।

वरद — भक्तहरूलाई वरदान प्रदान गर्ने हेतु हत्केला अगाडि फर्काई कम्मर तलसम्म पुऱ्याइएको मुद्रा।

वैष्णव — विष्णु भगवान्लाई परमेश्वर मानी पूजा उपासना गर्ने वैष्णव धर्मका अनुयायीहरू। भगवान विष्णुसँग सम्बन्धित।

शयन मूर्ति — शेषनागको शैय्यामा सुतेका मूर्ति, बुढानीलकण्ठ नारायण आदि मूर्तिहरू।

स्थानक मूर्ति — उभिएको अवस्थामा रहेका देवी देवताका मूर्तिहरू।

अध्याय एक

वैष्णव धर्म र विष्णु मूर्तिहरू

परिचय

त्रिदेवमध्येका पालनकर्ता देवताको रूपमा सनातन धर्मावलम्बीहरूद्वारा पूजित भगवान विष्णुलाई आराध्यदेव तथा परमात्मा मानेर उनका विभिन्न रूप तथा उनीसँग सम्बन्धित विभिन्न देव देवीहरू प्रति भक्तिभाव दर्शाउने तथा पूजा उपासना गर्ने सिद्धान्त नै वैष्णव धर्म हो।

वैष्णव धर्मको उत्पत्ति पहिल्याउने क्रममा विभिन्न साहित्यिक ग्रन्थहरू केलाउँदै जाँदा ऋग्वैदिक साहित्यसम्मै पुग्नुपर्ने हुन्छ। ऋग्वेद (३,६, १०) मा उनको लागि उरुगाय तथा उरुक्रम (धेरैद्वारा गाइएका तथा धेरै टाढा सम्म टेक्न सक्ने) शब्द को प्रयोग गरिएको छ। ऋग्वेदमै द्युस्थानका (आकाश) देवता विष्णुलाई आफ्ना तीन पाइलाले सम्पूर्ण लोक (भूःभूवः स्वः) नाप्न सक्ने भन्दै त्रिविक्रम नामले सम्बोधन गरिएको पाइन्छ।[१] वैदिक समीक्षक और्णभावले विष्णुका तीन पाइलालाई सूर्यसँग तुलना गर्दै उनका तीन पाइलालाई बिहानको उदाउँदो सूर्य, मध्यान्हको प्रचण्डतापयुक्त सूर्य तथा सूर्यास्तको मलिन अवस्थाको सूर्यको रूपमा व्याख्या गरेका छन्।[२] वेदमै उनलाई पर्वतीय सिंह भन्दै उनको परम्पद पुगेको ठाउँ सबैभन्दा उत्कृष्ट (तद्विष्णो परमम् पदम्) हो जहाँबाट अमृतका झरना झर्दछन् र उनी भएको ठाउँबाट निरन्तर प्रकाश छरिइरहन्छ भनिएको छ।[३] वैदिक साहित्यकै विभिन्न ठाउँमा विष्णुलाई कृषि तथा पशुपालक देवता भनिएको छ।[४] ऋग्वैदिक कालका प्रथम स्थानमा रहेका देवता इन्द्रका सहयोगीको रूपमा विष्णुलाई लिइएको पाइन्छ। ऋग्वैदिक कालमा स्वर्गको स्थान प्राप्त गरेका विष्णु यजुर्वेदमा पर्वतका स्वामी कहलाएका छन्। ऐत्तरीय, कौशितकी तथा शतपथ ब्राह्मणमा शिव, रुद्र,

प्रजापती आदि देवतासँगै यिनको पनि वर्णन गरिएको छ। शतपथ ब्राम्हणमा नै उनका तीन पाइलालाई राक्षसगण विरुद्धको संघर्षमा विजय प्राप्त गर्ने व्यापक शक्तिको रूपमा लिइएको छ।[५] रामायण तथा महाभारतकालसम्ममा यी देवता एक प्रमुख शक्तिशाली देवताको रूपमा हिन्दु समाजमा देखा परे। अब उनी त्रिदेव (ब्रहमा,विष्णु ,महेश) मध्येका पालनकर्ता देवताको रूपमा चिनिन पुगे। उपनिषदकालमा धार्मिक विचारधारामा आएको परिवर्तनमा 'उपासना' महत्त्वपूर्ण थियो। यसको फलस्वरूप विभिन्न धर्ममा उपासनाको प्राधान्यता रहन पुग्यो। यसै क्रममा विष्णुलाई आफना प्रधान इष्टदेव वा अराध्यदेव ठान्ने उनका भक्तहरूले भगवान (विष्णु) को नजिक पुग्नका लागि पूजा उपासनाका विभिन्न तौर तरिका अवलम्बन गरे जसलाई भक्ति, उपासना तथा पूजाको नामले जानिन्छ। भगवान विष्णुलाई आफनो आराध्यदेव मानी उनीप्रति भक्तिभाव दर्शाउने विष्णुभक्तहरू नै वैष्णवमार्गी तथा तत्सम्बन्धी धर्म तथा सिद्धान्त वैष्णव धर्म कहलाउँछ।

उत्पत्ति तथा विकास

इशापूर्व छैठौं-तेस्रो शताब्दीसम्ममा वैष्णव धर्म भागवत वा पाञ्चरात्र धर्मको रूपमा देखापरिसकेको थियो। यस धर्मको प्रादुर्भाव पश्चिमोत्तर भारतमा भएको मानिन्छ। यसका प्रवर्तक वासुदेव कृष्ण थिए। यस मतको मूल लक्ष जीव मुक्तिको मार्ग पत्ता लगाउनु थियो। ईश्वर प्रतिको भक्तिले मात्र यस दुखी संसारबाट जीवले मुक्ति पाउन सक्छ। ईश्वरको कृपा नहुञ्जेल जीवले मुक्ति पाउन सक्दैन भन्ने थियो। पाणिनीको अष्टाध्यायीमा (छैटौं-पाँचौं शताब्दी इ.पू) तात्कालीन भारतमा वासुदेवप्रति भक्तिभाव राखी उनलाई उपास्य देवताको रूपमा ग्रहण गरिएको कुराको उल्लेख परेको छ।[६] युनानी राजदूत मेगस्थनिजको 'इण्डिका' (इ.पू चौथो शताब्दी) मा पनि तात्कालीन भारतमा वासुदेवप्रति भक्तिभाव राखेर उनलाई उपास्य देवता मानेर उनीप्रति भक्तिभाव दर्शाउने क्रम शुरु भैसकेको उल्लेख परेको छ। त्यसबेला मथुरा क्षेत्रमा बसोबास गर्ने शूरसेन जनपदका शात्वत्हरू यस मतका उपासक रहेको कुरा मेगस्थनिजले उल्लेख गरेका छन्।[७] यसबाट मौर्यकालमानै भारतीय समाजमा वासुदेव कृष्णको पूजा हुने गरेको कुरा थाहा हुन्छ जसलाई उनले 'हेराक्लीज' (कृष्ण) भनेका छन्। उनी आफुलाई भागवत भन्ने गर्दथे। शुङ्गकालमा यवन राजदूत हेलीयोडोरसले बेसनगरमा गरुडस्तम्भ खडा गराएको कुरा उनको (इ.पू दोश्रो शताब्दी) खम्बुब शिलालेखमा उल्लेखित छ। आरम्भमा यस धर्ममा वासुदेव कृष्णका साथ संकर्षण, प्रद्युम्न, अनिरुद्ध तथा साम्व समेतको उपासना

गरिन्थ्यो। यिनीहरू पाँच वृष्णीवीरको रूपमा जानिन्थे। घोसुण्डी (राजपुताना) अभिलेखमा वासुदेवको पूजाको लागि शीलाप्रकार (प्रासादः) को निर्माण गरिएको कुरा परेको छ। जसमा वासुदेव र संकर्षणको उपासना मण्डप र त्यसको चारैतिर बनाइने भित्ताको बारेमा चर्चा गरिएको छ।[८] इ.पू प्रथम शताब्दीताकाको नानाघाट गुफा अभिलेखमा विभिन्न देवताहरूसँगै वासुदेव तथा संकषर्णको पनि उल्लेख परेको छ। अझ वासुदेवादि व्युहवादको व्यापक प्रचार भैसकेको कुरा यस अभिलेखमा परेको छ।[९] इशापूर्व तेस्रो शताब्दीताकासम्ममा यो धर्ममा एकान्तिक तथा वैखानश जस्ता वैष्णव मतका शाखाहरूको विकाश भैसकेको थियो। एकान्तिक मत भागवत् गीताले शुरु गरेको मानिन्छ। पतञ्जली (१५०-१०० इ.पू) को माहाभाष्यमा पनि तात्कालीन भारतीय समाजमा भागवत सम्प्रदायको उपस्थिति रहेको कुरा परेको छ। त्यसताका 'कंशवध'का चित्रहरू कोरिने गरेको, वासुदेवको गुणगान गाइएको कथाको चर्चा पाईन्छ। महाभारतमा पनि धेरै ठाउँमा वासुदेव लगायत पाञ्चरात्र मतको चर्चा गरिएको पाइन्छ।

इशापूर्व प्रथम शताब्दीदेखि भने यस सम्प्रदायका मूर्तिहरू नै निर्माण गरी पूजा उपासना गर्ने प्रचलन शुरु भयो। बाँया माथिल्लो हातमा चक्र लिएको चार हाते विष्णुको प्रतिमा अंकित पाञ्चाल नरेश विष्णुमित्रको मुद्रा प्राप्त भएको छ जसलाई सिक्कामा अंकित वासुदेव विष्णुको प्रथम मूर्तिको रूपमा लिइन्छ। यसको समय इशापूर्व प्रथम शताब्दी भनिएको छ।[१०] यस मुद्रामा अंकित चित्रलाई कनिङ्गहमले चार हातयुक्त विष्णु भनेका छन् यद्यपि मुद्रा सानो भएका आधारमा सबै कुरा प्रष्ट छैनन्। यसरी नै V.A. Smith ले कुशाण शासक हुविष्कको भारतीय संग्रहालयमा संग्रहित ताम्र मुद्रामा भएको अभिलेख पढी मुद्रामा विष्णुको प्रतिमा रहेको कुरा The Age of Imperial Unity को पृष्ठ ४३९ मा उल्लेख गरेका छन्। तर बनर्जी यसमा सहमत छैनन्।[११] यति हुँदाहुँदै पनि बनर्जी भन्छन् कि भारतका प्राचीन मुद्राहरू (Indiginous Coins) मा देखिएका कतिपय आयुधहरू विष्णुका आयुधसँग मिल्दछन्।[१२] उदाहरणको रूपमा तात्कालीन मुद्रामा अंकित चक्र, गरुड, माछा, आदिका आकृतीलाई लिन सकिन्छ। यस प्रकार प्राचीन कालदेखिनै वैष्णव सम्प्रदाय भारतमा एक महत्त्वपूर्ण धर्मको रूपमा रहेको थियो। यद्यपि समयानुसार यस धर्मका बेग्लाबेग्लै धर्म प्रचारकहरू भए र उनीहरूले आ-आफ्नो तरिकाले वैष्णव धर्मको प्रचार प्रसार गरी यसको विकाशमा उल्लेखनीय योगदान दिए। यस धर्म अन्तर्गत भागवत पुराण, विष्णु पुराण, गरुड पुराण, आदि विभिन्न पुराणको रचना विभिन्न युगमा हुँदै गए भने मध्यकालसम्म आइपुग्दा रामानुज, रामानन्द,

निम्वार्क, कवीरवल्लभ, चैतन्य, तुलसीदास आदि अनेकौं धर्मगुरुहरूले यस धर्मको विकाशमा महत्त्वपूर्ण योगदान दिएको कुरा कसैबाट छिपेको छैन। सुरुमा भक्तिमा सीमित धर्म समयानुसार मूर्ति पूजा गर्ने, तीर्थ, व्रत, जप आदिको परम्परा यस धर्ममा विकसित हुँदै गयो। माथि उल्लेखित वैष्णव धर्म प्रचारक गुरु रामानुजले विष्णु तथा उनका अवतारहरूको प्रचार गरे। त्यस्तै निम्वार्कले राधाकृष्ण मत अगाडि ल्याए भने चैतन्यले राम र कृष्ण दुवै (हरे राम, हरे कृष्ण) को उपासनाको मत अगाडि सारे (नाम जप्ने)। रामदासले राम र सीता (रघुपति राघव राजा राम, पतित पावन सीता राम) प्रति भक्ति भाव दर्शाउने नाम जप्ने मत अघि सारे।[१३]

यसबेलासम्ममा (इशाको प्रथम शताब्दी) वैष्णव धर्मको उन्नति तथा विकाश चरमोत्कर्षमा पुगिसकेको थियो। पौराणिककालदेखि नै यस धर्ममा अवतारवादको कल्पना भैसकेको कुरा श्रीमद्भागवत महापुराणमा उल्लेख गरिएका विभिन्न अवतारहरूको उल्लेखबाट थाहा हुन्छ। सनातन धर्मावलम्बीहरूको विश्वास अनुसार भगवान् सर्वव्यापी छन् तथापि आवश्यकता अनुसार विभिन्न रूपमा उनी अवतरित हुन्छन्। भगवान्को पृथ्वीमा अवतरण हुने स्वरूप नै अवतार हो। विष्णुले समय समयमा फरक फरक रूपमा पृथ्वीमा अवतरित हुने ज्ञान इन्द्रबाट सिकेका विभिन्न गुणहरू मध्येको एक गुण हो भनी जे. गोण्डाले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।[१४] ऋग्वेदमा उल्लेखित आवश्यकता अनुरूप इन्द्रले भेडा तथा गोरुको रूप लिएको प्रसंगको आधारमा विष्णुका अवतारसम्बन्धी कथाहरूको उल्लेख गरिएको हो।[१५]

महाभारतको नारायणीय खण्डमा विष्णुका बराह, नृसिंह, वामन, परशुराम (भृगुवंशी राम) राम (रघुवंशी राम) तथा वासुदेव कृष्णको चर्चा गरिएको छ। यसरी नै कुर्म, मत्स्य, कल्की तथा हंसको पनि महाभारतमा उल्लेख भएको पाइन्छ। श्रीमद्भागवत गीताको चौथो अध्यायमा श्रीकृष्णको मुखबाट स्वयम् आफू अवतरित भएको बताएको कुरा उल्लेख गरिएको छ। (यदा यदा ही धर्मस्य ग्लानीर्भवति भारत .....'जब जब संसारमा धर्मको नाश हुन्छ धर्मको रक्षा तथा पापीहरूको नाश गर्न म यस पृथ्वीमा बारम्बार आउने छु')।[१६] विष्णुका अवतारहरूको वर्णन फरक फरक ग्रन्थमा फरक फरक प्रकारले गरिएको पाइन्छ। वायुपुराणमा विष्णुका अवतारहरू यज्ञ, नरसिंह, वामन जो पारलौकिक हुन् र अरू अवतारहरू मानवातार अन्तरगत दत्तात्रय, जमदग्न्य, राम दशरथी, वेदव्यास, वासुदेव कृष्ण र कल्की (मणिको अवतार) भनिएको छ। भागवत पुराणमा २२ अवतारको उल्लेख पाइन्छ जसमा पुरुष, बराह, नारद, नर नारायण, कपील, दत्तात्रेय, यज्ञ, ऋषभ,

पृथु, मत्स्य, कुर्म, धन्वन्तरी, मोहिनी, नरसिंह, वामन, भार्गवराम, वेदव्यास, दशरथी राम, बलराम, कृष्ण, बुद्ध र कल्की पर्दछन्। बराहपुराण तथा अग्निपुराणले १० अवतारको चर्चा गरेका छन्। तर मत्स्यपुराणमा विष्णु यस पृथ्वीमा ७ पल्टसम्म जन्मनु परेको कथा (भृगुऋषि पत्नीलाई मारेको कारण भृगुऋषिको श्रापले गर्दा) बताइएको छ। जसमा दत्तात्रेय, मान्धाता, जमदग्न्य, राम, वेदव्यास, बुद्ध तथा कल्की र बाँकी नारायण, नरसिंह, वामन (celestial ones)र अझ दत्तात्रेय, मान्धाता, वेदव्यास र नारायण यी ४ नामहरूको सट्टामा मत्स्य, कुर्म, बराह र वलराम राखी दश अवतारको रूपमा स्वीकार गरिएको भन्ने भनाइ पनि छ।[१७] पाञ्चरात्र संहिता अतर्गत सात्वत संहितामा विष्णुका उनान्चालिस अवतारहरू बताइएका छन्। हिन्दु समाजमा मान्यित अवतारहरू मत्स्य, कुर्म, बराह, नृसिंह, वामन, राम, परशुराम, कृष्ण, बुद्ध र कल्की गरी जम्मा दशवटा छन्। यी विभिन्न अवतारहरू सत्य, त्रेता, द्वापर र कली गरी जम्मा चार युगमा अवतरित हुने त्यसमध्ये सत्य, त्रेता तथा द्वापर युगका अवतारहरू अवतरण गरिसकेका र कलियुगमा अवतरित हुने भनिएका कल्की अवतार मात्र बाँकी रहेको विश्वास गरिन्छ।

वैखानशागम वृहत्संहिता, जस्ता प्रतिमा विज्ञान सम्बन्धित ग्रन्थहरूले विष्णुमूर्ति निर्माण विधान बताएका छन्। वृहत्संहितामा वर्णन गरे अनुसार विष्णुका आठ, चार तथा दुइ बाहु हुनुपर्छ, उनको छातीमा श्रीवत्स चिन्ह अङ्कित हुनुपर्छ उनी कौस्तुभमणिले सुशोभित हुनुपर्छ, विष्णुको शरीरको रङ्ग अतसि फूल (Yellowish green) को जस्तो हुनु पर्दछ। उनको वस्त्र पहेंलो रङ्गको हुनुपर्दछ, कानमा कुण्डल, मणिमाणिक्यले सुसज्जित मुकुट पहिरेको हुनुपर्दछ। उनका आठ हात भएको अवस्थामा दायाँतर्फका हातहरूमा तरबार, गदा, वाँण, र अभय मुद्रा हुनु पर्दछ भने बायाँतर्फका हातहरूमा धनु, ढाल, चक्र तथा शङ्ख हुनुपर्दछ। चार हातयुक्त विष्णुको मूर्तिमा उनको दायाँतर्फका हातहरूमध्ये एउटा अभय मुद्रामा हुनुपर्दछ भने अर्को हातमा गदा हुनुपर्दछ। त्यसरी नै बायाँतर्फका हातहरूमध्ये एकमा शङ्ख र अर्कोमा चक्र रहनुपर्दछ। दुई हातयुक्त विष्णु भए दायाँतर्फको हात अभय मुद्रामा र बायाँमा शङ्ख हुनुपर्दछ। अनुचर सहितका विष्णुका स्थानक, आसन, तथा शयन मूर्तिहरू कस्तो हुनु पर्दछ यसबारे केही उल्लेख गरिएको छैन। विष्णु धर्मोत्तरपुराण अनुसार श्याम वर्णका कुण्डल, बाजु, वनमाला, कौस्तुभमणि, किरिट मुकुट लगायत सम्पूर्ण आभूषण लगाएका चारभुजे विष्णुको दायाँतर्फको माथिल्लो हातमा फक्रेको कमल, तल्लोमा गदा, बायाँतर्फको माथिल्लो हातमा शङ्ख तथा तल्लोमा चक्र लिएको विष्णु मूर्ति बनाउनु पर्दछ। विष्णुका मूर्ति निर्माण विधान बारे बताउने अर्को

महत्त्वपूर्ण श्रोत वैखानसागम हो, जसले विष्णुका अचल (ध्रुववेर) ३६ प्रकारका मूर्तिको चर्चा गरेको छ। विष्णुका ध्रुववेर मूर्तिहरू योग, भोग, वीर तथा अभिचारिक गरी ४ प्रकारका हुन्छन्। जो मूलतः स्थानक, आसन र शयन स्वरूपमा निर्माण गरिनु पर्दछ। हरेक मूर्तिहरू विष्णुसँग सम्बन्धित अन्य सहयोगीहरूको (अनुचर) उपस्थितिको आधारमा उत्तम, मध्यम तथा अधम समूहमा पर्दछन्। विष्णुका स्थानक मूर्ति निर्माण गर्दा रिज्वायत वा समपाद स्थानक मुद्रामा निर्माण गरिनु पर्दछ।[१८] विष्णुका माथि उल्लेखित ४ प्रकारका मूर्तिहरू भक्तले कुन उद्देश्य प्राप्तिको लागि निर्माण गर्न लागेको हो सोही प्रकारले निर्माण गरिएको हुन्छ। उदाहरणको लागि एउटा योगीले योग प्रकारको मूर्तिको पूजा गर्दछ। जो व्यक्ति भोगमा रमाउँछ वा आनन्दको आकांक्षा राख्दछ उसले भोग प्रकारको मूर्ति पूजा गर्छ। शक्ति चाहने व्यक्तिले वीर प्रकारको मूर्ति पूजा गर्छ भने जसले आफू विजेता हुन वा शत्रु परास्त गर्न चाहन्छ उसले अभिचारिक मूर्ति पूजा गर्दछ।[१९] गोपिनाथ रावले माथि उल्लेखित श्रोतका आधारमा विष्णुका विभिन्न प्रकारका मूर्तिहरू निर्माण गर्ने तरिका बारे उदाहरण सहित आफ्ना पुस्तकमा उल्लेख गरेका छन् ।[२०]

योगस्थानक मूर्ति

विष्णुको योगस्थानक मूर्ति निर्माण गर्दा चार हात, कालो वर्ण, दायाँतर्फको माथिल्लो हातले चक्र तथा तल्लो हात अभय वा वरद मुद्रामा हुनु पर्दछ। बायाँतर्फको माथिल्लो हातमा शङ्ख तथा तल्लो हात कट्यावलम्बित मुद्रा (कटिहस्त) मा रहनु पर्दछ। विष्णुको दायाँ बायाँ तल्लो भागमा भृगु तथा मार्कण्डेय ऋषीहरू घुँडा टेकी बसेको हुनु पर्दछ वा भूदेवी दाँया र मार्कण्डेय बाँया रहनुपर्दछ। विष्णुको योगस्थानक मूर्तिको उत्तर तर्फ दक्षिणाभिमुख चार हाते शिवको मूर्ति हुनुपर्दछ। शिवका चार हातमध्येको बायाँतर्फको एक हात कम्मर भन्दा केही तल (hip) अड्याएको हुनुपर्दछ भने अर्को हातले मृगचर्म समातेको हुनुपर्दछ। दायाँतर्फको माथिल्लो हातले परशु समातेको हुनुपर्छ तथा बाँकी एकहात अभय मुद्रामा हुनुपर्दछ। मूर्तिको दक्षिणतर्फ उत्तराभिमुख चार हातयुक्त ब्रह्माको मूर्ति रहनु पर्दछ। उनका चार हातहरूमा अक्षमाला, कमण्डलु, कट्यावलाम्बित मुद्रा तथा एक हात उठाएर विष्णुको प्रशंसा गरिरहेको अवस्थामा देखाउनु पर्दछ। यसप्रकारले विष्णुको मूर्ति निर्माण गरिन्छ भने यो उत्तम वर्गको विष्णुको मूर्ति मानिन्छ। यदि विष्णुको योगस्थानक मूर्तिमा देखाउनुपर्ने ब्रह्मा तथा शिवको मूर्ति नभएमा यस्तो अवस्थामा देखाइने

विष्णुको मूर्ति मध्यम वर्गको र यसरी नै भृगु र मार्कण्डेयको अनुपस्थिति छ भने यस्ता मूर्ति अधम वर्गमा पर्दछन्। [२१]

भोग स्थानक मूर्ति

यस प्रकारको विष्णुको मूर्तिमा पनि उनलाई चारहात युक्त समपादस्थानक मुद्रामा नै देखाउनु पर्दछ। चार हातमध्येका माथिल्ला दुई हातले शङ्ख तथा चक्र समातेको हुनुपर्दछ जबकि तल्लो बायाँ हात कट्यावलम्बित मुद्रा वा कटकहस्त मुद्रामा हुनु पर्दछ। बाँकी एक हातको बारेमा केही पनि उल्लेख छैन। यी देवताको रङ्ग पनि कालो देखाउनु पर्दछ। मूल मूर्तिको दायाँ श्रीदेवीले स्थान पाएको हुनुपर्दछ। स्थानक मुद्रामै रहेकी सुनौलो रङ्गकी देवीको दाँया पाउले जमिनमा दह्रोसँग टेकेको तथा बायाँ पाउ केही खुकुलो पारेको अवस्थामा देखाउनु पर्दछ। देवीको दायाँ हातमा कमलको फूल तथा बाँया हात खाली झुण्डयाएको अवस्थामा रहनुपर्दछ। विष्णुको बायाँतर्फ कालो रङ्गकी भूदेवी रहेको देखाउनु पर्दछ। उनको बायाँ हातमा नीलकमल र दायाँ हात श्रीदेवीको झैं तल झुण्ड्याएको अवस्थामा हुनु पर्दछ। यस प्रकारको मूर्तिमा विष्णुको दायाँतर्फ भृगृ तथा बायाँतर्फ मार्कण्डेय घुँडा मारेर बसेको अवस्थामै देखाउनु पर्दछ। मूर्ति फलकको माथिल्लो भागमा माया, सिम्हलादिनी, कामिनी, व्याजनी तथा संगीतज्ञ तुम्बुरु तथा नारद, किन्नर, यक्ष लगायत सूर्य तथा चन्द्रले पनि स्थान पाउनु पर्दछ। साथै उत्तर तथा दक्षीण पर्खाल वा भित्तामा शिव तथा ब्रह्माको समेत उपस्थिति हुनुपर्दछ। माथि उल्लेखित विभिन्न पात्रहरू सहितको मूर्तिफलक भोगस्थानक विष्णुको मूर्ति फलक हो जो उत्तम वर्गको भोगस्थानक विष्णु मूर्ति कहलाउँछ। माथि उल्लेखित पात्रहरूमध्ये यक्ष, विद्याधर, नारद, तुम्बुरुको मूर्ति फलकमा अनुपस्थिति छ भने यस्ता मूर्ति मध्यम वर्गका भोगस्थानक मूर्ति कहलाउँछन्। अझ सनक, सनतकुमार, सूर्य, चन्द्र तथा ऋषिहरू पनि अनुपस्थित छन् भने यस्ता मूर्ति अधम वर्ग भित्र पर्दछन्।

वीर स्थानकमूर्ति

यस वर्गका मूर्तिअन्तर्गतका विष्णुका स्थानक मूर्तिमा पनि चार हात हुन्छन्, जसमध्ये दुइ हातमा शङ्ख तथा चक्र रहनु पर्दछ। बाँकी दुई हातको बारेमा केही उल्लेख पाइन्न। विष्णुका मूर्तिमा अन्य विभिन्न पात्रहरू जस्तो ब्रह्मा, शिव, भृगु, मार्कण्डेय किस्किन्धा, सुन्दर, सनतकुमार, सूर्य तथा चन्द्रहरूको उपस्थिति रहनु पर्दछ। यस प्रकारको मूर्ति उत्तम वर्गको वीर स्थानक विष्णु मूर्ति

कहलाउँछ। मूर्ति फलकमा किस्किन्धा, सुन्दर, सनक, सनतकुमार छैनन् भने यो मध्यम वर्गको वीर स्थानक मूर्ति तथा सूर्य तथा चन्द्रको तथा ऋषिहरूको पनि अनुपस्थिति भने यस्ता मूर्ति अधमवर्गका वीरस्थानक मूर्तिको श्रेणीमा पर्दछन्।

अभिचारिक स्थानक विष्णुमूर्ति

यस प्रकारको विष्णुलाई कालो रङ्गमा दुई वा चार हातयुक्त देखाइन्छ। यस्तो विष्णुको मूर्तिको वस्त्र समेत कालो देखाउनु पर्ने तथा कुनै पनि अनुचरहरूको उपस्थिती रहन नहुने तथा यस्ता मूर्तियुक्त मन्दिर देवता तथा मनुष्यको वासस्थान भन्दा पर पैशाचपादमा बनाइन्छ र यस्तो मूर्ति वा मन्दिर निर्माण गर्दा पनि आरद्रा नक्षत्रको समय पारी कृष्ण पक्षमा निर्माण गरिन्छ।

योगासन विष्णुमूर्ति

पद्मासनमा विराजमान, सेतो रङ्गका चार हाते विष्णुका अगाडिका दुई हात योग मुद्रामा देखाउनु पर्दछ। विष्णुको शरीरको माथिल्लो भागमा सेतो तथा तल्लो भागमा पहेंलो वस्त्रको प्रयोग गरिनुपर्दछ। यसका साथै यज्ञोपवित, कुण्डल, केयूर, हारको प्रयोग हुनुपर्दछ। विष्णुका आँखा ध्यान मुद्राका (हल्का चिम्लिएको अवस्था) हुनुपर्दछ। विष्णुको उत्तरतर्फको पर्खाल वा खोपामा शिवलाई बसेको मुद्रामा देखाउनु पर्दछ यसरी नै दक्षिणी पर्खालमा ब्रह्मालाई सोही मुद्रामा स्थान दिनुपर्दछ। विष्णुको पछाडि (पश्चिम) पर्खालमा चन्द्र र सूर्य, सनक तथा सनतकुमार हुनपर्छ। यस्तै भुगृ तथा मार्कण्डेय तथा भूमिदेवी मूर्तिफलकमा रहनुपर्दछ। यी सबैको उपस्थिति रहेको मूर्ति उत्तमवर्गको योग स्थानक मूर्ति कहलाउँछ। मूर्तिफलकमा सनक, सनतकुमार, सूर्य-चन्द्रको अनुपस्थिती भए मध्यम योगासन मूर्ति कहलाउँछ। अझ भृगु र मार्कण्डेयको समेत उपस्थिति छैन भने अधम योगासन मूर्ति कहलाउँछ। यस प्रकारको विष्णुको मूर्तिमा शङ्ख, चक्रको उपस्थिति रहनुहुँदैन भनिएको छ तर रावले बागली नामक स्थानको ढुङ्गे योगासन मूर्तिको चित्र आफ्नो पुस्तकमा दिएका छन्। जसमा विष्णुका पछाडिका दुई हातमध्ये दायाँमा चक्र तथा बायाँ हातले गदा समातेको देखिन्छ।[२२] यसलाई रावले वाचस्पत्य कोशमा उल्लेखित सिद्धार्थ संहिताको आधारमा निर्माण गरिएको मूर्तिको रूपमा उल्लेख गरेका छन्। उक्त श्रोतका आधारमा यस प्रकारको विष्णुको मूर्ति निर्माण गर्दा पद्मासनमा बसेको, हल्का चिम्लिएका

आँखाले नाकको टुप्पो मात्र देख्न सक्ने अवस्थाको बनाउनु पर्छ। अगाडिका दुई हात पलेंटी मारी बसेका गोडा माथि (योगासन मुद्रामा) रहेको देखाउनु पर्दछ। मूर्तिको दायाँ बायाँ पद्म तथा ठूलो गदा समेत रहनु पर्दछ। उनका पछाडिका दुइ हातमा पाञ्चजन्य शङ्ख तथा सुदर्शन चक्र पनि रहेको हुनु पर्दछ। यस प्रकारका मूर्ति जन्म मृत्युको बन्धनबाट आत्मालाई मूक्ति मिलोस् भन्ने उद्देश्यका लागि निर्माण गरिएका हुन्छन् र यस्ता मूर्तिहरू योगीहरूद्वारा पूज्न लायक मानिन्छन्।

भोगासन मूर्ति

यस समूहका मूर्तिमा विष्णुलाई दायाँ बायाँ लक्ष्मी तथा भूदेवी सहित सिंहासनमा बसेको देखाउनु पर्दछ। चार हातयुक्त विष्णुका दायाँतर्फको एक हातमा चक्र रहनुपर्दछ भने अर्को हात अभय वा वरद मुद्रामा रहनु पर्दछ। उनका बायाँतर्फका हातहरूमध्ये एउटा हातले शङ्ख समातेको हुनु पर्दछ भने अर्को पूठ्ठामा वा सिंहकर्ण मुद्रामा रहनु पर्दछ। उनको दायाँ बायाँ रहेका लक्ष्मी तथा भूदेवीलाई अर्धपर्यङ्कासन मुद्रा (एउटा गोडा दोब्राइ दाँया आसनी तल झुन्ड्याएको अवस्था) मा रहेको देखाउनु पर्दछ। (भूदेवीको दायाँ गोडा दोब्राएर बायाँ झुण्ड्याएको अवस्थामा हुनु पर्दछ) लक्ष्मीले बायाँ हातमा कमलको फूल लिएको देखाउनु पर्दछ भने भूदेवीले दायाँ हातले नीलोत्पल लिएको देखाउनु पर्दछ। बाँकी हात सिंहासनमा वा काखमा वा कटकहस्त मुद्रामा रहनु पर्दछ। यसरी नै उत्तर तथा दक्षिणी पर्खालमा शिव तथा ब्रह्माका मूर्ति हुनु पर्छ साथै मार्कण्डेय, भृगु लगायतका अन्य विभिन्न पात्रहरूको उपस्थिति मूर्तिमा रहनु पर्दछ। माथि योगासन मूर्तिमा उल्लेख गरिएका पात्रहरूको उपस्थिति तथा अनुपस्थितिको आधारमा उत्तम, मध्यम तथा अधम योगासन मूर्तिका प्रकार छुट्टिन्छन्।

यस प्रकार विष्णुका स्थानक, आसन तथा शयन मूर्तिका उत्तम, मध्यम तथा अधम वर्गका मूर्ति भनी छुट्याएको पाइन्छ जसमा स्थानक प्रकारका विष्णुमूर्तिमा विष्णुलाई समपादस्थानक मुद्रामा उनका आयुध तथा अन्य विभिन्न पात्र (अनुचर) सहित देखाएको हुनुपर्ने तथा विभिन्न पात्रहरूको उपस्थितिका आधारमा उत्तम, मध्यम तथा अधम वर्गका मूर्तिको श्रेणीमा विष्णुका स्थानक मूर्ति पर्ने कुरा रावले बताएका छन्। यही क्रम आसन तथा शयन मूर्तिमा पनि लागू भएको पाइन्छ जस अन्तर्गत आसन प्रकारका मूर्तिमा विष्णुलाई सिंहासनमा देखाइनु पर्ने तथा अन्य पात्रहरूको उपस्थिति वा अनुपस्थितिका आधारमा मूर्तिको श्रेणी वर्गीकरण गरिएको पाइन्छ।

योगशयन मूर्ति

यस वर्गका मूर्ति अन्तर्गत विष्णुका शयन मूर्तिहरू पर्दछन्। वैखानसागम लगायतका श्रोतमा उल्लेख गरिए अनुसार योग शयन मूर्ति निर्माण गर्दा विष्णुलाई शरीरको माथिल्लो एक चौथाई भाग केही उठाइएको जस्तो देखाइ बाँकी तीन चौथाई भाग नागको शय्या माथि सुतिरहेको अवस्थामा देखाउनु पर्दछ। उनका दुइ हात बनाउनु पर्दछ। उनको दायाँ हात किरीटमुकुट छुने तहसम्म उठाएको हुनपर्छ भने अर्को हात कटक मुद्रामा हुनु पर्दछ वा तिघ्राको तह सम्म छुने अवस्था देखाउनु पर्दछ। दाँया गोडा केही तन्काएको अवस्थामा रहनुपर्छ भने देब्रे गोडा हल्का खुम्च्याएको अवस्थामा देखाउन पर्दछ। विष्णुको शयन मूर्तिको दायाँ बायाँ भृगु तथा मार्कण्डेय, गोडाको दायाँ बायाँ मधु-कैटभ र विष्णुको नाभीबाट निस्केको डाँठयुक्त कमल माथि ब्रह्मा, माथिल्लो भागमा (फलकको) आयुधपुरुष, गरुड, विश्वशेन, सप्तऋषि आदि सबै अञ्जली मुद्रामा देखाउनु पर्दछ त्यसरी नै दक्षिण पर्खालमा ब्रह्मा र उत्तरमा शिवको उपस्थिति बसेको अवस्थामा हुनुपर्छ। यस्तो मूर्ति योग शयनमूर्ति कहलाउँछ। तर सप्तऋषि, विश्वशेनको अनुपस्थिति छ भने मध्यम र भृगु र मार्कण्डेय, मधु-कैटभ आदिको समेत अनुपस्थिति छ भने अधम वर्गका मूर्ति अन्तर्गत पर्दछन्।

भोगशयन मूर्ति

यस प्रकारको विष्णुको मूर्ति निर्माण गर्दा अँध्यारो (कालो नीलो) रङ्गको दुई वा चार हातयुक्त, शरीरको माथिल्लो चौथाइ भाग केही उठेको, तीन चौथाइ भाग शेषनागको शय्या माथि सुतेको अवस्थामा देखाउनु पर्दछ। योगासन मूर्तिमा झैं उनको दायाँतर्फको माथिल्लो हात किरीट मुकुटको तहसम्म पुगेको वा टाउको तर्फ तन्काएको अवस्थामा देखाउनु पर्दछ। बायाँतर्फको एक हात तिघ्राको बराबरीसम्म पुगेको अवस्थामा हुनुपर्दछ। बाँकी हातको बारेमा श्रोतले केही बताएको छैन। दायाँ गोडा योगशयन मूर्तिमा झैं केही तन्काएको र देब्रे गोडा हल्का खुम्च्याएको अवस्थामा रहनुपर्दछ। दुई गोडाको दूरी २० अंगुल हुनु पर्दछ (त्यसमा पनि दुई गोलीगाँठा बीचको दूरी चार अंगुल र घुँडाको दूरी चौध अंगुल) विष्णुको मूर्तिको निधार तीन औंलाको ब्रह्मसूत्र युक्त देखाउनु पर्छ। शयन विष्णुको टाउकोतर्फको भागमा दायाँ हातमा कमल लिएकी लक्ष्मीलाई बसेको अवस्थामा देखाउनु पर्छ । उनको बायाँ हात कटकहस्त मुद्रा वा सिंहकर्ण मुद्रामा हुनुपर्दछ। विष्णुको गोडातर्फको भागमा भूदेवीलाई विष्णुको बायाँ पाउ छोएको अवस्थामा देखाउनु पर्दछ। यिनको

दायाँ हातमा नीलोत्पल र बायाँ कटकहस्त मुद्रामा हुनुपर्दछ। विष्णुको दायाँतर्फ तल मार्कण्डेय र बायाँतर्फ भृगु रहनुपर्दछ। यसरी नै उत्तरतर्फ शिव र दक्षिणतर्फ ब्रह्मा को उपस्थिति हुनुपर्दछ। यस बाहेक दक्षिणतर्फ खोपामा गणेश तथा उत्तरतर्फ दुर्गाको मूर्ति हुनुपर्छ। विष्णुको गोडा नजिकै डरलाग्दो मुद्रामा मधु-कैटभलाई देखाउनु पर्दछ, साथै विष्णुको नाभीबाट निस्केको डाँठ सहितको कमल माथि ब्रह्मालाई समेत देखाउनु पर्छ। यसरी नै आयुधपुरुष, गरुड तथा गरुडभन्दा केही माथि दायाँतर्फ सूर्यको उपस्थिति रहनु पर्दछ। ब्रह्माको बायाँतर्फ अश्विनी देवता, तुम्बुरु, नारद र माथि बायाँतर्फ चन्द्रको उपस्थिति रहनु पर्दछ। यसको साथै अष्टदिक्पाल र अप्सरा पनि चमर हम्केको अवस्थामा देखाइनु पर्दछ। माथि उल्लेखित विभिन्न पात्रहरू भएको मूर्ति उत्तम भोगशयन मूर्ति हो। यसमा तुम्बुरु, नारद तथा अष्ट दिक्पालको अनुपस्थिति छ भने मध्यम भोगशयन र भृगु, मार्कण्डेय, अप्सरा आदि अनुपस्थित छन् भने अधम भोगशयन मूर्ति कहलाउँछ।

वीरशयन मूर्ति

विष्णुका शयन मूर्ति अन्तर्गत नै पर्ने यस वर्गको मूर्तिमा पनि विष्णुलाई अँध्यारो (नीलो कालो) रङ्गमा देखाउनु पर्छ। उनका चार हातमध्ये दायाँतर्फको एक हात आफ्नो सिरानीको रूपमा टाउको मुनि राखिनु पर्छ भने अर्को हातले चक्र समातेको हुनुपर्दछ। बायाँतर्फको एक हातले शङ्ख समातेको तथा अर्को हात तिघ्राको तहसम्म पुऱ्याई आराम गरेको अवस्थामा देखाउनु पर्छ। गोडाको हाराहारीमा लक्ष्मी र भूदेवीलाई क्रमशः दायाँ बायाँ देखाउनु पर्छ। यस प्रकारका मूर्तिमा मधु र कैटभलाई विष्णुको गोडा समाति अनुनय विनय गरेको अवस्थामा देखाउनु पर्छ। यसरी नै मार्कण्डेय तथा भृगु, ब्रह्मा, आयुधपुरुष, गरुड, चन्द्र सूर्य, सप्तऋषि, बाह्र आदित्य, एकादश रुद्र र अप्सरा, तुम्बुरु, नारद, किन्नर, सनक, सनतकुमार, शिव सबैको उपस्थिति यथा स्थानमा देखाउनु पर्दछ। यस्तो मूर्ति उत्तम वीरशयन मूर्ति कहलाउँछ। यस प्रकारको मूर्तिमा एकादश रुद्र, बाह्र आदित्य, अप्सरा, सप्तऋषि अनुपस्थिति छन् भने त्यस्तो मूर्ति मध्यम वीरशयन मूर्ति हुन्छ। यसरी नै किन्नर, सनक, सनतकुमार, मार्कण्डेय, भृगु आदि अनुपस्थिति छन् भने सो मूर्ति अधमवीरशयन मूर्ति कहलाउँछ।

अभिचारिक शयन मूर्ति

दुई टाउकायुक्त तीन फन्का घुमेको शेषनागको ओछ्यानमा नीलो रङ्गका चार वा दुई हाते विष्णु पूर्ण रूपमा सुतेको अवस्थामा देखाइन्छन् भने यस्तो विष्णु

मूर्ति अभिचारिक शयन मूर्तिमा पर्दछन् यस्ता मूर्तिमा विष्णुलाई कालो वस्त्र देखाइन्छ साथै उनका कोही पनि अनुचर (सहयोगी) को उपस्थिति यहाँ हुँदैन यस्तो मूर्ति उत्तम अभिचारिक कहलाउँछ। यदि एउटा मात्र टाउको युक्त शेषनाग शरीरमाथि विष्णुलाई देखाइन्छ भने मध्यम र विष्णुमूर्तिमा सर्पको उपस्थिति छै भने त्यो मूर्ति अधम अभिचारिक मूर्ति हुन्छ। भारतका विभिन्न ठाउँमा प्राप्त विष्णुका स्थानक, आसन र शयन मूर्तिका उदाहरणहरू चित्र सहित रावले आफ्न पुस्तकमा उल्लेख गरेका छन्।

माथि उल्लेखित विभिन्न प्रकारका विष्णुका मूर्तिहरूको उदाहरण दि क्रममा रावले ढुङ्गा, धातु लगायत हस्तिहाड सम्मका भारतका विभिन्न ठाउँमा प्राप्त पाँचौं छैठौं शताब्दीदेखि मध्यकालसम्मका मूर्तिकलाका नमुनाहरूलाई प्रस्तुत गरेक छन्। जसले भारतमा प्राचीन कालदेखि नै वैष्णव धर्मको उत्थान भएको तथ समय अनुसार यसको क्रमिक विकाश हुँदै जाँदा विष्णुका विभिन्न स्वरूपका मूर्ति निर्माण भइ वैष्णव धर्मले व्यापकता लिइसकेको प्रस्ट हुन्छ।

नेपालमा वैष्णव धर्म

नेपाली समाजमा प्राचीन कालदेखि नै अन्य विभिन्न सम्प्रदायहरू शैव शाक्त तथा बौद्ध धर्म सरह नै वैष्णव धर्म पनि प्रचलनमा रह्यो। अझ नेपाल उपत्यकाको उत्पत्तिको प्रसङ्गसँग वैष्णव सम्प्रदाय जोडिएको कुरा साहित्यिक श्रोतहरूमा उल्लेख गरिएको पाइन्छ। साहित्यिक श्रोतमा उल्लेख भए अनुसा (भाषा वंशावली) तलाउको रूपमा रहेको नेपाल उपत्यका (काठमाडौं) लाई बस्ती योग्य बनाउने व्यक्ति श्रीकृष्ण थिए।[२३] यस भनाइलाई आधार मान्दा उपत्यकाम सर्वप्रथम बस्ती बसाउने कार्य वैष्णव सम्प्रदायका उपास्य देवता श्री कृष्णबा भएको थियो जसले तात्कालीन समयको जलमग्न उपत्यकालाई आफ्नो अस्त्रको प्रयोग गरी चोभारको खाँच काटेर पानी निस्कने बाटो बनाइदिएका थिए। निकास पाएपछि तलाउको रूपमा रहेको पानी बगेर बाहिर गइसकेपछि उपत्यका बस्ती योग्य भयो। त्यसपछि श्रीकृष्णले नै गोपाल सरदार भुक्तमानलाई उपत्यकाको प्रथम शासकको रूपमा स्थापित गराए।[२४] पुराणहरूमध्येको वराह पुराणले पनि यो कुरा उल्लेख गरेको छ जस अनुसार श्रीकृष्णले चक्रको प्रयोगद्वारा पर्वतलाई काटी नागदह नामक दहको पानीलाई बाहिर पठाए।[२५] यद्यपि उपरोक्त भनाइलाई पुष्टि गर्ने त्यस्तो भरपर्दो श्रोत छैन। लिच्छविहरूले नेपालमा शासन गर्नुभन्दा अगाडिको नेपालमा वैष्णव धर्मको के कस्तो स्थान थियो त्यसबारे प्रष्ट पार्ने भरपर्दो श्रोतको

अभावमा यसै हो भन्न सकिन्न तापनि पूर्ण रूपमा वैष्णव धर्मको उपस्थिती नै थिएन भन्न सक्ने स्थिति पनि देखिँदैन।

पुराणहरूले विष्णुलाई सृष्टि, स्थिति र संहारका कारक तत्व मानेको छ। वराह पुराण, पशुपति पुराण, स्कन्द पुराण तथा हिमवत्खण्ड आदि पौराणिक साहित्यहरूले नेपालकै कतिपय वैष्णव पीठहरूको चर्चा गरेको छ। इशा पूर्वका शताब्दीहरूमा नै नेपालका कतिपय स्थानहरू वैष्णव तीर्थस्थलको रूपमा रहेका थिए। उदाहरणको रूपमा काठमाडौं उपत्यकाको दक्षिण पूर्वमा पर्ने विदेह (हाल जनकपुर) र पूर्वी क्षेत्रमा पर्ने (हाल सुनसरी जिल्ला) बराह क्षेत्र जस्ता पौराणिक ग्रन्थहरूमा स्थान पाएका ठाउँहरूलाई लिन सकिन्छ। इशा पूर्वकै शताब्दीहरूमा मिथिला वैष्णव धर्मको ज्ञानकेन्द्रको रूपमा रहेको थियो। तात्कालीन प्रकाण्ड विद्वानहरू याज्ञवल्क्य तथा उद्दालक वैष्णव दर्शनबाट प्रभावित थिए।[२६] याज्ञवल्क्यले आफ्नो स्मृती ग्रन्थमा वैष्णव धर्मसूत्रका कतिपय कुराहरूलाई स्थान दिएका छन्। महाभारत मै पनि कोकावराह (वराक्षेत्रका वराह) को चर्चा गरिएको छ। यिनै विभिन्न उदाहरणहरूले इशापूर्वका शताब्दीहरूमानै वैष्णव सम्प्रदाय नेपालका विभिन्न ठाउँमा महत्त्वपूर्ण छाप छोड्न सफल भइसकेको प्रतित हुन्छ।

पुरातात्त्विक प्रमाणहरूले पनि इशाको पाँचौं शताब्दीभन्दा अगाडिदेखि नै नेपालमा वैष्णव सम्प्रदायले आफ्नो प्रभुत्व जमाउन सकेको संकेत गरेका छन्। राजा मानदेवले आफू राजा भइसकेपछि पूर्व पश्चिमका सामन्तहरू माथि विजय प्राप्त गरिसकेपछि सर्वप्रथम दोलाद्रीका हरि (चाँगुनारायण) को मन्दिरमा गई पूजा आजा गरी हरिको मन्दिर अगाडि गरुडध्वज स्तम्भ स्थापना गराइ ब्राह्मणहरूलाई दानादि दिई भोजन गराएका थिए।[२७] यति मात्र नभई दोलाद्रीका हरिको वर्षवर्धन पूजाको लागि भट्टारकको पूजाको लागि खकम्प्रिङ गाउँमा ५४, मानिका ..... २० मानिका, दोम्मानमा २० मानिका खेत गुठीको रूपमा राखेको थिए।[२८] उनका लाजिम्पाट तथा तिलगङ्गामा प्राप्त विष्णुविक्रान्त मूर्तिहरूले तात्कालीन समयमा वैष्णव सम्प्रदायको प्रचुर मात्रामा विकास भएको कुरालाई औंल्याएका छन्। आफ्नी आमाको पूण्यमा बढिबढाउ होस् भन्नाका लागि मानदेवले यी विष्णुविक्रान्त मूर्ति बनाउन लगाई मन्दिरमा स्थापना गरेका कुरा अभिलेखमा प्रष्टसँग लेखाएबाट थाहा हुन्छ। उपरोक्त प्रमाणहरूले पनि केवल मानदेवको समयमा मात्र वैष्णव धर्म नेपालमा शुरु भएको होइन यसभन्दा अगाडिदेखि नै वैष्णव धर्मले नेपालमा प्राधान्यता पाइसकेको हुनु पर्छ भन्ने तर्फ औंल्याएको प्रष्ट हुन्छ। माथि उल्लेख गरे बाहेक वंशावलीहरूको भनाइप्रति दृष्टि दिँदा नेपालमा वैष्णव धर्म मानदेवभन्दा निकै

अगाडि प्रचलनमा रहेको कुरा थाहा लाग्दछ। गोपालराज वंशावलीमा राजा हरिदत्त वर्मालाई चार नारायण मन्दिरका निर्माता मानिएको छ।[२९] यस्तै ने.सं. ३२० को इचंगुनारायण अभिलेखमा नारायणको मन्दिरमा हरिदत्त वर्माले सिंह राखिदिएको उल्लेख पाइन्छ।[३०] इशाको प्रारम्भिक शताब्दीतिर नेपालमा राज्य गर्ने यी राजा (वंशावलीको आधारमा) वैष्णव धर्मका अनुयायी भएको कुरा उनले मन्दिर स्थापना गरेको भन्ने भनाइबाटै पुष्टि हुन्छ। यसरी नै कलाविद् लैनसिंह वाङदेलको भनाइ तर्फ दृष्टि दिँदा त नेपालमा इशाका प्रारम्भिक शताब्दीहरूमा वैष्णव धर्म निकै लोकप्रिय धर्मको रूपमा रहिसकेको मान्न कर लाग्छ। उनको भनाइ अनुसार हाँडीगाँउ सत्यनारायण स्थानको चतुर्बाहु विष्णु (तेश्रो शताब्दी) हाँडीगाउँ कै धनगणेश मन्दिरको विष्णु (तेश्रो शताब्दी), गजलक्ष्मी, पाटन च्यासलहीटी (प्रथम शताब्दी), श्री लक्ष्मी, हाँडीगाउँ (प्रथम शताब्दी) श्रीलक्ष्मी, तिलौराकोट (इ.पू प्रथम शताब्दी), वैष्णवी, बल्खु (दोश्रो–तेश्रो शताब्दी) बाराही, बल्खु (दोश्रो–तेश्रो शताब्दी) बाराही, बगलामूखी मन्दिर, (दोश्रो–तेश्रो शताब्दी) बैष्णवी, कीर्तिपुर, गणेश मन्दिर (तेश्रो शताब्दी), बाराही गणेश मन्दिर कीर्तिपुर (तेश्रो शताब्दी) वैष्णवी, सुवहालहिटी, पाटन (इ.वी दोश्रो तेश्रो शताब्दी) वैष्णवी, कमलादी गणेश मन्दिर (पाँचौं शताब्दी) चतुर्मूर्ती मध्येको विष्णु, राष्ट्रिय नाचघर, (तेश्रो शताब्दी), विष्णु, कसाइ टोल पाटन, (चौथो शताब्दी.)। विष्णु, कुम्भेश्वर पाटन, हरीहर, सौगलटोल, पाटन (इशाको तेश्रो शताब्दी) शेषशायी विष्णु, पशुपती (दोश्रो शताब्दी), आदि थुप्रै वैष्णव सम्प्रदायका मूर्तिहरू इशाको प्रारम्भिक चार शताब्दीभित्रै बनेका बताएका छन्।[३१] उनले उपरोक्त मूर्ति निर्माणको समय तात्कालीन भारत वर्षका कतिपय मूर्तिहरूसँग तुलना गरेर दिएका छन्। यसलाई स्वीकार गर्दा नेपालमा लिच्छविकालभन्दा अगाडिदेखि नै वैष्णव धर्मको प्रशस्त मात्रामा विकाश भइसकेको कुरालाई स्वीकार्न कर लाग्दछ। अझ राजा मानदेवले आफ्नी आमाको पुण्य वृद्धिको लागि मन्दिरसमेत निर्माण गराई स्थापना गराएका विष्णु विक्रान्तका मूर्तिहरूले निःसन्देह उनकी आमाको यस धर्मप्रति बढी आस्था रहेको जनाउँछ किनकी आमाको आस्था विपरीतका मूर्ति निर्माण गराई तिनीहरूको मन्दिरमा स्थापना गराएर पुण्य बृद्धिको कल्पना निश्चय पनि राजा मानदेवले गरेनन्।

मानदेवको मानाङ्क मुद्राले पनि उनी वैष्णव धर्मावलम्बी भएको प्रष्ट्याउँछ। उनको मुद्राको एकातर्फ कमलासनमा विराजमान स्त्रीमूर्ति विष्णुकी अर्धाङ्गिनी लक्ष्मीकै हुनुपर्छ र वैष्णव धर्मका अनुयायी भएको हुनाले उनले आफ्नो मुद्रामा लक्ष्मीलाई स्थान दिए। सम्भवतः मानदेवले वैष्णव धर्मलाई राजधर्मको रूपमा

साधेका थिए। उनीपछिका राजाहरू गणदेव तथा शिवदेव प्रथम पनि वैष्णव धर्मावलम्बी भएको आभाष उनीहरूका शिलालेखले दिएका छन् जसमा अभिलेखका शिर्षभाग (गणदेवको बलम्बु र चपलीगाँउ अभिलेख तथा शिवदेव प्रथमका छ अभिलेखमा शङ्ख, चक्रका चित्रहरू अंकित गरिएका छन्।[३२] वसन्तदेवकै अभिलेखका शीर्षभागमा रहेका शङ्ख र चक्र चिन्हहरू तथा उनले आफूलाई 'परमदैवत' लेखाएबाट पनि उनी वैष्णव धर्मावलम्बी रहेको प्रष्ट हुन्छ। हाँडीगाउँ सत्यनारायण मन्दिर अगाडिको गरुडस्तम्भमा कुँदिएको द्वैपायन स्तोत्र जो ज्यादै परिस्कृत पद्यमा लेखिएको छ त्यसका रचनाकार अनुपरम हुन्। उनी भौमगुप्तका बाबु तथा आभिरी गोमिनीका पति थिए। यसमा व्यासको विशेष स्तुति गाई वैष्णव सम्प्रदायप्रतिको अगाध आस्थालाई प्रष्ट पारिएको छ।[३३] यस्तै वसन्त देवको पालाको सं. ४५२ को खपिन्छे अभिलेखमा व्यासका चेला वैशम्पायनको मूर्ति स्थापना गरी वैशम्पायनको कारण पूजा चलाउन याज्ञिक विप्रसेन, ध्रुवसेन आदि वेदभट्टहरूले जग्गा गुठी राखिदिएको चर्चा गरिएको छ।[३४] हाँडीगाउँ सत्यनारायण मन्दिरमा एक सानो वेदीमा उभिएको चार हाते मूर्ति जसमा एक हात वरद मुद्रामा छ, विष्णुको नभएर वेदव्यासको हुनुपर्ने सोचाइ जगदीशचन्द्र रेग्मीको रहेको छ। स्मरण रहोस् वेदव्यासलाई नारायणका अवतारको रूपमा लिइन्छ।[३५] शिवदेव प्रथमको लेले अभिलेखमा अंकित 'वासुदेव ब्राह्मण गौष्ठिक' पनि नामकै आधारमा वैष्णव सम्प्रदायसँग सम्बन्धित गोष्ठी हुनु पर्छ। राजा अंशुवर्मा यद्यपि शैवमतानुयायी थिए तापनि उनले आफ्नो शासन कालमा वैष्णव धर्मलाई हेलाको दृष्टिले हेरेनन्। यसको पुष्टिको लागि उनको सं ३१ को चांगुनारायणको पत्राभिलेखलाई लिन सकिन्छ जसमा स्वयं राजा अंशुवर्माले दोलाद्रीका हरीको मन्दिरमा 'अघिको सुनको कवच र गरुड पूर्ण रूपमा जीर्णभएको हुँदा मैले जिर्णोद्धार गरें' भन्ने भावको वाक्य अंकित गराएकोलाई लिन सकिन्छ। मिति प्रष्ट नभएको केवलपुरको ध्रुवदेव-जीष्णुगुप्तको अभिलेखमा नुप्पुन्न नामक स्थानमा रहेको नारायण स्वामीको मन्दिरको कारण पूजाको व्यवस्था मिलाउन जग्गा गुठी राखिदिएको कुरा परेको छ।[३६] जीष्णुगुप्तका छोरा विष्णु गुप्तको समयमा त प्रसिद्ध बूढानीलकण्ठको जलशयन नारायणको मूर्ति निर्माण गर्न लायकको ढुङ्गा तानेर ल्याइदिएको हुनाले दक्षिणकोलीग्रामका जनताले विशेष सुविधा पाएको साक्षीको रूपमा भीमार्जुन देव-विष्णु गुप्तको सं ६४ को यङ्गालहिटी अभिलेख नै रहेको छ। भीमार्जुन देव पछिका लिच्छवि शासक नरेन्द्रदेवको समयमा प्रचलनमा रहेको बराह जात्रा, जो जेष्ठ शुक्ल एकादशीका दिन मनाइन्थ्यो त्यसले पनि वैष्णव धर्मको प्रचार प्रसारको

काम गरेको अनुमान लगाउन सकिन्छ। किनकि देवताको जात्रामा प्रशस्त मानिस भेला हुनु आवश्यक पर्छ। यो कुराको चर्चा नरेन्द्रदेवको अनन्त लिङ्गेश्वर अभिलेखमा परेको छ। यसै अभिलेखमा लोकपाल स्वामीको मन्दिरको पनि चर्चा पाइन्छ। अभिलेखमा उल्लेख भए अनुसार लोकपाल स्वामीको पूजा आजा तथा वार्षिक जात्रा धुमधामसँग हुन्थ्यो। मन्दिरमा विभिन्न कार्यार्थ थुप्रै देवदास, देवदासी नियुक्त गरिएका हुन्थे। अभिलेखमा उल्लेखित स्वामी शब्दले वैष्णव देवतालाई जनाउने कुरा धनवज्र बज्राचार्यले बताउनु भएको छ। अंशुवर्माका अभिलेखमा चाँगुनारायणलाई दोलाशिखर स्वामी, इचंगुनारायणलाई नारायण स्वामी भनिएबाट पनि यी लोकपाल स्वामी वैष्णव देवता हुन् भन्ने निश्चित हुन्छ।[३७] उनीपछिका राजा शिवदेव द्वितीयको सं १२९ को वलम्बु अभिलेखमा पुत्रिनारायण देवमन्दिरसँग सम्बन्धित रहेको दावाकोट्टग्राम मन्दिरको पूजा-आजा आदिको लागि चढाइएको र सो दावाकोट्टग्राम राजा शिवदेवले शिताटिका द्रङ्गका बासिन्दालाई सुम्पिई सबै स्थानीय करहरू माफि गरिदिएको कुरा उक्त अभिलेखमा अंकित छ। जसले शिवदेव द्वितीयको समयमा पनि नारायण मन्दिरको हेरचाह, पूजा पाठ सम्बन्धी व्यवस्था मिलाई वैष्णव धर्मको विकासमा जोड दिएको कुराको पुष्टि हुन्छ।[३८]

प्रामाणिक आधारमा अन्तिम भनिएका लिच्छवि राजा जयदेव द्वितीयको सं १३७ को पाटन च्यासलटोलको अभिलेखमा 'नारायणदेव कुल दशमी गोष्ठी' को उल्लेख पाइन्छ जसले वैष्णव धर्मावलम्बीका आराध्य देव विष्णु (नारायण) को मन्दिरको पूजा आजा तथा आवश्यक व्यवस्था गर्दथ्यो। अर्को शब्दमा भन्नुपर्दा नारायणको पूजा आदि व्यवस्थाको लागि विशेष संस्था नै खडा गरी सो कार्य सम्पन्न गर्ने प्रचलन तात्कालीन समाजमा रहेको कुरालाई मान्नु पर्दछ।

लिच्छवि कालका झण्डै ३३ अभिलेखहरू वैष्णव धर्मसँग सम्बन्धित रहेको कुरा विद्वानहरू बताउँछन्।[३९] अभिलेखमा अंकित विभिन्न प्रमाणहरू तथा प्राप्य मूर्तिहरूका आधारमा प्राचीन नेपाली समाजमा महत्त्वपूर्ण धर्मको रूपमा आफ्नो स्थान ओगट्न वैष्णव धर्म सफल भएको कुरामा दुईमत हुने छैन।

काठमाडौं उपत्यका बाहिर पनि इशाको प्रारम्भिक शताब्दीतिरकै वैष्णव सम्प्रदाय सम्बन्धी मूर्तिहरू प्राप्त भएबाट पनि नेपालमा प्राचीन कालदेखि नै वैष्णव धर्म एक प्रख्यात धर्मको रूपमा रहेको मान्न सकिन्छ। उदाहरणको लागि नुवाकोट नारायणचौरको लगभग इशाको दोश्रो शताब्दीको विष्णु मूर्ति[४०] सर्लाही जिल्लाको पत्थरकोटको एक मन्दिरमा रहेको विष्णुमूर्ति[४१] (चौथो शताब्दी) तथा धनकुटा जिल्लाको डाँडा बजारमा प्राप्त एक विष्णुको मूर्ति (चौथो शताब्दी) आदि

मूर्तिहरू शैलीगत हिसाबले प्राचीन भारतीय कुषाण शैलीका मूर्तिहरूसँग धेरै मात्रामा मिल्दछन्, जसमा सादा तथा गोलो प्रभामण्डल, आंगिक अनुपातको बेमेल तथा ठूला गहनाहरूको प्रयोग आदि पर्दछन् । माथि उल्लेख गरे बाहेक नेपाली कलाकारहरूद्वारा निर्मित मिति सहितका मानदेवकालीन विष्णुविक्रान्त मूर्तिहरू, चाँगुको विश्वरूप विष्णु, चाँगुकै भण्डार भित्रको विष्णुको धातु मूर्ति, वामन मूर्ति लगायत विष्णु, वासुदेव, नारायण, हरी, माधव आदि विभिन्न २४ रूप अन्तर्गतका (चतुर्विंशव्युह) मूर्तिहरू आयुधका आधारमा चिनिने चतुर्वाहु विष्णुका मूर्तिहरू लगायत वराह, नृसिंह, वामन आदि विभिन्न मूर्तिहरू तथा विदेशी संग्रहालयको समेत शोभा बढाउन पुगेका थुप्रै वैष्णव सम्प्रदायसँग सम्बन्धित मूर्तिहरूले नेपाल प्राचीन कालदेखि नै वैष्णव धर्मावलम्बीहरूको एक महत्त्वपूर्ण थलोको रूपमा रहेको कुरा प्रष्ट्याएका छन् ।

लिच्छविपछिको युगमा पनि यो सम्प्रदायले निरन्तर रूपमा विकाश गरिनै रहेको कुराको जानकारी तात्कालीन समयमा बनेका वैष्णव सम्प्रदाय सम्बन्धी मठ मन्दिर तथा मूर्तिहरूले दिएका छन् । मध्यकालमा निर्मित वैष्णव सम्प्रदाय सम्बन्धी विभिन्न मूर्तिहरू, मठ मन्दिरहरू बाहेक थुप्रै अभिलेखिक प्रमाणहरूले पनि तात्कालीन समाजमा वैष्णव धर्मको प्राधान्यता रहेको ज्ञान दिलाएका छन् । उदाहरणको लागि ने.सं १७६ को चाँगु अभिलेख, चाँगुकै ने.सं. २९६ को अभिलेख, ने.सं. ३२० को इचंगुनारायण अभिलेख, ने.सं. ५२८ को भक्तपुर सूर्यमढी टोलको अभिलेख, उपत्यका बाहिरको ने.सं ५६१ को नुवाकोट अभिलेख, ने.सं ५७२ तथा ५८८ को भक्तपुरको यक्षमल्लको अभिलेख, आदिले तात्कालीन समयमा विष्णुको पूजा आराधनाका साथै समय समयमा यज्ञ-यज्ञादि गरिएका कुराहरूको जानकारी दिएका छन् ।[४२] यिनीहरूकै आधारमा प्राचीन कालदेखि नै एक शशक्त धर्मको रूपमा चिनिएको वैष्णव धर्म मध्यकालभरि नै आफ्नो वर्चस्व कायम राखन सफल भयो । यसको पुष्टिका लागि मल्लराजहरूद्वारा निर्मित पाटन, भक्तपुर तथा काठमाडौंका वैष्णव सम्प्रदायसँग सम्बन्धित मन्दिरहरू लगायत नृसिंह, हनुमानका मूर्तिहरू गरुड तथा गरुड नारायणका मूर्तिहरू, विष्णु, लक्ष्मी-जलशयन नारायण, विश्वरूप विष्णु, दशावतार आदिका मूर्तिहरूलाई लिन सकिन्छ । यस बाहेक मल्लराजाहरू नाटक मञ्चन गर्दा पनि वैष्णव धर्मका गाथा गाउने गर्दथे । उदाहरणका लागि तात्कालीन राजाहरूद्वारा लिखित तथा मञ्चित विभिन्न नाटकहरू कंशवधनाटक, गोपिचन्द्र नाटक, हरिवंश नाटक, कृष्णचरीत, रुक्मिणी परिणयन आदिलाई लिन सकिन्छ। काठमाडौं उपत्यका बाहिर सिमरौंनगढ, गण्डकी प्रश्रवण क्षेत्र, कर्णाली

प्रदेश पनि वैष्णव धर्मका महत्त्वपूर्ण क्षेत्रको रूपमा मध्यकालमा रहे। उपरोक्त स्थानबाट प्राप्त विष्णुका मूर्तिहरूले यस कुराको पुष्टि गरेका छन्।

यसप्रकार प्राचीन कालदेखि नै महत्त्वपूर्ण सम्प्रदायको रूपमा नेपाली जन समुदायमा भिजेको धर्मको रूपमा वैष्णव धर्मलाई लिन सकिन्छ जुन आज पर्यन्त त्यतिकै श्रद्धा तथा भक्तिका साथ नेपाली समाजमा पूजित छ। त्यसैको फल स्वरूप आजसम्म पनि वैष्णव धर्मसम्बन्धी चाडपर्वहरू, उत्सवहरू हर्षोल्लासका साथ नेपाली समाजले निरन्तर रूपमा मनाउँदै आएको पाइन्छ। यी सबका पछाडि वैष्णव सम्प्रदायप्रतिको परम्परागत आस्था नै रहेको बुझ्न कठिन परोइन।

टिप्पणी

१ J.N. Banerjea, **The Development of Hindu Iconography**, New Delhi : Munsiram Manoharlal, 1985, page 385.

२ T.A Gopinatha Rao, **Elements of Hindu Iconography**, Delhi: Low Price Publication, 1999, page 73.

३ पि.एन् द्विवेदी, **वैदिक साहित्यका इतिहास,** वाराणसी : चौखम्बासुर भारती पब्लिकेसन्स, १९८७, पृ. ३८।

४ R.N.Dadekar, **Indian Mythology- The Cultural Heritage of India**, Vol.2 Calcutta : Ram Krishna Mission, 1982, page 228.

५ प्रेम कुमार खत्री, **नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू,** काठमाडौं: एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०४८, पृ. २३५।

६ पि.भि. काणे, **धर्मशास्त्रका इतिहास,** भोल. १, लखनउः उत्तर प्रदेश हिन्दी संस्थान, १९६६, पृ १३।

७ सत्यकेतु विद्यालंकार, **प्राचीन भारतका धार्मिक, सामाजिक और आर्थिक इतिहास,** नई दिल्लीः श्री सरस्वती सदन, २०००, पृ.८०।

८ R.G. Bhandarkar, **Vaisnavism, Saivism and Other Minor Religious System**, Varanasi : Indological House,1965, PP.1-4.

९ वासुदेव उपाध्याय, **प्राचीन भारतीय मूर्ति विज्ञान,** पटनाः चौखम्बा संस्कृत सिरीज अफिस, १९७० पृ.८३-८४।

१० भण्डारकर, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ८, पृ. ३८।

११ बनर्जी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ.१२९।

१२ उही, पृ. १३०-१३१।

१३ उही, पृ. १३१ ।

१४ गणेशप्रसाद क्षेत्री, सोम खतिवडा, **हिन्दु समाज र धर्म,** विराटनगर : शिवा प्रकाशन, २०५४, पृ.३१-३२ ।

१५ J.Gonda, **Aspects of Early Visnuism**, Delhi : Motilal Banarasidass, 1993, P. 124.

१६ वीणा पौड्याल, **काठमाडौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू,** काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. कीर्तिपुर, २०६२, पृ. १७ ।

१७ ज्योति प्रसाद गौतम, **श्रीमद्भागवत गीता,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०४५, पृ. ५९ ।

१८ बनर्जी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ३९१ ।

१९ उही, पृ. ३९७ ।

२० राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २, पृ. ८०-११५ ।

२१ उही, पृ. ८०-८१ ।

२२ उही, पृ. ८६ ।

२३ ज्ञानमणि नेपाल, **नेपाल निरुक्त,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं २०४०, पृ.३६ ।

२४ **भगवानलाल इन्द्रजी तथा राइट वंशावली** ।

२५ क्षेत्री र खतिवडा, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १४, पृ. ४९ ।

२६ उही, पृ.५० ।

२७ धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,** काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३०, पृ. १०-१३ ।

२८ उही, पृ. १६ ।

२९ जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास,** काठमाडौं: रत्न पुस्तक भण्डार, वि.सं. २०३७,पृ १०६ ।

३० उही ।

३१ लैनसिंह वाङदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३९, पृ. ११०-१४५ ।

३२ बज्राचार्य, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २७, पृ. १७९-२०७ ।

३३ नेपाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २३, पृ. ७४ ।

३४ बज्राचार्य, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ५, पृ. १३८-१३९ ।

३५ रेग्मी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २९, पृ. १०९ ।

३६ जगदीश चन्द्र रेग्मी, **प्राचीन नेपाली संस्कृति,** काठमाडौं : साझा प्रकाशन, २०४०, पृ. १४० ।

३७ बज्राचार्य, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २७, पृ. ४८८-४८९ ।

३८ उही, पृ. ५३० ।

३९ क्षेत्री र खतिवडा, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १४, पृ. ५३ ।

४० मोहन प्रसाद खनाल, **नेपाली कला,** ललितपुर : साझा प्रकाशन, वि.सं. २०५२, पृ. १०४ ।

४१ उही पृ. १०५ ।

४२ क्षेत्री र खतिवडा, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १४, पृ. ५३-५४ ।

अध्याय दुई

नेपालका गरुडासन विष्णु मूर्तिहरू

ब्राह्मण साहित्य लगायत विभिन्न पुराणहरूमा विष्णु र गरुडको सहचर्यताबारे चर्चा गरिएको पाइन्छ। समुद्रमन्थनको क्रममा निस्केको अमृत देवलोकमा पुऱ्याइएको र सो अमृत प्राप्त भएमा मात्र आफ्नी आमा विनताको दाशत्वता छुट्ने नागहरूको माग अनुरूप अमृत लिन देवलोक पुगेका गरुडले विभिन्न बिघ्नबाधाहरूलाई हटाई अमृतघट लिएर फर्कने क्रममा महाविष्णुसँग भेट भएको थियो। गरुडको यस्तो साहसिक कार्यद्वारा प्रभावित भएका विष्णुले गरुडलाई कुनै वर माग्न आग्रह गरेको तथा गरुडले पनि विष्णुको वाहन भई सेवा गर्ने तथा अजर अमर हुने इच्छा व्यक्त गरेको कथा पुराणहरूमा नै उल्लेख गरिएको छ।[1] पुराण अन्तर्गतकै महाभारतको आदि पर्वमा वर्णन गरिए अनुसार आफूले विष्णुसँग वर मागि सकेपछि गरुडले पनि आफूसँग विष्णुलाई वर माग्न अनुरोध गरे। विष्णुले पनि गरुडसँग आफ्नो वाहन बनिदिने वर मागे। गरुडले त्यसलाई सहर्ष स्वीकार गरे। यसरी विष्णु र गरुड बीच अभिन्न मित्रता कायम हुन पुग्यो अन्ततः पंक्षीराज गरुड विष्णुसँग मूर्तिमा वाहनको रूपमा रहन थाले।[2] यसप्रकार विष्णु र गरुडको सहचर्यता शुरु भयो। श्रीमद्भागवत् (३/२१/१०-१२) मा उल्लेख भए अनुसार सबैभन्दा पहिले कर्दमको तपस्याबाट प्रसन्न भएका विष्णु गरुड माथि सवार भई कर्दमको सामु प्रकट भए। शङ्ख, चक्र, गदा, पद्म लिएका विष्णुको भव्य एवं तेजयुक्त मूर्तिका दुवै गोडा गरुडको काँध माथि रहेको भनी श्रीमद्भागवतमा गरिएको वर्णन ज्यादै नै रोचक छ।[3]

विभिन्न पौराणिक आख्यानमा आधारित रही गरुडासन मूर्तिहरू निर्माण गर्ने क्रम सुरु भयो। भारतमा पाइएका खैरो-कालो रङ्गको (Greyish Black Stone)

ढुङ्गाको गरुडासन मूर्तिको रूपमा जे.एन. बनर्जीले पूर्वी बंगालको Backergunge जिल्ला अन्तर्गतको Lakshankati नजीकै प्राप्त ६ फिट ४ इन्च अग्लो गरुडासन मूर्तिको उल्लेख आफ्नो पुस्तकमा गरेका छन्। यस मूर्तिफलकमा चारहाते विष्णु उड्न लागेका गरुडको पखेटामा ललितासनमा बसेका छन्। विष्णुका माथिल्ला दुई हातले नलसहितको कमल समातेका छन्। मूर्ति फलकमा दुई नारी मूर्ति लक्ष्मी तथा सरस्वतीका आकृति पनि कुँदिएका छन् जो वीणा बजाउनमा व्यस्त देखिन्छन्। विष्णुका तल्ला दुवै हातले चक्रपुरुष सहित चक्र तथा गोदावरीको सानो आकृति समातेको देखिन्छ। विष्णुको किरीटमुकुटमा पनि योगासनमा बसेका विष्णुको सानो आकृति कुँदिएको छ। यो विष्णुको गरुडासन मूर्तिको समय पूर्व मध्यकाल भएको कुरा N.K. Bhattasali ले Catalogue of Buddhist and Brahmanical Sculptures in the Decca Museum नामक ग्रन्थमा उल्लेख गरेका छन्।[४]

नेपालमा वैष्णव धर्मको इतिहास नेपालको इतिहास जति नै पुरानो रहेको कुरा विभिन्न ऐतिहासिक स्रोतहरूले बताएका छन्। ऐतिहासिक श्रोतहरूमध्येका साहित्यिक श्रोतहरू (वंशावली पुराण आदि) का आधारमा काठमाडौं उपत्यकालाई बस्तीयोग्य बनाउने व्यक्ति नै श्रीकृष्ण थिए। वंशावलीमै वर्णन गरिए अनुरूप काठमाडैं उपत्यकामा चारनारायण स्थापना गर्ने राजा हरिदत्त वर्मा थिए। जसले चाँगु, इचङ्गु, विशङ्खु तथा शिखर नारायणको स्थापना गरेका थिए।[५] राजा मानदेवकै लाजिम्पाट तथा तिलगङ्गाका विष्णु विक्रान्त मूर्तिहरूका पादपीठका मिति सहितका अभिलेखले पनि प्राचीन कालदेखिनै नेपाल वैष्णव धर्मको महत्त्वपूर्ण स्थलको रूपमा थियो भन्ने कुरा प्रष्ट हुन्छ। प्राचीनकाल देखिनै नेपालमा विष्णुका पर, व्यूह तथा विभव रूपका मूर्तिहरू निर्माण हुन थालेका प्रमाणहरू प्राप्त छन्। यिनै विभिन्न स्वरूपका मूर्तिहरूमध्येको गरुडासन मूर्ति पनि एक हो। हाल चाँगु नामले जानिने डाँडो प्राचीनकालमा दोलाद्रिपर्वतको नामले जानिन्थ्यो। त्यही डाँडोमा नारायण स्वामी (दोलाशिखरस्वामी) को मन्दिर स्थापना गरीएको थियो। चाँगुनारायणको ७८ पंक्तिको राजा मानदेवको शिलालेखमा 'दोलाद्रौनिवसञ्जयत्यनिमिषैरभ्यर्च्यमानोहरिः' भनी उल्लेख गरिएको हुनाले मानदेव प्रथमको समय भन्दा अगावै यहाँ नारायणको मन्दिर स्थापना भैसकेको थियो भन्ने थाहा हुन्छ।[६] नेपालमा प्राप्त महत्त्वपूर्ण गरुडासन मूर्तिहरू निम्नानुसार छन्।

चाँगुनारायण मूल गर्भगृहको गरुडासन मूर्ति

चाँगुनारायण मन्दिरको सानो सुवर्ण मन्दिरभित्र अर्थात मूल गर्भगृहमा [redacted] आसनी माथि उडिरहेको अवस्थाको अत्यन्तै राम्रो गरुड नारायणको सूवर्ण मूर्ति छ (चित्र नं. १)। यस गरुडासन मूर्तिको टाउको बाहेकको शरीरको सम्पूर्ण भाग लिच्छविकालमा निर्माण गरिएको हो। आसनीभन्दा तल रहेको सूवर्णपत्रमा उल्लेख भए अनुसार 'भगवान नारायणको पहिलेको सुनको कवच र गरुड कालक्रमले जीर्ण भएकाले राजा अंशुवर्मा ले संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्य नक्षत्रको दिन संसारको हित होस् भनी पूरानै नमूना बमोजिम सम्पूर्ण जीर्णोद्धार गर्नु भयो।'[७] यस गरुडासन मूर्तिमा भगवान नारायणलाई गरुड माथि पलेंटी मारी बसेको अवस्थामा देखाइएको छ। नारायणले आफ्ना चार हातमध्ये बाँयातर्फको माथिल्लो हातबाट तल घडीगत रूपमा क्रमशः गदा, शङ्ख, पद्मबीज तथा चक्र लिएका छन्। गरुडका फिँजिएका प्वाँख (हेर्दा बादल झैं लाग्ने) को पृष्ठभूमिमा उतारिएको नारायणको भव्य मूर्तिमा प्रयुक्त गहनाहरूमा नागका बाजुहरू लगाइएका छन् साथै धोती तथा कमरबन्धको प्रयोग पनि यसमा देखिन्छ। उनको गलामा हार तथा शिर पछाडि ज्वाला तथा बिन्दुयुक्त प्रभावलीको पनि प्रयोग गरिएको छ। यस प्राचीन भव्य मूर्तिको शिरो भाग ने.सं. ८१४ मा भूपालेन्द्र मल्लको समयमा उनकी आमा ऋद्धिलक्ष्मी देवीले सुवर्ण तोरणसहित नारायणको नयाँ शिर बनाएर प्रतिस्ठापन गरेका कारण यति पहिलाको मूर्तिको शिर पछाडिको प्रभावलीमा विन्दु तथा ज्वालायुक्त घेरा देखिएको हो। पौष कृष्ण षष्ठी तिथिमा अग्नि स्थापना गरी माघ शुक्ल दशमीको दिन मन्दिरको जिर्णोद्धार गरेको कुरा चाँगुनारायणको भण्डारमा प्राप्त अभिलेखबाट थाहा हुन्छ।[८] यस मूर्तिमा विष्णुका गलामा लगाइएको चेप्टे हार १७ औं शताब्दीको इन्द्र जात्रामा देखाइने इन्द्रको गलामा लगाइएको हारसँग पूर्ण रूपमा मिल्छ। सम्भवतः यो हार पनि भूपालेन्द्र मल्लकी आमाले जिर्णोद्धार गरेको समयमा लगाइएको हो। यस गरुडासन विष्णु मूर्तिमा गरुडलाई पनि आकर्षक रूपमा प्रस्तुत गरिएको छ। चौडा छाती, पुष्ट निधार, गोला आँखा, घुम्रेको कपाल, गलामा प्रयुक्त नागहार, बाजु लगायतका गहनाले सुसज्जित यस मूर्तिका गोडामा चराको नङग्रा तथा भुत्ला समेतलाई देखाइएको छ। अंशुवर्माको संवत् ३१ मितिको अभिलेखको '..... पूरानै नमुना बमोजिम सर्म्पूण जीर्णोद्धार गरियो' भन्ने वाक्यका आधारमा राजा मानदेवको समय भन्दा अगाडि देखिनै अर्थात वंशावलीमा उल्लेख गरिए अनुरूप सम्भवतः हरिदत्त वर्माले नै यस प्रकारको परिस्कृत मूर्ति यहाँ स्थापना गर्न लगाएको होकी ? अनुसन्धानको टड्कारो आवश्यकता अहिले पनि त्यत्तिकै छ।

चाँगुनारायण भण्डारको गरुडासन विष्णु (धातु प्रतिमा)

दोश्रो गरुडासन मूर्तिको रूपमा पनि चाँगुको भण्डारबाट प्राप्त धातुको प्रतिमा पर्दछ। चाँगुनारायण मन्दिरको भण्डारमा रहेका ऐतिहासिक सामग्रीबारे अध्ययन गरेका मोहनप्रसाद खनालले यस प्रतिमाको चित्र चाँगुनारायणका ऐतिहासिक सामाग्री नामक पुस्तकमा चित्र नं. २४ मा दिएका छन्।[९] यस धातु प्रतिमामा अंकित गरुडासन विष्णुले दायाँतर्फको माथिल्लो हातले चक्र समातेका छन् भने बायाँतर्फको माथिल्लो हातमा गदा लिएका छन्। बाँकी तल्ला दुई हातमा घडीगत रूपमा बायाँ हातमा क्रमशः शङ्ख तथा दाँयामा पद्मबीज लिएका छन्। यस गरुडासन मूर्तिमा देखिने शारीरिक विशेषताहरू चाँगुनारायण हाता भित्रको (दश रुपैयाँको नोटमा अंकित) मन्दिरबाट पश्चिमोत्तर दिशामा रहेको प्रसिद्ध गरुडासन विष्णुसँग मिल्छ अझ गरुडका फिँजाइएका पखेटा निर्माण शैली हेर्दा सातौं आठौं शताब्दीताकाको भनिएको Los Angeles County Musem मा रहेको गरुडासन मूर्तिसँग मिलेको देखिन्छ। मूल प्रतिमा हेर्न नसकिएको र चित्रका आधारमा यसको व्याख्या गर्नु परेको अवस्था छ। चित्र धमिलो भएका कारण सम्पूर्ण विशेषताहरू केलाउन अप्ठ्यारो हुँदा हुँदै पनि मूर्तिको मूखाकृति, शारीरिक सुगठनता, सुहाउँदो गहनाको प्रयोग, पृष्ठभूमिमा देखिएको बादल वा चराको पखेटा, लिच्छविकालका अधिकांश मूर्तिमा देखिने गोलाकार प्रभावली आदि विशेषताको आधारमा यस मूर्तिलाई लिच्छविकालको उत्तरार्ध वा सातौं आठौं शताब्दीताकाको नेपाली कलाकारको कलाकारीताको उपज मान्नु पर्ने देखिन्छ। अझ मूर्ति फलकको पृष्ठभूमिमा देखिने बादल अथवा गरुडका प्वाँख निर्माणको तौर तरिका चाँगु परिसरकै प्रस्तर गरुडासन मूर्तिसँग धेरै हदसम्म मेल खान्छ तर प्रभावलीमा भने यी दुईमा समानता छैन। चाँगुको प्रस्तर गरुडासनको तुलनामा यसको प्रभावली अझ गोलाकार देखिन्छ जसले यस धातु प्रतिमा प्रस्तरको गरुडासन मूर्तिभन्दा पनि पुरानो हो भन्न सकिन्छ। यस बाहेक एउटै शैली धेरै वर्षसम्म पनि मूर्ति निर्माणको लागि कलाकारले अपनाउन सक्छन् भन्ने कुरा कतिपय मूर्तिकलाका नमुनाहरूले प्रस्तुत गरेका छन् जसको उल्लेख सम्बन्धित स्थानमा हुने नै छ।

लस एन्जेलस काउन्टी म्युजियमको गरुडासन विष्णु

नेपाली गरुडासन मूर्तिहरूमा उल्लेखनीय मूर्तिको श्रेणीमा पर्ने अमेरिकाको लस एन्जेलस काउन्टी म्युजियमको संग्रहमा रहेको गरुडासन विष्णु मूर्ति पनि एक हो। नेपाली गरुडासन मूर्तिहरूमा यही एक मूर्ति मात्र यस्तो उदाहरण हो जसमा

विष्णुधर्मोत्तर पुराणमा उल्लेख गरिएझैं विष्णुका वाहन गरुडले आफ्नो मालिकको पाउ आफ्ना दुई हातले थामेका छन् (चित्र नं. २)। यसबाहेक चाँगुको मूल गर्भगृहमा रहेको मूर्तिदेखि मन्दिर परिसरका अन्य गरुडासन विष्णु तथा देउपाटन, jack zimarman collection, (Newyork) को गरुडासन विष्णु लगायतका गरुडासन मूर्तिहरूमा गरुडले विष्णुलाई काँधमा राखी उडेको अवस्थामा देखाउन गरुडका हातहरू पखेटासँगै फैलाइएको अवस्थामा देखाइएको पाइन्छ। यस मूर्तिफलकमा विष्णुलाई गोलो मुखाकृति, ठूलो निधार, आंगिक अनुपातको मेलयुक्त शरीरसहित देखाईएको छ। विष्णुका मूर्तिमा प्रयुक्त सादा तथा सुहाउँदा गहना, जनै, पटुका, धोती, कम्मरबन्ध लगायत कुण्डल, केयूर, मुकुट तथा प्रभावलीमा देखिएको सादगीले मूर्ति राम्रो देखाउन शृङ्गारको आवश्यकता पर्दैन भन्ने कुरा प्रष्ट पारेको छ। अधिकांश वैष्णव सम्प्रदायका नेपाली मूर्तिहरूमा झैँ विष्णुको यस मूर्तिमा पनि बायाँ माथिल्लो हातमा गदा र क्रमशः घडिगत रूपमा शङ्ख, पद्मबीज तथा चक्र लिएको देखाइएको छ। विष्णुलाई आफ्नो काँधमा राखि उडिरहेको गरुडको पखेटामा समेत अनावश्यक आलङ्कारिकता भेटिदैन साथै मानवाकृतिमा उतारिएका गरुडको शान्त अनुहार, घुम्रेको कपाल लगायतका साधारण तथा कम गहनाको प्रयोगले मूर्तिलाई लिच्छविकालीन कलाकारको कलाकारिताको उपज भनी सजिलै चिनाउँछ। यस मूर्तिको समय पालले सातौँ-आठौँ शताब्दी तोकेका छन्। यस मूर्तिमा प्रयुक्त कुण्डल तथा किरिटमुकुटको डिजाइन हाँडीगाउँ सत्यनारायणस्थानमा प्राप्त विष्णुको किरिटमुकुट र कुण्डलसँग पूर्ण रूपमा मिल्छ यहाँसम्म कि यी दुवै मूर्तिहरू एउटै कलाशालाका उपज हुन्।[१०] १९८० इस्वीमा चोरी भैसकेको यो मूर्तीको तस्विर लैनसिंह वाङदेलले आफ्नो पुस्तकमा समेटेका छन्।[११] यसको समय उनले छैठौँ शताब्दी बताएका छन्। मूर्तिको कम्मरभन्दा तलको भाग छैन। मुखाकृति पनि भग्न छ। यति हुँदा पनि कम्मरभन्दा माथिको भागमा प्रयुक्त गहना तथा मुकुटलाई राम्रोसँग खुट्याउन सकिन्छ। खनालले भनेझैं दुवै मूर्तिमा प्रयुक्त शिरोभागका गहनाहरूमा समानता देखिन्छ। समग्रमा भन्नुपर्दा यो मूर्ति उपल्लो लिच्छविकालीन नेपाली कलाको नमुना हो। माथि उल्लेखित मूर्तिविद्हरूले यस मूर्तिको लागि तोकेको समय अनुपयुक्त लाग्दैन।

चाँगुनारायण मन्दिर हाताको गरुडासन विष्णु

नेपालमा प्राप्त गरुडासन विष्णुका मूर्तिहरूमध्ये ज्यादै प्रसिद्ध तथा बिर्सनै न सकिने मूर्तिको रूपमा यसलाई लिइन्छ। यस मूर्तिफलकमा पाइने कलाकारिता

लगायत शारीरिक विशेषतालाई हेरेर जिब्रो न टोक्ने सायदै कोही पर्यटक होलान्। यस मूर्ति फलकमा पनि नेपालमा पाईने अधिकांश विष्णु मूर्तिहरूमाझै बायाँतर्फको विष्णुको माथिल्लो हातमा गदा तथा तल्लोमा शङ्ख र दायाँ तर्फका दुई हात मध्ये तल्लोले पद्मबीज तथा माथिल्लोले चक्र समातेको देखाइएको छ (चित्र नं. ३)। यसरी चारै हातमा चार आयुधहरू लिएका विष्णु ज्यादै नै आकर्षक तरिकाले प्रस्तुत गरिएका छन्। उडेको अवस्थामा देखाउन पखेटा तथा हातहरू समेत फैलाएको अवस्थाका मानवरूपी गरुडको काँधमाथि टेकेर विष्णु प्रलम्वपादासनमा बसेका छन्। गरुडका हात तथा पखेटालाई आधार बनाई नेपाली कलाकारले विष्णुको गरुड माथिको बसाइलाई यति सहज बनाइदिएका छन् कि त्यो भन्दा सजिलोसँग बस्न सक्ने सायदै अन्य कुनै साधन होला। यति सजिलो तथा आकर्षक तरिकाको विष्णुको बसाई अन्य कुनै पनि गरुडासन मूर्तिमा देख्न सकिन्न। विष्णुको आकर्षक तथा आंगिक अनुपातको मेलयुक्त शरीर, शरीरको विभिन्न भागमा पहिऱ्याइएका गहनाहरू जस्तो कुण्डल, हार, जनै, पटुका धोती अड्याउन प्रयोग गरिने कमरबन्ध लगायतका वस्त्राभूषण तथा कीर्तिमुख युक्त मुकुटको प्रयोगले मूर्तिको शोभा अझ बढाएको देखिन्छ। यसबाहेक मूर्तिमा देखाइएको केही लाम्चो अनुहार, अण्डाकार तथा माथिल्लो भागको बीचमा देखाइएको चुच्चोसहितको विन्दु तथा ज्वालाझैं देखिने प्रभावली, बादलको टुक्रा देखाउन कलाकारले गरेको मेहनत आदि यस मूर्तिफलकका उल्लेखनीय विशेषताहरू हुन्। मूर्तिमा देखिएका माथि उल्लेखित विशेषताका आधारमा यस मूर्तिफलकको समय मूर्ति विद्हरूले आ-आफ्नै हिसाबले तोकेका छन्। लैनसिंह वाङदेलले यसको समय सातौं-आठौं शताब्दी बताएका छने भने प्रतापादित्य पालले नवौं शताब्दी, कृष्णदेवले आठौं शताब्दी भनेका छन्। यसरी नै मेरी एस.स्लसरले पनि यस मूर्तिको समय नवौं शताब्दी नै बताएकी छन्। अझ विष्णुको शिर पछाडिको अण्डाकार तथा फलकको माथिल्लो भागको बीचमा चुच्चो नभएको हुँदो हो त यो मूर्तिको समय सातौं-आठौं शताब्दी मान्नमा अलिकति पनि हिचकिचाहट हुने थिएन। अण्डाकार तथा माथि बीचमा चुच्चो बनाइएको प्रभावलीको प्रयोग कम्तिमा पनि नवौं शताब्दी भन्दा अगाडिका नेपाली मूर्तिहरूमा प्रयोग नभएको लिच्छविकालीन मूर्तिकलाका नमुनाहरूले प्रष्ट पारिसकेका छन्। विष्णुको वाहनको रूपमा चित्रित आधा मानव र आधा चराको रूपका गरुडको भुक्लुक्क परेको अनुहार, ठूला तथा बाहिर निस्केका आँखा बनाउन पनि कलाकारले ज्यादै मेहनत गरेको देखिन्छ। यहाँसम्मकी चराको नङ्ग्राको वरिपरि

तथा तिघ्राको भागमा देखिने भुत्लासम्म पनि बनाई गरुडचरामा हुने विशेषताहरूलाई कलाको माध्यमबाट पस्कन तात्कालीन नेपाली कलाकार सक्षम साबित भएको छ।

चाँगुनारायण हाताको अर्को गरुडासन विष्णु

चाँगुनारायण मन्दिर हाता भित्रै अर्को एक गरुडासन मूर्ति रहेको छ। चाँगुको माथि उल्लेखित प्रसिद्ध गरुडासन विष्णुसँग यस मूर्तिलाई दाँजेर हेर्ने हो भने कम्तीमा पनि ३-४ सय वर्षको अन्तराल पछि यो मूर्ति बनेको अनुमान गर्न सहजै सकिन्छ। यस मूर्तिफलकमा पनि विष्णु गरुडको काँधमाथि प्रलम्व पादासनमा नै बसेका छन्। उनका चार हातमध्ये दायाँतर्फको माथिल्लो हातमा ज्वाला सहितको चक्र, तल्लोमा पद्मबीज सहित वरद मुद्रा तथा बाँयातर्फका माथिल्लो हातमा गदा र तल्लोमा शङ्ख लिएको प्रष्टसँग देख्न सकिन्छ (चित्र नं. ४)। किरिटमुकुटको प्रयोग गरिएको यस मूर्तिमा विष्णुको कपाल समेत उनको घाँटिको तहसम्म पुगेको अवस्थामा देखाइएको छ। उनले लगाएका रत्न कुण्डल, दोहोरो मोतीको हार तथा केयूरको डिजाइन पूर्ण रूपमा १९८४मा चोरी भएको चुपिङघाटको उमा महेश्वरको सेवकको जस्तो छ। सो मूर्तिको समय वाङदेलले १५ औं शताब्दी बताएका छन्।[१२] विष्णुको शरीरमा प्रयुक्त अन्य गहना तथा वस्त्रमा कमरबन्ध, धोती, पटुका आदि देखिन्छन्। यस मूर्तिफलकमा विष्णुलाई काँधमा राखी उड्न लागेका गरुडलाई चट्टान माथि दुवै गोडा टेकेको अवस्थामा देखाइएको छ। आधा मानिस तथा आधा चराको स्वरूपमा देखाइएको गरुडको च्याप्टे मुखाकृति, सर्पाहार, केयुर तथा बाजुको प्रयोग स्वाभाविक देखिन्छ। यस मूर्तिफलकको रमाइलो पक्ष मूर्तिफलकको अधिकांश भाग (पृष्ठभूमि) गरुडका प्वाँखहरूले पूर्ण रूपमा ढाकी मूर्तिफलकलाई आकर्षक बनाउने काम भएको छ। यस मूर्तिमा देखिएको अर्को फरक विशेषतामा विष्णुलाई गरुडको काँधमा बसेको नदेखाउनु पनि हो। गहना तथा शृङ्गारिकतामा देखिएको भिन्नताले पनि यसलाई चाँगुको प्रसिद्ध गरुडासन मूर्ति भन्दा पछिको हो भन्ने चिनाउँछ। प्रतापादित्य पालले यस मूर्तिको समय तेह्रौं शताब्दी बताएका छन्। आंगिक अनुपातको बेमेल, अस्वाभाविक शृङ्गारिकता लगायतका मूर्तिका विशेषतातर्फ ध्यान दिंदा पालले दिएको समय उचित लाग्दछ।

ज्याक जिमरम्यानको संग्रहमा रहेको गरुडासन विष्णु, न्यूयोर्क

१००४ इस्वीको अभिलेख सहितको यो गरुडासन विष्णुको धातु मूर्तिले नेपाली कला जतगमा ११ औं शताब्दीको पूर्वार्धदेखि मूर्ति निर्माण शैलीमा

प्रष्ट रूपले भिन्नता देखापर्न थालेको प्रष्ट पारेको छ। यस मूर्तिमा देखिएको विष्णुको अप्ठ्यारो बसाई, मूर्तिको दायाँ बायाँ श्रीदेवी तथा भूदेवीको उपस्थिति, उनीहरूको आकृति निर्माणमा कलाकारले देखाएको कञ्जुस्याइँ, प्रभावलीको आलंकारीकता, गरुडको पखेटामा देखिएको अप्राकृतिकता आदि विभिन्न मूर्तिफलकमा देखिएका विशेषताहरूले यसबेलासम्म आइपुग्दा नेपाली कलाकारहरूको मूर्ति निर्माणप्रतिको लगनशीलतामा ह्रास आइसकेको बुझ्न त्यति कठिन पर्दैन। यति मात्र नभई विष्णुलाई आफ्नो काँधमा राखी भ्रमण गराउन हिँडेका गरुडको भद्दा शरीर, केशसज्जा, मुखाकृति, मूर्तिफलकको पृष्ठभूमि लगायत खुट्टा निर्माणमा देखिएको असावधानीले निश्चय पनि कलाकारितामा ह्रास आएको मान्नैपर्ने देखिन्छ। बादलको टुक्रा देखाउनु पर्ने ठाउँमा पक्षीको प्वाँखको निर्माणले पनि माथि उल्लेखित कुराको पुष्टि हुन्छ। यस गरुडासन विष्णुको मूर्तिफलकमा विष्णु उडिरहेको गरुडको काँधमा टेकी असहज अवस्थामा देखाइएका छन्। उनका चार हातमध्ये बायाँतर्फको माथिल्लो हातले गदा समातेका छन् भने तल्लो हातमा शङ्ख देखिन्छ दायाँतर्फका दुई हातमध्ये माथिल्लोमा चक्र र तल्लो हातले पद्मबीज सहित वरद मुद्रा प्रदर्शन गरेको छ (चित्र नं. ५)। विष्णुको गलाको दानेदार हार, बायाँ काँधबाट लट्केको लामो जनै, रत्नकुण्डल, केयूर, बाला लगायत कीर्तिमुखयुक्त मुकुट, पटुका, कम्मरबन्ध तथा धोती स्वाभाविक देखिन्छन्। मूर्तिफलकमा श्रीदेवी तथा भूदेवीलाई मूल मूर्तिको दाँया बाँया अञ्जली मुद्रामा ज्यादै अप्ठ्यारोसँग बसेको अवस्थामा देखाएको छ। मूर्ति सानो भएका कारण उनीहरूका वस्त्राभूषणबारे पनि प्रष्ट हुन सकिँदैन। विष्णुका वाहन गरुडको अनुहार च्याप्टो तथा आँखा समेत गरुडका जस्ता देखिदैनन्। उनले गलामा सर्पा हार तथा सर्पकै जनै पहिरिएका छन्। साथै केयूर, बाला लगायत गहनाको प्रयोग मूर्तिमा गरिएको छ। गरुडका खुट्टा नत मानिस नत चराका केवल नङ्ग्रा मात्र देखिन्छन् यसरी मिति सहितको यस गरुडासन मूर्तिले नेपाली मूर्तिकलाको विकास क्रममा एघारौं शताब्दीसम्म आइपुग्दाको मूर्तिकलाको स्तरलाई उजागर गरेको छ।

ह्युमत टेलको गरुडासन विष्णु

माथि उल्लेखित मूर्तिको समकालीन मान्न सकिने एउटा गरुडासन मूर्ति ह्युमत टोल काठमाडौंमा थियो। १९७० ताका चोरी भइसकेको यो मूर्तिको तस्वीर

लैनसिंह वाङदेलले Stolen Images of Nepal को पृष्ठ ८९मा दिएका छन्। खैरो चुन ढुङ्गामा निर्मित यस गरुडासन मूर्तिमा माथि उल्लेखित जिमरम्यानको सङ्ग्रहमा रहेको धातुको गरुडासन मूर्तिका कतिपय विशेषताहरू मिल्दछन्। उदाहरणको लागि गरुड माथि विराजमान यस मूर्तिफलकका विष्णुको बसाइको तरिका तथा शारीरिक बनावट धेरै हदसम्म माथि उल्लेखित जिमरम्यानको संग्रहमा रहेको गरुडासन मूर्तिसँग मिल्छ यद्यपि यस विष्णुका गोडाको भाग भग्न छ। यस मूर्तिका तीनवटा हातहरू भाँचिएका छन् तापनि बायाँतर्फको माथिल्लो हातमा गदा रहेको पूर्ण रूपमा जान्न सकिन्छ (चित्र नं. ६)। झण्डै प्रभावलीको तह बराबरको गदाको माथिल्लो भाग यस फलकमा प्रष्टसँग देख्न सकिन्छ। विष्णुका गहनाहरूमा गलामा हार, रत्न कुण्डल, केयूर, बाला तथा कलात्मक कीर्तिमुख युक्त मुकुट देखिन्छन्। यस बाहेक विष्णुको शिरोभाग पछाडि कलात्मक ज्वालायुक्त अण्डाकार प्रभावलीको प्रयोग गरिएको छ। यहाँसम्मकी विष्णुको दायाँ माथिल्लो हातमा रहेको चक्रको किनारामा समेत ज्वाला देखाइएको छ। मूल विष्णुको मूर्तिको दाँयातर्फ गरुडको पखेटाको झण्डै टुप्पाको भागमाथि दोहोरो पद्मपीठ माथि श्रीदेवीलाई तथा बायाँतर्फ भूदेवीलाई आसनी तल दुवै गोडा झारेर बसेको अवस्थामा देखाइएको छ। दुवै देवीहरू हातमा डाँठ सहितको कमल लिएको अवस्थामा छन्। श्रीदेवीको दाँया हात तथा भूदेवीको बायाँ हातमा पनि केही वस्तु लिएको देखिन्छ तर यही भनी खुट्याउन सकिन्न। मुखाकृति समेत भग्न भएकाले यस बारे प्रष्ट हुन सकिन्न तर दुवै देवीका शिर पछाडिको ज्वालायुक्त अलंकृत अण्डाकार प्रभावली तथा देवीका शरीरमा प्रयुक्त आकर्षक बुट्टायुक्त धोती, कुण्डल, हार, केयूर, बाला जस्ता निकै अलंकृत गहनाको प्रयोगले नेपाली मूर्तिकलामा शृङ्गारिकतामा वृद्धि भएको मान्नै पर्ने हुन्छ। यस मूर्तिमा देखिएको अझ अनौठो विशेषता यो छ कि अन्य मूर्तिमा गरुडका फिँजाइएका पखेटा भन्दा ठिक तल सोही अनुपातमा उनका दुवै हातहरू फैलाइएका हुन्छन् भने यस गरुडका मूर्तिमा गरुडका हातभन्दा तल अलंकृत बुट्टायुक्त पखेटा फैलाइएका अवस्थामा देखाइएको छ। विष्णुका तिघ्रादेखि तलको भाग लगायत गरुडको अनुहार, छाती तथा झण्डै गोडासम्मको भाग पूर्णरूपमा भग्न भएकाले गरुड मूर्तिका विशेषता पूर्ण रूपमा बताउन सकिन्न, तर पनि गरुडका गोडा आसनी माथि टेकेको र उड्न तयार भएको प्रष्ट रूपमा देख्न सकिन्छ। यस मूर्तिको समय वाङदेलले दशौं शताब्दी बताएका छन्। मूर्तिमा देखिएका विशेषताका आधारमा यस मूर्तिलाई एघारौं–बाह्रौं शताब्दीको मूर्तिको श्रेणीमा राख्नु उपयुक्त देखिन्छ।

देउपाटनको गरुडासन विष्णु

खैरो ढुङ्गामा नै निर्मित जयबागेश्वरीको एउटा घरमा (वाङदेलले रेष्ट हाउस भनेका छन् हाल सो घरको पनि अस्तित्व मेटिइसकेको छ) उमा महेश्वरको मूर्तिसँग यो गरुडासन मूर्ति समेत रहेको थियो। १९७० मा यी दुवै मूर्ति चोरी भए। अभ यसै ठाउँ नजिकै हाल प्रहरी प्रभाग पशुपतिमा रहेको ब्रह्माको मूर्ति समेत थियो। यस गरुडासन विष्णुको मूर्तिमा गरुडको काँधभन्दा माथि एक कलात्मक आसनमा विष्णु पलेंटी मारेर बसेको अवस्थामा देखिन्छन्। अन्य विभिन्न विष्णुका मूर्तिमा झैं यस मूर्तिमा पनि विष्णुको माथिल्लो बायाँ हातमा गदा, तल्लोमा शङ्ख तथा दायाँतर्फको माथिल्लो हातमा ज्वालायुक्त किनारा सहितको चक्र देखिन्छ (चित्र नं. ७)। यसरी नै उनको शिर पछाडिको ज्वालायुक्त अण्डाकार तथा माथिल्लो बीच भागमा देखिएको चुच्चो तथा सम्पूर्ण (मूर्तिबाहेकको भागमा) मूर्तिफलकमा कोरीएका अलंकृत बुट्टा, बादल ? ज्वालायुक्त किनारा आदि विशेषताहरूले यसबेलासम्ममा नेपाली कलामा पूर्वी भारतीय पाल तथा सेन कला शैलीले प्रवेश पाइसकेको प्रष्ट हुन्छ। यस मूर्तिको मुखाकृति, मूर्तिमा प्रयुक्त रत्नकुण्डल, केयूर, बाला, जनै, पट्टुका, कम्मरबन्ध तथा मुकुटको डिजाइनसहित नक्साल चारढुङ्गेको श्रीधर विष्णुका मूर्तिको वस्त्राभूषणसँग मिल्दछन्। यस मूर्तिफलकमा विष्णुलाई आफ्नो शिरस्थानमा राखी उड्नका लागि तयार भएका आधा मानव तथा आधा पक्षीको रूपमा चित्रित गरुडलाई कलात्मक बुट्टायुक्त आसनीमा टेकेको अवस्थामा देखाईएको छ। गरुडको दायाँ बायाँ दोहोरो पद्मपीठमाथि दुई नारी मूर्तिहरू श्रीदेवी तथा भूदेवीलाई देख्न सकिन्छ। दुवै देवीहरूको शिर पछाडि कलात्मक ज्वाला सहितको प्रभावलीको प्रयोग गरिएको छ। लाम्चो मुखाकृति, शिरमा करण्ड मुकुट, गलामा गह्रौं हार, बुट्टायुक्त धोती, कर्णफूल, केयूर, बाजु सहित चित्रण गरिएका देवीहरूमध्ये दायाँतर्फकी श्रीदेवीको बायाँ हातमा डाँठ सहितको कमल देखिन्छ भने दायाँ हात पेटको तहसम्म पुऱ्याई केही वस्तु समातेको देखिन्छ तर प्रष्ट हुन सकिन्न। यसरी नै फलकको बायाँतर्फकी भूदेवीका दुवै हातले विभिन्न सामनहरूले भरिएको पात्र समातेको छ सम्भवतः पृथ्वी माता उर्वराकी स्रोत भएका कारण उनले पृथ्वीमा उब्जनी हुने विभिन्न अनाज तथा फलफूल आदि सामान राखिएको पात्र समातेकी हुन्। यस मूर्तिफलकको ज्वाला सहितको किनारा ११५८ इ.को नक्सालको सूर्य मूर्तिफलकको किनारासँग पूर्ण रूपमा मेल खान्छ। मूर्तिमा स्वभाविकता नदेखिएको यस मूर्तिफलकमा देखिएका विभिन्न विशेषताहरूको सूक्ष्मरूपले अध्ययन गर्दा यस मूर्तिको समय वाङदेलले भनेझैं बाह्रौं शताब्दी

मान्नु पर्दछ, तर प्रतापादित्य पाल तथा कृष्ण देवले भने अनुसारको एघारौं शताब्दी होइन ।

कुम्भेश्वरको गरुडासन विष्णु

एक हजार पाँच सय वर्षभन्दा बढी लामो समयसम्म नेपाली कलाकारले आफ्नो कलाकारिताको विषय बनाउन चाहेका विभिन्न सम्प्रदायका देव देवीका मूर्तिहरूमध्ये कुम्भेश्वर मन्दिरमा रहेको १९७० ताका नै चोरी भैसकेको गरुडासन विष्णुको मूर्ति पनि एक उल्लेखनीय मूर्तिमा पर्दछ (चित्र नं. ८) । लिच्छविकालदेखि नै मूर्तिकला निर्माणको एक महत्त्वपूर्ण विषय बन्दै आएको गरुडासन विष्णु सम्बन्धी कला समयका विभिन्न चरणहरू पार गर्दै उत्तर मल्लकालसम्म आइपुग्दा कुन रूपमा प्रस्तुत हुन पुग्यो त्यसको जानकारी पाठकवर्गलाई पनि होस् भन्ने उद्देश्य अनुरूप चौधौं–पन्धौं शताब्दीताकाको मूर्तिकलाको नमुनाको रूपमा कलाविद्हरूले समय तोकेको मूर्तिको यहाँ चर्चा गरिन्छ। यस गरुडासन मूर्ति निर्माणको क्रममा कलाकारले सम्पूर्ण मूर्तिफलकलाई नै एकोहोरो पद्मपीठमा उभ्याएका छन्। पद्मपीठमाथिको गोलाकार मूर्तिफलकलाई मूर्ति निमार्ण गर्ने स्थान बाहेकका सम्पूर्ण ठाउँमा अलंकृत बुट्टाहरूले सजाईएको छ जहाँ अन्य कतिपय गरुडासन मूर्तिहरूमा गरुडको प्वाँखको आकृति वा बादलका टुक्रा बनाइएका हुन्छन्। मूर्तिभन्दा पनि मूर्तिफलकमा दर्शकको ध्यान आकृष्ट गराउने उद्देश्यले बीचमा विन्दुयुक्त घेरा बनाइ दुवैतिर (भित्र र बाहिर) ज्वालायुक्त बुट्टा सहितको किनारा बनाइएको छ, जसले गर्दा मूर्तिमा भन्दा पहिले यस मूर्तिफलकमा दर्शकको ध्यान आकृष्ट हुन्छ। यहाँ विष्णुको प्रभावली आवश्यकताभन्दा बढी अलंकृत देखिन्छ। यसको शृङ्गारिकता शिखर नारायण, फर्पिङको सूर्यकुण्डस्थित सूर्य मूर्तिको फलकको किनारको शृङ्गारिकतासँग पूर्ण रूपमा मेल खान्छ। यहाँ दुवै हात तथा पखेटाहरू फैलाई उडिरहेको गरुडमाथि पद्मपीठमा पलेंटी कसेर विष्णु बसेका छन्। विष्णुको शिरमा किरिटमूकुटको प्रयोग गरिएको छ। उनले कुण्डल, मोतिका दाना तलतिर लर्किएको हार तथा कम्मरबन्ध पहिरेका छन्। मूर्तिफलकमा ज्यादै नै अस्वाभाविक तरिकाले विष्णुका चार हात बनाइएका छन् जसमध्ये बायाँ माथिल्लोले गदा, तल्लोमा शङ्ख ? (प्रष्ट छैन) तथा दायाँतर्फको माथिल्लो हातमा चक्र र तल्लो हातमा पद्मबीज देखिन्छ। मूर्तिफलकमा गरुडको घुम्रिएको कपाल (यदि त्यसमाथि उष्णीषको प्रयोग भएको भए बुद्ध झैं लाग्ने), गरुडको च्याप्टो अनुहार, सर्प तथा मोतीको माला, शरीरको माथिल्लो भागमा दाना दाना परेको वस्त्र लगायत विष्णुकै

कुण्डलसँग मिल्ने कुण्डलको प्रयोग गरिएको छ। गरुडका पाखुरामा सर्पका गहनाको सट्टा दानायुक्त केयूर नै पहिरिएको देखिन्छ। विष्णुको मूर्तिभन्दा केही तल दायाँ बायाँ लक्ष्मी तथा सरस्वतीलाई कल्पनातित पात तथा फूलबुट्टे लहरे वनस्पति माथि एकोहोरो पद्मपीठ बनाई उभ्याइएको छ। दुवै देवीहरूको मुखाकृति पूर्ण रूपमा भग्न छ। मूर्तिफलकको दायाँतर्फकी श्रीदेवीको बायाँ हातमा डाँठ सहितको कमल तथा दायाँ हात अभय मुद्रामा देखिन्छ। त्यसरी नै बायाँतर्फकी देवीको बायाँ हातमा सरस्वतीले लिने आयुध वीणा देखिन्छ भने उनको दायाँ हात वरद मुद्रामा छ। यस मूर्तिफलकमा देखिएका देवदेवी लगायतका आकृतिहरूमा अंगिक अनुपातको मेलको लेस मात्र पनि देखिँदैन। सम्पूर्ण मूर्तिफलक नै स्वाभाविक नलाग्ने यस गरुडासन मूर्तिफलकको उदाहरणले नेपाली कलाको स्तर समय अनुसार बढ्नु पर्नेमा अझ बिग्रेर गएको साविति दिएको छ। यस मूर्तिफलकको समयबारे पनि मूर्तिविद्हरू एकमत छैनन्। वाङदेलले यसको समय १३ औं शताब्दी भनेका छन्[१५] भने कृष्णदेवले १५ औं शताब्दी बताएका छन्। अझ यस मूर्तिफलकको किनारामा अङ्कित तीन तहका बुट्टाहरूलाई १६३६ इ. को स्वयम्भूस्थित अक्षोभ्यको मूर्तिको प्रभावलीसँग तुलना गर्दा यी दुई मूर्तिहरूको प्रभावलीमा एकरूपता भएको लगायतका विशेषताहरूले गर्दा यस मूर्ति फलकलाई सोह्रौं–सत्रौं शताब्दीका नेपाली कलाकारको कलाकारिताको उपज मान्दा अत्यूक्ति नहोला।

काठमाडौं उपत्यका भन्दा बाहिर पनि गरुडासन मूर्तिहरू फेला परेका छन्। सिमरौनगढमा १०९७मा कर्नाटवंशी नान्यदेवले आफ्नो वंशको शासन सञ्चालन गरेका थिए। यिनका वंशजहरूले चौधौं शताब्दीको पूर्वार्द्धसम्म यस क्षेत्रमा शासन गरे। यस समयमा खास गरी ११–१४ शताब्दी बीचको समयमा कर्नाटवंशीहरूले आफ्नो प्रभुत्व निकै ठूलो क्षेत्रसम्म फैलाएका थिए। काठमाडौं उपत्यकामा पनि उनीहरूले उत्पात मच्चाएको नेपालका वंशावलीहरूमा उल्लेख गरिएको छ। कला तथा वास्तुकलाको क्षेत्रमा पनि कर्नाटवंशीहरूको देन रहेको कुरा त्यस क्षेत्रबाट प्राप्त मूर्ति कला तथा भग्न वास्तुकलाका नमुनाहरूले प्रष्ट पारेका छन्। यस क्षेत्रमा भेटिएका अधिकांश मूर्तिहरू वैष्णव सम्प्रदायसँग सम्बन्धित छन् साथै गणेश, सूर्य, भगवती, शिव लगायत नवग्रहसम्मका मूर्तिहरू यस क्षेत्रमा प्राप्त भएकाले त्यसबेला यो क्षेत्रमा हिन्दु धर्मको प्राधान्यता रहेको बुझ्न सकिन्छ वैष्णव सम्प्रदायका देवताहरूमा पनि विष्णुसँग यो ग्रन्थ सम्बन्धित भएका कारण यस क्षेत्रबाट प्राप्त गरुडासन विष्णु मूर्तिको यहाँ चर्चा भएको हो।

खजहनीको गरुडासन विष्णु

सिमरौनगढस्थित कंकाली देवीको मन्दिरबाट झण्डै २ किलोमिटर पश्चिमोत्तर दिशामा पर्ने खजहनी नामक स्थानबाट अन्य विभिन्न मूर्तिहरूसहित गरुडासन विष्णुको मूर्तिप्राप्त भएको छ (चित्र नं. ९)। यो मूर्ति पनि सग्लो अवस्थामा छैन। हरसिंहदेवको शासनकालको उत्तरार्धताका भएको मुसलमानी आक्रमणका समयमा यस क्षेत्र लगायत काठमाडौं उपत्यका भित्रकै पनि थुप्रै हिन्दु मठ मन्दिर उनीहरूको आक्रमणको निशाना बनेको ऐतिहासिक श्रोतहरूबाट थाहा हुन्छ। सम्भवतः यो मूर्ति पनि मुसलमानी आक्रमणको समयमा भग्न भएको हो। यस भग्न मूर्तिको यहाँ चर्चा गर्नुको मूल अभिप्राय काठमाडौं उपत्यकामा मात्र गरुडासन मूर्तिहरू निर्माण भएनन् बाहिर पनि नेपाली कलाकारहरूले गरुडासन विष्णुलाई आफ्नो कलाकारीताको विषय बनाए। सही तथा वैज्ञानिक अनुसन्धानको नेपालमा अझसम्म पनि विकास भैनसकेका कारण नेपालका विभिन्न कला वास्तुकलाका अनगिन्ती नमुनाहरू अझै उजागर हुन सकेका छैनन्। आशा गरौं भविष्यमा नेपाली कलाकारका मेहनत तथा लगनशीलताका उपजहरू वैज्ञानिक खोजको माध्यमबाट प्रकाशमा आउने छन्। यस क्षेत्रबाट प्राप्त सबै मूर्तिहरू कालो तथा चिल्लो ढुङ्गामा निर्मित छन्। कालो तथा चिल्लो ढुङ्गामा नै उत्कीर्ण गरिएको यस विष्णुको शरीरको कम्मरभन्दा माथिको सम्पूर्ण भाग पूर्ण रूपमा नष्ट भएकोले देख्न सकिदैन केवल कम्मर भन्दा तल पुठ्ठाको भागदेखि तलतिरको गरुड, लक्ष्मी, सरस्वती लगायतका आकृतिहरू प्रष्टरूपमा देख्न सकिन्छ। यस मूर्तिमा पनि विष्णुलाई विष्णुधर्मोत्तर पुराणमा उल्लेख गरेझैं पूर्ण मानवआकार गरुडले आफ्ना दुई हातले विष्णुका पाउ थामेको अवस्थामा देखाइएको छ। विष्णुको बसाई प्रलम्वपादासन देखिन्छ, यद्यपि विष्णुको गोडा टेकाइमा स्वाभाविकता देखिदैन। विष्णुको अधोवस्त्रमा तिघ्रासम्मको लम्बाइ भएको बुट्टा युक्त धोती देखिन्छ साथै उनका गहनाहरूमा (विष्णुमूर्तिको माथिल्लो भाग खण्डित भएकोले) केवल कलात्मक पाउजु देख्न सकिन्छ। यस मूर्तिफलकमा गरुडको पनि झण्डै आधा तल्लो भागमा दायाँ–बायाँ श्रीलक्ष्मी र सरस्वतीलाई अतिभङ्ग मुद्रामा देखाइएको छ। देवीहरूका आकृतिहरू तुलनात्मक रूपमा साना छन् तापनि उनीहरूको मुखमुद्रा आदिबारे सामान्य जानकारी राख्न सकिने अवस्था छ। यस मूर्तिफलकमा गरुडको दायाँतर्फ उत्कीर्ण श्रीदेवी वा लक्ष्मी हुन् भन्ने कुरा उनले बायाँ हातमा लिएको डाँठसहितको कमलको फूलले प्रष्ट पार्दछ। उनको बायाँ हातले पनि लामो सुराही आकारको वस्तु समातेको देखिन्छ जो अधिकांश यस भेकका विष्णु

मूर्तिको दायाँतर्फ रहेकी श्रीदेवी वा लक्ष्मीको हातमा देख्न सकिन्छ। मार्कण्डे
पुराणमा उल्लेख भएअनुसार "महालक्ष्मी जो सम्पूर्ण शक्तिकी श्रोत हुन् उनीबाट
समय र आवश्यकता अनुसार अन्य विभिन्न देवीहरू उत्पन्न हून्छन्.....राज
गुणको प्रतिनिधित्व गर्ने महालक्ष्मी जसलाई लक्ष्मी मात्र पनि भनिन्छ, यी देवी
आफ्नो हातमा गदा तरल पदार्थ राख्ने पात्र (सुराही), खेटक र मातुलुङ्ग लिएको
पर्दछ।"[१६] देवीलाई यदि देवताको साथमा देखाइन्छ भने उनलाई दुई हात यु
देखाउनु पर्दछ।[१७] पुराणको यस भनाइका आधारमा लक्ष्मीले दायाँ हातमा लिए
वस्तु अमृतघट (सुराही) नै हो भन्ने प्रष्ट हुन्छ। यस मूर्तिमा देवीले मुकुट, हा
केयूर, बाजु तथा पाउजु पहिरेकी छन् जुन सामान्य लाग्दछन् साथै उनको शरीर
पारदर्शी वस्त्र चोलो तथा धोतीको प्रयोग गरिएको छ। बायाँतर्फकी देवी
अतिभङ्ग मुद्रामा नै देखिन्छन् उनका गहना तथा वस्त्र पनि लक्ष्मीको भन्दा फर
देखिँदैनन्। देवी दुवै हातले वीणा बजाउन व्यस्त देखिन्छिन्। देवीहरूका छेउ
तल अझ सानो आकृतिमा सेविकाहरूको उपस्थिति समेत देखिन्छ। य
मूर्तिफलकमा गरुडलाई छोटो डाँठ सहितको दोहोरो पद्मपीठमा बायाँ गोडा घुँ
मारी दायाँले टेकेर बसेको अवस्थामा देखाइएको छ। यद्यपि उडेको स्वरूप प्रदर्श
गर्न फैलाइएका पखेटालाई पनि विष्णुको दुवै गोडाको पछिल्लो भागमा देखाइए
छ। मूर्तिमा गरुडको मूखाकृति पूर्ण रूपमा मानव आकारको छ। केही च्याप
अनुहारमा देखाइएको गरुडको निधार खुम्च्याई तथा अनुहार बिगारेको अवस्था
उनी सहज अवस्थामा नरहेको भान पार्दछ तर कहीँ कतै पौराणिक कथामा विष्णुला
काँधमा राखी उडेका गरुड अप्ठ्यारोमा परेको कुरा उल्लेख नगरिएबाट सम्भवत
कलाकारले गरुडको हँसिलो अनुहारको सट्टा आफ्नै लहडवाजीमा विष्णुलाई थाम्नुप
अप्ठ्यारो भएको कल्पना गरी मुखाकृति बनाएका हुन्। गरुडको शिर पछाडिक
प्रभावली, कुण्डल, कलात्मक हार, सर्प जनै, केयूर, बाला, लगायत नुपूरसम्मक
गहना बाह्रौं-तेह्रौं शताब्दीताकाका कतिपय मूर्तिमा देखिएका गहनासँगै मेल खा
किसिमका छन्। तर अनौठो पक्ष यो छ कि गरुडको शिरमा घुम्रीएको कपालक
सट्टा बुट्टादार किरिट मुकुटको नै प्रयोग गरिएको छ। मूर्तिफलकको तल्ल
भागमा भक्त-भक्तिनीका आकृतिसमेत कुँदिएका छन्। जेहोस् यस क्षेत्रमा फेल
परेको यो गरुडासन मूर्तिले बाह्रौं-तेह्रौं शताब्दीताकाको सिमरौनगढका कलाकारिताक
विशेषताहरूलाई औंल्याउन सकेको मान्नुमा अत्युक्ति हुने छैन। यस मूर्तिक
समय मोहन खनालले बाह्रौं शताब्दी बताएका छन्।[१७] यो मूर्ति भारतको बङ्गाल
तथा बिहारमा विकशित पाल तथा सेन कला शैलीबाट पूर्णरूपमा प्रभावित छ।

हालको नेपालको मध्यपश्चिम विकाशक्षेत्र अन्तर्गत पर्ने सप्तगण्डकी क्षेत्र वैष्णव धर्मको विकाशको लागि महत्त्वपूर्ण क्षेत्र रहेको कुरा पौराणिक ग्रन्थमै गण्डकी नदीलाई महत्त्व दिएबाट थाहा हुन्छ। कथन अनुसार यस क्षेत्रका सप्तगण्डकी नदीहरूमा प्रमुख कालीगण्डकीलाई विष्णुसँग सम्बन्धित नदी मानिएको छ। स्कन्दपुराणमा उल्लेख भए अनुसार जालन्धर की पत्नी वृन्दाको सतीत्व नाश गरेका विष्णुलाई उनले पृथ्वीमा शीला, वृक्ष, घाँस तथा झारको रूपमा रहनुपरोस् भनी दिएको श्रापका कारणले भगवान विष्णु कालीगण्डकीमा शालीग्रामको रूपमा रहेको विश्वास गरिन्छ।[१९] त्यस आधारमा प्राचीन कालदेखि नै यो क्षेत्र वैष्णव धर्मको महत्त्वपूर्ण तीर्थस्थलको रूपमा रहेको प्रष्ट हुन्छ। यस क्षेत्रमा पाइएका अधिकांश मूर्तिहरू वैष्णव धर्मसँग सम्बन्धित छन् जसमा स्थानक विष्णुका मूर्तिहरू तुलनात्मक हिसाबले धेरै भेटिएका छन्। त्यस बाहेक हरिहर, वराह लगायत गरुडासन विष्णुका मूर्तिहरू पनि यस ठाउँबाट प्राप्त भएका छन्। विभिन्न मूर्तिहरू मध्येको मध्यकालको उत्तरार्धताकाको मान्न सकिने एक गरुडासन विष्णु मूर्तिको यहाँ चर्चा गरिन्छ जो निम्नानुसार छ;

त्रिवेणीघाटको गरुडासन विष्णु

त्रिवेणीघाटपारिपट्टिको शिवालयमा प्रतिष्ठापित यस गरुडासन विष्णुको मूर्तिफलकमा विष्णुलाई पखेटा तथा हातहरू फैलाएका गरुडको काँधमाथि पर्यंकाशन मुद्रामा बसेको देखाइएको छ (चित्र नं. १०)। चार हातयुक्त विष्णुले आफ्नो बायाँतर्फको माथिल्लो हातले गदा समातेका छन् भने दायाँतर्फको माथिल्लो हातमा चक्र भएको प्रष्ट रूपमा देखिन्छ। तल्ला दुवैतर्फका हातमा लिएका आयुधहरू प्रष्ट छैनन् तापनि बायाँतर्फ शङ्ख तथा दायाँतर्फ पद्मबीज लिएको देखाउने कलाकारले यहाँ पनि यसै गरेका हुनन्। यस मूर्तिमा प्रयुक्त किरीट मुकुट निकै आलंकारिक देखिन्छ। मूर्तिमा देखिएको लाम्चो अनुहार, बिन्दु तथा ज्वालायुक्त प्रभावली, कुण्डल, हार लगायतका गहनाहरूद्वारा मूर्ति सजिएको छ। यहाँ देखाइएका गरुडको कम्मरभन्दा माथिको भाग मानवाकार र गोडाको भाग चराको नङ्ग्रा सहितको छ। गरुडको शिरमा पनि किरीट मुकुटकै प्रयोग छ। यहाँ गरुडलाई माथितिर फर्केको एकोहोरो पद्मपीठमा टुक्कुक्क बसेको अवस्थामा देखाइएको छ। गरुडको दायाँ-बायाँ यहाँ पनि लक्ष्मी तथा सरस्वतीलाई अंकित गरिएको छ। मूर्तिमा देखिएको आंगिक अनुपातको बेमेलयुक्त शरीर तथा अलंकरणमा कलाकारको ध्यान नपुगेको देखिने यो मूर्ति फलक १६/१७ शताब्दीभन्दा अगाडिको हुन नसक्ने देखिन्छ। यस

बाहेक गोरखाको पोखरीथोकबाट पनि गरुडासन विष्णुका मूर्तिहरू प्राप्त भएका ती मूर्तिहरू अझ पछिल्लो कालका हुने कुरा डिल्लीराज शर्माले आफ्नो पुस्तक उल्लेख गरेका छन् ।[१९]

दुल्लु पादुकास्थानको गरुडासन विष्णु

कालो चिल्लो ढुङ्गामा कुँदिएको काठमाडौं उपत्यकाका गरुडास मूर्तिहरूभन्दा पूर्ण रूपले फरक एक मूर्ति पादुका स्थानबाट प्राप्त भएको छ। यस मूर्तिफलकमा पूर्ण रूपले उड्न लागेका मानवकार (पखेटा फिँजाएको आधारम गरुडले आफ्ना फैलाएका हातहरूमा लक्ष्मी तथा विष्णु दुवैलाई थामेका छ (चित्र नं. ११) । मूर्तिफलकमा विष्णुको कद, अनुपात नमिलेको शरीर, अस्वाभावि बसाइ आदि जे जस्ता विशेषता उत्कीर्ण देखिन्छन् । त्यसले या त मूर्ति निर्माण ग कलाकार प्रतिमा विज्ञानको नियमप्रति पूर्ण रूपमा परिचित थिएनन् वा कलाकार लहडबाजीमा यो मूर्ति निर्माण गरे । अझ एक पाइला अगाडि बढी भन्नु पर्दा ज्या अदक्ष कलाकारद्वारा यो मूर्ति निर्माण गरियो । यस मूर्तिफलकमा चारहाते विष्णु दायाँतर्फको एक हातमा गदा तथा अर्कोमा चक्र लिएको देखाइएको छ। त्यसरी बायाँतर्फको एक हातमा शङ्ख त्यो पनि शङ्खको टुप्पो हत्केलामा अड्याएको अवस्था देखाइएको छ जो सामान्यतः सम्भव देखिदैन मूर्तिको अर्को हात पनि देख्न सकिन उनका मुकुट तथा गहनाहरूमा ज्यादै शृङ्गारिक वा कलात्मकता देखिन्न तै प कानको चक्रकार कर्णफूल, हार, जनै आदि विष्णुको मूर्तिमा देखिन्छन् । काठमा उपत्यका लगायतका मूर्तिमा देखिने धोतीको प्रयोग पनि यहाँ देखिन्न। यसबा मूर्तिमा प्रयुक्त वस्त्रको बारेमा यही हो भन्न सकिन्न। यस मूर्तिफलकमा विष्णुक बायाँतर्फ विष्णुकै काखमा नमस्कार मुद्रामा बसेकी लक्ष्मीलाई देखाइएको छ विष्णुकै मुकुट तथा कर्णफूल दुरुस्त मिल्ने मुकुट तथा कर्णफूल लक्ष्मीमा प देखिन्छन् । यस बाहेक उनका नाडीमा बाजु तथा गलामा हार पनि देखिन्छन् । य देखाइएका गरुडको पखेटा लगायत उड्न लागेको स्थिति देखाउन पनि कलाक पूर्ण रूपमा असफल देखिन्छ। विष्णु, लक्ष्मी तथा गरुडकै अनाकर्षक मुखाकृ आंगिक आनुपातको बेमेल लगायतका विशेषताले नै मूर्तिलाई पछिल्लो कालक नमुना भन्न सकिन्छ। यद्यपि कालो चिल्लो ढुङ्गामा निर्माण गरिएको आधार हुनसक्छ मोहन खनालले यसलाई १४ औं शताब्दीको मूर्ति भनेका छन् ।[२१] चौ शताब्दीका काठमाडौं उपत्यका मात्र नभएर गण्डकी क्षेत्र लगायत सिमरौनगढ मूर्तिका उदाहरण मात्र हेर्दा पनि यस मूर्तिको विशेषतासँग मेल खाने कला कृति

नमुना पाइएका छैनन् । यसर्थ पनि यस मूर्तिलाई अदक्ष कलाकारको कलाकारिताको उपज मान्न ठिक होला जसलाई प्रतिमा विज्ञानका नियमको पूर्ण रूपमा जानकारी थिएन ।

प्राचीन समयदेखिनै वैष्णव सम्प्रदायका मूर्तिहरू निर्माण भएका विभिन्न मूर्तिहरूमध्ये गरुडासन मूर्ति निर्माणको काममा समेत नेपाली कलाकार सिद्धहस्त रहेको, तर तुलनात्मक रूपमा पहिलेको मूर्तिकलाको अनुपातमा पछिल्लो कालको कला ह्रासोन्मुखतातर्फ अग्रसर रहेको प्राप्त कलाका नमूनाहरूले औंल्याएका छन् ।

टिप्पणी

१. Vettam Mani, **Puranic Encyclopedia**, Delhi : Motilal Banarasidass Publishers, 1975, P. 282.

२. आदि पर्व, **महाभारत** ३३/१२-१६ ।

३. मोहनप्रसाद खनाल, **नेपाली कला,** ललितपुर : साझा प्रकाशन, २०५२, पृ.१२२ ।

४. J.N. Banerjea, **The Development of Hindu Iconography**, New Delhi : Munsiram Manoharlal Publishers, 1956, P.405.

५. "राजा श्री हरिदत्तवर्मा वर्ष १६ । तेनहि चतुशिखरप्रदेशे भगवत विष्णु भट्टारकस्य देवालयं सम्पूर्ण कृतवानिता ॥" **गोपालराज वंशावली २० 'क' पत्र** ।

६. धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,** काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. १८ ।

७. मूल पाठ :

१ ॐ एकत्रिंशत्तमे वर्षे वर्तमाने स्वसंस्थया
माघ शुक्लत्रयोदश्याम्पुष्यण सवितुर्दिने -१
२ कालेन जीर्णमवलोक्य समस्तमाद्यं
हैमं हरेर्भगवतः कवचं सताक्ष्र्यम्
तस्मान्निदर्शनमवाप्य जगद्धितार्थं
सञ्चस्कृवान्नरपति : पुनरंशुवर्मा-२

(ब्रजाचार्य, टिप्पणी सङ्ख्या ६, पृ. ३१७)

८. मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामाग्री,** काठमाडौं: नेपाल

र एसियाली अनुसन्धान केन्द्र, २०४०, पृ.३२१ ।

९. उही ।

१०. खनाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ३, पृ. १२२ ।

११. Lain Singh Bangdel, **Stolen Images of Nepal** , Kathmandu : Royal Nepal Academy, 1989, P. 2147-215.

१२. उही , पृ.८९ ।

१३. उही, पृ. १७५ ।

१४. उही, पृ. २४० ।

१५. T.A. Gopinatha Rao, **The Elements of Hindu Iconography,** New Delhi: Low Price Publication, 1999, PP. 334-336 .

१६. उही, पृ. ३३८ ।

१७. मोहन प्रसाद खनाल, **सिमरौनगढको इतिहास,** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५६, पृ १२४ ।

१८. योगी नरहरिनाथ, **हिमवत्खण्ड,** काशी : योग प्रचारिणी गोरक्ष ठिल्ला, २०१३ ।

१९. डिल्लीराज शर्मा, **गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा-कला र वास्तुकला,** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६०, पृ. २८५-२८६ ।

२०. खनाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ३ , पृ. १२६-१२७ ।

अध्याय तीन

श्रीधर विष्णु मूर्ति

(लक्ष्मी तथा गरुडसहितका विष्णु मूर्ति)

पृष्ठभूमि

नेपाली समाजमा अत्यन्तै महत्त्वपूर्ण स्थान प्राप्त गरेका तथा नेपाली कलाकारले निरन्तर रूपमा आफ्नो कलाको विषय बनाएका विभिन्न मूर्तिहरूमध्ये विष्णुको पर रूप अन्तर्गत पर्ने श्रीधर विष्णुको मूर्ति एक हो। पर रूपी विष्णुलाई एकनाशले मूर्ति फलकको मूल पात्रको रूपमा बीचमा उभ्याइ दायाँ बायाँ लक्ष्मी तथा गरुडलाई स्थान दिएर मूर्ति निर्माण गर्ने परम्परा नेपालमा प्राचीन कालादेखि नै शुरु भएको भन्दै हालसम्म प्राप्त सबैभन्दा प्राचीन मान्न सकिने श्रीधर विष्णु मूर्ति भूवनेश्वर मन्दिर पशुपतिमा रहेको लैनसिंह वाङदेलले बताएका छन्। यसलाई उनले इशाको पाँचौं शताब्दीताकाको मूर्तिको श्रेणीमा राखेका छन्।[1] लिच्छविकालको उत्तरार्धदेखि पूर्वमध्यकाल हुँदै त्यसपछिका समयमा निरन्तर मूर्तिकला निर्माणको विषय बनेको प्रस्तर तथा धातुका श्रीधर विष्णुका मूर्तिहरू काठमाडौं उपत्यका भित्रैबाट तथा बाहिर समेत गरी थुप्रै प्राप्त भएका छन्। ती विभिन्न मूर्तिहरूमध्ये केही मूर्तिहरूको यस अध्यायमा चर्चा गरिन्छ।

मूर्तिनिर्माणमा प्रयोग गरिएको प्रस्तर, प्रस्तरमा प्रयुक्त लेप लगायत विभिन्न शैलीगत विशेषताको आधारमा लिच्छविकालको पाँचौं–छैंटौं शताब्दी बीचको मूर्तिको श्रेणीमा राख्न मिल्ने यो मूर्तिको चर्चा लैनसिंह वाङदेलले आफ्नो पुस्तक प्राचीन नेपाली मूर्तिकलाको इतिहासमा गरेका छन्। यस बाहेक यस मूर्तिको उल्लेख वा चर्चा अरू कुनै पनि मूर्तिविज्ञ तथा लेखकले गरेका छैनन्। स्वयं लैनसिंह वाङदेलको Inventory of Stone Sculptures of the Kathmandu Valley नामक

१९९५ मा प्रकाशित काठमाडौं उपत्यकाका सयौं मूर्तिहरूका तस्वीर उतारिए
पुस्तकमा पनि पाँचौं शताब्दी समय तोकिएको यति महत्त्वपूर्ण मूर्तिको चित्र
स्थान प्राप्त गर्न सकेन। यसको अर्थ या त सो मूर्ति पूर्णरूपमा नासिइसक्यो
विदेशीहरूको संग्रहालयको शोभा बढाइरहेको छ प्रष्ट जानकारी प्राप्त गर्न सकिए
छैन। वाङदेलले पुस्तकमा दिएको तस्वीरको आधारमा यस विष्णु मूर्तिको च
यहाँ गरिन्छ जो निम्नानुसार छ।

यस भुवनेश्वर मन्दिरमा प्राप्त लैनसिंह वाङदेलद्वारा लक्ष्मी तथा ग
सहितको विष्णु भनिएको मूर्ति उनले नै सूर्यको मूर्ति भनेको (हाल राष्ट्रिय संग्रहाल
प्राचीन नेपाली कलाको बेजोड नमुनाको रूपमा रहेको प्रस्तर मूर्तिसँग मूर्ति निर्मा
शैली, शारीरिक सुगठनता, मूखाकृति, मुकुट तथा वस्त्रालङ्कारादिमा समेत धे
समानता राख्ने किसिमको देखिन्छ। यो मूर्तिमा देखाइएको अधोवस्त्र धोतीक
मुजाले तिलगङ्गास्थित विष्णुविक्रान्त मूर्तिको धोतीको सम्झना गराउँछ साथै दु
विष्णुका दायाँतर्फका तल्ला हातमा देखिने वरद मुद्रामा समेत खासै भिन्नता देखिन्
यस विष्णुको शिर पछाडि देखिएको प्रभावलीको बायाँतर्फको माथिल्लो भा
खण्डित छ तापनि चक्राकार गोलो प्रभावलीको नै प्रयोग यहाँ गरिएको देख
सकिन्छ। विष्णुले यस मूर्तिफलकमा रत्नकुण्डल तथा हार लगाएका छन्। सा
दुवै घुँडाभन्दा माथिसम्म लामो धोती, ठीक त्यसभन्दा थोरै माथिसम्मको लम्बाइयुत
दुवै तिघ्रा स्पर्श गर्दै कम्मरमा सिउरिएको गोलो शृङ्गारिक परिधान (वाङदेलक
शब्दमा पटुका) त्यसमा देखिएको मुजाको ढाँचा आदि बनाउन कलाकारले धेरै
मेहनत गर्नु परेको प्रष्ट देखिन्छ। मूर्ति भग्न भएका कारण विष्णुका हातमा हुनु प
आयुधहरूबारे प्रष्ट हुन सकिन्न तर पनि दायाँतर्फको हातको वरद मुद्रा केही कोप्
देखिन्छ, त्यसमा आयुध भए नभएको चिन्न सकिन्न। पूर्णरूपमा गोडा जमिन भि
गाडिएको यस प्रस्तर मूर्तिको दायाँतर्फ विष्णुका बायाँ हातको ठीक तल उभिएक
अवस्थाको एक नारी मूर्ति (आकृति) छ। यस नारी आकृतिलाई कलाकारले
ध्यान दिएर नबनाएको भान हुन्छ। त्यति राम्रो विष्णुको मूर्ति बनाउने कलाकारले
नारी आकृति बनाउन किन कञ्जुस्याइँ गरे यो अध्ययनकै विषय छ। यस नारी
मूर्तिमा अस्वाभाविक मुख मुद्रा, असुहाउँदो शारीरिक संगठन लगायतका विशेषताहरू
देखिन्छन्। विष्णुको बायाँतर्फको हातको ठीक तलको भाग पूरै खण्डित छ।
वाङदेलले यस ठाउँमा गरुडको मूर्ति रहेको हुनुपर्ने बताएका छन्। तर विष्णुको
तल्लो बायाँतर्फको हातको ठीक तल आयुध पुरुष रहने स्थानको सम्पूर्ण आकृति
भग्न छ कुनै मानवाकृति वा अन्य आकृति देखिन्न। यस मूर्तिलाई वाङदेलले

लक्ष्मी र गरुड सहितको विष्णुको मूर्ति भनेका छन्। तर मूर्तिको सूक्ष्म अध्ययन गर्दा यो विष्णुको स्थानक (पर रूप) मूर्ति हो जसले आफ्ना चार आयुधहरूमध्येका शङ्ख तथा पद्मलाई क्रमशः दायाँतर्फको माथिल्लो हातमा र बायाँतर्फको माथिल्लो हातमा लिएको हुनुपर्छ तर माथिल्ला हातहरू भग्न भएकोले निक्र्यौलका साथ यही हो भन्न सकिन्न। बायाँतर्फको माथिल्लो हात सहितको आयुध पद्मको भाग फुटेको कारण देख्न नसकिएको हो। बाँकी रहेका विष्णुको तल्लो दायाँ हात मुनीको नारी आकृतिमा लक्ष्मीमा देखिनु पर्ने कुनै विशेषता देखिदैनन् यस आकृतीलाई गदा र बायाँतर्फको पूर्णरूपमा नष्ट आकृति चक्र आयुध पुरुष हुनपर्छ। नेपालमा प्राप्त अन्य श्रीधर विष्णु मूर्तिफलकमा लक्ष्मी तथा गरुडलाई विष्णुका हातको ठीक तल उत्कीर्ण नगरी केही दायाँ बायाँ पारेर गरिएको हुन्छ। वाङदेलकै पुस्तक 'प्राचीन नेपाली मूर्ति कलाको इतिहास' मा चित्र नं. ८३ र ८४ मा चाँगुनारायण तथा नक्सालका [२] पाँचौं शताब्दीकै भनिएका मूर्तिहरूमा पनि लक्ष्मी तथा गरुडलाई विष्णुका तल्ला हातभन्दा केही दायाँ बायाँ पारी अंकित गरिएको पाइन्छ। अझ गुप्तकालीन भारतमा पनि यस प्रकारका लक्ष्मी तथा गरुडलाई विष्णुको हातको ठीक तल उत्कीर्ण नगरी केही दायाँ-बायाँ पारेर आयुधपुरुष सहितका मूर्तिहरू बन्ने गरेको कुरा वासुदेव उपाध्यायले 'प्राचीन भारतीय मूर्ति विज्ञान' नामक पुस्तकमा उल्लेख गरेका छन्।[३] रावले पनि गदालाई नारी रूपमा र चक्रलाई नपुंसक रूपमा उतारिने कुराको चर्चा गरेका छन्।[४] यस आधारमा यो मूर्तिलाई श्रीधर विष्णु मूर्ति भन्नु भन्दा पनि पररूपी चतुर्बाहु विष्णुको आयुधपुरुष सहितको स्थानक विष्णुको मूर्ति भन्नु उचित होला। नेपालमै पनि आयुधहरूलाई मानवाकृतिमा उतारिएका मूर्तिहरू प्राप्त छन्। उदाहरणको निम्ति पशुपति आर्यघाट पारिको मन्दिरमा रहेका आयुध पुरुषहरू सहितको नारायणको मूर्ति राममन्दिरको नामले प्रसिद्ध मन्दिर भित्र रहेका राम लक्ष्मण र सीताको नामले चिनिन्छन्। काठमाडौं उपत्यकाभित्रै चाँगुनारायणस्थान तथा नक्सालबाट प्राप्त दायाँ लक्ष्मी तथा बायाँ गरुड सहितका विष्णुका स्थानक मूर्तिहरूको चर्चा वाङदेलले आफ्नो पुस्तकमा चित्र सहित उल्लेख गरेका छन्। यी दुबै ठाउँका मूर्तिको शरीरको तिघ्राभन्दा माथिका भाग पूर्ण रूपमा फुटिसकेका छन्। यी दुबै श्रीधर विष्णुका मूर्तिहरूको समय वाङदेलले इशाको पाँचौं शताब्दी भनेका छन्। माथि उल्लेखित चाँगुनारायणको श्रीधर मूर्तिफलकको दायाँतर्फ पद्मासनमा रहेकी लक्ष्मीको दायाँ हातले समातेको करीव लक्ष्मीकै उचाइको अनुपातको डाँठ सहितको फक्रिएको कमलको फूल तथा आठौं नवौं शताब्दीको मूर्तिको श्रेणीमा राख्न सकिने चाँगुनारायणस्थित विष्णुविक्रान्त मूर्तिमा चित्रित

लक्ष्मीको डाँठ सहितको कमलको फूल तथा नाडीमा लगाएका दुवै मूर्तिका चुरा ढाँचा एकै प्रकारको छ। यस मूर्तिफलकमा देखाइएका विष्णुका गोडातर्फ म ध्यान दिने हो भने कोपु गाउँ (फर्पिङ) को सूर्य मूर्तिको गोडाको सम्झना गराउँ यद्यपि चाँगुको यस श्रीधर मूर्तिलाई त्यति पछिको भन्न मिल्दैन। यसरी नै वाङदेल नक्सालको दायाँ-बायाँ लक्ष्मी तथा गरुड सहितको एक भग्न मूर्तिलाई पनि पाँ शताब्दीको मूर्ति बताएका छन्। यस मूर्तिमा देख्न सकिने विष्णुका तल्ला हातमध्ये दायाँ हात पद्मबीजसहित वरद मुद्रामा देखिन्छ भने बायाँ हातमा श लिएको प्रस्टसँग देख्न सकिन्छ। लक्ष्मीको मुखाकृति, आंगिक अनुपात आ विशेषताका आधारमा यस मूर्तिफलकलाई लिच्छविकालको हुनै सक्तैन भन्ने अवस पनि देखिँदैन।

लक्ष्मीसहित गरुडलाई दायाँ बायाँ स्थान दिई निर्माण गरिएका श्रीधर विष्णु मूर्तिहरू काठमाडौं उपत्यकामा प्रसस्त रहेको कुरा माथि पनि उल्लेख गरिसकिएक छ तिनीहरूमध्ये केही श्रीधर विष्णुका मूर्तिहरूको विवरण यस प्रकार छ।

नक्सालको श्रीधर विष्णु

पररूपी विष्णुलाई मूर्तिफलकको मध्य भागमा सर्वोच्च देवताको रूपम स्थान दिई दायाँतर्फ लक्ष्मी तथा बायाँतर्फ गरुडलाई फरक फरक आसनसहि उभ्याउने काम नेपाली कलाकारहरूले प्राचीन समय देखिनै गरे अनुरूपका विभिन स्थानबाट प्राप्त सग्ला श्रीधर विष्णु मूर्तिहरूमध्येको प्राचीन मान्न सकिने मूर्तिमा यो पर्दछ। यस मूर्तिफलकमा उत्कीर्ण गरिएका विष्णुले आफ्ना चार हातमा चा आयुधहरू बायाँ माथिल्लोबाट घडिगत रूपमा क्रमशः गदा, शङ्ख, पद्मबीज-वर तथा चक्र लिएका छन् चित्र नं. ११(ख)। काठमाडौं उपत्यकामा पाइएका अधिकांश विष्णुका मूर्तिहरूले लिएका आयुधहरू माथि उल्लेख गरे अनुरूपकै देखिन्छन चाहे ती स्थानक, आसन तथा शयन विष्णुका मूर्तिहरू नै किन नहुन्। रूपमण्डनम चतुर्विंशव्यूह विष्णुका हातमा लिइने आयुधहरूको चर्चा गरिएको छ। शङ्ख, चक्र, गदा तथा पद्मलाई नै चार हातमा फरक पारी लिइएका आयुधहरूका आधारम उनीहरूलाई विभिन्न नामले सम्बोधन गरिएको छ। जसमध्ये श्रीधर विष्णुले लिने आयुधहरू बायाँ माथिबाट घडिगत रूपमा क्रमशः गदा, शङ्ख, पद्म र चक्र हुनुपर्छ। काठमाडौंमा पाइएका अधिकांश मूर्तिहरूमा यही अनुरूपका आयुधहरू विष्णुका हातमा देखिन्छन्। यस श्रीधर विष्णुमूर्ति फलक कलात्मक बुट्टा तथा ज्वालायुक्त किनाराले सिँगारिएको छ। फलकमा पररूपी विष्णु फूलबुट्टायुक्त पीठिका माथि

समभङ्ग मुद्रामा उभिएका छन्। उनको कस्सिएको आकर्षक शरीर जसमा लिच्छविकालका कलाका विशेषतालाई पनि कलाकारले बिर्सेको छैन। तर यस मूर्तिमा देखिएको बिन्दु तथा ज्वालायुक्त अण्डाकार प्रभावली लगायत मूर्तिफलकको श्रृङ्गारिकता, नागवेलीबुट्टा, मूर्तिफलकको माथिल्लो भाग अण्डाकार हुँदै बीचमा निकालिएको चुच्चो लगायतका विशेषताले आठौं शताब्दीमा पूर्वी भारतका विहार तथा बंगालमा पालहरूले शासन गर्न थाले पछि त्यहाँ विकसित भएको पालकला शैलीको झल्को दिने माथि उल्लेखित विशेषताले गर्दा पनि यस मूर्तिलाई नवौं–दशौं शताब्दीभन्दा अगाडिको मूर्तिको श्रेणीमा राख्न सकिँदैन। विष्णुको मूर्तिमा प्रयुक्त प्रभावली, कलात्मक किरीटमुकुट, रत्नकुण्डल, हार, केयुर, बाला देखिलिएर जनै, पटुका, कम्मरबन्ध हावामा फहराइरहेको धोती (मूर्तिको दायाँ बायाँ) लगायत दुवै तिघ्रासम्म पुगेको गोलाकार श्रृङ्गारिक परिधानलाई हेर्दा यो मूर्ति थापाहिटीको १०६५ को सूर्यको मूर्तिमा देखिएका आभूषणहरूसँग धेरै मेल खाने देखिन्छ यद्यपि वस्त्रको बुट्टा तथा धोतीको तल्लो भागको फहराइमा समानता देखिँदैन। यस मूर्तिफलकमा विष्णुको दायाँतर्फ झण्डै विष्णुको कम्मरसम्मको उचाई भएकी श्रीलक्ष्मीलाई केही भङ्ग मुद्रामा पद्मपीठिका माथि उभिएको देखाइएको छ। उनका दुई हातमध्येको बायाँ हातले डाँठसहितको कमल लिएको छ भने दायाँ हात पद्मबीज सहित वरदमुद्रामा प्रदर्शित छ। लक्ष्मीको मुकुट, हार, कर्णकुण्डल, तहपरेका चुरा, केयूर, अधो तथा उर्ध्व वस्त्र लगायत मूर्तिफलकको श्रृङ्गारिकतालाई सूक्ष्म रूपले अध्ययन गर्दा चाँगुमा रहेको श्रीधर विष्णुमूर्तिसँग धेरै कुरामा समान देखिन्छ। नेपाली कलाकारले लक्ष्मीको केशसज्जा लगायत श्रृङ्गारिकतामा निकै ध्यान दिएको कुरा उनमा प्रयुक्त विभिन्न वस्त्राभूषणले प्रष्ट्याएका छन्। मूर्तिफलकमा विष्णुको बायाँतर्फ रहेका गरुड अलग्गै पीठिकामा अञ्जली मुद्रामा उभिएका छन्। गरुडको शरीरमा प्रयुक्त मुकुट, कुण्डल, हार, केयूर, जनै लगायतका वस्त्राभूषणमा स्वाभाविकता देखिन्छ। पालले यस मूर्तिको समय इशाको नवौं शताब्दी तोकेका छन्।

माथि उल्लेखित नक्सालकै श्रीधर विष्णु मूर्तिका विशेषताहरूसँग धेरै कुरामा समानता राख्ने श्रीधर विष्णुका मूर्तिहरू चाँगुनारायण मन्दिर हाता तथा नक्सालबाटै प्राप्त हाल राष्ट्रिय संग्रहालयमा रहेका मूर्तिहरू पनि पर्दछन्। यी मूर्तिफलकहरूमा देखिने कलात्मक बुट्टा लगायत मूर्ति उभ्याईको ढाँचा, मूर्तिको लागि प्रयोग गरिएका पीठिका, प्रभावली, वस्त्राभूषण लगायत देव देवीका आयुध तथा गरुडको अञ्जली.मुद्रामा समेत खासै भिन्नता देखिँदैन। यी दुई मूर्तिफलकमा

देखिने भिन्नता भनेको चाँगुका श्रीधर विष्णु पूर्णघट युक्त पीठिकामा समभ
मुद्रामा देखिएका छन् (चित्र नं. १२) साथै उनको गलामा लगाइएको हार नक्सा
को विष्णु (चित्र नं. १३) को हारको तुलनामा बढि चेप्टो देखिन्छ। मूर्तिफलक
ज्वालायुक्त किनाराभन्दा भित्रको बुट्टाको आकार तथा निर्माण ढाँचामा पनि भिन्न
देखिन्छ। दुवै मूर्तिफलकमा विष्णु तथा लक्ष्मीका हावाले फहराइएका वस्त्र
तल्लो भाग एक अर्कोसँग जोडिएको देखाउन कलाकारले निकै मेहनत गरे
छन्। साथै विष्णुका बायाँतर्फको हावाले फैलाएको वस्त्रको भाग गरुडको पखेटास
पुऱ्याइ आकर्षक देखाउन कलाकार सफल देखिन्छन्। यी दुवै मूर्तिहरू दशौं
एघारौं शताब्दीका भन्ने कुरामा शंका गर्ने ठाउँ देखिँदैन। कृष्णदेवले यी दुवै श्री
विष्णु मूर्तिको समय नवौं शताब्दी बताएका छन्।[६]

च्यासलहिटीको श्रीधर विष्णु (क)

च्यासलहिटी पाटनमा रहेको १९७० मा चोरी भैसकेको यो मूर्ति कलाकारिता
दृष्टिले निकै महत्त्पूर्ण लाग्छ। तलाउमा पूर्णरूपमा फक्रेको दोहोरो कमलपी
माथि गोडा केही (अन्दाजी १ फिट) फारेर समभङ्ग मुद्रामा चारहाते श्रीधर वि
उभिएको अवस्थामा छन्। उनका चार हातमा अन्य श्रीधर विष्णुले लिने आयु
सरह बायाँ माथिबाट घडीगत रूपमा क्रमशः गदा, शङ्ख, पद्मबीज–वरद तथा च
देखिन्छन्। यस मूर्तिको दायाँ माथिल्लो हातले लिएको चक्रको आकृति सम
पूर्णरूपमा ज्वाला माथिल्लो बीचको भाग समेत चुच्चो अवस्थाको छ। यस
शैलीको चक्र राष्ट्रिय संग्रहालयस्थित चौधौं शताब्दीको भनिएको श्रीधर विष्णु
मूर्तिमा प्रयोग गरिएको छ। दुवै श्रीधर मूर्तिहरू डाँठ सहितको पूर्ण वयस
(कमलाशन) पद्मपीठमा बसेका देखिन्छन्। यी दुई मूर्तिमा देखिएका भिन्नता
बाह्रौं शताब्दीको मूर्तिको श्रेणीमा वाङदेलले राखेको[७] यस च्यासलहिटीक
मूर्तिफलकमा कमल फुलेको ठाउँ (तलाउमा) मा डाँठ सहितको कमलको फूलक
दायाँ बायाँ दुई आकर्षक फणा सहितका नागहरू अञ्जली मुद्रामा देखाइएका छ
जबकी राष्ट्रिय संग्रहालयको श्रीधर विष्णुमूर्तिफलकमा नागहरूको उपस्थि
देखिँदैन। दुवै विष्णुका मुकुट लगायतका वस्त्राभूषणको ढाँचा पनि समान छ
तर च्यासलहिटीको विष्णुको कम्मरको छिनाई राष्ट्रिय संग्रहालयको विष्णुको मूर्तिक
तुलनामा बढि देखिन्छ जुन पुरुष मूर्तिका लागि अस्वाभाविक लाग्छ। ठूलो नितम
र छिनेको कम्मर पुरुष मूर्तिमा देखिनु आंगिक अनुपातको मेल अन्तर्गत पर्दैन अ
यस मूर्तिफलकको साज सजावट पूर्वमध्यकालका कुनै पनि मूर्तिहरूसँग मे

नखाने देखिन्छ। मूर्तिफलकलाई सुन्दर बनाउने उद्देश्य अनुरूप कलाकारले तीन तहको बुट्टा, बिन्दु तथा ज्वालायुक्त घेराको प्रयोग गरेको छ। मूल मूर्तिको दायाँतर्फ भङ्ग मुद्रामा रहेकी लक्ष्मीलाई पनि सोही तलाउमा पूर्ण रूपमा फुलेको डाँठ तथा पात सहितको कमलासनमा उभिएको अवस्थामा देखाइएको छ। लक्ष्मीका अन्य मूर्तिहरूमा झैं श्रृङ्गारिकताको बाहुल्यता यस मूर्तिमा पनि देख्न सकिन्छ जसमा टाउकाको अनुपातमा कलात्मक तथा निकै ठूलो लाग्ने मुकुट, बोझिला कर्णाभूषण, केयूर, हार, बाला लगायतका गहनाहरूले लक्ष्मीलाई सुसज्जित पारिएको छ। लक्ष्मीले आफ्नो बायाँ हातले लामो कलात्मक डाँठ सहितको पूर्ण रूपमा फक्रेको कमल लिएकी छन् भने उनको दायाँ हात वरद मुद्रामा देखिन्छ। उनको शिर पछाडिको देवत्वको प्रतिक प्रभावली समेत तीन तहको बुट्टद्वारा निर्मित छ। मूल मूर्तिको बायाँतर्फ रहेका गरुडको दुई तहको मुकुट पनि टाउकालाई सुहाएको देखिदैन। यहाँ गरुड पनि केही गोडा फट्याएर बायाँतर्फको गोडा अर्को गोडाको अनुपातमा अगाडि सारी हिँड्न लागेको (चक्रमण मुद्रा) जस्तो अवस्थामा दुवै हात नमस्कार मुद्रामा राखी उभिएका छन्। सामान्यतः गरुडलाई चट्टाने पीठिकामाथि स्थान दिने नेपाली कलाकारले यहाँ भने लक्ष्मी उभिएको डाँठ तथा पात सहितको पूर्ण फक्रेको कमलासनकै अनुपातको पद्मपीठमा उभ्याएका छन्। उनका सर्पहार, केयूर, बाला, कर्णकुण्डल लगायतका गहना तथा वस्त्र भने सुहाउँदा नै देखिन्छन्। विष्णु, लक्ष्मीका वस्त्र तथा गरुडका पखेटा बनाउन भने यहाँ पनि कलाकारले निकै मेहनत गरेको देखिन्छ। समग्रमा मूर्तिलाई इशाको १४/१५ शताब्दीका नेपाली कलाकारको कलाकारिताको उपज मान्नु उपयुक्त देखिन्छ।

च्यासलहिटीको श्रीधर विष्णु (ख)

काठमाडौं उपत्यकामा पाइएका लक्ष्मी र गरुडलाई दायाँ बायाँ राखी उभिएका अन्य विभिन्न श्रीधर विष्णुका मूर्ति झैं यो मूर्ति पनि समभङ्ग मुद्रामा नै उभिएको छ। तर यस मूर्तिमा देखाइएको पद्मपीठ अन्य पद्मपीठको दाँजोमा भिन्न देखिन्छ। यस मूर्ति फलकमा विष्णुको आसनको रूपमा प्रयोग गरिएको वर्गाकार पद्मपीठमा पूर्ण रूपमा फक्रेको कमलको आधाभाग मात्र देखाइएको छ (चित्र नं. १४) जो जयवागेश्वरीको श्रीधर मूर्तिफलकमा पनि देख्न सकिन्छ। यस मूर्तिफलकमा चार भुजायुक्त विष्णुले अन्य श्रीधर मूर्तिसरह बायाँतर्फको माथिल्लो हातमा गदा तथा दायाँतर्फको माथिल्लो हातमा ज्वालायुक्त चक्र लिएका छन्। विष्णुको दायाँतर्फको माथिल्लो हात पद्मबीज सहित वरद मुद्रामा छ भने बायाँतर्फको तल्लो

हात (नाडीभन्दा तलको हातको भाग) पूर्णरूपमा नष्ट भएकाले आयुध देखिन्न त
श्रीधर विष्णुले यस हातमा लिने शङ्खको टुप्पोको भागसम्म यसमा देख्न सकिन्छ
यस मूर्तिफलकमा विष्णुको शिरमा लगाइएको मुकुट तथा कानका गहना दुरुस
चाँगुनारायणको पूर्णघट युक्त पीठिकामा उभिएको श्रीधर विष्णुको मूर्तिसँग मिल्दछ
मूर्तिमा देखाइएको विष्णुको मूखाकृतिमा भने निकै अन्तर छ। चाँगुको श्रीध
विष्णु मूर्तिको मुखाकृति सौम्य तथा आकर्षक देखिन्छ भने यस मूर्तिफलकम
उत्कीर्ण विष्णुको अनुहार तुलनात्मक रूपले चाँगुस्थित गरुडासन विष्णुक
मूखाकृतिसँग मेलखाने देखिन्छ। यस मूर्तिमा देखिने गहना तथा वस्त्रमा रत
कुण्डल, दानादार दुई तहको हार, सर्पाकृतियुक्त केयूर, बाला, कम्मर पेटी, (ती
तहको) मिहीनसँग बनाइएको बुट्टायुक्त गोलीगाँठासम्मको लामो धोती, घुँडामुनिसम
पुगेको लामो जनै, धोती अड्याउने दानेदार कमरबन्ध आदि छन्। मूर्ति निर्माण ग
कलाकारले तुलनात्मक रूपमा शरीरको तल्लो भागलाई जयवागेश्वरीको (देउपाटन
श्रीधर विष्णुको मूर्तिमा झैं लामो बनाएको भान हुन्छ। मूर्तिको तल्लो भागमा दाय
बायाँ फैलिएका वस्त्रको टुप्पाको भाग समेत जयवागेश्वरीको मूर्तिको वस्त्रको
फैलावटसँग मेल खाने देखिन्छ। यतिमात्र नभै दुबै तिघ्राको बीच हुँदै कम्मरम
सिउरिएको श्रृङ्गारिक परिधान (जो देव देवीका अधिकांश मूर्तिमा प्राचीन कालदेखिनै
देख्न सकिन्छ) को लम्बाइ लगायत तह समेत सोही मूर्तिसँग मिल्छ। मूल मूर्तिको
दायाँतर्फ रहेकी विष्णुकी अर्धाङ्गिनी लक्ष्मी पूर्ण रूपमा फक्रेको कमलपीठ माथि
केही भङ्ग मुद्रामा उभिएकी छन्। उनको बायाँतर्फको हातमा डाँठ सहितको पूर्णरूपमा
फक्रेको कमलको फूल देखिन्छ भने दायाँ हात पद्मबीजसहित वरद मुद्रामा देखिन्छ।
उनको शिर पछाडिको देवत्वको प्रतिक प्रभावली अनुपातिक हिसाबले सानो भए
पनि विष्णुकै प्रभावलीको ढाँचासँग मेल खाने देखिन्छ। उनका कानका गहना
समेत विष्णुका कुण्डलसँग मेल खाने देखिन्छन्। उनका वस्त्राभूषणहरूमा मोतिको
हार, मोति जडित मुकुट लगायत केयूर, बाला तथा गोलीगाँठासम्म पुग्ने लामो धोती
देखिन्छन्। लक्ष्मीलाई भङ्ग अवस्थामा देखाउन बायाँतर्फको नितम्बको भागलाई
केही ढल्काउन गरेको कारीगरीलाई स्वाभाविक मान्न सकिँदैन। यस मूर्ति फलकमा
गरुडलाई समेत लक्ष्मी कै आकार तथा ढाँचाको पद्मपीठ माथि उभ्याइएको छ।
जबकी पूर्व मल्लकालका श्रीधर मूर्तिमा गरुडलाई चट्टाने पीठिका माथि स्थान
दिइएको देखिन्छ। यसमा गरुडको मुखाकृति समेत विष्णुको मुखाकृतिसँग मेल
खाने किसिमको छ। गरुडको एकातर्फको कानमा (दायाँ) रत्नकुण्डल तथा
बायाँतर्फको कानमा सर्पकुण्डल देखिन्छ। यसरी नै लक्ष्मीको प्रभावलीकै आकार

तथा ढाँचाको प्रभावली, रत्न जडित मुकुट, सर्पाहार, सर्पकेयूर, बाला लगायतका गहनाहरूका साथै छड्के श्रृङ्गारिक परिधान धोती, धोती अड्याउन कमरबन्धको प्रयोग गरिएको छ। पखेटाको प्रयोग नगरिएको भए यो मूर्ति कुनै देव पुरुष विष्णुको बायाँतर्फ अञ्जली मुद्रामा भगवान प्रति भक्तिभाव पूर्ण. तरिकाले आँखा चिम्लेर नतमस्तक अवस्थामा रहेको मान्नु पर्ने थियो। यस्तै नतमस्तक भावयुक्त गरुड च्यासलहिटीकै १९७० मा चोरी भैसकेको श्रीधर विष्णु मूर्तिमा पनि देख्न सकिन्छ जसलाई लैनसिंह बाङ्देलले १२ औं शताब्दीको मूर्ति भनेका छन्। यस मूर्तिको समय भने नवौं शताब्दी बताएका छन्।[८] लक्ष्मीको उभ्याइको छाँट, गरुडको श्रृङ्गारिक परिधान जस्ता विशेषताले गर्दा यस मूर्तिलाई नवौं शताब्दीको मूर्तिको श्रेणीमा राख्न सकिँदैन। कम्तीमा पनि १०/११ शताब्दीको समय यस मूर्तिलाई दिँदा उपयुक्त हुने देखिन्छ, यो मूर्ति पनि १९८० मा चोरी भैसकेको कुरा वाङदेलले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।

भीमधाराको श्रीधर विष्णु

दत्तात्रय मन्दिर भक्तपुर नजिकैको भीमधारामा रहेको, १९८३ मा चोरी भैसकेको यस श्रीधर मूर्तिको चित्र लैनसिंह वाङदेलले आफ्नो पुस्तक Stolen Images of Nepal मा दिएका छन्। यहि चित्र Jurgen Schick ले पनि The Gods are leaving the country मा छपाएका छन्।[९] यस मूर्तिफलकमा पनि काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा प्राप्त श्रीधर विष्णु मूर्ति सरह चारभुजे विष्णु दायाँ बायाँ लक्ष्मी तथा गरुड सहित पद्मपीठ माथि समभङ्ग मुद्रामा उभिएका छन्। उनका चार हातमा बायाँ माथिल्लो हातदेखि माथिल्लो दायाँ हातसम्म घडीगत रूपमा क्रमशः गदा, शङ्ख, पद्मबीज–वरद र चक्रको माथिल्लो भागमा बलेको आगोको ज्वाला आकृतिको चक्र समातेको देखिन्छ। यहाँ विष्णुलाई सुगठित शरीरयुक्त देखाइएको छ (चित्र नं. १५)। शिरमा सुहाउँदो किर्तीमुखयुक्त मुकुट, कानमा रत्नकुण्डल, गलामा मोतिको माला, पाखुरामा सर्पाकृतिको केयूर तथा हातमा साधारण बालाको प्रयोग गरिएको छ। वस्त्रमा आकर्षक मुजा सहितको घुँडा भन्दा केही तलसम्मको धोती, धोती अड्याउने कम्मरबन्ध, तीन तहको पटुका (कम्मरमा), जनै लगायतका श्रृङ्गारिक परिधानद्वारा मूर्ति सुसज्जित छ। श्रृङ्गारिक परिधानका दुवै छेउ जो हावाले उडाएको भान हुन्छ निकै कलात्मक देखिन्छन्। यस मूर्तिफलकमा देखिएको मौलिक विशेषता लक्ष्मीको शिरको ठिक माथिबाट प्रभावलीको रूपमा अगाडि बढेको बिन्दुयुक्त घेरा गरुडको बायाँ कानसम्म

पुगेको देखिन्छ। यसमा लक्ष्मी, गरुड तथा विष्णुको लागि फरक फरक प्रभावल प्रयोग गरिएको छैन। साथै फलकको वरिपरि चित्रित ज्वालायुक्त किनारा ल देउपाटनको महागौरी मूर्तिफलकको आकारसँग मिल्छ तर दुरुस्त भने होइन। मूर्तिफलकमा चित्रित लक्ष्मीले लामो डाँठ सहितको कमलको कोपिला हातमा लिएकी छन् भने दायाँ हात पद्मबीज सहित वरद मुद्रामा छ। यस मू लक्ष्मीको शरीर लचिलो नभई अरठ्ठ परेको देखिन्छ यद्यपी उनका मुकुट लगाय वस्त्राभूषणहरू स्वाभाविकै लाग्छन्।

मूर्तिफलकमा गरुडको लागि चट्टाने पीठिकाको प्रयोग छ। गरुड यहाँ अञ्जली मुद्रामा नै छन्। यस मूर्तिमा गरुडलाई पूर्ण मानवाकारमा (पखेटा बाहे देखाइएको छ। गरुडका कर्णकुण्डल लक्ष्मीकै कुण्डलसँग मिल्ने देखिन्छ यस मूर्ति फलकमा विष्णु, लक्ष्मी तथा गरुड तीनै जनाको मुखाकृति च्याप्टो नभै मोटो मान्छेको जस्तो भुक्क फुलेको तथा रिसाएको जस्तो देखाइएको मुखाकृतिमा हँसिलोपन पटक्क देखिन्न। चित्र धमिलो भएका कारण गरुड गलाको हार, लगायत केयूर आदि गहनाहरूबारे यसै भन्न सकिन्न। गरुड काँधमा जनैको उपस्थिति समेत देखिन्न। यस मूर्ति फलकको समय वाङदेल दशौं शताब्दी बताएका छन्। तर मूर्तिफलकमा देखिएको ज्वालायुक्त किनारा फैलावट तथा फुलेको मुखाकृति चौधौं शताब्दीको भनिएको बनेपाको बायाँ हात डाँठ सहितको नफक्रेको फूल तथा दायाँ हात पद्मबीज तथा वरद मुद्रामा रहे दोहोरो कमलासनमा समभङ्ग मुद्रामा उभिएकी देवी लक्ष्मीसँग धेरै मात्रामा मिल्छ यहाँ सम्मकी दुवै मूर्तिमा धोती अड्याउन प्रयोग गरिएको कम्मरबन्धको ढाँचा हुब मिल्दछ। बनेपाकी यी देवीको मूर्तिसमेत १९७० ताका चोरी भैसकेको लैनसि वाङदेलले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।[१०] यस श्रीधर विष्णुको मूर्ति समय तेह्रौं शताब्दी मान्दा अतिशयोक्ति नहोला।

पनौतीको श्रीधर विष्णु

काठमाडौं उपत्यकामा प्राप्त लक्ष्मी र गरुडलाई दायाँ बायाँ राखी पद्मपी माथि उभिएका अन्य श्रीधर विष्णु मूर्ति झैं त्रिवेणीघाट पनौतिको मूर्तिमा पनि कलात्मक पात सहितको पद्मपीठ माथि नै विष्णुलाई गोडा केही फारेर उभिएको अवस्थामा देखाइएको छ। यस मूर्तिमा पनि विष्णुले श्रीधर विष्णुले लिने आयुध अनुरूपनै आयुधहरू लिएका छन् (चित्र नं. १६)। यस मूर्ति फलकमा विष्णुलाई कीर्तिमूखयुक्त आलंकारिक मुकुट पहिराइएको देखिन्छ। शिर पछाडिको प्रभावली

गोलो तथा दानेदार देखिन्छ। उत्तर मल्लकालको झण्डै सुरुताकाको मान्न सकिने यस लक्ष्मी तथा गरुड सहितको विष्णु मूर्तिमा सुहाउँदो वस्त्र तथा गहनाको प्रयोग हुँदाहुँदै पनि विष्णुको मूखाकृतिमा देखिएको मंगोलपन तथा अस्वाभाविक रूपले छाँटिएको विष्णुको कम्मर तथा ठूलो नितम्बले मूर्ति निर्माण गर्ने कलाकार प्रतिमा विज्ञानका नियमसँग आबद्ध नरहेको बुझ्न गहारो पर्दैन। अझ गोडामा देखिएको आंगिक अनुपातको बेमेलले पनि यो कुराको पुष्टि हुन्छ। यस मूर्तिफलकमा विष्णु तथा लक्ष्मी र गरुडका प्रभावलीको ढाँचामा पनि भिन्नता पाइन्छ। एउटै लामो पीठिकामा विष्णुको पद्मपीठभन्दा फरक ढाँचाको पद्मका बुट्टा बनाएको पीठिका माथि त्रिभङ्ग मुद्रामा लक्ष्मीलाई देखाइएको छ। उनको शिर पछाडिको प्रभावली विष्णुको सादा दानेदार गोलो प्रभावलीको अनुपातमा बढी श्रृङ्गारिक तथा ज्वालयुक्त देखिन्छ। यसमा लक्ष्मीले पनि कुण्डल, हार, विष्णुकै जस्ता केयूर तथा बाला लगाएकी छन्। विष्णुको घुँडा माथिसम्मको धोतीको बुट्टासँग मेल खाने गोलीगाँठासम्मको लामो धोती लक्ष्मीले लाएकी छन्। उनको भङ्ग मुद्रामा समेत स्वाभाविकता देखिँदैन। विष्णुको दायाँतर्फ रहेको गरुडलाई समेत यस मूर्ति फलकमा केही भङ्ग मुद्रामा देखाइएको छ। उनको प्रभावली तथा केयूर लक्ष्मी कै जस्ता छन्। भङ्गमुद्रामा रहेका गरुड अञ्जली मुद्रामै देखिन्छन् तर उनका दुवै हात भग्न छन्। गरुडका लागि पनि घुँडासम्मको उस्तै बुट्टा भएको धोती प्रयोग गरिएको छ। एउटै पीठिका भएपनि फलकलाई आकर्षक देखाउन दानेदार घेराभित्र नागबेली बुट्टालाई स्थान दिइएको छ। समग्रमा यस मूर्तिफलकमा देखिएका विशेषताको आधारमा यसको समय पन्ध्रौं शताब्दीको सेरोफेरोमा पुऱ्याउँदा अतिशयोक्ति हुनेछैन। वाङदेलले यस मूर्तिको समय इशाको चौधौं शताब्दी तोकेका छन्। यो मूर्ति १९८३ मा चोरी भैसकेको पनि उनले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।[११]

कोत्सु टेलको श्रीधर विष्णु

काठमाडौं उपत्यकामा पाइएका विभिन्न विष्णु मूर्तिहरूमध्ये कोत्सु टोल फर्पिङमा रहेको तर १९८५ मा चोरी भैसकेको लक्ष्मी तथा गरुड सहितको मूर्ति मल्लकालको उत्तरार्धताकाको एक उल्लेखनीय उदाहरण हो। नेपाली मूर्तिकलाको विकासका विभिन्न चरणहरू पार गर्दै उपल्लो मल्लकालसम्म आइपुग्दा कलाकारहरू मूर्ति निर्माणको विषयवस्तु तथा स्वाभाविकताका तुलनामा श्रृङ्गारिकतातर्फ बढी आकर्षिक भएको कुरा थाहा पाउने एक महत्त्वपूर्ण उदाहरणको

रूपमा यस मूर्तिलाई लिन सकिन्छ (चित्र नं. १७) । यस मूर्तिफलकमा उ
गरिएका विष्णुको छातिको भागलाई बिर्सिदिने हो भने एक अलंकृत नारी अ
हातमा बायाँबाट क्रमशः घडीगत रूपमा चक्र, गदा, शङ्ख तथा डाँठ सहितको
पद्म लिएर पद्मपीठमा समभङ्ग मुद्रामा उभिएको देखिन्छ। पाको इँटाद्वारा
भवनको भित्तामा रहेको यस मूर्तिमा प्रयुक्त गर-गहनाहरू आधुनिक गहना
कालीगढलाई समेत माथ गर्ने किसिमका देखिन्छन्। विष्णु मूर्तिमा लगा
कीर्तिमुखविहीन कलात्मक मुकुट, कानका बोझिला रत्न कुण्डल, ठूला
पत्रयुक्त हार, झण्डै कम्मरको भागसम्म पुगेको मोतिको दोहोरो हार, पटुका,
मोती लगायतका रत्न जडित कम्मरबन्ध आदि श्रृङ्गारिक परिधान, केयूर,
तथा बालाको प्रयोगले मूर्ति ढपक्क ढाकिएको देखिन्छ। अझ मूर्तिफल
कलाकारले ठाउँ ठाउँमा काटेर केवल श्रृङ्गारिक भागमात्र देखाउने काम
छन्। मूर्ति झट्ट हेर्दा सबैको ध्यान आकृष्ट पार्ने खालको छ तर त्यसलाई ग
अवलोकन गर्ने हो भने मूर्तिमा आंगिक अनुपातको मेलको अभाव, अना
छाँटकाँट आदिले यसबेलासम्म आइपुग्दा नेपाली प्रस्तर कलामा क्रमशः अ
समयको तुलनामा ह्रास आउने क्रममा वृद्धि भएको प्रष्ट रूपमा देख्न स
यस्तै विशेषता यस मूर्तिफलकका लक्ष्मी र गरुडका मूर्तिमा पनि देख्न स
मूर्तिफलकमा विष्णुको शिरमा लगाइएको मुकुट तथा गलाको हार तुन्लाटोल
विष्णुको मुकुट तथा हारसँग दुरुस्त मिल्छ। दुवै मूर्तिको समय जर्गेन सिकले
शताब्दी बताएका छन्।[१२] यहाँ लक्ष्मीले बायाँ हातमा लिने डाँठ सहितको क
फूललाई समेत दायाँ हातले समातेको देखाइएको छ तथा बायाँ हात अभय
प्रदर्शित छ। यसका साथै लक्ष्मीको शारीरिक बनावटमा पनि कलाकारको
पुगेको स्वीकार्न सकिन्न। एउटै फलकलाई काँटछाँट गरी विष्णु लक्ष्मी तथा
उभिएको पीठिका तयार गर्ने कलाकारको फलकको तल्लो भागमा नपुगेको
पनि नराम्रोसँग खट्किन्छ। समग्रमा भन्नुपर्दा माथि उल्लेखित विभिन्न वि
बोकको यो मूर्ति सत्रौं-अठारौं शताब्दीताकाको नेपाली कलाकारको सीपको
हो जसले कलाको खस्कँदो स्थितिलाई औंल्याएको छ।

टिप्पणी

१. लैनसिंह वाङदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ पृ. ११४-११५ ।

२. उही ।

३. वासुदेव उपाध्याय, **प्राचीन भारतीय मूर्ति विज्ञान,** पटना : चौखम्बा संस्कृत सिरिज अफिस, २०२६, पृ. ९३ ।

४. T.A. Gopinatha Rao, **The Elements of Hindu Iconography**, Delhi: Low Price Publications, 1999, P. 288.

५. उही, पृ. २२९ ।

६. Krishna Dev, **Images of Nepal**, New Delhi; Archaeological Survey of India, 1984, P. 19.

७. L.S. Bangdel, **The Stolen Images of Nepal**, Kathmandu : Royal Nepal Academy, 1989, P. 271.

८. उही, पृ. २७५ ।

९. Jurgn Schick, **The Gods are leaving the Country**, Bangkok : Orchid Press, 1998, P. 93.

१०. वाङदेल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ७, पृ. १०९ ।

११. उही, पृ. २२८ ।

१२. सिक, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ९, पृ. ८६ ।

अध्याय चार

नेपालका चतुर्व्यूह तथा चतुर्विंशतिव्यूह मूर्तिहरू

वैदिक साहित्यमा उरुगाय तथा उरुक्रम शब्दहरूद्वारा सम्बोधित द्युस्थानक (आकाश) देवता विष्णुलाई तीन पाइलाले सम्पूर्ण लोक (भूः भूवः स्वः) नाप्न सक्ने भन्दै सूर्य देवताको रूपमा चित्रण गरिएको छ। वैदिक समीक्षक शकपुणीले विष्णुलाई सूर्यको रूपमा परिचय गराउँदै आगो, चद्याङ्ग तथा सौर्य शक्तिको स्रोतको रूपमा व्याख्या गरेका छन्।[1] ऋग्वेदमै विष्णुको लागि सम्बोधन गरिएको उरुक्रम शब्दले धेरै टाढासम्म टेक्न सक्ने अर्थ लाग्ने तथा तीन पाइलाले ब्रह्माण्ड ढाक्न सक्ने भन्दै उनलाई त्रिविक्रम शब्दले पनि सम्बोधन गरिएको छ।[2] वैदिक समीक्षक और्णभावले विष्णुका तीन पाइलालाई सूर्यसँग तुलना गर्दै उनका तीन पाइलालाई बिहानको उदाउँदो सूर्य, मध्यान्हको प्रचण्ड तापयुक्त सूर्य तथा सूर्यास्तको मलीन अवस्थाको सूर्यको रूपमा व्याख्या गरेका छन्।[3] वेदमै उनलाई पर्वतीय सिंह भन्दै उनको परमपद पुगेको ठाउँबाट अमृतको वर्षा हुन्छ। उनी भएका ठाउँबाट निरन्तर प्रकाश छरिइरहन्छ भनिएको छ।[4] सम्भवतः वैदिक कालका त्रिपदी सूर्यनारायण नै पौराणिक कालका वामन अवताररूपी विष्णुसँग कथामा जोडिई विष्णुविक्रान्तको रूपमा देखा परे। हुन पनि हामी सनातन धर्मावलम्बीहरू आजसम्म पनि सूर्यलाई नारायणकै रूपमा स्वीकारी उनलाई सूर्यनारायण शब्दले सम्बोधन गर्दै उनको पूजा तथा अर्चना गर्दै आएका छौं।

ऋग्वेदमा द्युस्थान अर्थात् स्वर्गको स्थान प्राप्त गरेका देवता विष्णु यर्जुर्वेदकालमा पर्वतका स्वामी हुँदै उपनिषद्कालसम्म आइपुग्दा भक्तहरूका उपास्य देवताको रूपमा देखिए। अझ ब्राह्मण साहित्यकालसम्म आइपुग्दा राक्षसगण विरुद्धका संघर्षमा विजय प्राप्तगर्ने महत्त्वपूर्ण शक्तिको रूपमा चिनिए। सतपथ

ब्राह्मणमा उनका तीन पाइलाको महत्तालाई स्पष्ट पारिएको छ।[५] रामायण तथा महाभारत कालसम्ममा यी विष्णू त्रिदेव (ब्रह्मा, विष्णू, महेश) मध्येका पालन कर्ता देवताको रूपमा प्रख्यात भइसकेका थिए। छैटौं–पाँचौं शताब्दी इसापूर्वसम्ममा वैष्णव धर्म भागवत् वा पाञ्चरात्र धर्मको रूपमा आइसकेको थियो। भागवत धर्मलाई ज्ञान, भक्ति, ऐश्वर्य, वीर्य र तेजको रूपमा लिइन्छ। यस सम्प्रदायको प्रादुर्भाव पश्चिमोत्तर भारतमा भएको मानिन्छ। यसका प्रवर्तक वासुदेव कृष्ण थिए। त्यसवेला यस धर्ममा भक्तिको प्राधान्यता थियो। यसै ताकाको भनिएको पाणिनीको अष्टाध्यायीमा तात्कालीन भारतमा वासुदेवप्रति भक्तिभाव राखी उनलाई उपास्य देवताको रूपमा ग्रहण गरिसकिएको कुरा उल्लेख गरिएको छ। वासुदेवको भक्ति गर्ने वासुदेवक कहलाउँदथे भनी अष्टाध्यायीमा भनिएको छ तर पूर्वी भारतमा भने यो मतको प्रचार पुगिसकेको थिएन। इसापूर्व पाँचौं–चौथौं शताब्दीताका नै पश्चिमोत्तर भारतमा प्रवेश गरी राज्यको बागडोगरसम्म सम्हाल्न पुगेका यवनहरूले समेत भागवत धर्मलाई अपनाएको कुरा ऐतिहासिक स्रोतहरूले बताएका छन्। ग्रीक राजदूत मेगस्थनिजको इण्डीका नामक ग्रन्थमा पनि तात्कालीन भारतमा वासुदेवप्रति भक्ति भाव राखी उनलाई उपास्य देवता मानेर उनी प्रति भक्तिभाव दर्शाउने क्रम सुरु भैसकेको उल्लेख परेको छ। त्यसबेला मथुरा क्षेत्रमा बसोवास गर्ने सुरसेन जनपदका शात्वत्हरू यस मतका उपासक रहेको कुरा मेगस्थनिजले उल्लेख गरेका छन् जसलाई उनले 'हेराक्लिज' शब्दले सम्बोधन गरेका छन्। याज्ञिक अनुष्ठानको तुलनामा उपासना तथा भक्ति जस्तो सरल विधिलाई मोक्ष प्राप्तीको उत्तम मार्ग ठानी यस सम्प्रदायका अनुयायीहरू निरन्तर अगाडि बढे जसका कारण भारतमा शुंगहरूको शासनकालसम्म आइपुग्दा यसले महत्त्वपूर्ण धर्मको रूप लिइसकेको थियो। शुंगकालमै यवन राजदूत हेलियोडोरसले भिलसामा गरुडस्तम्भ खडा गराएका थिए। आरम्भमा यस धर्ममा वासुदेव कृष्णका साथ संकर्षण, प्रद्युम्न, अनिरुद्ध तथा साम्व समेतको उपासना गरिन्थ्यो। यिनीहरू पाँच वृष्णीवीरको रूपमा जानिन्थे। घोसुण्डी अभिलेखमा वासुदेवको पूजाको लागि शिलाप्रकारको निर्माण गरिएको भनिएको छ।[६] नानाघाट अभिलेखमा पनि इसापूर्वका शताब्दीहरूमै भारतका विभिन्न भागमा वासुदेवादी व्यूहवादको प्रचार भैसकेको चर्चा परेको छ।[७] मथुरा नजिकैको मोरा नामक स्थानमा पाइएको इसापूर्व प्रथम शताब्दीको शिलालेखमा सो ठाउँमा तोषा नामक महिलाद्वारा मन्दिर निर्माण गराई पाँच वृष्णीवीरको मूर्ति स्थापना गरिएको ढुङ्गे मन्दिरको चर्चा परेको छ।[८] कुषाण शासक हुविष्कले आफ्ना मुद्रामा समेत वासुदेवलाई स्थान दिएको प्रमाण पाइएको

छ। अझ उनका उत्तराधिकारीको नाम नै वासुदेव रहेको ऐतिहासिक प्रमाण छन्। यस पछिका समयमा कति बेलादेखि साम्वको उपस्थिति देखिन छोड यकिनका साथ भन्न सकिन्न। तर साम्वलाई छोडी अन्य वृष्णीवीर मात्र वासुदेव चतुर्व्युहको रूपमा स्थापित भए। गुप्तहरूको समयसम्ममा यस धर्मले प्राचीन भारतमा महत्त्वपूर्ण स्थान प्राप्त गरिसकेको थियो। वृहत्संहितामा विष्णुका चार तथा आठ भुजायुक्त प्रतिमाको उल्लेख गरिएको पाइन्छ। उनका चार हात लिइने आयुधहरू शङ्ख, चक्र, गदा तथा पद्म हुने गरेको कुराको उल्लेख वासुदेव उपाध्यायले गरेका छन्। यिनै आयूधहरूलाई चार हातहरूमा भिन्न भिन्न तरिका राखी २४ व्यूहको (चतुर्विंश व्यूह) को कल्पना गुप्तकालमा गरिएको हो।[९] गुप्तहरूको समयसम्ममा यो धर्म सर्वधर्मप्रीय धर्मका रूपमा स्थापित भइसकेको थियो।

पाञ्चरात्र मत अनुसार पररूपी विष्णु (वासुदेव) मा निहित विभिन्न गुणहरू जस्तो ज्ञान, शक्ति, ऐश्वर्य, वीर्य तथा तेज बाट अन्य तीन व्यूहहरूको जन्म भयो यिनीहरूमा पनि ज्ञान तथा बलका रूपमा संकर्षण, ऐश्वर्य र वीरताको रूपमा प्रद्युम्न तथा शक्ति र तेजको रूपमा अनिरुद्धलाई लिइन्छ। यिनै चार व्यूहरूबाट विष्णुहरूलाई चतुर्विंशव्युहको श्रष्टा मानी पाञ्चरात्र मतावलम्बीहरूले २४ व्यूहको कल्पना गरी पररूपी विष्णुले लिने शङ्ख, चक्र, गदा तथा पद्मलाई फरक फरक हातमा राखेर तिनीहरूको नाम समेत २४ वटा बनाएको कुरा पुराण लगायत संहितामा उल्लेख गरिएको छ ती नामहरू निम्नानुसार छन्। केशव, नारायण, माधव, गोविन्द, विष्णु, मधुसूदन, त्रिविक्रम, वामन, श्रीधर, ऋषिकेश, पद्मनाभ, दामोदर, पुरुषोत्तम, अधोक्षज, नरसिंह, अच्युत, जनार्दन, उपेन्द्र, हरि, तथा कृष्ण।[१०] यिनै २४ व्यूहमध्येका वासुदेव, संकर्षण, प्रद्युम्न तथा अनिरुद्धले यस मतमा विशिष्ट स्थान प्राप्त गरेका छन्।[११] वैखानसागमले चतुर्व्युह विष्णुलाई अवतार रूपी विष्णुको तुलनामा धेरै माथिल्लो स्थान दिएको छ।

गुप्तहरूका समयसम्ममा सर्वप्रधान धर्मको रूपमा आफ्नो स्थान कायम राख्न सफल रहेको भागवत धर्मले प्राचीन नेपाली समाजमा कस्तो स्थान लिएको थियो यसबारे थाहा पाउने लिच्छविकालभन्दा अगाडिका आधिकारिक प्रमाणहरू फेला परेका छैनन् तर गोपालराज वंशावलीमा चार नारायण (चाँगु, इचंगु, विशङ्खु र शिखर) को स्थापना हरिदत्त वर्माले गरेको कुराको उल्लेख परेको छ। गोपालराज वंशावलीमा 'राजा श्री हरिदत्त वर्मा वर्ष १६(४) तेनही चतुशिखर प्रदेशे भगवत विष्णु भट्टारकस्य देवालयं सम्पूर्ण कृतवानितम् राजा श्री वसुदत्त वर्मा' भनिएको छ। ध्रुवदेव जीष्णुगुप्तको केवलपुरको सम्वत् प्रष्ट नभएको लिच्छविकालीन

अभिलेखमा वशुराज (हरिदत्त वर्माका छोरा) ले इचंगुनारायणको कारण पूजाको लागि गुठी राखी दिएको कुरा परेको छ र यसरी नै ने.सं ३२० को इचंगुको अभिलेखमा पनि 'श्री हरिदत्त भूपतिकृतन्नारायण' भनिएको छ। यी विभिन्न नारायण मन्दिरहरूमध्ये त्यसबेला पनि चाँगुनारायणको विशेष महत्त्व रहेको बुझिन्छ। चाँगुनारायणको मूल गर्भगृहको मूर्ति हेर्दा चारभूजायुक्त नारायणका बायाँतर्फका दुई हातमा माथि देखि तल क्रमशः गदा र शङ्ख देखिन्छ भने दायाँतर्फको माथिल्लो हातमा चक्र तथा तल्लो हातमा कमलगट्ठा लिएको देखिन्छ। विष्णुका दायाँ बायाँ सुनको मोलम्मायुक्त धातुका श्री र पुष्टीले पनि स्थान पाएका छन्।[१२] माथि उल्लेख गरे अनुरूपका आयुधहरू लिएको नारायणलाई प्रतिमा विज्ञानका पुस्तकमा श्रीधर विष्णु भनिएको छ।[१३] नेपालमा पाइएका अधिकांश विष्णुका मूर्तिहरूमा लिइएका आयूधहरू माथि उल्लेख गरे अनुरूपका नै देखिन्छन् चाहे ती स्थानक, आसन र शयन स्वरूपका विष्णुका मूर्तिहरू नै किन नहुन्। अर्को वाक्यमा भन्नु पर्दा नेपाली कलाकारले पररूपी विष्णुलाई मूर्तिमा उतार्दा धेरैजसो यही स्वरूपका मूर्तिमा उत्तार्ने काम गरे। विष्णुका विभव स्वरूपका मूर्तिमा भने माथि उल्लेखित नियम लागु भएको देखिँदैन। प्रथम प्रामाणिक राजा मानदेवका लाजिम्पाट तथा तिलगंगाका मिति सहितका (सं. ३८९) अभिलेखका आधारमा राजा मानदेवले आफ्नी आमाको पुण्य वृद्धिका लागि यी ठाउँमा विष्णुविक्रान्त मूर्ति स्थापना गराएका थिए। यी प्रमाणका आधारमा इसाको पाँचौ शताब्दी तिरै नेपालमा वैष्णव धर्म अन्तर्गतको अवतारवादको व्यापक प्रचार भैसकेको तथा यस धर्मले नेपाली समाजमा प्रसिद्धि पाइसकेको प्रष्ट हुन्छ। यति मात्र नभई वैष्णव सम्प्रदायसँग सम्बन्धित थुप्रै मन्दिरहरू लिच्छविकालमा निर्माण भएका तथा भगवान नारायणको पूजा मरम्मतादि कामको लागि राजा लगायत अन्य उपासकहरूले समेत गूठी राखेका प्रसङ्गहरू पनि शिलालेखमा भेटिन्छन्। शिवदेव प्रथमको सम्वत् ५१२ को विष्णुपादुका फेदीको शिलालेखको उठानमा नै वासुदेवको स्तुती गरिएको छ। शिवदेव–अंशुवर्माको ५२६ को लेले अभिलेखमा वासुदेवको पूजाआजाको लागि जग्गा गूठी राखिदिएको तथा यस सम्बन्धि गोष्ठि खडा गरी गुठीका गुठियारलाई २० मानिका (खेत) छुट्याएको कुरा परेको छ।[१४] अंशुवर्माको सम्वत् खण्डित ठिमीको अभिलेखमा पनि वासुदेवको पूजाआजको बन्दोबस्त मिलाएको कुरा परेको छ।[१५] तर वासुदेवादि चतुर्व्यूह मूर्ति स्थापना गरेका लिच्छविकालीन अभिलेखिक प्रमाण फेला परेका छैनन्। अभिलेखिक प्रमाण प्राप्त नभए तापनि लिच्छविकाल देखिनै नेपालमा चतुर्व्यूह विष्णुका मूर्ति स्थापना गरी पूजा आजा गर्ने

परिपाटी रहेको काठमाडौं उपत्यकामा प्राप्त केही चतुर्व्यूह मूर्तिहरूका उदाहरणहरूले प्रष्ट पारेका छन्। जो निम्नानुसार छन्—

नारायणहिटी नारायण मन्दिरका चतुर्व्यूह मूर्तिहरू

नारायणहिटीस्थित चतुर्व्यूह विष्णुका मूर्तिहरू शैलीगत आधारमा लिच्छविकालीन मूर्तिकलाको श्रेणीमा राख्न अलिकति पनि हिच्किचाहट नहुने मूर्तिमा पर्दछन्। गोपालराज वंशावलीमा यी मूर्तिहरू लिच्छविकालीन राजा भीमार्जुनदेवसँगै शासन सञ्चालनमा सहभागी रहेका सह-शासक विष्णुगुप्तले स्थापना गराएको भनिएको छ। यी वासुदेवादि चतुर्व्यूह विष्णुका मूर्तिहरूमा पूर्वतर्फबाट घडीगत रूपममा क्रमशः वासुदेव, संकर्षण अनिरुद्ध तथा प्रद्युम्नले स्थान पाएका छन्। यिनीहरूमध्ये पूर्वतर्फका वासुदेव विष्णु चतुष्कोणकार फूलबुट्टाले सिङ्गरिएको पीठिकामाथि समभङ्ग मुद्रामा उभिएका छन्। उनका चारहातमध्ये बायाँतर्फको माथिल्लो हातले गदा तथा तल्लो हातले शङ्ख समातेको देखिन्छ। यसरी नै दायाँतर्फका दुई हातमध्ये माथिल्लोमा चक्र देखिन्छ भने तल्लो हातमा पद्मबीज देखिन्छ (चित्र नं. १८)। रूपमण्डनले यस मूर्तिका हातमा लिइएका आयूध अनुरूपको विष्णुको मूर्तिलाई श्रीधर विष्णुको नाम दिएको छ।[१६] विष्णुधर्मोत्तर पुराण (३/८५/२-१४) मा उल्लेख भए अनुसार श्याम वर्णका वासुदेव विष्णुलाई शान्त मुद्रामा देखाउनु पर्छ। उनलाई पहेंलो वस्त्रमा सजाउनु पर्छ। आभूषणका हकमा किरीटमुकुट, कुण्डल, हार, वनमाला, कौस्तुभमणि तथा जनै धारण गरेको देखाउनु पर्दछ। यसरी नै हातमा बाजुबन्ध, केयूर आदिको प्रयोग गरिएको हुनु पर्दछ। नारायणहिटीस्थित वासुदेवको मूर्तिमा प्रयुक्त वस्त्राभूषणमा शरीरको तल्लो भागमा घुँडामुनि सम्मको धोती, धोती अड्याउन कम्मरबन्धको प्रयोग तथा शरीरको माथिल्लो भाग वस्त्ररहित देखिन्छ। यस मूर्तिमा लिच्छविकालीन अन्य विभिन्न मूर्तिमा देखिने श्रृङ्गारिक परिधान (कानमा कुण्डल, गलामा हार, नाडीमा बाला तथा पाखुरामा केयूर) को प्रयोग गरिएको छ। शिरमा आकर्षक किरीटमुकुटको प्रयोग गरिएको छ तर गलामा घुँडासम्मको लामो विष्णुधर्मोत्तर पुराणमा भने अनुरूपको वनमालाको प्रयोग देखिँदैन। मूर्तिफलकको दक्षिणतर्फ रहेका विष्णुका बायाँतर्फको माथिल्लो हातमा हलो देखिन्छ भने तल्लो हातमा शङ्ख देखिन्छ (चित्र नं. १९)। दायाँतर्फको माथिल्लो हातमा मुसल तथा तल्लो हातमा पद्मबीज देख्न सकिन्छ। यी आयूधहरू हातमा लिएका विष्णुलाई प्रतिमाविज्ञानका पुस्तकहरूमा संकर्षणको नामले सम्बोधन गरिएको पाइन्छ। मूर्तिफलकको पश्चिमतर्फ उत्कीर्ण गरिएका विष्णुका चार

हातमध्ये दायाँतर्फको माथिल्लो हातले वाण समातेको देखिन्छ भने तल्लो हातमा पद्मबीज देखिन्छ। यसरी नै बायाँतर्फको माथिल्लो हातमा धनु तथा तल्लो हातमा शङ्ख लिएको प्रष्ट रूपमा देख्न सकिन्छ। उत्तरतर्फका विष्णुका हात मध्ये दायाँतर्फको माथिल्लो हातमा तरवार तथा तल्लोमा पद्म देखिन्छ। बायाँतर्फको माथिल्लो हातमा ढाल तथा तल्लो हातमा शङ्ख लिएको देखिन्छ। यी चारैतर्फका वासुदेवादी चर्तुव्यूहका मूर्तिहरूमा लगाइएका वस्त्र तथा अलंकारहरूमा खासै भिन्नता देखिँदैन। मूर्तिमा घुँडाभन्दा केही तलसम्मको धोती तथा धोती अड्याउन कम्मरवन्धको प्रयोग गरिएको छ भने गहनाहरूमा घाँटीमा सुहाउँदो हार, पाखुरामा केयूर, नाडीमा बाला तथा शिरमा किरीटमुकुटको प्रयोग गरिएको छ। मूर्तिफलकको चारैतर्फका चतुर्व्यूह विष्णु मूर्तिहरूमा लिच्छविकालीन मूर्तिहरूमा पाइने शारीरिक सुगठनता तथा सादगी प्रष्ट रूपमा देख्न सकिन्छ। यी वासुदेवादि चुतुर्व्यूह मूर्तिमध्येका वासुदेव तथा संकर्षणका मूर्तिको चित्र मेरी एस.स्लसरले आफ्नो पुस्तक 'नेपाल मण्डल'मा दिएकी छन्। यस ठाउँमा रहेको पुरानो भनिएको अभिलेखमा भैया धा स्वः झाका ससुरा तथा आमाको सम्झनामा ब्राम्हण वंशीधर ओझाले माघ शुक्ल त्रयोदशीका दिन चतुर्व्यूह नारायणको वर्षवर्द्धन पूजा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।[१७] मेरी स्लसरले यी मूर्तिको समय इसाको सातौं शताब्दी तोकेकी छन्।[१८] मूर्तिमा देखिने शारीरिक सुगठनता, आंगिक अनुपातको मेल लगायतका विशेषताका आधारमा यी चतुर्व्यूह मूर्तिलाई इसाको सातौं–आठौं शताब्दीका नेपाली कलाकारको कलाकारिताका उत्कृष्ट नमुनाको रूपमा लिन अलिकति पनि कन्जुस्याइँ गर्नुपर्ने देखिँदैन।

यस पछिका चतुर्व्यूह मूर्तिमा पशुपति जयबागेश्वरी मन्दिर अगाडि रहेको एक सानो (चारढोके) मन्दिरमा वासुदेवादि चतुर्व्यूह मूर्ति स्थापना गरिएको कुरा गोविन्दप्रसाद भट्टराईले "मूर्तिकला" नामक पुस्तकमा उल्लेख गरेका छन्।[१९] तर तिनीहरूको कुनै किसिमको विवरण लेखकले पुस्तकमा दिएका छैनन्। वासुदेवादि मूर्तिमा देखिने लक्षणहरू यी मूर्तिमा पाइन्छन् भनेका छन्। स्थलगत अध्ययन गर्ने क्रममा सो ठाउँमा यो पङ्क्तिकार पुग्दा मूर्तिहरू फेला पार्न सकिएन।

काठमाडौं उपत्यकाका चाँगु, इचंगु, हाँडीगाउँ सत्यनारायणस्थान तथा नारायणहिटीका नारायण मूर्तिहरू विष्णुधर्मोत्तर पुराण तथा मत्स्य पुराणका लक्षण अनुरूप बनेका भन्दै मूर्तिमा देखिने पुराणमा उल्लेखित शारीरिक विशेषताको चर्चा भट्टराईले गरेका छन् जस अनुरूप विष्णुले लिनु पर्ने आयुधहरू बायाँ माथिबाट तल क्रमशः घडीगत रूपमा गदा, शङ्ख, पद्म र चक्र हुनु पर्ने भनाई विष्णुधर्मोत्तर

पुराणको छ। नेपालमा प्राप्त अधिकांश विष्णु मूर्तिहरू यही अनुरूपका छन्। मत्स्य पुराणमा भने दायाँतर्फ तलबाट माथि क्रमशः गदा र पद्म तथा बायाँतर्फका हातमा माथिबाट तल क्रमशः शङ्ख र चक्र गराउनु भनिएको छ। कृष्ण अवतारमा गदा बायाँ हातमा हुनै पर्ने अरू आयुध जहाँ भएपनि हुन्छ भनिएको छ। यस बाहेक विष्णुको पाउमूनि भूदेवी तथा विष्णुको दायाँतर्फ हातमा पद्म लिएकी लक्ष्मी हुनुपर्छ साथै विष्णुको बायाँतर्फ नमस्कार मुद्रामा गरुडलाई स्थान दिनुपर्छ भनिएको छ।

पशुपति जयबागीश्वरी मन्दिरको पश्चिमोत्तर कोणमा पर्ने ढुङ्गेधाराको दक्षिणतर्फ रहेको एक सानो शिखरशैलीको मन्दिरको बाहिरपट्टि पूर्व दिशामा वासुदेव विष्णुको मूर्ति रहेको छ। यस मूर्तिको बायाँतर्फको माथिल्लो हातमा पूर्णरूपमा फक्रिएको कमल देखिन्छ भने तल्लो हातमा शङ्ख देखिन्छ। उनको दायाँतर्फको माथिल्लो हातमा गदा र तल्लो हातले चक्र समातेको देखिन्छ। यसै मन्दिरको दक्षिणतर्फको खोपामा धनवन्तरी विष्णु तल्ला दूईहातले कुम्भ समातेको अवस्थामा देखिन्छन् भने माथिल्ला दुई हातले शङ्ख तथा चक्र समाती पर्यङ्काशन मुद्रामा देखिन्छन्। मन्दिरको पश्चिमतर्फ पनि दोहोरो पद्मपीठमाथि स्थानक विष्णुको मूर्ति रहेको छ तर यी विष्णु पनि चतुर्व्यूहमूर्ति अन्तर्गतका प्रद्युम्न वा अनिरुद्ध भनी किटान गर्न आयुधका आधारमा सकिन्न। उत्तरतर्फको खोपामा भने दोहोरो पद्मपीठमै शेषनागको सातवटा फणाले संरक्षण दिइरहेको चारहाते संकर्षणको मूर्ति प्रष्ट रूपमा चिन्न सकिन्छ। यस मूर्तिमा संकर्षणले चार हातमा लिने आयुधहरूमध्ये बायाँतर्फको माथिल्लो हातमा हलो लिएको देखिन्छ भने दायाँतर्फको माथिल्लो हातमा मूसल देखिन्छ। तलका दुई हातहरूमध्ये बायाँतर्फको हातले शङ्ख तथा दायाँतर्फको हातले चक्र लिएको देखिन्छ। जयबागेश्वरीको वासुदेवको मूर्तिमा पनि विष्णुधर्मोत्तर पुराण तथा मत्स्यपुराण्मा उल्लेख गरे अनुरूपको वस्त्रालंकार देख्न सकिँदैन। यस मूर्तिमा वासुदेवले लगाएको अधोवस्त्रमा झण्डै गोलिगाँठासम्म पुग्ने धोती, धोती अड्याउनका लागि प्रयोग गरिने कमरबन्ध तथा त्यसभन्दा केही माथि पटुकाको समेत प्रयोग गरिएको छ। उनका गहनाहरूमा कानमा फूलबुट्टायुक्त कुण्डल, घाँटीमा हार, पाखुरामा तीन तहको केयूर तथा नाडीमा बाला देखिन्छ। मूर्तिफलकमा देखिने अन्य शृङ्गारिकतामा एकोहोरो पद्मपीठको प्रयोग, माथितिर चुच्चो परेको प्रभावली, लाम्चो अनुहार, छिनेको कम्मर, धोतीको मुजाको डिजाइन आदि शृङ्गारिकतातर्फ ध्यान दिँदा यो मूर्ति मल्लकालीन कलाकारको कलाकारिताको उपज हो भनी सजिलैसँग चिन्न सकिन्छ।

माथि उल्लेख गरे बाहेक चतुर्व्यूह विष्णुका मूर्तिका अन्य उदाहरणका रूपमा इसाको सोह्रौं शताब्दीताका पाटनमा प्रभूत्व जमाई शासनको बागडोर आफ्नो हातमा लिएका सप्तकुटुम्बज मध्येका महापात्र विष्णु सिंहका छोरा पुरन्दर सिंहले पाटन दरवार अगाडि विष्णुको मन्दिर निर्माण गराई सो मन्दिरमा चतुर्व्यूहात्मक विष्णुका मूर्ति स्थापना गराएर पूजा आजाको प्रबन्ध समेत मिलाएका थिए।[२०] यी पुरन्दर सिंहले १५९७ इ.सम्म पाटनमा स्वतन्त्र शासकको हैसियतले शासन संचालन गरेका थिए[२१] ने.सं. ६८६/१५६६ इस्वीमा पुरन्दर सिंहले स्थापना गराएका चतुर्व्यूह मूर्ति फलकमा पूर्वबाट क्रमशः घडीगत रूपमा वासुदेव, संकर्षण, अनिरुद्ध तथा प्रद्युम्नका मूर्तिहरू रहेका छन्। यी प्रस्तर मूर्तिहरू पूर्णरूपमा फक्रेको दोहोरो पद्मपीठमाथि समभंग मुद्रामा उभिएको अवस्थामा देखिन्छन्। यस मूर्ति फलकको पूर्वतर्फ रहेको वासुदेवको माथिल्लो बायाँ हातले चक्र समातेको छ भने उनको तल्लो बायाँ हातले शङ्ख समातेका छन्। यसरी नै दायाँतर्फको माथिल्लो हातमा गदा तथा तल्लो हातले फक्रिएको डाँठ सहितको पद्म समातेको देखिन्छ (चित्र नं. ४१)। यस मूर्तिमा प्रयूक्त गहनाहरूमा किरीटमुकुट, हार, जनै, वनमाला, केयूर, बाला तथा कानमा कर्णफूल छन्। वासुदेवको अधोवस्त्रमा पिंडौलासम्मको धोती जसको मुजाको भाग झण्डै गोली गाँठाको तहसम्मै पुगेको छ धोती अड्याउने कम्मरबन्ध लगायत देवताको मूर्तिमा प्रायः देख्न पाइने शृङ्गारिक परिधान (वाङदेलको शब्दमा पटुका) लगायतका वस्त्राभूषणद्वारा यो मूर्ति सुसज्जित छ। मूर्तिफलकमा दक्षिणतर्फ चतूर्व्युह विष्णुमध्येका संकर्षणले स्थान पाएका छन्। यी विष्णु पनि दोहोरो पद्मपीठमा स्थानक मुद्रामा नै उभिएका छन्। वासुदेवको मूर्तिको अनुपातमा केही ठूलो शरीर भएका संकर्षणको बायाँतर्फको माथिल्लो हातमा हलो तथा तल्लो हातमा शङ्ख प्रष्ट रूपमा देख्न सकिन्छ। उनका दायाँतर्फका दुई हातमध्ये माथिल्लो हातमा मुसल तथा तल्लो हातमा चक्र देखिन्छ (चित्र नं. ४२)। वासुदेवको मूर्तिमा प्रयोग गरिएका जस्तै वस्त्राभूषणहरू नै संकर्षण मूर्तिमा पनि देखिन्छन्। चतुर्व्यूह मूर्तिफलकमा पश्चिमतर्फ रहने विष्णुलाई प्रतिमाविज्ञानका पुस्तकमा अनिरूद्धको नामले सम्बोधन गरिएको पाइन्छ। विष्णु धर्मोत्तर पुराण अनुसार 'वैकुण्ठ विष्णु' नामले जानिने चतुर्व्यूह मूर्तिमा उत्कीर्ण गरिने चार अनुहारहरूमा पूर्वतर्फको मानव मुखले वासुदेवको, दक्षिणको सिंहको मुखले संकषर्णको, पश्चिमको कपिल (रौद्र) अनुहारले अनिरुद्ध र उत्तरको बराहको अनुहारले प्रद्युम्नको प्रतिनिधित्व गरेको हुन्छ। यिनीहरू बल, ज्ञान, शक्ति र ऐश्वर्यका प्रतीक हुन्।[२२] यस मूर्तिफलकमा देखिएका अनिरुद्धको माथिल्लो

बायाँ हातले धनुष समातेको छ भने तल्लो हातमा चक्र देखिन्छ। उनको दायाँतर्फ माथिल्लो हातले वाण समातेको छ भने तल्लो हातले पूर्वतर्फका वासुदेवले झैं सहितको पद्म समातेको देखिन्छ (चित्र नं. ४३) । वासुदेवादि चतूर्व्यूहमूर्ति अन्तर पर्ने चौथा विष्णु प्रद्युम्नको नामले जानिन्छन्। मूर्तिफलकमा उत्तरतर्फ रहेका प्रद्युम्न पनि माथि उल्लेखित व्यूहमूर्तिहरू समान पूर्णरूपमा फक्रिएको दोहो पद्मपीठमाथि समभंग मुद्रामा नै उभिएका छन्। यसरी नै उनको बायाँतर्फ तल्लो हातले शङ्ख समातेको देखिन्छ भने दायाँतर्फको तल्लोहातमा पद्म देखिन्छ माथिल्ला हातहरूमा भने ढाल तथा तरबार देखिन्छन् (चित्र नं. ४४)। सो शताब्दीको उत्तरार्धताका निर्माण गरिएका यी वासुदेवादि चतूर्व्यूह मूर्तिहरू मल्लकालीन अन्य मूर्तिहरूमा पाइने विभिन्न विशेषताहरू (जस्तो आवश्यक भन्दा बढी गहनाको प्रयोग, शारीरिक अस्वाभाविकता, दोहोरो पद्मपीठको प्रयो आदि) समाविष्ट छन्। यी मूर्तिहरूलाई भक्तजनहरूले पूर्वबाट क्रमशः घडीग रूपमा विशंखुनारायण, शेषनारायण, चाँगुनारायण तथा इचंगुनारायण भनी च नारायणको रूपमा पूजा गर्ने प्रचलन हालसम्म पनि पाइन्छ।

चतूर्व्यूह विष्णुका मूर्तिका अन्य उदाहरणहरूमा चाँगुनारायणस्थानस्थि बगैंचामा रहेको चतुर्व्यूहको मूर्तिफलक पनि पर्दछ। यस मूर्तिफलकको स्वरू मूर्ति निर्माणको लागि चयन गरिएको ढुङ्गाको गुण, मूर्तिमा प्रयुक्त वस्त्राभूषण शैली आदि सबै दृष्टिले यस मूर्तिलाई अठारौं शताब्दीभन्दा अगाडिका मूर्ति श्रेणीमा राख्न सकिँदैन। यद्यपि सर्वत्तोमुखशैली (चारै तर्फबाट दर्शन पूजन ग सकिने)मा निर्माण गरिएको यस मूर्तिफलकमा वासुदेवादि चतुर्व्युह अन्तरगतक वासुदेव, संकर्षण, अनिरुद्ध तथा प्रद्युम्नलाई प्रतिमा विज्ञानका पुस्तकमा उल्लेख गरे अनुरूपका आयुधहरू सहित प्रस्तुत गरिएको छ। यस्तै किसिमका चर्तूव्यू विष्णुका मूर्तिहरू दत्तात्रय मन्दिर (भक्तपुर) अगाडिको भीमधारामा पनि देख सकिन्छ। यसरी नै भक्तपुर तुलाक्षेटोल, नक्साल ढुङ्गेधाराका चतुर्व्यूह मूर्तिह लगायत हनुमानढोका नागपोखरी (भण्डारखाल)का चर्तुव्युह मूर्तिहरू पनि शैली हिसाबले मल्लकालीन कलाका नमुनाहरू अन्तरगत नै पर्दछन्।

चतुर्व्यूह विष्णुकै मूर्तिलाई पछिल्लो मल्लकालसम्म आईपुग्दा वैकुण्ठविष्णु त्रैलौक्यमोहन, चतुर्मुख तथा चतुरानन विष्णुका नामले सम्बोधन गरी लक्ष्मी त गरुडलाई समेत स्थान दिई मूर्ति निर्माण गर्ने काम भयो। यसबेला व्यूहरूम विष्णुलाई तान्त्रिक रूपमा धेरै शिर तथा हात सहित देखाउने काम भयो। यस मूर्तिका उदाहरणहरूमा चाँगुनारायण मन्दिर परिसरकै वैकुण्ठविष्णु (चित्र नं. ४५

तथा काठमाडौं हनुमानढोकाभित्रको नासलचोकमा रहेको त्रैलोक्यमोहन (चित्र नं. ४६) को मूर्तिलाई लिन सकिन्छ। यस बाहेक चतुर्मूर्ति विष्णुका रूपमा पनि नेपाली कलाकारले विष्णुलाई देखाउन चाहेको र त्यस्ता उदाहरणहरू पाटन कुम्भेश्वर मन्दिर धारामा अवस्थित चतुर्मूर्ति विष्णु तथा मालीगाउँको चतुर्मूर्ति विष्णुका मूर्तिहरू हुन्। कुम्भेश्वर धाराको चतुर्मूर्तिफलकमा विष्णुलाई दायाँतर्फ लक्ष्मी र बायाँतर्फ गरुड सहित श्रीधर विष्णुको रूपमा चारैतर्फ उत्कीर्ण गरिएको छ जबकी मालीगाँउको चतुर्मूर्तिमा (चित्र नं. ४७) विष्णुलाई चारैतर्फ एकै किसिमका आयुधहरू बायाँ माथिबाट तल क्रमशः गदा, शङ्ख, पद्मबीज–वरद र चक्र लिएको देखाइएको छ। यस मूर्तिफलकमा विष्णुलाई सर्प कुण्डल माथि समपाद स्थानक मुद्रामा उभिएको देखाइएको छ साथै उभिएका विष्णुको तल दायाँतर्फ शेषनागको एउटा फणाले सुरक्षा दिएको अवस्थाको अञ्जली मुद्रामा बसेको एक आकृतिसमेत छ। सम्भवतः पाताल लोकको प्रतिनिधित्व गराउने उद्देश्यले नागलाई यहाँ स्थान दिइएको होस्। दोहोरो पद्मपीठ सहितको नागकुण्डल माथि उभिएका चारैतर्फका विष्णुका मूर्तिहरूको मुखाकृति, शारीरिक गठन लगायत वस्त्राभूषणसमेतलाई विचार गर्दा हाल राष्ट्रिय संग्रहालयमा रहेको (नक्सालको) श्रीधर विष्णुको मूर्तिसँग मेल खाने देखिन्छ। मूर्तिमा देखिएका विशेषताको आधारमा यस मूर्तिको समय नवौं–दशौं शताब्दी तोक्दा अतिशयोक्ति नहोला। यस मूर्तिफलकमा उत्कीर्ण गरिएका विष्णुलाई रूपमण्डनमा उल्लेख गरे अनुरूपका आयूधहरू बायाँबाट घडीगत रूपमा माथिबाट क्रमशः शङ्ख, गदा, पद्मबीज तथा चक्र लिएको अवस्थामा देखाइएको छ। माथि उल्लेखित दुवै स्थानका चतुर्मूर्तिहरू सर्वतोभद्र शैलीमा निर्माण गरिएका छन्। मूर्तिमा देखिएको शैली तथा शृङ्गारिकताले कुम्भेश्वर धाराको मूर्तिलाई इसाको तेह्रौं–चौंधौं शताब्दीको मूर्तिको श्रेणीमा राख्न सकिन्छ। कृष्णदेवले यस मूर्तिलाई चौधौं शताब्दीको मूर्ति भनेका छन्। जवकी लैनसिंह वाङदेलले यस मूर्तिको समय दशौं शताब्दी बताएका छन्।[२३] तर लैनसिंह वा□ङदेलले तोकेको समय तथा मूर्तिका शैलीगत विशेषतामा निकै भिन्नता पाइन्छ। मालीगाउँस्थित चतुर्मूर्तिमा देखिएको सूक्ष्म कलाकारिता लगायत आंगिक अनुपातको मेलले यस मूर्तिफलकलाई कुम्भेश्वरधारको मूर्तिफलक भन्दा पुरानो भन्न सहयोग गरेको छ। वीणा पौड्यालले यसको समय बाह्रौं शताब्दी तोकेकी छन्।[२४] मालीगाउँको मूर्तिमा देखिएको कम आलंकारिता (कुम्भेश्वरधाराको मूर्तिको तुलनामा) ले यस मूर्तिफलकलाई कुम्भेश्वरधाराको चतुर्मूर्तिभन्दा पुरानो मूर्तिफलक हो भन्न सकिन्छ। यद्यपि दुवै मूर्तिलाई वाङदेलले दशौं शताब्दीको बताएका छन्।

माथि उल्लेख गरे बाहेक व्यूहरूपी विष्णुलाई वैकुण्ठविष्णु, त्रैलोक्यमोहन चतुरानन नाम दिई लक्ष्मी तथा गरुड सहित उत्कीर्ण गर्ने काम मल्लकालमा भएको कुरा माथि नै उल्लेख गरिसकिएको छ। यस्ता मूर्तिका उदाहरणहरूमा चाँगुनारायणको वैकुण्ठविष्णु तथा हनुमानढोका नासलचोकको त्रैलोक्यमोहनका मूर्तिहरू पर्दछन्। यस्ता मूर्तिमा विष्णुका चार टाउका देखाइन्छ। जसमा दुईवटा मानव मुखाकृति (वासुदेव तथा कपिल वा नारी आकृति) तथा बाँकी दुई टाउकाहरूमा एउटा बराहको टाउको तथा अर्को नरसिंहको रूपमा देखाइन्छ। बराहको टाउकोरूपी विष्णुले प्रद्युम्नको तथा नरसिंहरूपी टाउकोले संकर्षणको प्रतिनिधित्व गरेको मानिन्छ। विष्णुधर्मोत्तर पुराणमा वैकुण्ठविष्णुका चार अनुहारहरू हुनुपर्ने जसमध्ये पूर्वतर्फको अनुहार सौम्य, जसले वासुदेवको प्रतिनिधित्व गर्छ, दक्षिणको अनुहार नरसिंह (संकर्षण), पश्चिमको अनुहार कपिल तथा उत्तरको वराह (प्रद्युम्न) हुनु पर्दछ। यी विष्णुका आठ हात हुनु पर्दछ। जसमध्ये बायाँतर्फका चार हातमा ढाल, वस्त्र तथा रेन्वो (इन्द्रेणी) हुनुपर्ने तथा दायाँ तर्फका हातमा वाण, रुद्राक्ष तथा गदा रहनु पर्ने बताइएको छ।[२५] चार टाउकारूपी यी विष्णुका मूर्तिहरू व्यूहरूपी विष्णुका रूपहरू हुन्। जसमा कपिल वा नारी रूपी विष्णुलाई अनिरुद्धको रूपमा तथा अन्य बाँकी तीन टाउकाहरू माथि उल्लेख गरे अनुरूपका वासुदेव, संकर्षण तथा प्रद्युम्नका रूपहरू हुन्।[२६] वैकुण्ठ विष्णुको मूर्ति विज्ञान बारे गोपीनाथ रावले पनि आफनो पुस्तकमा उल्लेख गरेका छन्। उनी अनुसार वैकुण्ठ विष्णुका चार मुख तथा आठ हात हुनुपर्ने, गरुडमाथि विराजमान गराउनु पर्ने, उनका चार अनुहारमध्येको मूल अनुहार मानव रूपको पूर्वाभीमुख हुनुपर्दछ भने दक्षिणतर्फको मुख नरसिंह, पश्चिमको नारी अनुहारको तथा उत्तरतर्फको मुख बराहको हुनु पर्दछ। यसरी नै त्रैलोक्यमोहन गरुड माथि विराजमान हुनुपर्ने, उनका चार अनुहारमध्ये पश्चिमको अनुहारमा कपिललाई देखाउनु पर्ने र अरू बाँकी अनुहारहरू वैकुण्ठविष्णुकै अनुरूपका हुनु पर्ने बताइएको छ, आयूधका हकमा वैकुण्ठविष्णुलाई आठ हातयुक्त देखाउनु पर्ने जसमध्ये दायाँतर्फका चार हातमा गदा, खड्ग, चक्र तथा वाण रहनु पर्ने र बायाँतर्फका चार हातमा शङ्ख, ढाल, धनु तथा पद्म रहनु पर्दछ। त्रैलोक्यमोहनका सोह्र हातहरूमध्ये दायाँतर्फका आठ हातमा गदा, चक्र, अंकुश, बाण, शक्ति, तथा एक हात वाण मुद्रामा हुनु पर्दछ भने बायाँतर्फका हातमा मुद्गर, पास, धनु, शङ्ख, पद्म, कमण्डलु तथा शृङ्ग हुनु पर्दछ। बाँकी दायाँ तथा बायाँतर्फका दुई हात योग मुद्रामा देखाउनु पर्दछ। अनुहारहरू मानिस, नरसिंह, बराह र कपिलको देखाउनु पर्दछ।[२७]

माथि उल्लेख गरिएका विभिन्न व्यूहरूपी मूर्तिका उदाहरणहरूले नेपाली समाज विष्णुका विभिन्न रूपहरूमध्ये व्यूह रूपसँग प्राचीन कालदेखि नै पूर्ण रूपमा परिचित थियो। अझ पछिल्लो समय (मल्लकाल) सम्म आइपुग्दा व्यूहरूपी विष्णुलाई परम्परागतरूपी एउटै स्वरूप तथा शैलीमा मात्र नउतारी टाउका तथा हातका आधारमा (प्रतिमा विज्ञानका सिद्धान्तमा आधारित रही) बेग्ला बेग्लै नामले सम्बोधन गर्दै सोही अनुरूपका आयूधहरू समेतको प्रयोग गरी वासुदेवादी चतुर्व्यूह मूर्तिलाई फरक फरक स्वरूपमा प्रस्तुत गर्ने काम नेपाली कलाकारहरूले गरे जसलाई मूर्ति निर्माण शैलीमा देखिएको विविधताको रूपमा लिन सकिन्छ। गुप्तकालसम्म आइपुग्दा पाञ्चारात्र मतावलम्बीहरूले चतुर्व्यूह विष्णुमा थप अरू बीस (२०) व्यूहहरूको कल्पना गरेर वासुदेवादी चतूर्विंशव्यूह नामाकराण गरे[२८] यद्यपि महाभारतको अनुशासनपर्वमा विष्णुका सहश्र नामहरूको उल्लेख गरिएको छ। विष्णुका सहश्र नामहरू मध्येका २४ नामहरू वैष्णवमतावलम्बीहरूले दैनिक प्रार्थनाको क्रममा समेत लिने नामहरू हुन्। यी पररूपी मूर्तिहरू झट्ट हेर्दा शङ्ख, चक्र, गदा तथा पद्म हातमा लिई सम्पादक स्थानक मुद्रामा उभिएका एकै किसिमका देखिन्छन्। उनीहरूको शरीरमा प्रयुक्त वस्त्राभूषणमा समेत तात्त्विक भिन्नता देखिन्न तर चतुर्विंशतिव्यूह मूर्तिहरू उनीहरूले हातमा लिएका आयुधका आधारमा फरक फरक नामद्वारा सम्बोधित छन्। रूपमण्डनमा उल्लेख भए अनुसारका आयुधहरू लिएका विष्णुलाई निम्न लिखित नामले सम्बोधन गरिन्छ।[२९]

नं.	मूर्तिका नामहरू	माथिल्लो दायाँ हात,	माथिल्लो बायाँ हात	तल्लो बायाँ हात	तल्लो दायाँ हात
१.	केशव	शङ्ख	चक्र	गदा	पद्म
२.	नारायण	पद्म	गदा	चक्र	शङ्ख
३.	माधव	चक्र	शङ्ख	पद्म	गदा
४.	गोविन्द	गदा	पद्म	शङ्ख	चक्र
५.	विष्णु	पद्म	शङ्ख	चक्र	गदा
६.	मधुसूदन	शङ्ख	पद्म	गदा	चक्र
७.	त्रिविक्रम	गदा	चक्र	शङ्ख	पद्म
८.	वामन	चक्र	गदा	पद्म	शङ्ख
९.	श्रीधर	चक्र	गदा	शङ्ख	पद्म

१०.	ऋषिकेश	चक्र	पद्म	शङ्ख	गदा
११.	पद्मनाभ	पद्म	चक्र	गदा	शङ्ख
१२.	दामोदर	शङ्ख	गदा	चक्र	पद्म
१३.	संकर्षण	शङ्ख	पद्म	चक्र	गदा
१४.	वासुदेव	शङ्ख	चक्र	पद्म	गदा
१५.	प्रद्युम्न	शङ्ख	गदा	पद्म	चक्र
१६.	अनिरुद्ध	गदा	शङ्ख	पद्म	चक्र
१७.	पूरुषोत्तम	पद्म	शङ्ख	गदा	चक्र
१८.	अद्योक्षज	गदा	शङ्ख	चक्र	पद्म
१९.	नरसिंह	पद्म	गदा	शङ्ख	चक्र
२०.	अच्युत	पद्म	चक्र	शङ्ख	गदा
२१.	जनार्दन	चक्र	शङ्ख	गदा	पद्म
२२.	उपेन्द्र	गदा	चक्र	पद्म	शङ्ख
२३.	हरि	चक्र	पद्म	गदा	शङ्ख
२४.	श्रीकृष्ण	गदा	पद्म	चक्र	शङ्ख

अहिर्बुधन्य संहितामा उल्लेख गरिए अनुसार चतुर्व्यूह विष्णु (वासुदेव संकर्षण, प्रद्युम्न तथा अनिरुद्ध) हरेकबाट अन्य तीन-तीन व्यूहरूपहरू उत्पन्न भए। जस्तोः- वासुदेवबाट केशव, नारायण र माधव, संकर्षणबाट गोविन्द, विष्णु तथा मधुसूदन, त्यसरी नै प्रद्युम्नबाट त्रिविक्रम, वामन र श्रीधर तथा अनिरुद्धबाट ऋषिकेश, पद्मनाभ र दामोदर उत्पन्न भए। यिनै चार व्यूहरूपी विष्णुहरूकै दोश्रो रूपबाट क्रमशः पुरुषोत्तम अद्योक्षज, नरसिंह र अच्यूत उत्पन्न भए। माथि उल्लेख गरिएका विभिन्न व्यूरूपी विष्णुहरूमध्येकै पुरुषोत्तमबाट जनार्दन, उपेन्द्र, हरि तथा कृष्णको उत्पत्ति भई 'चतुर्विंशतिव्यूह विष्णु' नामले समाजमा पूजा उपासनाको विषय (पात्र) बने।

समाजमा रहेका विभिन्न वर्णहरू ब्राह्मण, क्षेत्री, वैश्य तथा शुद्रले आ-आ नो उद्देश्य अनुरूप फरक फरक नामधारी विष्णुलाई पूजा गर्नुपर्ने कुराको उल्लेख पनि रूपमण्डनमा गरिएको छ। उदाहरणको लागि ब्राह्मणले केशव, नारायण, माधव तथा मधुसूदन विष्णुको पूजा गर्नुपर्ने, क्षत्रियहरूले मधुसूदन र विष्णु, वैष्यले त्रिविक्रम र वामनको पूजा गर्ने तथा सूद्रले श्रीधरको पूजा गर्नुपर्दछ। यसरी नै बह्मचारी, योगीहरूले दामोदर तथा शिकारी, धोवी, सार्की आदिले ऋषिकेश विष्णुको पूजा गर्नुपर्ने कुरा लगायत नरसिंह वामन, वराह, विष्णुलाई सबै वर्णका

मानिसले पूजा उपासना गरे आ-आफ्ना इच्छा पूरा हुन्छन्।[३०] भनिएको छ।

चतुर्विंशतिव्यूह मध्येका वासुदेव रूपी विष्णुका मूर्ति निर्माण गर्ने विषयमा विभिन्न श्रोतहरूमा चर्चा परेको छ। वैखानसागममा उल्लेख भए अनुसार वासुदेवलाई मानुषी वासुदेव तथा दैवी वासुदेव गरी दुई स्वरूपमा देखाइन्छ। उनलाई वशुदेवका छोरा कृष्णको रूपमा देखाइन्छ भने उनी मानुषी वासुदेव भए तर उनलाई दैवी वासुदेवको रूपमा देखाइन्छ भने ब्रह्माण्डका सम्पूर्ण वस्तुहरू उनीमाथि निहित विश्वव्यापी पर वासुदेवको रूपमा देखाउनु पर्छ। मानुषी वासुदेवलाई दुई हातमात्र र ती हातमा शङ्ख तथा चक्र लिएको, १२० अंगुलको (मध्यम दशताल) देखाउनु पर्छ। वासुदेवको दायाँतर्फ रुक्मिणी र उनको दायाँ बलरामलाई हलो र मूसलसहित देखाउनु पर्दछ। बलरामको दायाँतर्फ दायाँ हातमा तरबार तथा बायाँ हात कट्याबलम्बित मुद्रामा रहेका प्रद्युम्नलाई देखाउनुपर्छ साथै उनको दायाँतर्फ चार मुख भएका ब्रह्मालाई समेत देखाउनु पर्दछ। मानुषी विष्णुको बायाँतर्फ धनु र बाण लिएका अनिरुद्ध र अझ बायाँतर्फ साम्बको समेत उपस्थिति हुनुपर्दछ। साम्बको दायाँहात अभय मुद्रामा तथा बायाँ हातमा दण्ड लिएको देखाउनुपर्दछ। साम्बभन्दा पनि बायाँतर्फ गरुडै समेतलाई देखाउनुपर्दछ। यस्तो मानुषी वासुदेवलाई 'कौटुक बेर' वासुदेव भनिन्छ। वासुदेवलाई चारहात युक्त पनि देखाउन सकिन्छ। माथि उल्लेखित सबै देवता तथा देवीलाई स्थानक मुद्रामै देखाउनु पर्दछ।[३१]

दैवी वासुदेवलाई दायाँबायाँ क्रमशः श्री देवी तथा भूदेवी सहित सिंहासनमा देखाउनु पर्दछ। पर वासुदेवको माथिल्लो दायाँ हातमा चक्र, तल्लोमा पद्म, बायाँ माथिल्लोमा शङ्ख तथा तल्लोमा गदा रहनुपर्दछ। यसबाहेक मानुषी वासुदेवको दायाँबायाँ रहेका विभिन्न देवदेवीलाई पनि मूर्तिफलकमा देखाउनु पर्ने र अझ वलराम, प्रद्युम्न, अनिरुद्ध तथा साम्बलाई उनीहरूका शक्तिहरू क्रमशः रेवतीदेवी, रोहिणी, उषा तथा इन्दुकरी सहित देखाउनु पर्दछ।[३२]

वैखानसागम बाहेक अग्निपुराण, विष्णुधर्मोत्तर पुराण, पद्मपुराण, तन्त्रसार लगायत पाञ्चारात्र संहिताजस्ता प्रतिमाविज्ञान सम्बन्धी श्रोतहरूले पनि वासुदेव विष्णुको मूर्ति विधान बताएका छन्।

अग्निपुराण अनुसार वासुदेवलाई स्थानक मुद्रामा देखाउनुपर्छ। उनको दायाँ बायाँ क्रमशः श्री तथा पुष्टिलाई (सरस्वती) पद्म तथा वीणा लिएको अवस्थामा देखाउनु पर्दछ। उनीहरूलाई मूलदेवताको नितम्बको तहसम्म मात्रको उचाइ भएको अवस्थामा देखाउनुपर्दछ। मूर्तिफलकको माथिल्लो भाग दायाँ बायाँ हातमा माला

लिएका दुई विद्याधर तथा अन्य पृष्ठभूमिमा हात्ती लगायतका जनावरहरू उत्कीर्ण गरिएको हुनुपर्दछ।

विष्णुधर्मोत्तर पुराण अनुसार वासुदेवको मूर्ति एक मुख, चार हातयुक्त हो सुन्दर देखिने नीलो कालो (बादलको रंग) मुखाकृति, पहेंलो वस्त्र पहिरेको र कारीगरी युक्त हार, किरीटमुकुट, वनमाला (घुँडासम्मको) लगायतका गहनाहरूद्व सुसज्जित हुनुपर्दछ। छातीमा कौस्तुभ मणि, कानमा मणी–माणिक्य, रत्नादि गह लगाएको हुनुपर्छ। उनका चार हातमध्येको दायाँतर्फको माथिल्लो हातमा पू रूपमा फत्रेको कमल तथा बायाँ तर्फको माथिल्लो हातमा शङ्ख रहनु पर्दछ विष्णुको दायाँतर्फको तल्लो हातभन्दा तल गदालाई पातलो कम्मरयुक्त नारीक आकृत्तिमा देखाउनु पर्दछ। नारीरूपी गदा पनि विभिन्न गहना तथा कपडा सुसज्जित हुनुपर्दछ। उनको एक हातमा चमर रहनुपर्दछ। वासुदेवको दायाँतर्फक तल्लो हात उनको शिरमाथि राखेको देखाउनु पर्दछ। यसै मूर्तिफलकमा वासुदेवक दुई गोडाको बीचमा उनका गोडालाई भूदेवीका दुई हातले थामिरहेको अवस्थाम देखाउनु पर्दछ। उनको नाभी माथि त्रिवली (Three folds) रहनुपर्दछ। वासुदेवक बायाँतर्फ विभिन्न वस्त्र तथा गहनाले सजिएको भूँडी झुण्डिएको तथा गोला आँख भएको, हातमा चमर लिएको पुरुषरूपी चक्र पुरुषको आकृति रहनुपर्दछ। वासुदेवक बायाँतर्फको एक हातमा शङ्ख रहेको देखाउनु पर्दछ।[३३]

गोपिनाथ रावले भारतको मैसुरको चेन्नकेशवस्वामी मन्दिरका चतुर्विंशव्यूह विष्णुमध्ये केशव, माधव, गोविन्द मधुसूदन, हरी तथा श्रीकृष्णका मूर्तिका चित्रहरूलाई आ नो पुस्तकमा समावेश गरेका छन्। तर चित्र धमिला भएका कारण शारीरिक विशेषताबारे प्रष्ट हुन कठिन छ। यति हुँदाहुँदै पनि स्थानक रूपमा देखाइएका वासुदेव हुबहु विष्णुधर्मोत्तर पुराणमा उल्लेख भए अनुरूपका देखिँदैनन्। विष्णुको गोडाको दायाँ बायाँ मानवाकृति देख्न सकिन्छ तर नारी र पुरुष आकृति खुट्याउन सकिन्न। मूर्तिफलकमा देखिएका कारीगरी लगायत शारीरिक विशेषताले यी मूर्तिहरू मध्यकालका हुन् भनी चिन्न कठिन पर्दैन। चेन्नकेशव भनिएको मूर्तिमा अभिलेख समेत देखिएको र होइसल वंशी विष्णुवर्धनदेवकी पटरानी शान्तलदेवीले चेन्नकेशवस्वामी मन्दिरमा ढुङ्गाको चेन्नकेशव मूर्ति स्थापना गराएको कुरा अभिलेखमा उल्लेख भएको पनि रावले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। माथि उल्लेखित अन्य पाँच वटा चतुर्विंशव्यूह रूपी विष्णुका मूर्ति सोही मन्दिरको भित्तामा रहेको समेत उनले बताएका छन्।[३४] यी Hoysala हरूले दक्षिणभारतको कर्नाटक क्षेत्रमा ११०६ देखि ११४६ इ.सम्म

राज्य गरेका थिए।

नेपालमा चतुर्विंशव्यूह अर्थात् विष्णुका २४ रूपका मूर्तिहरू निर्माण गरी पूजाआजा गर्ने प्रचलन यहि बेलादेखि शुरु भयो भनी किटान गर्ने ठोस प्रमाणको अभाव छ। यति हुँदाहुँदै पनि रूपमण्डनमा उल्लेख गरे अनुरूपका चतुर्विंशव्यूह विष्णु अन्तर्गत पर्ने विष्णु, वासुदेव, केशव, हरि, नरसिंह, नारायणको उल्लेख लिच्छविकालका अभिलेखमा पाइन्छ।[३५] यतिमात्र नभई नेपालमा प्राप्त अधिकांश विष्णुका मूर्तिहरू चाहे जे नाम दिईएका हुन्, तिनीहरूमा रूपमण्डनले वर्गीकरण गरे अनुरूपको श्रीधर विष्णुले विभिन्न हातमा लिने आयुधहरू (बायाँ माथिबाट घडिगत रूपमा क्रमशः गदा, शङ्ख, पद्मबीज तथा चक्र) लिएका मूर्तिहरू नेपालमा प्राप्त भएका छन्।

नेपालका प्रथम प्रामाणिक राजा मानदेव प्रथमको चाँगुनारायणको ७८ पंक्तिको अभिलेखको छैटौं लहरमा *"दोलाद्रौ निवसञ्जयत्यनिमिषैरभ्यर्च्यमानो हरि"* (दोलापर्वतमा (चाँगु) बसिरहेका देवताहरूले पूजा गरिइरहेका हरि सबैभन्दा ठूला हुनुहुन्छ) भनी दोलापर्वतमा रहेका हरिको गाथा गाइएबाट मानदेवभन्दा अगाडि देखि नै सो ठाउँमा हरिको मन्दिर रहेको बुझ्न सकिन्छ। आफ्ना पूर्व तथा पश्चिमका सामन्तहरूलाई वचन तथा पराक्रमले कँज्याई फर्केपछि दोलाद्रिका हरिको मन्दिरमा आमा सहित पूजा–आजा तथा दान धर्म गरी उनले गरुडध्वज स्तम्भ खडा गराएको कुरा अभिलेखमा उल्लेख गरिएका पंक्तिहरूबाटै प्रष्ट भएको छ। तर त्यहाँ रहेका हरि रूपमण्डनमा वर्णन गरिएका चतुर्विंशव्यूह रूपी हरि नभएर गरुडासन विष्णु भएको कुरा चाँगुको मूल गर्भगृह भित्रको धातुको गरुडासन मूर्तिले प्रष्ट पारेको छ। यसले यो कुरा पनि प्रष्ट पार्दछ कि लिच्छविकालभन्दा अगाडिदेखि नै नेपाली समाज विष्णुका विभिन्न नामहरूसँग परिचित थियो तर रूपमण्डनले भने भैं हातमा लिएका आयुधका आधारमा वर्गीकृत चतुर्विंशव्यूह विष्णु अन्तर्गतका विष्णुका विभिन्न नामहरूसँग होइन। लिच्छविकालमा पाञ्चालीको नामनै नरसिंह पाञ्चाली रहेको तथा यस पाञ्चालीका बासिन्दालाई लेख्यदान तथा पञ्चापराध सम्बन्धि अधिकार सुम्पेको कुरा शिवदेव र अंशुवर्माको बूढानीलकण्ठ स्थानको संवत् ५१७ को अभिलेखमा उल्लेख गरिएको छ।[३६] तर यहाँ उल्लेखित नरसिंह नाम विष्णुका १० अवतारमध्येका चौथा अवतार नरसिंह वा चतुर्विंशव्यूह विष्णु मध्येका नरसिंह यकिनका साथ खुट्याउन सकिन्न। गोपाल राज वंशावलीमा *"राजा श्री विष्णुगुप्त वर्ष ७१ तेन.....उत्र प्रवतात् मध्ये नरसिंहस्थाने महाशिलामय विष्णु जलशयन, अति सुन्दर आवास सहितम् कृतवान्"* भनिएबाट हालको

बूढानीलकण्ठ परिसरमा नरसिंह नामक स्थान रहेको बुझ्न सकिन्छ। शिवदेव-अंशुवर्माकै लेलेको सम्वत् ५२६ को अभिलेखमा विभिन्न गोष्ठीहरूलाई खेत छुट्याउँदा सिंह मण्डपमा वासुदेव ब्राह्मण गोष्ठीका गुठियारलाई २० मानिका खेत दिएको कुरा उल्लेख भएको छ।[३७] धार्मिक तथा लौकिक (लोकको हित हुने) कार्यका लागि लिच्छवि राजाहरूले थुप्रै जग्गा गुठीको रूपमा छुट्याएको कुराको चर्चा यस अभिलेखमा परेको छ। केवलपुरको ध्रुवदेव-जिष्णुगुप्तको सम्वत् प्रष्ट नभएको अभिलेखमा उल्लेख भए अनुसार नुप्पुन्न द्रङ्गमा भगवान् नारायण स्वामीको नैमित्तिक पूजा आदि कार्य संचालन गर्न त्यहाँका बासिन्दालाई दुई सय दिएको। अघिका राजा वशुदेव (हरिदत्तका छोरा) लगायत महिदेवले समेत यस बस्तीका बासिन्दालाई सुविधा दिएका थिए। पाटन च्यासलटोलको जयदेव द्वितीयको अभिलेखमा *'नारायण देवकुल दशमी गौष्ठिक'* को उल्लेख परेको छ।[३८] यतिमात्र नभै प्रतापदित्य पालले 'अर्काइभ्स अफ एसियन आर्ट' २५ (१९७१-७२) को पृष्ठ ६१मा छपाएको विष्णुको ढलोटको मूर्तिको पादपीठको अभिलेख सहितको प्रतिलिपि गौतमवज्र बज्राचार्यले पढे अनुसारको *"विभिन्न व्यक्तिहरूले आफ्नो पुण्य बढोस् भनी भगवान् श्रीनारायण देवताको प्रतिष्ठा गरेको"* कुरा धनवज्र बज्राचार्यले उल्लेख गरेका छन्।[३९] अभिलेखमा अंकित माथि उल्लेखित विष्णुका विभिन्न नामहरूका आधारमा उनका विभिन्न नामहरूसँग लिच्छवि समाज परिचित थियो भन्ने कुरा बुझिन्छ। अझ राजा मानदेवले स्थापना गर्न लगाएका तिलगंगा तथा लाजिम्पाटका सं. ३८९ का अभिलेख सहितका विष्णुविक्रान्त मूर्तिका उदाहरणहरूले विष्णुका अवतारहरूसँग पनि तत्कालीन नेपाली समाज पूर्ण रूपमा परिचित रहेको प्रष्ट हुन्छ।

नेपालमा प्राचीन कालदेखि नै विष्णुका स्थानक, आसन तथा शयन मूर्ति निर्माण गरी पूजा-आजा गर्ने प्रचलन रहेको कुरा प्रमाणिक लिच्छविकाल तथा शैलीगत आधारमा त्यसभन्दा अगाडिकै मान्नुपर्ने वैष्णव मूर्तिहरूले सिद्ध गरिसकेका छन्। शैलीगत आधारमा प्रामाणिक लिच्छविकाल भन्दा अगाडिका मानिएका हाँडीगाउँ सत्यनारायण मन्दीरको चतुर्वाहु विष्णु (मूर्तिका कतिपय भाग भग्न), हाँडीगाउँ धन गणेश मन्दिरको विष्णु (हाल देख्न सकिन्न), पाटन कसाइटोलको विष्णु, शेषशायी विष्णु, आर्यघाट आदि ठाउँका मूर्तिहरूको चर्चा लैनसिंह वाङदेलले गरेका छन् र ती मूर्तिहरूको समकालीन भारतीय मूर्तिहरूसँग तुलना गर्दै शैलीगत आधारमा कुशाणकालीन भारतीय मथुरा कलाशैलीको प्रभाव परेका मूर्तिको रूपमा व्याख्या गरेका छन्।[४०] यस्तै अर्को स्थानक विष्णुको प्राचीन मूर्ति राष्ट्रिय नाचघर

परिसरमा रहेको चतुर्मूर्ति (ब्रह्मा, विष्णु, शिव र शक्ति) मध्येको पश्चिम दिशामा उत्कीर्ण गरिएको मूर्ति हो। मूर्ति भग्न भएका कारण उनका चार हातमा लिएका सम्पूर्ण आयुधहरू खुट्याउन सकिँदैन तापनि चातुष्कोणकार पीठिका माथि समभङ्ग मुद्रामा उभिएका विष्णुले बायाँतर्फको तल्लो हातमा शङ्ख लिएको देखिन्छ। बाँकी हातहरूमा चक्र, गदा, तथा पद्मबीज सहित वरद मुद्रा प्रदर्शन गरेको बुझ्न कठिन पर्दैन।[४१] प्रमाणका लागि समकालीन हाँडीगाउँ सत्यनारायण स्थानको स्थानक विष्णुमूर्तिमा लिइएका आयुधहरूलाई औंल्याउन सकिन्छ।[४२] यी विष्णुका चार हातमध्ये दायाँतर्फको माथिल्लो हातमा चक्र (खण्डित) तथा तल्लो हातले पद्मबीज सहितको केही कोप्रो वरद मुद्रा प्रदर्शन गरेको छ भने बायाँतर्फको तल्लो हातमा शङ्ख प्रष्ट रूपमा देख्न सकिन्छ। माथिल्लो बायाँ हात भग्न भएकाले आयुध देखिन्न तर त्यहाँ गदा रहेको बुझ्न गाह्रो पर्दैन। यस मूर्तिमा देख्न सकिने वस्त्राभूषण लगायत शारीरिक विशेषताहरू नै राष्ट्रिय नाचघरको विष्णु मूर्तिमा पनि रहेको अनुमान गर्न सकिन्छ।

माथि उल्लेख गरे बाहेक भुवनेश्वर मन्दिर देउपाटनमा रहेको १९८६ मा चोरी भएको एक उल्लेखनीय मूर्तिको चित्र जर्गेन सिकले आफ्नो पुस्तक 'The Gods are Leaving the Country' मा छपाएका छन्[४३] तर विवरण खुलाएका छैनन्। यसै मूर्तिलाई लैनसिंह वाङदेलले पाँचौं शताब्दीको लक्ष्मी र गरुडसहितको मूर्ति भनेका छन्। मूर्ति भग्न भएका कारण मूर्तिहरूमा उत्कीर्ण गरिएका सम्पूर्ण पात्रहरू तथा आयुधहरूबारे बताउन सकिन्न। चित्रका आधारमा मूर्तिफलकमा देख्न सकिने विशेषताहरू निम्नानुसार छन्। समभङ्ग मुद्रामा उभिएका हृष्टपुष्ट शरीरयुक्त चार भुजे विष्णुका दायाँ बायाँ दुवै तर्फका माथिल्ला हातहरू पूर्ण रूपमा भाँचिएकाले यो हातमा यो आयुध छ भनी किटान गर्न सकिन्न। तर तल्ला दुई हातमध्ये बायाँतर्फको हातभन्दा ठीक तल विष्णुको बायाँतर्फको तिघ्राको हाराहारीसम्म पुग्ने एक उभिएको मानवाकृति रहेको डोब मूर्तिफलकमा देखिन्छ। यसरी नै विष्णुको दायाँ हात केही कोप्रो परेको वरद मुद्रामा देखिन्छ र सो हातको ठीक तल माथि भनिएझैं विष्णुको तिघ्राको हाराहारीसम्मको उचाइ भएको एक नारी आकृति उभिएकै अवस्थामा देख्न सकिन्छ। सो नारी आकृतिले डाँठसहितको फक्रेको कमलपुष्प लिएको देखिन्छ।

प्रतिमा विज्ञानका आधारमा हातमा कमल लिई विष्णुको दायाँतर्फ उभिएको नारी आकृति लक्ष्मी कै हुन्छ। अग्नि पुराणमा "वासुदेवलाई स्थानक मुद्रामा देखाउनु पर्छ। उनको दायाँ बायाँ क्रमशः श्री तथा पुष्टी (सरस्वती) लाई पद्म तथा

वीणा लिएको अवस्थामा देखाउनुपर्दछ। दुवै देवीहरूलाई वासुदेवको नितम्बक हाराहारीसम्मको मात्र उचाइ भएको अवस्थामा देखाउनु पर्दछ। मूर्तिफलकक माथिल्लो भाग दायाँ–बायाँ हातमा माला लिएका विद्याधरहरूलाई स्थान दिनुपर्दछ भनिएको छ। मूर्तिफलक पूर्ण रूपमा सग्लो नरहेका कारण अग्नि पुराणमा वर्णित फलकको माथिल्लो भागमा देखाइनु पर्ने पात्रहरू देख्न नसकिएको हुन सक्छ यस मूर्तिफलकमा विष्णु (वासुदेव) लाई कलात्मक मुकुट, रत्न कुण्डल, केयूर, बुट्टादार बाजु, चेप्टो हार लगायतका गहनाहरूद्वारा सुसज्जित देखाइएको छ। माथि उल्लेखित श्रोतमा भनिएझैं विष्णुको तल्लो बायाँ हात मुनिको भग्न मानवाकृति पुष्टीको हुनु पर्छ। यस आधारमा यो मूर्तिलाई वासुदेवको मूर्ति मान्न सकिन्छ वा तेस्रो अध्यायमा वर्णन गरे अनुरूपको विष्णुको आयुध पुरुषसहितको मूर्ति हुनुपर्छ। यस मूर्तिमा प्रयुक्त अधोवस्त्र धोतीलाई मुजाको सहाराले आकर्षक बनाउन कलाकारले निकै मेहनत गरेका छन्। विष्णुको शिर पछाडिको प्रभावलीको ढाँचा पशुपति आर्यघाटको सानो मन्दिरमा रहेको विरूपाक्षको मूर्ति भएकै मन्दिरमा रहेको बाङ्गदेलले सूर्य भनेको मूर्तिको चक्राकार प्रभावलीसँग निकै मिल्दछ। यद्यपि यस मूर्तिको प्रभावलीमा देखिएको चक्राकृतिको आकार आर्यघाटको माथि उल्लेखित सूर्य भनिएको मूर्तिको तुलनामा सानो छ। यस मूर्तिको शारीरिक सुगठनको ढाँचा राष्ट्रिय संग्रहालय, छाउनीस्थित राजकीय पुरुष? वा वाङदेलले सूर्य भनेको मूर्तिसँग धेरै मात्रामा मेल खान्छ यद्यपि सूर्य भनिएको संग्रहालयको मूर्तिका वस्त्राभूषणसँग समानता राख्तैन। यस मूर्तिलाई (विद्वानहरू) लैनसिंह वाङदेल तथा जर्गेन सिक ले पाँचौं शताब्दीको बताएका छन् (चित्र नं. ३१)। माथि उल्लेखित मूर्तिफलकमा उत्कीर्ण देवी देवता लगायत शारीरिक विशेषताका आधारमा लिच्छविकालको पूर्वार्धताकादेखि नै नेपाली समाजमा वासुदेवका मूर्ति बन्ने गरेको प्रमाणको रूपमा यस मूर्तिलाई लिनुपर्ने देखिन्छ। लिच्छविकालको उत्तरार्धताकादेखि वासुदेवादि चतुर्मूर्ति निर्माण गरी पूजा–आजा गर्ने प्रचलन रहेको कुराको उल्लेख माथि नै गरी सकिएको छ।

यसपछिका नेपाली चतुर्विंशतिव्यूह विष्णु मूर्तिहरूका उदाहरणहरू नेपालको दक्षिण–पूर्वी भागमा पर्ने हालको बारा जिल्ला अन्तर्गतको सिमरौनगढबाट प्राप्त भएका छन्। १०९७ इ. मा चालुक्यवंशी विक्रमादित्यका सेनापति नान्यदेवले सिमरौनगढमा स्वतन्त्र राज्य खडा गरे पछि चौधौं शताब्दीको पूर्वार्ध अर्थात् १३२७ इ. सम्म यस वंशको शासन चल्यो। यस भेकका कंकालीस्थान, खजहनी तथा हरिहरक्षेत्रबाट १२ औं देखि १४ शताब्दीबीचका वैष्णव, शैव, शाक्त तथा सौर्य

सम्प्रदायसँग सम्बन्धित मूर्तिहरू प्राप्त भएका छन्। यसै भेकबाट ब्रह्माको मूर्तिसमेत प्राप्त भएको छ जो हाल राष्ट्रिय संग्रहालय छाउनीको संग्रहमा छ।

हालको कंकाली मन्दिरभन्दा केही दक्षिणतर्फ रहेको छानाविहीन पाटीमा विष्णु, सूर्य, उमामहेश्वर लगायत ७ वटा मूर्तिहरू छन्।[४५] यी मूर्तिहरूमा अधिकांश वासुदेव विष्णुका स्थानका मूर्तिहरू छन् जसमा अग्निपुराण तथा विष्णुधर्मोत्तर पुराणले बताएका प्रतिमा निर्माण सम्बन्धी विधानलाई अनुसरण गरिएको पाइन्छ। कंकाली स्थान, खजहनी, वाल्मीकिनगर (हरिहरक्षेत्र) लगायत ठाउँमा रहेका विष्णु मूर्तिहरूमा अग्नि पुराणले भनेझैं विष्णुको दायाँ बायाँ श्री तथा पुष्टिले (सरस्वती) स्थान पाएका छन्। विष्णुधर्मोत्तर पुराणमा भनिएझैं एक मुख चार हात, कारीगरी युक्त हार, मुकुट, घुँडासम्मको लामो वनमाला मणिमाणिक्य रत्नादि गहनाहरूको प्रयोग यहाँका विष्णु (वासुदेव) का मूर्तिहरूमा गरिएको पाइन्छ। यस भेकका अधिकांश विष्णुका मूर्तिका हातहरू भाँचिएको अवस्थामा छन् त्यसमा पनि कंकाली स्थानका कुनै पनि विष्णुका मूर्तिका हातहरू सग्ला छैनन् जसले गर्दा कुन हातमा विष्णुले के आयुध लिएका छन् प्रष्ट हुन सकिन्न। कंकाली स्थानमा बाह्रौं देखि चौधौं शताब्दीसम्मका चारवटा विष्णु मूर्तिहरू फरक फरक डिजाइनका कलात्मक दोहोरो पद्मपीठमा स्थानक मुद्रामा उभिएको अवस्थामा फेला परेका छन्। कालो तथा चिल्लो ढुङ्गामा निर्माण गरिएका विष्णुका विभिन्न मूर्तिहरूको विवरण निम्नानुसार छ :-

कंकालीस्थान परिसरको विष्णु मूर्ति

यो मूर्ति कमलको डाँठ तथा पातसहितको पूर्णरूपमा फक्रेको दोहोरो पद्मपीठ माथि समपाद स्थानक मुद्रामा उभिएको छ (चित्र नं. २०)। अस्वाभाविक मुखाकृतियुक्त यस मूर्तिका चारैवटा हातहरू पूर्ण रूपमा नाश भैसकेका कारण आयुधहरूबारे प्रष्ट हुन सकिन्न। तर विष्णु मूर्तिहरूमा प्रयोग गरिएको कलात्मक हार, मुकुट, कर्णकुण्डल, केयूर, वनमाला, कटिबन्ध, धोती, जनै लगायतका श्रृङ्गारिक परिधानहरू बनाउन कलाकारले निकै समय खर्चेको बुझ्न सकिन्छ। यस मूर्तिफलकमा विष्णुको नितम्ब बराबरको उचाई भएका दुई नारी आकृतिहरूलाई भङ्ग मुद्रामा विष्णुको दायाँ-बायाँ स्थान दिइएको छ जो अग्नि पुराणमा वर्णन गरिए अनुरूपका श्री (लक्ष्मी) र पुष्टि (सरस्वती) हुन्। विष्णुको दायाँतर्फ अलग्गै पूर्ण रूपमा फक्रेको दोहोरो कमलपुष्प माथि भङ्ग मुद्रामा उभिएकी लक्ष्मीका पनि दुवै हातहरू भाँचिएका छन्, जसले गर्दा उनले लिएका आयुधहरू देख्न सकिँदैन। तर

उनको बायाँतर्फको कानको तह बराबर पुगेको डाँठ सहितको फक्रेको कमलले उनले बायाँ हातले डाँठसहितको कमल लिएको पुष्टि हुन्छ। उनको दायाँतर्फको हातमा विष्णुधर्मोत्तरपुराणमा भने अनुरूपको अमृतघट (सुराही) हुनुपर्छ। जो कंकाली थानकै चौधौं शताब्दीको भनिएको मूर्तिमा पनि देखिन्छ। लक्ष्मीका शरीरमा प्रयुक्त हार, कुण्डल, कटिबन्ध, केयूर लगायतका गहनाहरू स्वाभाविक देखिन्छन्। शरीरमा पारदर्शी वस्त्रको प्रयोग गरिएको छ। अधोवस्त्रमा गोलीगाँठा भन्दा केही माथिसम्मको पारदर्शी धोती, दुवै तिघ्राको बीचमा लर्किएको धोतीको मूजा निकै आकर्षक देखिन्छ। विष्णुको बायाँतर्फ रहेकी सरस्वतीको मूर्तिमा देखिने श्रृङ्गारिकता पनि लक्ष्मीकै समान छन्। उनका दुई हातले वीणा समातेको अनुमान गर्न सकिन्छ (वीणाको पूर्ण भाग खण्डित छ) यसबाहेक कलाकारले उनको दायाँ हातभन्दा माथि कुहिनाको भाग हुँदै माथितिर बढेको डाँठ सहितको फक्रेको कमलको आकृतिलाई स्थान दिएका छन्। लक्ष्मी तथा सरस्वतीभन्दा पनि तल्लो तहमा दुई पुरुष मानवाकृतिहरू देख्न सकिन्छ मुकुट लगायतका गहना वस्त्र पहिरेका तथा बायाँ हात कट्यावलम्बित मुद्रा तथा दायाँ हात अभय मुद्रामा देखाइएका पुरुष मूर्तिहरू जय विजयका हुनुपर्छ। समग्र मूर्तिफलकमा आलंकारिकता प्रयोग गर्न सक्ने कलाकारले विष्णु, लक्ष्मी तथा पुष्टिका मुखाकृति बनाउन पटक्कै समय नदिएको बुझ्न कठिन पर्दैन। कुनै पनि मुखाकृति देव देवीका झैँ लाग्दैनन्। विष्णुको रिसाएको तथा अस्वाभाविक मुखाकृतिले सम्भवतः मूर्ति निर्माण गर्ने कलाकारले आफू प्रसन्न भएको समयमा यो मूर्ति निर्माण गरेनन् भन्ने देखाउँछ। मूर्तिफलकमा काल्पनिक प्राणी (griffin)को समेत प्रयोग गरिएको देखिन्छ। मूर्तिफलकको माथिल्लो भाग भग्न भएका कारण अग्नि पुराणमा भनिए अनुरूपका विद्याधरहरू यहाँ देख्न सकिन्न। त्यति हुँदाहुँदै पनि मूर्ति फलकमा विभिन्न किसिमका कलात्मक बुट्टाहरूको प्रयोग गरिएको छ। समग्रमा मूर्तिमा देखिने आङ्गिक अनुपातको बेमेल, मुखाकृतिमा भद्दापन, अनावश्यक छिनेको कम्मर, पुरुषमूर्तिको ठूलो तथा असुहाउँदो नितम्ब र त्यसको अनुपातमा साना तिघ्रा तथा पिंडौला आदि शारीरिक विशेषताले मूर्ति निर्माण गर्ने कलाकारको दक्षतामाथि नै प्रश्न चिन्ह लागेको छ। यस मूर्तिमा पालकला शैलीको प्रभाव पूर्णरूपमा देखिन्छ।

माथि उल्लेखित मूर्तिका विशेषताहरूसँग पूर्ण रूपमा मेल खाने अन्य तीन वासुदेव विष्णुका मूर्तिहरू पनि सिमरौनगढ कंकाली स्थान परिसरबाटै प्राप्त भएका छन्। यी मूर्तिफलकको माथिल्लो भागमा हातले सर्प समाती टोक्न तयार (क्षेपु) तथा विष्णुको शिरको दायाँ बायाँ विद्याधर लगायत सम्पूर्ण मूर्तिफलकमा कलात्मक

बुट्टा तथा जनावरका आकृतिहरू समेत देख्न सकिन्छ। कालो तथा चिल्लो ढुङ्गामा निर्मित यस क्षेत्रका वैष्णव कलाकृतिहरूमा धेरै कुरामा सामाञ्जस्यता पाइएको तथा वासुदेव विष्णुका मूर्तिहरू बढी पाइएको कारणले पनि चतुर्विंशतिव्यूह अन्तर्गतको वासुदेव विष्णुको पूजा अर्चनाको प्रचलन यस क्षेत्रमा अन्य देवदेवीको तुलनामा बढी मात्रामा रहेको बुझ्न सकिन्छ।

कंकाली मन्दिरबाट झण्डै २ किलोमिटर पश्चिम उत्तरमा पर्ने खजहनी गाउँबाट पनि स्थानक विष्णुको एउटा मूर्ति प्राप्त भएको छ (चित्र नं. २१)। कालो तथा चिल्लो ढुङ्गामा निर्मित यो मूर्तिको वरिपरि अलंकृत बुट्टाहरू सम्पूर्ण फलक भरि कुँदिएका छन्। अग्नि पुराणमा वर्णन गरिए अनुरूपकै दायाँ बायाँ श्री र पुष्टि तथा विष्णुको शिरोभागमा दायाँ बायाँ विद्याधरका आकृतिहरू कुँदिएका छन्। यस मूर्तिमा विष्णुले बायाँतर्फको माथिल्लो हातमा लामो गदा र तल्लो हातमा शङ्खलाई काठमाडौं उपत्यकाका विष्णु मूर्तिमा देखाइने भन्दा फरक (ठाडो) पारेर समातेको देखाइएको छ। दायाँतर्फको माथिल्लो हातले चक्र समातेको देखिन्छ भने तल्लो हात भाँचिएका कारण आयुध देख्न सकिन्न तर उक्त हातमा पद्मबीज रहेको अनुमान सजिलै गर्न सकिन्छ। विष्णुका वस्त्र तथा गहनाहरूको डिजाइनमा सामान्य भिन्नता भए पनि निर्माण शैली कंकाली स्थानको विष्णु मूर्तिसँगै मेल खाने देखिन्छ। विष्णुको मुखाकृतिमा स्वाभाविकता छ। यस विष्णुलाई रूपमण्डनमा वर्गीकरण गरिए अनुरूप श्रीधर विष्णु भन्नु पर्दछ।

यो क्षेत्रमा पाइएका सम्पूर्ण मूर्तिहरू पालकला शैलीबाट प्रभावित छन्। अझ विष्णुका मूर्तिहरू लगायत सम्पूर्ण मूर्तिफलक निर्माणको ढाँचा, विषयवस्तु तथा मूर्तिमा उत्कीर्ण गरिएका पात्रहरू जस्तो विष्णु, श्री, पुष्टि, विद्याधरहरू फलकको माथिल्लो भाग (बीचमा कीर्तिमुख) लगायत मूर्तिफलकमा देखिने शृङ्गारिकता हुबहु पश्चिम बंगालको बलुरघाटबाट प्राप्त हाल भारतीय संग्रहालय कलकत्तामा रहेको बाह्रौं शताब्दीको चतुर्विंशतिव्यूह अन्तर्गतका त्रिविक्रम विष्णु मूर्तिसँग मिल्छ[४५] (चित्र नं. २२)। वास्तवमा तात्कालीन भारतको बङ्गाल तथा बिहारमा बौद्ध सम्प्रदायसँग सम्बन्धित प्रशस्त मूर्तिहरू निर्माण भएका तर अनुपातको हिसाबले हिन्दु मूर्तिहरू कम निर्माण भएका र ती मूर्तिहरूमा पनि विष्णुका मूर्तिहरूले महत्त्वपूर्ण स्थान ओगटेका थिए। यसैको प्रभावस्वरूप सिमरौनगढ क्षेत्र, हरिहरक्षेत्र आदि ठाउँबाट प्राप्त नेपाली मूर्तिहरूमा समकालीन पूर्वी भारतीय पाल तथा सेन कला शैलीको प्रयोग गरियो अथवा मूर्ति निर्माण गर्ने कलाकारहरू नै भित्र्याइएको पनि हुन सक्छ।

सिमरौनगढको कंकाली स्थान तथा खजहनीमा प्राप्त विष्णुका मूर्तिहरूका शैलीसँगै मेल खाने चतुर्वाहु विष्णुका मूर्तिहरू वाल्मीकि आश्रम (हरिहरक्षेत्र) बाट पनि प्राप्त भएका छन्। वाल्मीकि आश्रमबाट प्राप्त बाह्रौं देखि चौधौं शताब्दीभित्रका मूर्तिको श्रेणीमा पर्ने चतुर्वाहु विष्णु मूर्तिहरूमध्ये बायाँ माथिल्लो हातदेखि घडीगत रूपमा क्रमशः चक्र, शङ्ख, पद्म तथा गदा हातमा लिएका चतुर्विंशतिव्यूह अन्तर्गतका (पद्म पुराण तथा रूपमण्डनका आधारमा) त्रिविक्रम विष्णुको मूर्ति एक उल्लेखनीय मूर्तिमा पर्दछ (चित्र नं. २३)। यस क्षेत्रका सबै विष्णुका मूर्तिमा पेटको भाग केही बाहिर उठाई लुँदा निस्केको देखाइएको छ। यस मूर्तिफलकमा विष्णुलाई नाल तथा कलात्मक पातसहितको दोहोरो पद्मपीठमाथि समभंग मुद्रामा उभिएको देखाइएको छ। पश्चिम बंगालको बलुरघारबाट प्राप्त त्रिविक्रम मूर्तिको तुलनामा यस मूर्तिको शृङ्गारिकता अझ भद्दा किसिमको देखिन्छ। मूर्ति बनाउने कलाकारले आंगिक अनुपातमा ध्यान दिएको देखिँदैन। शरीरको माथिल्लो भागको तुलनामा कम्मरदेखि मुनीको भाग अस्वाभाविक रूपले लामो तथा अमिल्दो बनाइएको छ। सामान्यतः विष्णुको शिरमा देखिनु पर्ने किरीट मुकुटको स्थान माथिल्लो भागमा छत्राकारको करण्ड मुकुटले लिएको देखिन्छ यद्यपि मुकुटको तल्लो भागमा किरीट मुकुटमा हुनुपर्ने चुच्चा आकृत्ति पनि छन्। त्रिविक्रम विष्णुको तल्लो भागका दायाँ बायाँ दुई मानवाकृति आफ्ना एक एक हात तिघ्रामा अड्याई भङ्ग मुद्रामा उभिएका छन्। यी मानवाकृति श्री तथा पुष्टिका शैलीमा उभिएका छन्। चित्र प्रष्ट नभएका कारण किटान गर्न सकिन्न। सो मूर्तिहरूभन्दा केही तल दायाँ बायाँ दुई मानवाकृति विष्णुको आराधना गरिरहेको अवस्थामा देखिन्छन्। यी आकृतिभन्दा बाहिर पनि स–साना मानवाकृति छन्। सम्पूर्ण मूर्तिफलक अलङ्करणयुक्त छ। जसमा मुकुट, हार, कुण्डल, केयूर, रत्नाजडित कटिबन्ध, उर्ध्ववस्त्रमा गम्छा, तथा अधोवास्त्रमा धोतीको प्रयोग छ। विष्णुको शिरमाथि दायाँबायाँ हातमा माला लिएका विद्याधर लगायत फलकको माथिल्लो भाग बीचमा क्षेपुको आकृति पनि यहाँ देखिन्छ। मोहन खनालले यस मूर्तिको समय बाह्रौं शताब्दी बताएका छन्।[४६]

वाल्मीकि आश्रमबाटै अर्को एक विष्णुको स्थानक मूर्ति प्राप्त भएको छ। यस विष्णु मूर्तिका माथिल्लो बायाँ हातमा गदा, तल्लोमा चक्र, तथा माथिल्लो दायाँ हातमा डाँठ सहितको कलात्मक कमल तथा तल्लो हातमा ठाडो पारेर लिएको अवस्थाको शङ्ख देखिन्छ। हातमा लिएका आयुधका आधारमा यी विष्णुलाई रूपमण्डनले 'नारायण' नाम दिएको छ (चित्र नं. २४)। यो मूर्ति पनि कंकालीस्थान, खजहनी लगायतका सिमरौनगढ भेकमा प्राप्त अन्य विष्णुका मूर्तिहरूकै शैलीलाई

पछ्याएर बनाइएको छ। नारायण विष्णुको दायाँ बायाँ श्री तथा पुष्टिलाई यहाँ पनि स्थान दिइएको छ। दुवै मूर्ति कलात्मक वस्त्राभूषणद्वारा सजिएका छन्। श्री तथा पुष्टिभन्दा पनि तल स-साना मानवाकृतिहरू देखिन्छन् जो श्री तथा पुष्टिका परिचारिका हुनु सम्भव छ।

यसै स्थानबाट प्राप्त अर्को एक विष्णु (वासुदेव) को मूर्तिमा उनका दुई आयुधहरूलाई मानवाकृतिमा देखाइएको छ। मूर्तिफलकमा माथिल्ला दुवैतर्फका हात खण्डित भएका कारण कुन हातमा के आयुध यकिनन भन्न सकिन्न। तर तल्ला हातहरूमध्ये बायाँ तर्फको हातमा ठाडो पारेर समातेको शङ्ख देख्न सकिन्छ ठीक त्यही हातको तल भङ्ग मुद्रामा मानवाकृति देखिन्छ। दायाँतर्फको तल्लो हात यद्यपि खण्डित छ तर खण्डित हात मुनि फक्रिएको कमलको आकृति तथा ठीक त्यससँगै जोडिएको करण्ड मुकुट लगाएको एक मानवाकृतिलाई भङ्ग मुद्रामा नै देखाइएको छ। प्रतिमा विज्ञानका पुस्तकमा उल्लेख गरे अनुसार विष्णुले चारहातमा लिने आयुधलाई मानवाकृतिमा प्रस्तुत गर्दा गदालाई स्त्री रूपमा तथा शङ्खलाई पुरुषरूपमा देखाउनुपर्दछ। यस्तै चक्र तथा पद्मलाई नपुंसक (eunuch) रूपमा देखाउनु पर्दछ।[४७] यस आधारमा यस मूर्ति फलकमा दुई आयुधपुरुषहरूलाई मानवाकारमा देखाइएको प्रष्ट हुन्छ। मूर्ति फलकको माथिल्लो बायाँतर्फको भाग खण्डित छ। तर पनि विष्णुले लगाएका मुकुट लगायत कुण्डल, हार, कटिबन्ध, बाजु, जनै, वनमाला, धोती आदि वस्त्राभूषणहरू सिमरौनगढ क्षेत्रका विष्णु मूर्तिहरूसँग मेल खाने देखिन्छन्। रूपमण्डनलाई आधार मान्दा दायाँ तल्लो हातमा पद्म (आयुध पुरुष) तथा बायाँ तल्लो हातमा शङ्ख (आयुध पुरुष) धारण गरेका यी विष्णुको माथिल्लो दायाँ हातमा (खण्डित भागमा) चक्र र खण्डित माथिल्लो बायाँ हातमा गदा रहेको अनुमान गर्दै यिनलाई त्रिविक्रम विष्णु स्वीकार्न सकिन्छ (चित्र नं. २५)। यस मूर्तिफलकमा देखिएका अन्य विशेषताहरूमा फलकको बीच बीचमा हावादारी प्वाल बनाई मूर्तिलाई आकर्षक बनाउन खोजिएको छ। मूर्तिफलकमा गोहीका आकृति तथा आयुध पुरुषको दायाँ बायाँ केही तल दुई पुरुष मूर्तिहरू छन् जो विष्णुका द्वारापाल हुनुपर्छ। कलाकारले सम्पूर्ण मूर्ति फलकलाई अनेकौं फूलबुट्टा तथा विष्णुको शिर पछाडिको प्रभावलीलाई चक्राकार बनाई आकर्षक बनाउन खोजेको देखिन्छ। यो मूर्तिलाई बाह्रौं/तेह्रौं शताब्दीको मूर्तिको श्रेणीमा राख्नु अनुपयुक्त देखिँदैन।

वाल्मीकि आश्रमबाटै प्राप्त अर्को एक विष्णु मूर्ति फलकमा चित्रण गरिएका अन्य विभिन्न आकृतिहरूका (देवता) आधारमा फरक देखिन्छ। यस मूर्ति फलकमा

वरिपरि विष्णुका दश अवतारका आकृतिहरू कुँदिएका छन्। मूर्ति निर्माण शै
भेषभूषा लगायतका विशेषताहरू माथि उल्लेखित विष्णुका मूर्तिहरूसँगै मेल
देखिन्छन्। कालो चिल्लो ढुङ्गामा नै निर्मित यस मूर्तिफलकमा कीर्तिमुख भ
लगायत विद्याधरहरूले पनि स्थान पाएका छन्। विष्णुका चार हातमा दायाँ माथि
घडीगत रूपमा क्रमशः गदा, चक्र, डाँठसहितको फक्रिएको कमल तथा
देखिन्छ। यसका साथै उनका तल्ला हातहरूको ठीक तल आयुध पुरुषहरू
उत्कीर्ण गरिएका छन्। शङ्ख पुरुषको दायाँतर्फ बायाँ हातले लामा डाँठसहित
कमल पुष्प लिएकी लक्ष्मी भङ्ग मुद्रामा चित्रित छन् उनको दायाँ हातमा
जस्तो वस्तु देखिन्छ तर उनले एक हातले अमृतघट लिने विधान प्रतिमा विज्ञान
पुस्तकमा भएको कुरा माथि पनि उल्लेख गरिसकिएको छ। पद्म आयुध पुरुष
बायाँतर्फ हातमा वीणा लिइ बजाउन व्यस्त पुष्टि पनि भङ्ग मुद्रामा नै देखिन्छ
उनीहरूका वस्त्राभूषणहरू स्वाभाविक देखिन्छन्। यस मूर्तिफलकमा पनि मूर्ति
आकर्षक तथा छाँटकाँट मिलेको बनाउन कलाकारले फलकका विभिन्न ठाउँ
काटेर छरितो बनाएका छन्। विष्णु मूर्तिका वस्त्राभूषणमा घुँडासम्मको ला
धोती, तिघ्रासम्म पुग्ने लामो जनै, तल्लो अनुपातमा माथिल्लो भाग सानो
अन्तमा छत्राकार बनाइएको मुकुट, गलामा हार तथा लामो कम्मरको तहस
पुगेको मोतीको माला, अलंकृत कटिबन्ध लगायत केयूर, नूपुर, बाला जस्ता गहना
मूर्ति ढपक्कै ढाकिएको छ अझ घुँडासम्मको वनमालाको प्रयोगले मूर्ति
शृङ्गाकारिकतामा अझ वृद्धि भएको भन्नु पर्दछ। यस मूर्तिमा विष्णुले लिए
आयुधहरूको स्थिति हेर्दा रूपमण्डनले तोके अनुरूपको उपेन्द्र विष्णुको मू
यसलाई मान्नु पर्दछ। यस मूर्तिफलकको अर्को महत्त्वपूर्ण विशेषता उपेन्द्र वि
उभिएको पीठिकामा ठीक विष्णुको गोडाभन्दा तल कमलाकृति बनाई त्यसमा
एक मानवाकृतिलाई उभिएको अवस्थामा देखाइएको छ। तर आकृति सानो भएक
कारण सबै विशेषताबारे प्रष्ट हुन सकिन्न तापनि विष्णुको चरण मुनी कुनै भ
अञ्जली मुद्रामा उभिएको हुनु पर्छ। यस कमलाकृति बाहिर दायाँ बायाँ अ
भक्तहरूका आकृति पनि कुँदिएका छन् जो भगवान् प्रति आफ्नो भक्तिभाव दर्शा
व्यस्त देखिन्छन् (चित्र नं. २६)।

माथि उल्लेखित विभिन्न ठाउँका चतुर्वाहु विष्णुका मूर्तिमा उनले हातमा लिए
आयुधहरूको स्थिति हेर्दा यस क्षेत्रमा चतुर्विंशतिव्यूह विष्णुको मूर्ति पूजनको प्रचल
रहेको कुरामा शंका गर्नुपर्ने कुनै ठाउँ देखिँदैन अर्थात् बाह्रौं/चौधौं शताब्दीताका नेपाल
दक्षिण–पूर्वी क्षेत्र यस मतका अनुयायीहरूको क्षेत्र रहेको विश्वास गर्न सकिन्छ।

बाह्रौंदेखि चौधौं शताब्दीसम्म सिमरौनगढ लगायत हरिहर क्षेत्रसम्म महत्त्वपूर्ण स्थान ओगटेका विष्णुका चतुर्विंशतिव्यूह रूपको प्रचार प्रसार काठमाडौं उपत्यकामा तुलनात्मक रूपमा किन भएन वा यससँग सम्बन्धित मूर्तिहरू किन कम निर्माण गरिए यो अध्ययनकै विषय छ। तर चित्रकलामा भने चतुर्विंशतिव्यूह रूपी विष्णुका आकृतिहरू कोरिएका उदाहरणहरू प्राप्त भएका छन्। नेपाल सम्वत ३४०/१२२० ई. को अभय मल्लको समयको विष्णुधर्म नामक हस्तलिखित ग्रन्थको गातामा व्यूहरूपी विष्णुका १२ वटा चित्रहरू कोरिएका छन्[४८] (चित्र नं. २७)। ने.सं. ४९२/१३७२ इ. को अर्को एक हस्तलिखित ग्रन्थ वैष्णवामृतसारोद्धारको गातामा पनि चतुर्विंशतिव्यूहरूपी विष्णुका १२ स्वरूपहरू (हातमा लिएका आयुधका आधारमा) चित्रित छन् तर यस गातामा कोरिएका चित्रहरू शक्ति सहित वा वासुदेव कमलाजको रूपमा कोरिएका छन्।[४९] माथि उल्लेख गरेबाहेक कान्तिपुरका राजा प्रताप मल्लको पालाको ने. सं. ७६८।१६४८ इं को 'श्रीमद्भागवतम्' नामक हस्तलिखित ग्रन्थका गातामा पनि चतुर्विंशतिव्यूहरूपी विष्णुलाई शक्ति सहित (अर्ध नारीश्वर) वैकुण्ठ–कमलाज कै रूपमा हातमा लिएका आयुधहरू फरक पारी चित्रण गरिएको पाइन्छ।[५०]

ने.सं. ५४०/१४२० ई. को दायाँ बायाँ क्रमश लक्ष्मी तथा गरुडसहितको विष्णु मण्डललाई पनि चतुर्विंशुतिव्यूहमध्येका १२ व्यूहरूपी विष्णुहरू भएको मण्डलले घेरेको छ।[५१] यी सबै व्यूहरूपी विष्णुहरूलाई मण्डलाकारभित्र कमलको पत्र (Petal) आकारको १२ वटा खोपा बनाई तिनै खोपाहरूमा स्थान दिइएको छ (चित्र नं. २८)। यो विष्णु मण्डल Nasli and Alice Heeramaneck, Newyork, को संग्रहमा रहेको कुरा पालले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। माथि उल्लेख गरेबाहेक ने.सं. ८०६/१६८६ इ. को Prince of Wales Museum, Bombay मा रहेको विष्णु मण्डलमा पनि १२ व्यूहरूपी विष्णुहरू चार तहको मण्डलभन्दा माथि दोस्रो लहरमा चित्रित छन्। चतुर्व्यूह विष्णुहरू वासुदेव, संकर्षण, प्रद्युम्न तथा अनिरुद्धबाट उत्पन्न उपव्यूहहरू जस्तो वासुदेवबाट उत्पन्न केशव, नारायण तथा माधव, संकर्षणबाट उत्पन्न गोविन्द, विष्णु तथा मधुसूदन, प्रद्युम्नबाट उत्पन्न त्रिविकम, वामन तथा श्रीधर र अनिरुद्धबाट उत्पन्न ऋषिकेश पद्मनाभ र दामोदरलाई १२ व्यूहरूपी विष्णुका रूपमा चित्रण गरिने कुराको उल्लेख माथि नै परिसकेको छ। यिनै १२ व्यूहरूपी विष्णुहरूले माथि उल्लेखित विष्णु मण्डलमा स्थान पाएका हुन्।

ढुङ्गा तथा चित्र बाहेक धातुमा पनि व्यूहरूपी विष्णुका मूर्तिहरू निर्माण

भएका उदाहरणहरू पाइन्छन्। Nasli and Alice Hearamaneck को संग्रह रहेको एक धातुको स्थानक विष्णु मूर्तिमा विष्णुलाई कलात्मक पात तथा डाँठसहितको पद्मपीठमाथि देखाइएको छ। चार भुजायुक्त विष्णुले बायाँतर्फको माथिल्लो हातमा गदा तथा तल्लोमा शङ्ख लिएका छन् भने उनको दायाँतर्फको माथिल्लो हातमा ज्वालासहितको चक्र देखिन्छ। दायाँतर्फको तल्लो हातमा बूढी औंला र चोर औंलाले च्यापेको अवस्थामा पद्मबीजलाई देखाइएको छ (चित्र नं. २९)। आयुधहरूलाई माथि उल्लेखित स्थितिमा देखाइने विष्णुलाई प्रतिमा विज्ञानका पुस्तकमा श्रीधर विष्णु नाम दिइएको छ। काठमाडौं उपत्यकामा पाइएका अधिकांश मूर्तिहरू चाहे जलशयन विष्णुका मूर्तिहरू वा लक्ष्मी तथा गरुडसहितका विष्णुका मूर्ति हुन् वा गरुडासन विष्णु मूर्ति नै किन नहुन् हातमा आयुध लिएका स्थिति हेर्दा रूपमण्डनले बताए अनुरूपको श्रीधर विष्णुले लिने प्रकारको देखिन्छ। त्यस्ता मूर्तिहरूको चर्चा अगाडिको अध्यायमा परिसकेको छ। यस मूर्तिलाई पालले पन्ध्रौं शताब्दीको बताएका छन्। शारीरिक विशेषताको आधारमा उनले दिएको समय त्यति नमिल्दो छैन।

व्यूहरूपी विष्णुअन्तर्गत पर्ने नारायण जसका चार हातहरूमा बायाँ माथिल्लो हातदेखि दायाँ माथिल्लो हातसम्म घडीगत रूपमा क्रमशः गदा, चक्र, शङ्ख तथा पद्म लिएको देखाउनु पर्ने विधान रूपमण्डनमा उल्लेख गरिएको छ, सोही अनुरूपको एक धातुको स्थानक विष्णुको (नारायण) मूर्ति भारत कला भवन बनारसको संग्रहमा छ (चित्र नं. ३०)। यस धातु मूर्ति दोहोरो पद्मपीठ माथि समभंग मुद्रामा उभिएको छ। ज्वालायुक्त प्रभावली, कलात्मक किरीटमुकुट, पुष्प, कुण्डल, दुई तहको हार, फूलबुट्टे केयूर, बाला, झण्डै घुँडाको हाराहारीसम्म पुगेको लामो जनै, कलात्मक बुट्टा युक्त नूपुर लगायत अधोवस्त्रको रूपमा धोती तथा उर्ध्व वस्त्रको रूपमा कलात्मक तरिकाले दुवै काँधबाट लर्काइएको लामो गम्छा (sash) लगायत मुखाकृति आदि शारीरिक विशेषतातर्फ विचार गर्दा यो मूर्ति उपल्लो मल्लकालीन कलाकारिताको उपज हो भनी सजिलै चिन्न सकिन्छ। अझ पालले यस मूर्तिको समय १८ औं शताब्दी तोकेका छन्।

माथि उल्लेखित काठमाडौं उपत्यका लगायत उपत्यका बाहिरका सिमरौनगढ तथा हरिहर क्षेत्रमा पाइएका प्रस्तर तथा धातुका मूर्तिहरूका साथै विदेशी संग्रहालयमा रहेका विभिन्न मूर्ति तथा चित्रकलाका उदाहरणहरूले नेपालमा व्यूहरूपी विष्णु मूर्ति निर्माण गरी पूजा आजा गर्ने प्रचलन प्राचीनकालदेखि नै रहेको प्रष्ट हुन्छ। अझ पछिल्लो समयका चतुर्विंशतिव्यूह विष्णु मध्येका १२ व्यूहरूपी विष्णुका मूर्ति तथा चित्रहरूका माथि उल्लेखित उदाहरणहरूले तात्कालीन नेपाली समाज वैष्णव

सम्प्रदाय अन्तर्गतको पाञ्चरात्रमतसँग पूर्ण रूपमा परिचित थियो यसै कारण यस मत सम्बन्धी मूर्ति तथा चित्रहरू निर्माण गरी पूजा अर्चना गर्ने परिपाटीमा निरन्तरता रहेको कुरामा दुई मत हुन सक्तैन।

टिप्पणी

१. T.A. Gopinath Rao, **Elements of Hindu Iconography,** Delhi: Low Price Publications, 1999, P. 73.

२. J.N. Banerjee, **The Development of Hindu Iconography**, New Delhi: Munsiram Manoharlal, 1985, p. 385.

३. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ७४।

४. पि.एन. द्विवेदी, **वैदिक साहित्यका इतिहास**, वाराणसीः चौखम्बा सूरभारती पब्लिकेशन्स, १९८७, पृ. ३८।

५. प्रेम कुमार खत्री, **नेपालका धार्मिक मत र सामाजिक संरचना**, काठमाण्डौंः एम्. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स, २०५४, पृ. ३७।

६. सत्यकेतु विद्यालंकार, **प्राचीन भारतका धार्मिक, सामाजिक और आर्थिक इतिहास**, नई दिल्लीः श्री सरस्वती सदन, २००० पृ. ८०।

७. वासुदेव उपाध्याय, **प्राचीन भारतीय मूर्ति विज्ञान**, पटना : चौखम्बा संस्कृत सिरिज अफिस, १९७०, पृ. ८३-८४।

८. विद्यालंकार, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ६, पृ. ८६।

९. उपाध्याय, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ७, पृ. ९१।

१०. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २३९।

११. Pratapaditya Pal, **Vaishnava Iconology In Nepal**, Calcutta: The Asiatic Society, 1970, p. 62-63.

१२. गोविन्दप्रसाद भट्टराई, **मूर्तिकला-लक्षण सहित प्राचीन नेपाली मूर्तिहरू**, काठमाडौं, इल्या भट्टराई २०४१, पृ. १४-१५।

१३. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २३१-२३३।

१४. धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौंः नेपाल र एसियाली अध्ययन संस्थान, २०३०, पृ. २८३-२८४।

१५. उही, पृ. ३९२।

१६. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २२९ ।

१७. शोभा ढुङ्गेल, **नारायण हिटी–नारायण स्थानः एक अध्ययन,** अप्रकाशित शो ग्रन्थ, एम. ए. त्रि.वि. २०५३ पृ. २४ ।

१८. Mary S. Slusser, **Nepal Mandala: A Cultural Study of th Kathamandu Valley, Vol. 2**, Kathmandu, Mandala Book Poin 1998, P. 386-387.

१९. भट्टराई, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १२, पृ. २७ ।

२०. स्लसर, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १८, पृ. २४४ ।

२१. **इतिहास संशोधन मण्डलको प्रमाण प्रमेय भाग १,** काठमाडौं: संशोधन मण्डल, पृ. १४ ।

२२. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २३९ ।

२३. Lain Singh Bangdel, **Inventory of Stone Sculptures of the Kathmandu Valley,** Kathmandu: Royal Nepal Academy, 1995, p. 245.

२४. वीणा पौड्याल, **सर्वेश्वर महादेव,** काठमाडौं: डा. ठाकुरनाथ पन्त स्मृति गुठी, २०२६, पृ. १४२ ।

२५. **Vishnudharmattara Purana III**, Translated by: Priyambala Shah, Delhi: Parimal publiations, 2002, P. 149.

२६. स्लसर, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १८ ।

२७. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २५६–२५७ ।

२८. बनर्जी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २, पृ. ३८८ ।

२९. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २२८ – २३० ।

३०. **उही** पृ. २३७–२३८ ।

३१. **उही** पृ. २३९–२४० ।

३२. **उही**, पृ. २४०–२४१

३३. **उही**, पृ. २४२–२४३ ।

३४. **उही**, पृ. २४३ .

३५. पाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ११, पृ. ६३ ।

३६. बज्राचार्य, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १४, पृ. २६० ।

३७. **उही,** पृ. २८३ ।

३८. **उही,** पृ. ५४० ।

३९. **उही,** पृ. ५९१ ।

४०. लैनसिंह वाङदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ. ११०-११६ ।

४१. साबित्री मैनाली, "नेपाली कलामा धर्म समन्वयवाद" **भ्वाइस अफ कल्चर,** काठमाडौं : डिपार्टमेण्ड अफ नेपलिज हिस्ट्री, कल्चर एण्ड आर्कियोलोजी, पद्मकन्या बहुमुखी क्याम्पस, २०६६, पृ. ४९ ।

४२. वाङदेल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २३, पृ. १११ ।

४३. Jurgen Schick, **The Gods are Leaving the Country**, Bangkok: Orchid Press, 1998, page 78.

४४. मोहनप्रसाद खनाल, **सिमरौनगढको इतिहास,** काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५६, पृ. ८४ ।

४५. Susan L. Huntington, **Art of Ancient India,** New York, Tokyo: Weatherhill, 1985. page 409.

४६. खनाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ४४ पृ. १४५ ।

४७. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २८८-२८९ ।

४८. Sabitree Mainali, **Hindu Miniature Paintings of the Kathmandu Valley**, Kathmandu: Bishwa Kanta Mainali, 2009, page 216.

४९. **उही,** पृ. २१८ ।

५०. **उही,** पृ. २२०-२२१ ।

५१. पाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ११, पृ. ८० ।

अध्याय पाँच

विष्णु मूर्ति फलकका महत्त्वपूर्ण पात्रहरू

लक्ष्मी

लक्ष्मीको नाम सुन्नासाथ विष्णु भगवानकी अर्धाङ्गिनी तथा धन सम्पत्तिकी देवी (श्रोत), एकै ठाउँमा बस्न मन नपराउने चञ्चल देवीको सम्झना भइहाल्छ। यिनै लक्ष्मी जसले समय अनुरूप आफ्नो स्वरूप परिवर्तन गरी विभिन्न अवतार लिएको पौराणिक ग्रन्थहरूले बताएका छन्। देवी भागवत पुराणको नवौं स्कन्धमा उल्लेख भए अनुसार महाविष्णुकी अर्धाङ्गिनी महालक्ष्मी परमात्माको (supreme being) बामाङ्गबाट उत्पन्न भएकी हुन्। परमात्माकै आज्ञा आदेश वा इच्छा अनुरूप उनले आफ्नो शरीरलाई दुई सुन्दर मोहिनी कन्याको रूपमा बाँडिन्। यी दुई सुन्दर मोहिनीहरूमध्ये एक लक्ष्मी देवी तथा अर्की राधा देवीको रूपमा लोकपृय भए। यिनीहरू दुवै श्रीकृष्णलाई वरण गर्न लालयित भएपछि स्वयं भगवान महाविष्णुले आफ्नो शरीरको बायाँ भागबाट श्रीकृष्ण तथा दायाँ भागबाट विष्णुको रूपमा आफूलाई वर्गीकरण गरी कृष्ण तथा विष्णुको रूपमा संसारमा प्रख्यात भए।[1]

लक्ष्मीले समय तथा परिस्थिति अनुरूप विभिन्न अवतार लिएको बारेमा देवी भागवतको नवौं स्कन्धमा भनिएको छ 'दुर्वासा ऋषिको श्रापले गर्दा देवताहरू बुढा तथा चाउरी पर्न लागे। यो कुरा इन्द्रमा समेत लागू भयो। इन्द्रको यस्तो अवस्था भएपछि उनको राजोचित गौरव पनि गुम्यो जसले गर्दा स्वर्गलक्ष्मी इन्द्रलाई परित्याग गरी वैकुण्ठ पुगेर महाविष्णुमा समाहित भइन्। देवताहरूको यो अवस्था भएपछि ज्यादै दुःखी भएर देवताहरू सत्यलोक पुगी ब्रह्मासँग निवेदन गरे। स्वयं ब्रह्मा पनि यसबारे केही गर्न नसक्ने अवस्थामा रहेपछि सबै मिली महाविष्णुको निवासस्थान वैकुण्ठ पुगेर आफ्नो व्यथा बताए। महाविष्णुले महालक्ष्मीलाई क्षीरसागर

कन्याको रूपमा जन्मी देवताहरूको उद्धार गर्न निर्देशन दिए अनुरूप नै समुद्र मन्थन भएको, समुद्र मन्थनबाट निस्केका महत्त्वपूर्ण वस्तुहरू देवता र दानवहरूले बाँडेर लिए ।'[२] कामधेनु गाई, ऐरावत हात्ती, कौस्तुभमणि, कल्पवृक्ष, अप्सराहरू, श्रीलक्ष्मी, वारुणीदेवी, धन्वन्तरी लगायत कालकुट विष पनि समुद्र मन्थनबाटै निस्केको र संसारको रक्षा गर्न शिवले कालकुट विष पिई नीलकण्ठ स्वरूपमा रहेको कुरा पनि पुराणबाटै थाहा पाइन्छ। क्षीरसागर कन्याको रूपमा देखा परेकी कन्या (लक्ष्मी) सम्पूर्ण देवताहरूलाई आशीर्वाद दिँदै महाविष्णुको गलामा वरमाला पहिऱ्याई पुनः महाविष्णुकै अर्धाङ्गिनीको रूपमा रहेको तथा लक्ष्मीको कारणबाट आफूहरू पुनः पहिलेकै अवस्थामा फर्किएका कारण विभिन्न वस्तु अर्पण गर्दै देवताहरूले श्री लक्ष्मीको पूजा गरेको कथा समेत देवीभागवत नवौं स्कन्धमा नै उल्लेख गरिएको छ ।[३]

भागवत पुराणमै उल्लेख भए अनुसार विभिन्न देवी देवताले लक्ष्मीलाई उपहार दिए। जसमध्ये इन्द्रले विशेष आसन, ब्रह्माले कमल, नागहरूले दुई कुण्डल, सरस्वतीले मोतीको हार, समुद्रले एक जोडी रेशमी पिताम्बर तथा नदीहरूले स्त्रीरूप लिई सुवर्ण कलशमा जल चढाए। पृथ्वीले (भूदेवी) अभिषेकको लागि आवश्यक पर्ने विभिन्न औषधिजन्य वस्तुहरू, वसन्तऋतुले आफ्नो ऋतुमा फूल्ने विभिन्न फूल लगायतका वस्तु चढाएर लक्ष्मीको स्वागत गरे ।[४] समुन्द्र मन्थनबाट निस्केका विभिन्न वस्तुहरूमध्येको कौस्तुभमणिले विष्णु भगवानको छातीको शोभा बढाएको पौराणिक कथामा उल्लेख भएकै आधारमा सम्भवतः कलाकारले विष्णुको छाती कौस्तुभमणिले सजाएको विभिन्न मूर्ति तथा चित्रहरूको अध्ययन अवलोकन गरेबाट प्रष्ट हुन्छ।

मार्कण्डेय पुराणमा उल्लेख भए अनुसार यिनै महालक्ष्मी (जो गुप्तरूपी देवी हुन्) ले समय र आवश्यकता अनुरूप लक्ष्मी, महाकाली तथा सरस्वतीको रूप लिएकी हुन्, जसलाई प्रकृतिका राजस, सात्विक तथा तामश गुणको रूपमा जानिन्छ। सृष्टिको समयमा उनी महाकाली हुन्छिन् प्रलयको समयमा महामारी हुन्छिन्। त्यसरी नै संसारलाई सुख समृद्धिमय बनाउन लक्ष्मी कहिन्छिन् भने ऐश्वर्य तथा सम्पति नाश गर्ने समयमा उनीनै अलक्ष्मी वा ज्येष्ठा देवी कहिन्छिन् ।[५] उनै महालक्ष्मीले सृष्टिको क्रममा आफुलाई नीलकण्ठ, रक्तबाहु, श्वेताङ्ग, चन्द्रशेखर, रुद्र, शंकर, स्थाणु तथा त्रिलोचनको रूपमा चिनाउँछिन्। त्यसरीनै महाविद्या, महावाणी, भारती, वाक्देवी, सरस्वती आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, तथा ईश्वरीको रूपमा पनि प्रकट हुन्छिन्। यस बाहेक विष्णु, कृष्ण, ऋषिकेश वासुदेव, जनार्दन, उमा, गौरी, सती, चण्डी, सुन्दरी, शूभगा र शिवा पनि उनै हुन्। यिनै

विभिन्न गुणहरूमध्ये राजश गुणअन्तर्गतमा पर्ने देवी महालक्ष्मी नै संसारमा प्रसि लक्ष्मी हुन्।[६]

विभिन्न पुराण तथा प्रतिमा विज्ञानका पुस्तकहरूमा लक्ष्मीको स्वरूपक बारेमा वर्णन गरिएको पाइन्छ। माथि उल्लेख गरिए झैं उनलाई महालक्ष्मी स्वर्गलक्ष्मी, राज्यलक्ष्मी, ब्रह्मलक्ष्मी लगायत श्री, गजलक्ष्मी, जयलक्ष्मी आदि विभिन्न नामले सम्बोधन गरी उनका विभिन्न रूपका मूर्ति तथा चित्रहरू बनाउ नियम विभिन्न पुराण तथा प्रतिमाविज्ञानका पुस्तकमा उल्लेख गरिएको पाइन्छ विष्णुधर्मोत्तर पुराणमा गोरो वर्ण, दिव्य स्वरूपा, सेतो वस्त्र पहिरेकी, कमल धारण गरेकी, कमल हातमा लिएकी लक्ष्मीलाई विष्णुका साथमा देखाउनु तर लक्ष्मी एक्लैको मूर्ति निर्माण गर्नु पर्दा चार हात भएकी लक्ष्मीलाई सिंहासन माथि अष्टदल कमल माथि विराजमान गराउनु। देवीका चार हातहरूमध्ये दायाँतर्फको एक हातमा डाँठ सहितको कमल लिएको देखाउनु। बायाँतर्फको एक हातमा अमृतघट र बाँकी दुई हातमध्ये एकमा बेल तथा अर्कोमा शङ्ख गराउनु। यस्तो प्रकारको लक्ष्मीको मूर्ति बनाउँदा लक्ष्मीको पछाडिपट्टि दुई हात्तीले दुबै तिरबाट सुवर्ण कलशले स्नान गराएको तथा शिरमा कमलको फूल पहिरेको देखाउनु।[७] मत्स्यपुराण तथा अग्निपुराणमा लक्ष्मीका दुई हातमध्ये दायाँ हातमा कमल तथा बायाँ हातमा बेल लिएको तथा पछाडिबाट दुई हात्तीले सुवर्ण कलशले लक्ष्मीलाई जल अर्पण गरिरहेको देखाउनु साथै पार्श्ववर्ती नारीहरूले चमर हम्किरहेको देखाउनु। उनलाई सिंहासनमाथि पद्मासनमा विराजमान गराउनु भनिएको छ।

हेमाद्रि व्रतखण्डमा पनि महालक्ष्मी तथा श्रीलक्ष्मीका मूर्तिका लक्षणको नियम बताइएको छ। जसअनुसार महालक्ष्मीको मूर्ति निर्माण गर्दा चार हातयुक्त महालक्ष्मीको मूर्ति निर्माण गराउनु जसमध्ये दायाँतर्फको माथिल्लो हातमा गदा तथा तल्लोमा पात्र लिएको देखाउनु। त्यसरी नै बायाँतर्फको माथिल्लो हातमा ढाल (खेटक) तथा तल्लोमा बेल (श्रीफल) लिएको देखाउनु भनिएको छ। श्री लक्ष्मीको मूर्ति निर्माण गर्दा उनलाई नवयौवना, पुष्ट गाला तथा उन्नत स्तन भएकी, मणियुक्त कुण्डल लाएकी, सिन्दूर, टीका, पद्म, स्वस्तिक तथा शङ्खले सुशोभित, कन्चुक हार पहिरेकी, हात्तीको सुँढ जस्तो पाखुरामा केयूर, कटक लाएकी, बायाँ हातमा पद्म, दायाँमा श्रीफल (बेल) लिएकी, मेखला पहिरेकी उत्तम वस्त्राभूषणद्वारा अलंकृत पद्मासनमा बसेकी गराउनु। उनको पछाडि दुबैतिरबाट दुई हात्तीले सुनका घडाले स्नान गराएको देखाउनु साथै सुनकै झारीले उनका पाउ धोएको देखाउनु, पार्श्ववर्ती नारीहरूले चमर हम्किरहेको देखाउनु। वरिपरि लोकेश्वर, गन्धर्व तथा गुह्यकहरूद्वारा

स्तुति गरिएको सुन्दर श्रीको मूर्ति बनाउनु भनिएको छ।

अंशुमद्भेदागममा पनि लक्ष्मीको मूर्ति बनाउने विधान बताइएको छ। जस अनुसार सुनौलो वर्णकी, बहुमूल्य रत्नाभूषण लगाएकी, कम्मरमा कमरबन्ध, नाकमा नक्रकुण्डल लगाएकी, सुन्दर आँखीभौंयुक्त कमलपत्र जस्ता नयन भएकी, शिरमा पनि विभिन्न गहना लगाएकी दुई भुजायुक्त देवीलाई दायाँ हातमा पद्म तथा बायाँ हातमा श्रीफल लिएको देखाउनु।

शिल्परत्नले विष्णुको साथमा उनलाई देखाइन्छ भने उनको गोरो वर्ण, बायाँ हातमा कमल तथा दायाँ हातमा विल्वफल लिएकी, मोतीको हार लगाएकी, दायाँ-बायाँ पार्श्ववर्ती नारीहरूले चमर हम्किरहेको देखाउनु तर जब उनलाई कुनै मन्दिरमा एकल मूर्तिको रूपमा स्थापना गर्ने उद्देश्यले बनाइन्छ भने उनलाई चार हातयुक्त, अष्टदल कमलमाथि सिंहासनमा बसेको देखाउनु। उनका दायाँतर्फका दुई हातमध्ये एकले डाँठ सहितको कमल र अर्कोले बेल लिएको देखाउनु। दायाँतर्फका हातमध्ये एकमा अमृतघट तथा अर्कोमा शङ्ख लिएको देखाउनु। शिरमा समेत पद्म पहिरनुका साथै हार, केयूर लगायतका गहनाद्वारा सुसज्जित गराउनु।[१०] विभिन्न प्रतिमा विज्ञानका पुस्तकमा उल्लेख भएका विधानहरूमा आधारित भएर (सबै हुबहु नमिले पनि) नै लक्ष्मीका मूर्तिहरू निर्माण भएका उदाहरणहरू नेपालबाट पनि प्राप्त गर्न सकिएको छ ।

नेपालमा प्राप्त भएका लक्ष्मीका मूर्तिहरू माथि उल्लेखित प्रतिमा विज्ञानका सबै नियमहरू पूर्णरूपमा पालना गरी बनाएको नदेखिए तापनि माथि उल्लेखित कतिपय नियमलाई शिरोधार्य गरेर नै बनाएको पाइन्छ। उदाहरणको रूपमा इशाको आरम्भिक शताब्दीताकाको मूर्तिको श्रेणीमा पर्ने पाटनस्थित च्यासलहिटीको गजलक्ष्मीको मूर्तिलाई लिन सकिन्छ। लैनसिंह वाङदेलले भारतमा इशा पूर्वका शताब्दीदेखि नै लक्ष्मीका मूर्ति बन्न थालेको भन्दै साँची तथा भारहुत स्तुपका रेलिङहरूमा उत्कीर्ण हात्तीले अभिषेक गरिरहेको नारी मूर्तिको चर्चा गरेका छन्। यस्तै इलाहाबाद संग्रहालयमा रहेको इ.पू दोश्रो शताब्दीको कोशाम्बीमा प्राप्त भएको गजलक्ष्मीको मूर्तिसँग पाटनको च्यासलहिटीमा रहेको गजलक्ष्मीको मूर्तिलाई तुलना गर्दै सो मूर्ति इशा पूर्व प्रथम शताब्दीको भएको कुरा लैनसिंह वाङदेलले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।[११]

च्यासलहिटीको गजलक्ष्मीको मूर्ति नेपालको इतिहासमा एउटा प्राचीन मूर्तिकलाको नमुनाको रूपमा रहेको छ। गह्रौं तथा मोटा प्राचीन भारतीय कुषाणकालीन मूर्तिमा प्रयुक्त गहनाकै शैली अनुरूपका गहना प्रयोग गरिएको यस मूर्तिमा लक्ष्मीलाई

समभङ्ग मुद्रामा उभिएको अवस्थामा देखाइएको छ। मूर्तिको दायाँ-बायाँ लाम डाँठ सहितका कमलगट्टा (कमलको बीज कोश) माथि उभिएका दुईवटा हात्तीहरूले लक्ष्मीलाई अभिषेक गरिरहेको देखाइएको छ। मूर्तिमा देवीका ठूलाठूला स्तन कस्सिएका तिघ्रा, फुकेको नितम्ब जस्ता विशेषताहरू देखिन्छन्। यस्तै विशेषतायुक्त थुप्रै मातृकाका मूर्तिहरू काठमाडौं उपत्यकाभित्रैबाट प्राप्त भएका छन् जसमा हौंगल बाहलकी मातृका, बालाजुकी हारतीमाता, कीर्तिपुर गणेश मन्दिरका मातृका, हाँडीगाँउ कोटाल टोलकी मातृका, छिन्नमस्ता मन्दिर (चाँगुनारायण परिसर) का मातृका बंगलामुखी मन्दिरका मातृका लगायत राष्ट्रिय नाचघरस्थित शक्तिको मूर्तिमा पनि समान विशेषता देख्न सकिन्छ। यसपछिका हात्तीद्वारा अभिषिक्त लक्ष्मीका मूर्ति प्राप्त छैनन् भन्दा पनि हुन्छ तर भक्तपुर तुलाक्षेटोलको बुरीबरी हिटीमा प्राप्त दुवैतिर एक-एक जोडी हात्तीद्वारा अभिषेक गरिएको कमलासनमा विराजमान लक्ष्मीको मूर्ति प्रप्त भएको छ। हाँडीगाउँ पीपलबोटबाट पनि प्राचीन भग्न एक मूर्ति फेला परेको र सो मूर्ति कमलाशनमा विराजमान रहेको आधारमा यो मूर्ति लक्ष्मीको हुनु पर्ने भनाई वाङदेलको छ। तर मूर्ति साह्रै भग्न छ। प्रलम्व पादासनको बसाइ तथा मोटा कल्लीको प्रयोग भएको यस मूर्तिलाई वाङदेलले काठमाडौं उपत्यकामा प्राप्त प्राचीन मूर्तिको रूपमा उल्लेख गरेका छन्। यतिमात्र नभई तिलौराकोटको उत्खननको क्रममा फेलापरेका माटाका श्री लक्ष्मीका सुंगकालीन मूर्तिकलाका विशेषता भएका मूर्तिहरूले पनि इशापूर्वकै शताब्दीदेखि नेपालमा लक्ष्मीलाई विभिन्न माध्यममा नेपाली कलाकारले उतारेका र ती मूर्तिहरूको पूजा उपासना गरेको बुझ्न सकिन्छ।

अभिलेखिक प्रमाणहरूले लिच्छविकालमा पनि श्रीदेवीको पूजा उपासना हुन्थ्यो भन्ने कुराको पुष्टी गरेका छन्। सं ३० को हाँडीगाउँको अंशुवर्माको अभिलेखमा 'श्रीदेवीको' लागि तीन पुराण छुट्याएको कुरा परेको छ।[१२] यद्यपि लिच्छविकालीन श्री देवी (लक्ष्मी) का एकल मूर्तिहरू फेला परेका छैनन्। तर नेपाली कलाकारहरूद्वारा निर्मित नेपालमै प्राप्त तथा विदेशी संग्रहालयको शोभा बढाउन पुगेका प्रस्तर तथा धातु मूर्तिहरूलाई निर्माण शैलीका आधारमा निम्नलिखित विभिन्न भागमा वर्गिकरण गर्न सकिन्छ :-

लक्ष्मीको एकल मूर्ति,

दुई हात्तीले सुँडले जलपात्र (घडा) समाती लक्ष्मीलाई अभिषेक गर्दै गरेका मूर्तिहरू

शेषशय्यामा सुतिरहेका विष्णुको पाउ मिच्दै गरेका विष्णुको छेउमा बसेका लक्ष्मीका मूर्तिहरू

विष्णु विक्रान्त मूर्तिफलकमा विष्णुको दायाँतर्फ सानो आकृतिमा उत्कीर्ण गरिएकी लक्ष्मी

विश्वरूप मूर्तिफलकमा विष्णुको दायाँतर्फ उत्कीर्ण गरिएकी लक्ष्मी

श्रीधर विष्णुमूर्तिफलकमा विष्णुको दायाँतर्फ स्थान दिइएकी लक्ष्मी

चतुर्विंशति विष्णुव्यूह मूर्तिफलकमा पार्श्वर्तीहरू सहित विष्णुको बायाँतर्फ उत्कीर्ण सरस्वती (पुष्टि) तथा दायाँतर्फ स्थान प्राप्त गरेकी लक्ष्मी

वाशुदेव-कमलाज (विष्णु अर्धनारीश्वर) को रूपमा मूर्ति तथा चित्रमा विष्णुसँगै देखाइएकी लक्ष्मी

वैष्णव मूर्तिफलकमै विष्णुको बायाँतर्फ भूदेवी तथा दायाँतर्फ उत्कीर्ण गरिएकी लक्ष्मी

भूदेवी सहितका गरुडासन विष्णु मूर्तिफलकहरूमा उत्कीर्ण श्रीदेवी

हरिहर मूर्तिफलकहरूमा हरिको बायाँतर्फ उत्कीर्ण गरिएकी लक्ष्मी।

विभिन्न विष्णु मूर्तिफलकहरूमा उत्कीर्ण माथि उल्लेखित लक्ष्मीका मूर्तिहरूको वर्णन विष्णुका विभिन्न स्वरूपका मूर्तिहरूको चर्चा गर्ने क्रममा नै गरिसकेको हुँदा यहाँ विवरण दिनु आवश्यक भएन तर विष्णुका मूर्तिसँगै तथा एकल लक्ष्मीका मूर्तिमा समेत लक्ष्मीलाई मूर्तिकला तथा चित्रकलामा प्रस्तुत गर्ने काम प्राचीन कालदेखि आधुनिक कालसम्मै अनवरत रूपमा नेपाली कलाकारहरूले गरेका उदाहरणहरू नेपालमा प्रसस्त भेटिएका छन् जसले शाक्त सम्प्रदायकी महत्त्वपूर्ण देवी तथा विष्णुकी अर्धाङ्गिनीको नेपाली समाजमा रहेको उच्चकोटिको स्थानलाई उजागर गरेको छ।

गरुड

सनातन धर्मावलम्बीहरूले पक्षीहरूको राजा गरुडलाई भगवान विष्णुको वाहनको रूपमा चिन्दछन्। तर कसरी गरुड विष्णुका वाहन हुन पुगे त्यसको जानकारीको लागि पौराणिक ग्रन्थहरूका पाना पल्टाउनै पर्ने हुन्छ। यस विषयका जीज्ञाषुहरूलाई थोरै मात्रामा भए पनि जानकारी होस् भन्ने उद्देश्य अनुरूप पौराणिक कथालाई यहाँ पस्कने काम भएको छ जो निम्नानुसार छ :-

पुराणमा उल्लेख भए अनुसार कश्यप ऋषिका धेरै पत्नीहरूमध्येकी (दक्ष प्रजापतिकी छोरी) विनताको छोराको रूपमा गरुडको जन्म भयो।[१३] महाभारतको

आदि पर्वमा उल्लेख भए अनुसार कश्यप प्रजापतिले, विनता र कद्रुको सेवाबाट प्रसन्न भइ उनीहरूलाई इच्छानुरूप वर माग्न अनुरोध गरे। कद्रुले तुरुन्तै हजार नागहरू आफ्नो सन्तानको रूपमा प्राप्त गर्ने इच्छा व्यक्त गरिन् उता विनताले भने २ वटा शक्तिशाली छोराहरू प्राप्त गर्ने वर मागिन्। सोही अनुरूप कद्रुले हजार अण्डा पारिन्, तर वर अनुसार विनताले दुई वटा मात्र अण्डा पारिन्। त्यस पछिका ५०० औं वर्षमा कद्रुका हजार सन्तान नागहरू जन्मे, तर विनताको अण्डाबाट सन्तान जन्मेनन्। उनले बलजफ्ती एक अण्डा फुटाई सन्तान जन्माउन खोज्दा समय नपुग्दै बच्चा (अरूण) जन्मियो तर आफूलाई समय नपुग्दै जबर्जस्ती जन्माउने काम गरेको रिसको झोंकमा उसले आमालाई त्यसबापतको सजाय कद्रुको दाशी हुनुपर्ने श्राप दियो। फेरि तुरुन्तै आमा प्रति आफूले अन्याय गरेको महसुस गरी त्यसपछिको ५००औं वर्षमा बाँकी रहेको अण्डाबाट ज्यादै शक्तिशाली र बुद्धिमान सन्तान जन्मने छ र उसैले तिमीलाई दासत्वबाट मुक्त गर्छ भनी अरूण आकाशतर्फ लाग्यो, र ऊ सूर्यको सारथी बन्यो। त्यसको ५०० वर्षपछि सोही अण्डाबाट देदिप्यमान गरुड जन्म्यो र आकाशतर्फ लाग्यो । गरुडको सूर्यको जस्तो चम्किलो तथा देदिप्यमान शरीरले देवताहरूनै मधुरा देखिन थाले। यो कुरा देवताहरूले अग्निदेव सामु राखे तब अग्निदेवले पनि गरुड आफू बराबर उज्यालो तथा देदिप्यमान भएको कुरा थाहा पाए पछि सबै देवताहरू गरुडकोमा गई उनलाई विभिन्न आशीर्वाद दिई उनको तेज कम गर्न आग्रह गरे अनुरूप तेज कम गरी आमा भएको ठाउँमा फर्किए (आदि पर्व, महाभारत, अध्याय २३)।

पुराणमा उल्लेख गरिएअनुसार एकपटक कद्रु तथा विनता बीच समुद्र मन्थनबाट निस्केको उच्छिश्रवा घोडा (जो इन्द्रले प्राप्त गरेका थिए) को पुच्छरको रंगबारे विवाद चल्यो। कद्रुले पुच्छर कालो छ भनिन् भने विनताले सेतो। यी दुईमा बाजी थाप्नु पर्ने अवस्था आइपुगेपछि दुवैले बाजी थापे। उनीहरू एक अर्काले जसको कुरा ठीक हुन्छ त्यसकै दाशी बन्नु पर्ने प्रतिज्ञा गरे। सोही अनुरूप कद्रु र विनताले भोलिपल्ट यसको टुङ्गो लगाउने कुरा तय गरे। यता कद्रु छली स्वभावकी भएकोले आफ्ना सन्तान नागहरूलाई घोडाको पुच्छरमा गएर बस्न भनिन्। सोही अनुरूप नागहरू घोडाको पुच्छरमा गएर बेरिए फलतः घोडाको सेतो पुच्छर कालो रंगको देखियो। यसपछि विनताले आफूले बाजी हारेको ठानी कद्रुको दाशत्व स्वीकारिन्। आफ्नी आमा कद्रुको दाशी बन्नुपरेको कुराले गरुडलाई ज्यादै चित्त दुख्यो। कद्रु र उनका सन्तान नागहरूले आफ्नी आमालाई विभिन्न किसिमका दुःख कष्ट दिएको देखि गरुडले कद्रु र नागहरूलाई आफ्नी आमाको दासत्व

मुक्तिको मूल्य बताउन आग्रह गरे, सोही अनुरूप कद्रुले देवलोकबाट आफ्नो लागि अमृत ल्याउनु पर्ने मूल्य तोकिन्। त्यसपछिका विभिन्न अप्ठ्याराहरू पार गर्दै अन्ततः गरुडले स्वर्गबाट अमृतघट आफ्नो चुच्चोमा राखेर फर्किए। यो सबै दृश्यलाई महाविष्णुले नियाली रहेका र यस अद्भूत् कार्य वा पराक्रमबाट ज्यादै खुसी भई गरुडलाई वर माग्न अनुरोध गरे। गरुडले पनि आफू विष्णुको वाहन बन्न पाऊँ तथा अमृत नचाखिकनै अमर बन्न पाऊँ भनी वर मागे। महाविष्णुले पनि गरुडका दुवै वरलाई तथास्तु भने। यता स्वर्गमा वा आफ्नो लोकमा आफ्नो निगरानीमा रहेको अमृतको भाँडो गरुडले लगेपछि इन्द्रलाई रिस उठ्नु स्वाभाविकै थियो। विष्णुबाट वर प्राप्त गरिसकेका गरुडलाई इन्द्रले आफ्नो बज्रले प्रहार गर्दा पनि खासै असर परेन तैपनि गरुडको एउटा प्वाँख वायुमण्डलमा तैरिरहयो जस जसले सो प्वाँख देखे गरुडलाई सुपर्ण भन्दै जय जयकार गरे। यो दृश्यदेखि इन्द्र गरुडसँग साथी हुन आग्रह गर्न पुगे सोही क्रममा भविष्यमा अमृत फिर्ता गर्न अनुरोध पनि गरे। गरुडले पनि नागहरू आफ्ना आहारा बन्ने बरदान दिएमा अमृत फिर्ता गर्ने कुरा बताए साथै आफूले ल्याएको अमृत आफ्ना लागि नभएर आफ्नी आमाको दासत्व मुक्तिका लागि मात्र हो भने। इन्द्रले पनि गरुडलाई उनले मागे अनुरूपको वरदान दिए। यता गरुडले अमृतघट ल्याएर नागलाई दिने क्रममा सर्वप्रथम अमृतको घडालाई दुबोयुक्त जमिनमा राखे र नागलाई अमृत पान गर्नका लागि शुद्ध भएर आउन अनुरोध गरे। सोही अनुरूप नागहरू अमृत पानका लागि शुद्ध हुन गएको समयमा इन्द्रले अमृतको भाँडो बोकी देवलोक प्रस्थान गरे। नागहरू फर्केर आउँदा अमृतको भाँडो नदेखेपछि अमृतको भाँडो राखेको दुबोलाई नै चाट्न थाले। यसैको फलस्वरूप दुबो घाँसले नागको जिब्रो चिरिएर सोही समयदेखि नागको दुई जिब्रा भए भन्ने भनाइ पनि पाइन्छ। यसप्रकार गरुडले आफ्नी आमाको दासत्वको अन्तको लागि ज्यादै परिश्रम गरेको कथा पुराणमा वर्णित छ।

सनातन धर्मावलम्बीहरूको सर्वप्राचीन ग्रन्थ वेदमा पनि गरुडको प्रसङ्ग आएको छ जहाँ उनलाई (दिव्य सुपर्णो गरुत्मान, १६४/४६/ ऋग्वेद) अर्थात् ज्यादै सुन्दर पखेटायुक्त भनिएको छ।[१४] पौराणिक ग्रन्थहरूमा गरुडको बल तथा बुद्धिको बारेमा प्रशस्त उल्लेख गरिएको पाइन्छ। कथामा वर्णन गरिएअनुसार आफ्नी आमाको दासत्व मुक्तिको लागि स्वर्गतर्फ गइरहेको समयमा गन्धमादन पर्वतमा तपस्या गरिरहेका बाबुसँग भेट भएपछि गरुडले आफूलाई भोक लागेकोले केही खानेकुरा मागे। बाबु कश्यपले गरुडलाई ऋषि विभाबशु र सुप्रतिका नामका दुई भाइ पैत्रिक सम्पत्तिको बाँडफाँडको कुरामा झगडा गरी अन्ततः एकअर्काको श्रापबाट

हात्ती र कछुवामा रूपमा परिणत भई तलाउमा बसेका छन्। ती दुबैलाई तिमीले आफ्नो आहारा बनायौ भने तिमी ज्यादै बलवान हुनेछौ र देवताहरूलाई समेत पराजित गरी अमृत प्राप्त गर्न सफल हुनेछौं भने। बाबुले यति कुरा बताएपछि गरुड आलम्ब तलाउमा पुगी हात्ती तथा कछुवालाई चुच्चोमा च्यापेर यत्र तत्र उडिरहे तर भोजन गर्ने ठाउँ प्राप्त गर्न सकेनन्। अन्ततः उड्दै गर्दा एक विशाल वटवृक्षमा पुगी हाँगामा बसे। तर गरुडको बसाइले (सम्भवतः हात्ती र कछुवाको तौलका कारण हाँगो भाँचियो र भुइँमा खस्न थाल्यो।) यसै समयमा गरुडले सोही हाँगामा बालखिल्य (सन्त) टाउको तल तथा खुट्टाहरू माथी पारी झुण्डिरहेको देखे। यस्तो देखिसके पछि यसबाट अनर्थ हुने ठानी सो हाँगो समेत समाती उड्न थाले। कहीं पनि सो रुखको हाँगो बिसाउने उपयुक्त ठाउँ नपाई पुनः बाबु तपस्या गरेकै ठाउँमा फर्की बाबुसँग आफूलाई परेको अप्ठ्यारो बताएपछि कश्यप प्रजापतिको अनुरोधमा ती बालखिल्यहरू हिमालयमा बस्न राजी भए। बाबुकै भनाइ अनुरूप गरुडले पनि हिमालमै पुगी हाँगो बिसाइ आफूसँग आहाराको निमित्त ल्याएका हात्ती तथा कछुवा आहार गरे। त्यसपछि गरुड ज्यादै शक्तिशाली भए (महाभारत, आदि पर्व, अध्याय २९-३१)[१५] अझ यी श्रोतहरूले बालखिल्यहरूको तपको प्रभावबाटै इन्द्रलाई परास्त गर्न सक्ने गरुड जन्मेको कथा पनि महाभारतको आदि पर्वमै उल्लेख गएिको छ।[१६] यी बुद्धि तथा बलशाली गरुडलाई अन्य विभिन्न नामले पनि सम्बोधन गरिन्छ, जसमा गरुत्मान, गरुड, तार्क्ष्य, वैनतेय, खगेश्वर नागान्तक, विष्णुरथ, सुपर्ण, पन्नगासन आदि नामहरू पर्दछन्। गरुडको गुण तथा सम्बन्धकै आधारमा माथि उल्लेखित नामहरूद्वारा उनलाई विभिन्न ग्रन्थमा विभिन्न नामद्वारा सम्बोधन गरिएको हुनु पर्छ।

वैदिक तथा पौराणिक साहित्यमा गरुड जति पुराना तथा प्रसिद्ध छन् पुरातात्विक आधारमा पनि त्यतिकै पुराना तथा महत्त्वपूर्ण छन्। संसारमै प्राचीन सभ्याताका धनी देशको रूपमा चिनिएका प्राचीन मिश्र, मेसोपोटामिया, ग्रिस जस्ता देशहरूमा मानिसको शरीर तथा चराको मुख (चुच्चो) तथा नङ्ग्रा भएका प्राणी विशेषको आकृति बनाउने प्रचलन थियो।[१७] प्राचीन युनानीहरूले हार्पी नामले सम्बोधन गरिने पुरुषको टाउको तथा पक्षीको शरीर तथा नङ्ग्रा सहितका खुट्टा भएको आकृति (चित्र) बनाउने गर्दथे।[१८] प्राचीन मिश्रमा पनि पक्षीको शरीर तथा मानवको टाउको भएको एक जोडी आकृति प्राप्त भएको कुरा Henri Frankfort ले The Art and Architecture of The Ancient Orient नामक पुस्तकमा उल्लेख गरेका छन्। प्राचीन मेसोपोटामियामा समेत यस्ता कला निर्माण गरिन्थे।[१९] यस्ता कला प्राचीन भारतीय सुङ्ग तथा कुषाण कालका पनि प्राप्त भएका छन्।[२०] यसरी

सुङ्ग तथा कुषाणकालीन भारतीय कलामा देखापरेका गरुड वा सुपर्ण (चरा विशेष) नेपालमा पनि लिच्छवि कालदेखिकै प्राप्त भएका छन्। भी.ए. स्मिथ अनुसार रोमन कलाको गिद्धको अनुकरण गरी आधा चरा र आधा मानिसको स्वरूप निर्माण गरेर गरुडको आकृति बनाइएको हो। भारतमा पनि चरा र मानवको मिश्रित आकृति बनाउने चलन इशा पूर्वका समयमै भएको पाइएको छ। उदाहरणको रूपमा दोश्रो-प्रथम इ.पू. ताका बनेको भनिएको साँची स्तूपको पूर्वतर्फको ढोकाको भित्री भागमा रहेको गरुडको आकृतिलाई लिन सकिन्छ।[२१] गुप्तकालीन भारतीय शासकहरूका अधिकांश स्वर्ण मुद्राहरूमा सून्दर पखेटा युक्त गरुडका आकृति कुँदिएका छन्।[२२] कुमार गुप्तको अभिलेख सहितको माटाको मोहरमा मानवको टाउको तथा चराको पखेटा र नङ्ग्रा भएको गरुड भारतीय संग्रहालय कलकत्तामा प्रदर्शन गरेको कुरा जे.एन. बनर्जीले उल्लेख गरेका छन्।[२३]

चन्द्रगुप्त द्वितीयका चाँदी तथा तामाका मुद्रामा पनि पखेटा सहितको पूर्ण चराको आकृति भएका गरुड कुँदिएका छन्। ती मुद्राहरूमा कुँदिएका गरुडका आकृतिमा समानता छैन। कुनै मानव हात तथा चराको पखेटायुक्त पक्षीको रूपमा छन् भने कुनै चुच्चोले नागलाई च्यापिरहेको अवस्थामा देखाइएका छन्।[२४]

मुद्राबाहेक विभिन्न ग्रन्थहरू जस्तो शिल्परत्न, श्रीतत्वनिधि आदिमा पनि दुई हात भएका गरुडको चर्चा गरिएको कुरा गोपीनाथ रावले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। शिल्परत्नमा वर्णन गरिए अनुसार आठ हात युक्त गरुडलाई अमृत घट, गदा, शङ्ख, चक्र, तरबार तथा नाग समाती बाँकी दुई हातले विष्णुका गोडा थामिरहेको अवस्थामा देखाउनु पर्दछ। तर श्रीतत्वनिधिमा उनको टाउको नागको फणा युक्त गहनाहरूद्वारा सजाइएको हुनुपर्दछ भनिएको छ।[२५] विष्णुधर्मोत्तर पुराणमा, गरुड (तार्क्ष्य) को मूर्ति बनाउँदा चराको चुच्चो सहितको अनुहार, चार हात, गोला आँखा, छाती, घुँडा र खुट्टा गिद्धको जस्तो दुई वटा पखेटायुक्त बनाउनुपर्छ जसका पछाडिका दुई हातले छाता र अमृतघट लिएको हुनु पर्छ भने अगाडिका दुई हात अञ्जली मुद्रामा हुनुपर्छ भनिएको छ। विष्णु सवार गरुड बनाउँदा छाता र अमृतघटको बदलामा दुई हातले विष्णुका पाउ थामिरहेको देखाउनु पर्दछ। विष्णुधर्मोत्तर पुराणमै भनिए अनुसार गरुडलाई पुटुक्क भुँडी उठेको, (किन्सी लम्बोदर) तथा विभिन्न गहनाहरूद्वारा सजिएको देखाउनु पर्दछ। अग्निपुराणमा पनि आठ हातयुक्त गरुड बनाउनु पर्ने कुरा उल्लेख छ। पौराणिक ग्रन्थहरूमै नाग र गरुडको सम्बन्धबारे चर्चा गरिएको तथा विभिन्न प्रतिमाविज्ञान सम्बन्धी पुस्तकहरूमा पनि नाग र गरुडको सम्बन्ध देखाउनु पर्ने नियम अनुरूप नै प्राचीन तथा मध्यकालीन

समयमा बनेका गरुडका मूर्तिहरूमा यी दुईको सम्बन्ध देखाएकै पाइन्छ। उदाहरणको रूपमा गरुडले नाग (सर्प) समातेर टोकिरहेको अवस्थामा देखाइएको होस् वा सर्पका गहनाद्वारा गरुडलाई सुशोभित गराइएको नै होस् वा गलामा सर्पको माला बेरिएको अवस्थामा देखाइएको होस् वा शिल्परत्नमा भनिएझैं हातमा सर्प लिएको अवस्थामा नै किन नहोस् सबैमा सर्प र गरुडको सम्बन्ध भएकै देखिन्छ। बनर्जी महोदयले आफ्नो पुस्तक Development of Hindu Iconography नामक पुस्तकको चित्र सङ्ख्या २६.३ मा उद्धृत एक गरुडको मूर्तिलाई उदाहरणको रूपमा प्रस्तुत गरेका छन्। यो कुनै पनि वैष्णव मन्दिर अगाडि विष्णुको वाहन गरुडलाई भक्तको रूपमा स्तम्भ माथि स्थापना गरिएको मूर्ति हो जसलाई सामान्य शब्दमा गरुडस्तम्भको रूपमा जानिन्छ। हाल भारतीय संग्रहालयमा रहेको यस गरुडको मूर्तिमा गरुडलाई स्तम्भ माथि दायाँ घुँडा मारी बायाँले स्तम्भमाथिको आसन (दोहोरो पद्मपीठ) मा टेकेको तथा दुईहात अञ्जली मुद्रामा राखी भगवान विष्णु प्रति नतमस्तक भई भक्तिभाव प्रदर्शन गरिरहेको अवस्थामा देखाइएको छ। उनको शिरमा नागको फँणायुक्त मुकुट, पूर्णरूपमा मानव अनुहार, गलामा विभिन्न आकर्षक माला तथा पाखुरामा सर्पाभूषण र नाडीमा समेत सर्पकै चुरा लाएको अवस्थामा देखाइएको छ। यस्तै मूर्तिहरू नेपालमा प्राचीनकालदेखिकै प्राप्त भएका छन्। गरुडलाई वैष्णव मन्दिर अगाडि प्रस्तर स्तम्भमा उतार्ने काम नेपाली कलाकारहरूले प्राचीनकालदेखि नै गरेका थुप्रै उदाहरणहरू प्राप्त भएका छन्। यसबाहेक मूर्ति, चित्र तथा वास्तुकला अन्तर्गतका विभिन्न कला, जस्तो तोरणकला आदिमा पनि सर्प समातेर टोकिरहेको दृश्य अंकित आकृति निर्माण गर्ने परम्परा नेपालमा रहेको प्रशस्त प्रमाणहरू छन् जसको उल्लेख तलका हरफहरूमा गरिन्छ।

नेपालका गरुड मूर्तिहरू

नेपालमा गरुड मूर्तिहरू निर्माण गर्ने परम्परा यसै बेलादेखि सुरु भयो भन्ने आधिकारिक श्रोत प्राप्त भएको छैन तापनि पुरातात्विक प्रमाणको आधारमा नेपाली गरुडका मूर्तिहरू, नेपाली इतिहास जतिकै प्राचीन छन् भन्ने कुरा संवत् ३८६ को शिलालेख सहितको चाँगुनारायणको गरुड स्तम्भले प्रष्ट पारिसकेको छ।

विश्वमा प्राचीन सभ्यताको विकाश गर्ने मुलुकहरू मिश्र, मेसोपोटामिया तथा युनान जस्ता देशका कलाकारहरूले आफ्नो कलाकारिताको विभिन्न विषयवस्तुहरूमा गरुडलाई रोजेको प्रसङ्गको उल्लेख अगाडि नै परिसकेको छ। यी प्राचीन सभ्यताको विकास गर्ने मुलुकहरूमा कलाको विषय बनेका हार्पी तथा सुर

प्राचीन भारतका सुङ्ग तथा कुषाणकालसम्म आइपुग्दा निकै परिस्कृत रूपमा देखा परिसकेका छन्। अझ नेपाली कलाकारले यी सुपर्ण वा गरुड मूर्तिलाई इशाको आरम्भिक पाँच शताब्दीभित्रैदेखि नै आफ्नो कलाको विषयवस्तु बनाएका छन् जो माथि उल्लेखित प्राचीन सभ्यताको विकास गर्ने मुलुकहरू लगायत सुङ्ग तथा कुषाणकालीन भारतीय समाजमा निर्मित सुपर्णभन्दा फरक तरिकाबाट निर्माण गरिएका छन्।

नेपालमा गरुडका मूर्तिहरू प्रशस्त बनेका उदाहरणहरू प्राप्त छन्। प्रतापादित्य पालले नेपालमा झैं गरुडका मूर्ति अन्यत्र नबनेको बताएका छन्।[२६] मूलतः गरुड आकाशीय दिव्य चरा भए पनि नेपाली कलाकारले मानवकै स्वरूपमा उतार्ने काम गरे जसमा उनलाई ठिटैले देवपुत्रको रूपमा प्रस्तुत गरिएको पाइन्छ। वास्तवमा विष्णुको परमभक्तका रूपमा दर्शाउन कुनै पनि वैष्णव मन्दिर अगाडि वा विष्णुसँगै उनलाई राख्ने काम भयो चाहे ती विष्णुका स्थानक, आशन मूर्ति नै किन नहुन्। नेपाली गरुड मूर्तिहरूको सर्वेक्षण गर्नु भएका मोहनप्रसाद खनालका अनुसार हालसम्म साना ठूला गरी जम्मा १४२ गरुड मूर्तिहरू फेला परेका छन्। यो सङ्ख्या लिच्छविकाल, मल्लकाल हुँदै आधुनिककालसम्मका प्रस्तर तथा धातुका गरुड मूर्तिहरूको हो।[२७] तर समग्र मूर्ति तथा चित्रमा अंकित गरुडका आकृतिहरूका विस्तृत अध्ययन गर्ने हो भने खनालले उल्लेख गरेको सङ्ख्या भन्दा धेरै बढी हुने कुरामा यो लेखिका विश्वस्त छ यद्यपि समग्र गरुड मूर्तिहरूको अध्ययन यस ग्रन्थमा गरिने छैन। पि. पालले नेपाली मूर्ति तथा चित्रहरूको अध्ययन गरी गरुडको उपस्थिती बिनाका विष्णुका मूर्ति नेपालमा प्राप्त नभएको तथा गरुड र विष्णुको प्रगाढ सम्बन्ध भएको बताएका छन्। नेपालमा मानवकार तथा चरा र मानवको संयुक्त रूप भएका तथा चराको मात्र स्वरूपका गरुड मूर्तिहरू प्राप्त छन्। नेपालमा प्राप्त सम्पूर्ण गरुड मूर्तिहरूको विषयमा मात्र अध्ययन गर्ने हो भने पनि नेपाली गरुड मूर्तिबारे एक वृहत ग्रन्थ तयार पार्न सकिन्छ तर यहाँ काठमाडौं उपत्यकाका केही प्राचीन तथा मध्यकालीन गरुड मूर्तिको मात्र चर्चा गरिन्छ। जो निम्नानुसार छन् :-

कश्यप प्रजापति तथा विनताका छोराको रूपमा विभिन्न साहित्यिक ग्रन्थहरूमा वर्णन गरिएका गरुडले नेपाली समाजमा प्राचीन कालदेखि नै महत्त्वपूर्ण स्थान प्राप्त गरेका छन्। यसको पुष्टि नेपालको प्रामाणिक इतिहासकाल त्यसमा पनि प्रथम प्रामाणिक राजा मानदेव प्रथमकै समयदेखिका गरुड प्रतिमा प्राप्त भएकोबाट हुन जान्छ। नेपालका प्राचीनकालदेखि मध्यकालसम्मका केही गरुड मूर्तिहरू निम्नानुसार छन् :-

चाँगुनारायण मन्दिर अगाडिको गरुड

नेपाली कलाकारहरूले प्राचीन कालदेखि नै मानव तथा चरारूपी गरुडका मूर्ति निर्माण गरेका प्रसस्त उदाहरणहरू भेटिएका छन्। मल्लपुरी विजयपछि विजय उत्सव मनाउने क्रममा दोलाद्रिका हरिको मन्दिरमा आमा सहित भई पूजा आजा गरी ब्राह्मणहरूलाई अक्षय धन दान दिनाका साथै त्यस बेलाका विभिन्न घटनाक्रमहरूको विवरण अंकित प्रस्तर गरुडध्वज स्तम्भ स्थापना गरिएको भन्ने सम्वत् ३८६ को चाँगुनारायणको मानदेवको स्तम्भ अभिलेखले प्रष्ट परिसकेको छ ।[२८] नेपाली मूर्तिकलाको इतिहासमा तिथिमिति सहितको प्रामाणिक, आकर्षक तथा दूर्लभ मूर्तिको रूपमा यस गरुड मूर्तिलाई लिइन्छ। छलकपटको लेशमात्र पनि नदेखिने मुखाकृति, हृष्टपुष्ट शरीर, चौडा छाती तथा अङ्गढङ्ग मिलेको आकर्षक शरीर, अनुहारमा देखिने राजर्षि ठाँटका जुँगा, सौम्य, शान्त तथा हल्का मुस्कानयुक्त मुखाकृति, पारदर्शी वस्त्र आदि यसमा देखिएका विशेषताहरू तर्फ ध्यान दिँदा साँच्चै यस मूर्तिमा राजा मानदेव प्रतिविम्वित भएका त होइनन् ? भन्ने भान जो कोहीलाई पर्दछ। नेपालका अधिकांश गरुडका मूर्तिहरूमा उनलाई ठिटौले युवकको रूपमा प्रस्तुत गरेको पाईन्छ। एउटै ढुङ्गामा बनेको चाँगुनारायण मन्दिरको ठिक अगाडि रहेको यस मूर्तिमा भने पूर्ण वयस्क जुँगामूठे गरुड बनाउनुले माथि उल्लेखित राजा मानदेवलाई नै चित्रण गरिएको त होइन ? शिरमा श्रीपेचभैं देखिने आकर्षक नागसहितको मुकुटले पनि राजा मानदेवको प्रतिनिधित्व गरेको अनुमान गर्न सकिन्छ। पखेटाको मात्र अभाव रहेको भए यस मूर्तिलाई गरुड भन्ने कुनै पनि आधार रहने थिएन। जेहोस् अभिलेखसहितको यस गरुड मूर्तिले नेपालमा लिच्छविकालमै पूर्ण रूपमा मानव आकृतिमा गरुडलाई उतार्ने चलनको विकास भैसकेको प्रष्ट पार्दछ। यस गरुड मूर्तिको सूक्ष्म कलाकारितालाई गहिरिएर विचार गर्ने हो भने त्यति प्राचीन समयमा नै नेपाली कलाकार आफ्नो कलाकारिताप्रति ज्यादै सजग तथा गम्भीर बनिसकेको पुष्टि हुन्छ।

हाँडीगाउँ सत्यनारायण स्थानको गरुड

हाँडीगाउँ सत्यनारायण मन्दिर अगाडिको स्तम्भ माथिको गरुड पनि लिच्छविकालीन गरुडका मूर्तिहरूमध्येको उल्लेखनीय मूर्ति हो। ७३ पंक्तिको यस गरुड स्तम्भ अभिलेखको मिति छैन। धनवज्र बज्राचार्यले लिपिका आधारमा यस अभिलेखलाई मानदेव प्रथमभन्दा केहीपछि सम्भवतः वसन्तदेवको पालाको हुन सक्ने बताएका छन्। यो अभिलेखमा तात्कालीन राजनैतिक परिदृश्यलाई

नसमेटी विद्वान् अनुपरमले (भौमगुप्तका बाबु) महर्षि द्वैपायनको स्तुति गर्दै अभिलेख रचना गरेको बुझिन्छ।[२९] यस आधारमा यस गरुड स्तम्भको समय इशाको छैटौं शताब्दी हो भन्न सकिन्छ। यो गरुडको मूर्ति पनि चाँगुनारायणस्थित गरुड मूर्तिकै आदर्शलाई पछ्याउँदै बनेको देखिन्छ। यस मूर्तिमा देखिने विशेषताहरूमा चाँगुनारायणको गरुड मूर्तिको अनुपातमा केही सानो तर उनको शरीरमा लगाइएका वस्त्राभूषण तथा गरुडको बस्ने शैलीमा पनि समानता पाइन्छ। केवल यस मूर्तिमा जुँगाको प्रयोग गरिएको छैन। पी. पालले नेपालमा जस्तो गरुडका मूर्तिहरू अन्यत्र निर्माण नगरिएको कुराको उल्लेख गरेका छन्। अझ केशसज्जा तथा अञ्जली मुद्रायुक्त हातमा ध्यान नदिने हो भने नेपालका गरुड मूर्ति र बोधिसत्वका मूर्तिमा खासै भिन्नता नदेखिने कुरा समेत पालले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्।[३०] हाँडीगाउँको सत्यनारायण मन्दिर अगाडिको स्तम्भ माथिको यस मूर्तिलाई मन्दिर स्थापना गर्ने भक्त ? ले आफ्नै स्वरूपलाई स्तम्भ माथि राख्न लगाई (गरुडको रूपमा) आफू भगवानको वाहनको रूपमा वा भक्तको रूपमा रहन चाहेको हुन सक्ने अभिव्यक्ति पालले दिएका छन्।[३१] चाँगुनारायणकै गरुड मूर्तिका शैलीमा निर्माण गरिएको तर घाँटीभन्दा माथिको भाग पूर्ण रूपमा नभएको एक आकर्षक गरुडको धड पाटन पुरातत्व बगैचामा रहेको र निसंकोच यो मूर्ति चाँगुनारायणकै गरुडको मूर्तिको नक्कल हो भन्दै यस गरुड मूर्तिको धडको समय दशौं शताब्दी बताइएको छ।[३२] मूर्ति फेला पार्न नसकिएका कारण यसको वर्णन सम्भव भएन।

हाँडीगाउँको गरुड

यसपछिको नेपाली कलाकारको कलाकारिताको उपजको रूपमा देखिएको गरुडको मूर्तिमा हाँडीगाउँमा रहेको दुवै हात जोडी पूर्ण मानवाकारमा स्थानक मुद्रामा रहेको गरुडको मूर्ति पर्दछ (चित्र नं. ३२)। यस मूर्तिमा देखिने पखेटातर्फ ध्यान नदिने हो भने यस मूर्तिलाई कुनै मन्दिर अगाडि ठिङ्ग उभिई भगवानको प्रार्थना गरिरहेको भक्तको रूपमा स्वीकार्नु पर्ने हुन जान्छ। यस मूर्तिको शिर पछाडि देवत्वको प्रतिक प्रभावली लगायत घाँटीमा सर्पको माला, पाखुरामा सर्पकै केयूर, नाडीमा बाला, शरीरको तल्लो भागमा धोती, धोती अड्याउने कम्मर बन्ध, कुमदेखि झन्डै पिंडौलाको तल्लो भागसम्म पुगेका पखेटा लगायतका विभिन्न श्रृङ्गारिक परिधानहरू समेतको प्रयोग गरिएको छ। यस मूर्तिको समय पी. पालले बाह्रौं शताब्दी तोकेका छन्। मूर्तिमा देखिने शारीरिक विशेषता लगायत ज्वालायुक्त प्रभावलीको प्रयोगले पनि यो मूर्ति एघारौं-बाह्रौं शताब्दीताकाको हुनुपर्ने देखिन्छ ।

न्युयोर्क मेट्रोपोलिटन संग्रहालयको गरुड

माथि उल्लेखित हाँडीगाउँका गरुड मूर्तिसँग पूर्ण रूपमा सामाञ्जस्यता राख्ने अर्को एक स्वतन्त्र रूपमा उभिएको गरुडको मूर्ति न्युयोर्क स्थित मेट्रोपोलिटन कला संग्रहालयमा रहेको छ (चित्र नं. ३३)। यस संग्रहालयमा यो मूर्ति उपहार स्वरूप १९८३ मा प्राप्त भएको कुरा रमेश दुङ्गेलले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् ।[३३] यस मूर्ति तथा माथि उल्लेख गरिएको हाँडीगाउँको मूर्तिमा देखिने भिन्नता भनेको हाँडीगाउँको मूर्तिमा गरुडको हँसिलो अनुहार तथा आँखा स्वामी प्रतिको भक्तिमा तल्लीन देखिन्छ भने न्युयोर्कस्थित गरुडको मूर्तिमा गरुडका गोला तथा ठूला आँखा मूखाकृतिमा केही चौडापन तथा ढुङ्गाको मूर्तिमा सम्भवतः मूर्तिको टाउको भग्न भएपछि त्यसलाई जोडने क्रममा सम्पूर्ण मूर्तिमा धातुको लेप लगाइएको छ। यस बाहेक प्रभावलीमा पनि हल्का पाल-सेन कला शैलीको प्रभाव प्रष्ट रूपमा देखिन्छ। यस मूर्तिको समय संग्रहालयले नवौं-दशौं शताब्दी तोकेको छ। तर मूर्तिको मूखाकृति, शारीरिक सुगठनता तथा धोतीको बुट्टासमेतलाई ध्यान दिंदा यस मूर्ति कुम्भेश्वर धारास्थित विष्णु चतुर्मूर्तिमा देखिएका गरुडको मूर्तिसँग मेल खाने देखिन्छ। तसर्थ यसमूर्तिलाई तेह्रौं-चौधौं शताब्दीताकाको मूर्तिको श्रेणीमा राख्नु उपयुक्त देखिन्छ। यही गरुड मूर्तिसँग धेरै विशेषताहरू मिल्ने स्थानक गरुड सत्यनारायण स्थान, हाँडीगाउँमा रहेको तर १९७० मा चोरी भैसकेको वाङदेलले Stolen Images of Nepal, नामक पुस्तकमा उल्लेख गरेका छन्।

नारायणहिटी, नारायण मन्दिरको गरुड

नारायणहिटी नारायण मन्दिर अगाडि रहेको गरुड मूर्ति पनि चाँगुनारायण स्थान, हाँडीगाउँ लगायत विभिन्न मन्दिर अगाडि राखिएका गरुड मूर्तिहरू सरह नै दायाँ घुँडा मारी बायाँ पाइतालाले पीठिका माथि टेकेको तथा दुवै हात जोडी अञ्जली मुद्रामा भगवान नारायणप्रति भक्तिभाव दर्शाइरहेको अवस्थामा देखिन्छ। हनुमान ढोकाको सुन्दरीचोकमा रहेको कालीय दमन कृष्णको मूर्तिलाई राजा प्रताप मल्लले लाजिम्पाट नजिकैको साकोना नामक स्थानमा उपेक्षित अवस्थामा रहेकाले त्यहाँबाट उठाएर ल्याएको र सो मूर्तिसँगै रहेको गरुडको मूर्तिलाई पनि ल्याएर दरवारमा स्थापना गरेका थिए।[३४] वंशावलीमा उल्लेख भए अनुसार कालीयदमन कृष्णको मूर्तिसँगै स्थापना गरिएको गरुडको मूर्ति दरबारलाई अफाप सिद्ध भएकोले त्यहाँबाट उठाई नारायणहिटीस्थित नारायण मन्दिर अगाडि राखिदिए।[३५] हालसम्म पनि सो गरुड मूर्ति सोही चतुर्व्यूह नारायण मन्दिर अगाडि रहेको छ। गरुड मूर्तिमा

देख्न सकिने शारीरिक सुगठनता, आंगिक अनुपातको मेल, सुहाँउदो वस्त्राभूषण, केश श्रृङ्गार आदि शारीरिक विशेषतातर्फ विचार गर्दा यो मूर्ति लिच्छविकालको उत्तरार्धताकाको हुन सक्ने अनुमान लगाउन गहारो पर्दैन। सुन्दरीचोक (हनुमानढोका) को कालीयदमन मूर्तिसँगै एक खण्डित अभिलेख छ। जसलाई कालीय दमनको मूर्ति तथा नारायणहिटी स्थित गरुडको मूर्तिसँग सम्बद्ध अभिलेख भनी गौतमवज्र बज्राचार्यले उल्लेख गरेका छन्। तापनि अभिलेख खण्डित भएका कारण साल मिति थाहा हुँदैन। लिपिको आधारमा लिपिविद्हरूले यसको समय दशौं शताब्दी बताएका छन्। प्रतापादित्यपालले यस मूर्तिको समय लिच्छविकाल त्यसमा पनि कालीय दमनको मूर्तिसँगै साकोनाबाट ल्याएकोले त्यसैको समकालीन हुनुपर्ने बताएका छन्। उनले कालीय दमनको मूर्तिलाई The Piece de Resistance of Early Nepali Sculpture[३६] भनेका छन्। माथि उल्लेखित भनाइको आधारमा नारायणहिटी स्थित गरुड मूर्तिको समय लिच्छविकालको उत्तरार्ध अर्थात् लिच्छविकालको चरमोत्कर्षकाल तथा बढीमा नवौं शताब्दीसम्मको हुनुपर्ने देखिन्छ।

चाँगुनारायणको गरुड

चाँगुनारायण मन्दिरको भण्डारबाट प्राप्त एक धातुको गरुड प्रतिमाको चर्चा मोहनप्रसाद खनालले गरेका छन्। उक्त धातु प्रतिमामा पाइने शैली, वेशभूषा, मुखाकृति, लगायतका विशेषताहरू हेर्दा लिच्छविकालीन चाँगु तथा हाँडीगाउँका गरुडका मूर्तिहरूभन्दा फरक देखिन्छ (चित्र नं. ३४)। नेपाली कलाकारहरूद्वारा निर्माण गरिएका अधिकांश गरुड मूर्तिहरू ठिटौले वा युवक देखिन्छन् तर यस प्रतिमामा देखाइएको गरुडको मुखाकृति परिवारको जेष्ठ सदस्य भनौं वा गाउँको थकालीको झल्को दिने खालको छ। यो कुरा मूर्तिमा प्रयुक्त जुँगाले पनि जनाउँछ। साथै मूर्तिमा प्रयुक्त वस्त्र (धोती) तथा गहनाहरूमा पनि समानता छैन। यस प्रतिमामा देखाइएको गरुडको अनुहारमा नत चराको नत मानिसको अनौठो नाक, किरिटमुकुट लगायत सर्प, केयुर, बाला तथा मोटा कल्लीको समेत प्रयोग गरिएको देखिन्छ। चाँगु तथा हाँडीगाउँका गरुडको भन्दा फरक बसाइ तथा अञ्जली मुद्रामा समेत अस्वाभाविकता देखिन्छ। यसमा देखिने शारीरिक विशेषतातर्फ ध्यान दिँदा यो प्रतिमालाई मल्लकालीन कलाकारको कलाकारिताको उपज मान्नुपर्ने देखिन्छ। यसबाट एउटा कुरा के प्रष्ट हुन्छ भने नेपाली समाजमा मानव मूर्ति निर्माणको परम्परा नभएको केबल देव-देवीका मूर्तिहरू निर्माण गर्ने प्रचलन प्राचीनकालदेखि नै रहेको तथा यो क्रम पछिल्लो कालसम्म पनि रहेका कारण दाताहरूले आफूलाई

सदा भगवानको नजिक रहेको अनुभूति गर्न गरुडादि वाहनमा आफ्नो स्वरूप उत्कीर्ण गराएको अनुमान गर्न गाह्रो पर्दैन।[३७]

यस्तै अर्को एउटा गरुडको धातु प्रतिमा पनि चाँगुनारायण मन्दिरको भण्डारभित्रबाटै प्राप्त भएको कुरा खनालले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। यस धातु प्रतिमामा गरुड दुई हात जोडी स्थानक मुद्रामा देखाइएका छन्। यसमा उनको दायाँ गोडा सीधा आसनमा टेकेको अवस्थामा देखिन्छ भने बायाँ गोडा केहि भङ्गमुद्रामा कतै हिँड्न लागेको हो कि झैं भान पर्ने देखिन्छ। मूर्तिको शिर पछाडि देखिएको ज्वालायुक्त तथा माथि बीचमा चुच्चो परेको प्रभावलीको प्रयोग गरिएको यो गरुड प्रतिमा मुखाकृति, वेशभूषा शैली लगायतका विशेषताको आधारमा मल्लकालीन कलाको नमुनाको रूपमा लिनुपर्ने देखिन्छ यद्यपि यस प्रतिमालाई पनि खनालले आठौं शताब्दीको समय दिएका छन्।[३८]

नास्ली तथा ए. हिरामानेकको संग्रहमा रहेको गरुड

नेपाली कलाकारले गरुडका कल्पनातित मूर्तिहरू समेत निर्माण गरे। Nasli and Alice Heeramaneck को संग्रहमा रहेको यस धातुको गरुड मूर्तिलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ (चित्र नं. ३५)। यस मूर्तिमा गरुडलाई मानव तथा चराको मिश्रित रूपमा देखाइएको छ जसमा मानव मुखाकृतिमै चराको चुच्चो झैं नाकको प्रयोग गरी गरुडको स्वरूप देखाइएको छ भने शरीर मानवको बनाइएको छ। अझ मानव शरीरमा चराको झैं भुत्ला देखाई पूर्ण मानववाट फरक बनाउने प्रयास गरिएको छ। भङ्गमुद्रामा रहेको यस गरुडको मूर्तिमा प्रयुक्त सर्पगहना, हार, कुण्डल, केयूर, बाला, कल्ली तथा धोतीको प्रयोग गरिएको छ। मूर्तिमा देखाइएका गरुडका पखेटा अस्वाभाविक देखिन्छन्। दोहोरो पद्मपीठ माथि भङ्ग मुद्रामा उभिएको यो गरुड मूर्ति नेपालमा पाइएका अन्य गरुडका मूर्तिहरू भन्दा पृथक देखिन्छ। यस मूर्तिमा गरुडलाई अञ्जली मुद्रामा नदेखाई बायाँ हातमा सम्भवतः अमृत घट (आकार प्रष्ट बुझिन्न) दायाँ हातमा छाता? को आकारको वस्तु समातेको देखिन्छ जबकि प्रतिमा विज्ञानका पुस्तकमा गरुडको मूर्तिमा दुई हात मात्र भए अञ्जली मुद्रामा तथा चार हात भएको खण्डमा दुई हात अञ्जली मुद्रामा तथा बाँकी दुई हातमध्ये एकले अमृत घट तथा अर्कोले छाता लिएको देखाउनु पर्ने बताइएको छ (रूपमण्डन तथा विष्णुधर्मोत्तर पुराण)।[३९] यस मूर्तिलाई पन्ध्रौं–सोह्रौं शताब्दीताकाको नेपाली कलाकारको कल्पनाको प्रतिविम्बको रूपमा स्वीकार्नु पर्ने देखिन्छ। यस मूर्तिको चित्र सहितको वर्णन प्रतापादित्य पालले

आफ्नो पुस्तकमा गरेका छन्।[४०] नेपालमा बनाइएका गरुडका मूर्तिहरूमध्ये भक्तपुर कला संग्रहालयको मूल ढोकाको गरुड तथा हनुमान ढोका तलेजु मन्दिर अगाडिको गरुडका मूर्तिमा मात्र क्रमशः आठ तथा छ वटा हातहरू बनाइएको पाइन्छ। अन्य ठाउँ (नेपाल) का गरुड मूर्तिहरू प्रायः दुई हातयुक्त नै छन्।[४१]

लस एञ्जेलस काउन्टी म्युजियमको गरुड

नेपालमा मात्र नभएर विदेशी संग्रहालयको शोभा बढाउन पुगेका कतिपय नेपाली गरुडका मूर्तिहरूमध्ये Los Angeles County Museum of Fine Art मा रहेको नेपालका वैष्णव मन्दिर अगाडि रहेको गरुड मूर्तिकै शैलीमा निर्मित एक गरुडको मूर्तिको उल्लेख पालले आफ्नो पुस्तकमा गरेका छन्। यस गरुडको मूर्तिलाई पछिल्लो मल्लकालीन (सोह्रौं-सत्रौं शताब्दी) कलाकारको कलाकारिताको रूपमा लिइन्छ। नमुनाको रूपमा यसकै समकालीन मान्न सकिने काठमाडौं मरुटोलको ई. १६९०को गरुड मूर्ति, इं. १६४१ को ह्यु टोल (काठमाडौं) को गरुड आदि मूर्तिसँग कतिपय विशेषतासँग सामाञ्जस्यता राख्ने यो मूर्ति दोहोरो पद्मपीठ माथि (नेपालका थुप्रै वैष्णव मन्दिर अगाडि राखिएका गरुडझैं) दायाँ घुँडा मारी देब्रे गोडाले टेकी अञ्जली मुद्रामा रहेको छ। यस गरुडको मूर्तिमा मुखाकृति लगायत प्रायः सबै विशेषताहरू समकालीन नेपाली गरुड मूर्तिसँग मिल्दाजुल्दा छन् तर सर्पका गहना प्रयोग गर्ने तरिका लगायत बसाइको तरिका आदिमा भिन्नता देखिन्छ। उदाहरणको रूपमा मरुटोल तथा ह्यु टोलको गरुडको बसाइ स्वाभाविक लाग्दछ। जब कि यस गरुडको पद्मपीठ माथिको बसाइ निकै अस्वाभाविक तरिकाको देखिन्छ। यसरी नै यी गरुडले लगाएको केयूर पाखुरामा नभई झण्डै कुहिनाको भागमा देखिन्छ साथै गलामा अलग्गै सर्पको माला तथा तिघ्राको माथिल्लो भागसम्म पुगेको अर्को सर्पको मालासमेतको प्रयोग यस मूर्तिमा देखिन्छ। मूर्तिमा देखिने गरुडको मूखाकृतिसमेत वयस्क मानवको आकृति अनुरूपको छ। अन्य मूर्तिमा झैं गरुडका गोला तथा ठूला आँखा, हृष्टपुष्ट बलियो शरीर देखाउँदा देखाउँदै पनि आङ्गिक अनुपातको मेल यहाँ खट्केकै देखिन्छ। उपल्लो मल्लकालीन नेपाली मूर्तिहरूमा देखिने पंखायुक्त मुकुटको प्रयोग पनि यस मूर्तिमा देखिन्छ।

मरुटोलको गरुड

नेपाली गरुडका मूर्तिहरूमा बिर्सनै नसकिने एक गरुड मूर्ति मरुटोलको नारायण मन्दिर अगाडि रहेको छ (चित्र नं. ३६, क)। यो मूर्ति पनि मल्लकालको

उत्तरार्धताकाको (ई १६९०) हो। तर पनि यस मूर्ति निर्माण गरिएको ढुङ्गाको चयन लगायत शालीन तथा आकर्षक गरुडको शरीरमा गरिएको सुहाउँदो गहनाको प्रयोगले यस मूर्तिका अवलोकनकर्ताहरू यसको कलाकारिताप्रति मन्त्रमुग्ध नभैरहन सक्दैनन्। साँचैनै यस मूर्तिको पादपीठमा अभिलेख नभएको भए यस मूर्तिलाई लिच्छविकालको उत्तरार्धताकाको मूर्तिको श्रेणीमा राख्न पर्ने हुन्थ्यो। मूर्तिमा देखाइएको गरुडको शालीन अनुहार, सरलता, आंगिक अनुपातको मेल लगायतका विशेषताहरूले मल्लकालीन कलाकारहरूको कलाको स्तर खस्केको भन्ने कलाविद्हरूको भनाई माथि पुनर्विचार पो गर्ने हो कि ? अनुसन्धानकै विषय छ।

नेपाली कलाकारहरूले निर्माण गरेका अधिकांश गरुड मूर्तिहरूमा उनलाई घुम्रेको कपाल, गला, पाखुरा तथा नाडीमा सर्पाभूषणको प्रयोग, कम्मरभन्दा तलको भागमा धोती तथा धोती अड्याउन कम्मरबन्धको प्रयोग गरिएको देखाइएको पाइन्छ। कुनै पनि वैष्णव मन्दिर अगाडि प्रस्तर स्तम्भमा दायाँ घुँडा मारी बायाँले टेकी भक्तिभावपूर्ण अवस्थामा अञ्जली मुद्रामा रहेका प्रस्तर तथा धातुका गरुड मूर्तिहरू नेपालका वैष्णव मन्दिर अगाडि तथा काठमाडौं उपत्यका भित्र यत्र तत्र देख्न सकिन्छ। काठमाडौं उपत्यकामा रहेका गरुड मूर्तिहरूमध्ये केही उल्लेखनीय गरुड मूर्तिमा पर्ने माथि उल्लेखित विभिन्न गरुड मूर्ति लगायत हनुमान ढोका, भण्डारखाल बगैंचाको (पोखरीमा यद्यपि हाल पानी छैन) विशाल शेषशायी विष्णुको मूर्ति अगाडि रहेको गरुड, ने.सं. ७०३ को मखन टोलको गरुड, शङ्खमूल जगतनारायण मन्दिर अगाडिको गरुड, भक्तपुर दत्तात्रय मन्दिर अगाडिको प्रस्तर खम्बा माथिको गरुड, कृष्ण मन्दिर, पाटनको प्रस्तर खम्बा माथिको गरुड, फर्पिङ शिखर नारायण मन्दिर अगाडिको गरुड लगायत काठमाडौं उपत्यका भित्र मात्रका विष्णुका वाहन गरुडका मूर्तिहरूको मात्र अध्ययन गर्ने हो भने पनि एउटा विशाल ग्रन्थ तयार पार्न सकिन्छ, अझ विष्णुका विभिन्न रूपहरूका मूर्ति तथा चित्रमा देखाइएका गरुडहरूको अध्ययन गर्ने हो भने एउटा मात्र ग्रन्थमा नेपाली गरुडका मूर्तिलाई समेट्न हम्मेहम्मे पर्छ। यसर्थ पनि केही उल्लेखनीय गरुडहरूलाई मात्र यस अध्यायमा समावेश गरिएको हो।

माथि उल्लेखित गरुड मूर्तिका उदाहरणहरूले प्राचीनकालदेखि नै नेपालका वैष्णव पीठहरूमा गरुडका मूर्ति निर्माण हुने गरेको र यो परम्परा मल्ल तथा शाहकालसम्म पुग्दा पनि यथावत् रहेको प्रष्ट्याएका छन्। यद्यपि नेपालमा विभिन्न समयमा बनेका गरुड मूर्तिहरू सबै एउटै शैली अनुरूपका छैनन् तथा कहिलेकाहीं कलाकारको लहडबाजीमा पनि मूर्ति बन्ने गरेका उदाहरणहरू भेटिएका छन्।

भूदेवी

विष्णुको परिवारका सदस्यको रूपमा विभिन्न वैष्णव मूर्ति फलकहरूमा देख्न सकिने देवीहरूमा भूदेवी एक उल्लेखनीय देवीको रूपमा पर्दछिन्। तिनको छोटो परिचय निम्नानुसार छ –

भूको शाब्दिक अर्थ पृथ्वी वा भूमि हुन्छ। ऋग्वेदमा नै पृथ्वीलाई भूमिको रूपमा व्याख्या गरिएको छ। ब्राह्मणसाहित्य अन्तर्गतको ऐत्तरीय ब्राह्मणमा पृथ्वीलाई समुद्रको मेखला धारण गर्ने भनिएको छ भने शतपथ ब्राह्मणमा प्रथम सृष्टि वा सृष्टिजेष्ठ भनिएको छ। पुराणहरूमा भने पृथ्वीलाई देवीको नामले सम्बोधन गरिएको छ।

महाभारतको दाक्षिणात्य पाठमा पृथ्वीलाई ब्रह्माकी छोरी वा महाविष्णुकी पत्नी भनिएको छ। बराहकल्प (समय) मा हिरण्याक्ष राक्षसले पृथ्वीलाई पाताल पुऱ्याएपछि महाविष्णुले बराहको रूप लिई पानीभित्रबाट उतारी सतहमा ल्याएपछि पृथ्वी वा भूदेवी बराहरूपी विष्णुसँग ज्यादै प्रसन्न भइन्। भूदेवीको रूप तथा सौन्दर्यले महाविष्णु मुग्ध भएपछि उनी महाविष्णुकी पत्नी बनिन् र उनीहरूका मंगल नामक छोरा जन्मे।[४२] मंगलको जन्म भएपछि सम्पूर्ण मानिसले भूमिदेवीको पूजा गर्न थाले। स्वयं महाविष्णुले भूदेवीलाई 'ॐ – ह्रीं – क्री– वशुधायै स्वाहा' नामक मन्त्र जपेर पूजा गरेको र यही नै भूमीदेवीलाई पूजा गर्ने मन्त्र भएको कुरा देवीभागवतको नवौं स्कन्धमा वर्णन गरिएको छ।[४३] यिनै भूमिदेवीको छोरीको रूपमा सीताको जन्म भएको र अन्तमा सीतालाई पृथ्वी (भूमिदेवी) ले आफूमै समाहित गराएको कथा पनि पुराणहरूमा वर्णन गरिएको छ।[४४]

प्रतिमा विज्ञानका पुस्तकहरूमा भूमीदेवीको स्वरूपबारे चर्चा गरिएको पाइन्छ। शिरमा करण्डमुकुट, विभिन्न गहनाहरूले सुसज्जित देवीलाई हल्का हरियो रङ्गमा देखाउनु पर्दछ। दुई हात मध्येका एक हातमा कमल वा नीलोत्पल (नीलकमल) लिएकी देवीलाई पहेँलो वस्त्रमा देखाउनु पर्दछ। पूर्वकामिकागमले भूदेवीलाई सुनौलो यज्ञोपवित तथा रातो वस्त्रमा देखाउनु पर्ने बताएको छ। तर विष्णुधर्मोत्तर पुराणमा उनलाई चार भुजायुक्त देखाउनु पर्ने र चार हात मध्येको एक हातमा रत्नपात्र, अर्कोमा सस्यपात्र (औषधिपात्र) र तेश्रो हातमा कमल लिएको हुनुपर्ने बताइएको छ। बाँकी एक हातमा अन्नपात्र (corn–vassel) रहनु पर्दछ। उनको शरीर सुगा रङ्गको हुनुपर्दछ। उनलाई चार दिशाका प्रतिक चार हात्तीमाथि बसेको देखाउनु पर्दछ।[४५] उनलाई सेतो वस्त्रमा सजिएको देखाउनु पर्दछ। पृथ्वीले पहिरेको

सेतो वस्त्र धर्मको प्रतीक हो भने उनको हातको कमल सम्पत्तिको प्रतीक।[४६] नेपालका विश्वरूप तथा बराह अवतारका मूर्तिमा भूदेवीलाई महत्त्वपूर्ण देवीको रूपमा स्थान दिएका कलाका नमुनाहरू प्राप्त भएका छन्। यस्ता उदाहरणहरूमा चाबहिल, कुट्टुवहालको विश्वरूप मूर्तिमा विश्वरूपका फारिएका दुई गोडाको बीचमा काँध तथा आफ्ना दुवै हातले विश्वरूपलाई थामेको दृश्य देखाइएको मूर्तिफलकदेखि (जसको चर्चा सम्बन्धित अध्यायमा परिसकेको छ) लिएर चाँगुनारायणको विश्वरूप मूर्तिफलक, चण्डोलको बराहरूपी विष्णु, भक्तपुरको सिद्धपोखरीस्थित बराहरूपी विष्णुका काँधमा पनि क्षीर सागरबाट आफ्नो दाह्राको सहयोगले उठाएर काँधमा राखिएका ज्यादै सुन्दर नारीको आकृतियुक्त भूदेवीका मूर्तिहरू पर्दछन्।

मूर्तिफलकमा बाहेक हस्तलिखित ग्रन्थका गाताहरूमा समेत वैष्णव सम्प्रदायका देवी देवताहरूसँग भूदेवीलाई स्थान दिइएका प्रमाण प्राप्त छन्। उदाहरणको लागि ने.सं. ३४०/१२२० इ. को अभय मल्लको पालाको 'विष्णुधर्म' नामक ग्रन्थको एकातर्फको गातामा विष्णुका दश अवतारका चित्रसहित लक्ष्मी र भूदेवीका उभिएका चित्रहरू कोरिएका छन्। यस चित्रफलकमा दुई हाते भूदेवीले बायाँ हातले नीलोत्पल लिएको (नीलोकमल) तथा दायाँ हात वरद मुद्रामा प्रदर्शन गरेकी छन्।[४७]

माथि उल्लेखित पौराणिक कथा लगायत विभिन्न उदाहरणहरूले नेपाली समाजमा भूदेवी प्राचीन कालदेखि नै एक महत्त्वपूर्ण देवीको रूपमा चिनिएकी र उनको सम्बन्ध भगवान् विष्णुसँग प्रगाढ रहेको कुरा बुझ्न सकिन्छ।

सरस्वती

विद्या (ज्ञान) की देवी सरस्वतीको जन्मबारे ब्रह्माण्डपुराणमा भनिएको छ "सृष्टिको लागि तयार ब्रह्मा ध्यानमग्न अवस्थामा रहेको समयमा उनको मन सत्वगुणले ढाकियो यसैको परिणाम एक बालिका जन्मिन्। आफ्नो अगाडि एक बालिकालाई देखी ब्रह्माले तिमी को हौ ? भनी प्रश्न गर्दा म तपाईंबाटै उत्पन्न भएकी हुँ अब मेरो स्थान तथा कर्तव्य बताउनुहोस्, भनेपछि ब्रह्माले तिमी सरस्वती हौ, हरेक व्यक्तिको जीब्रामा बास गर साथै पृथ्वीमा तिमी नदीको रूपमा र तेश्रो स्थान हुँ, मसँग पनि रहु भनेपछि सरस्वतीले ब्रह्माको आदेशलाई स्वीकारी तीन स्थानमा रहिन्। यस अर्थमा सरस्वती वाग्देवीको रूपमा हरेक व्यक्तिको जिब्रामा, नदीको रूपमा तथा ब्रह्माकी शक्तिको रूपमा समेत रहेको कथा पुराणहरूमा वर्णन गरिएको छ। वाग्देवीले आफूलाई सर्वोच्च देवी भनेको प्रसङ्ग ऋग्वेदमै पाइन्छ।[४७] ऋग्वैदिक कालमा ब्रह्मा प्रार्थनाका मूल देवता भएको र प्रार्थनाका लागि वाणीको

आवश्यकता भएको कारण सम्भवतः वाणीको देवीको रूपमा सरस्वतीलाई लिइएको छ। माथि उल्लेख गरे बाहेक सरस्वतीलाई विष्णुकी शक्तिको रूपमा पनि पुराणहरूले चित्रण गरेका छन्। सम्भवतः पौराणिक कालमा विष्णुको प्रसिद्धी बढ्ने क्रममा उनका शक्तिहरूको सङ्ख्यामा पनि वृद्धि भयो र सरस्वतीलाई पनि विष्णुको शक्तिको रूपमा लिइयो। देवी भागवतको नवौं स्कन्दमा उल्लेख भए अनुसार महालक्ष्मी उनकी मुख्य शक्ति (पटरानी ?) हुन् भने गंगा तथा सरस्वती पनि उनका पत्नीहरू हुन्।[४९] वैदिक साहित्यहरू मध्येको प्राचीन ग्रन्थ ऋग्वेदमा इन्द्र, रुद्र, प्रजापति, अग्नि, वायु, वरुण, सवित आदि देवताहरूसँगै सरस्वतीको पनि आह्वान गरिएका प्रसङ्ग भेटिन्छन्।[५०] वैदिक समाजमा वाक्, पृथ्वी तथा रात्रिदेवीको विभिन्न प्रकारले अर्चना गरिएको कुरा वेदको अध्ययनबाटै थाहा हुन्छ।

वैदिक युगमै सरस्वतीलाई पवित्र नदीको रूपमा लिइन्थ्यो। सरस्वती नदीकै किनारमा वैदिक संस्कृतिको विकास भएको कुरा प्राचीन भारतीय इतिहास अध्ययन गर्दा थाहा लाग्छ।[५१] सरस्वती नदीको किनारमा इन्द्र लगायत देवताहरूले जौको खेती गरेको कुरा वैदिक साहित्यहरूको अध्ययन गरेबाट नै थाहा हुन्छ।[५२]

भारतीय समाजमा सरस्वतीलाई ब्रह्मा तथा विष्णुको शक्तिको रूपमा देखाइएको मूर्तिका उदाहरणहरू प्राप्त भएका छन्। ब्रह्माको दायाँतर्फ सरस्वतीलाई देखाइएको पाइन्छ भने विष्णु मूर्तिफलकमा विष्णु (वाशुदेव) को बायाँतर्फ पुष्टिको रूपमा देखाइएको हुन्छ। देवी सरस्वतीलाई विष्णुको शक्तिको रूपमा स्वीकारिएका प्रमाणहरू नेपालमा पनि प्राप्त भएका छन्। सिमरौनगढ तथा हरिहर क्षेत्रमा प्राप्त अधिकांश विष्णुका मूर्तिहरूमा दायाँतर्फ हातमा कमल लिएकी श्री (लक्ष्मी) र बायाँतर्फ वीणा हातमा लिएकी पुष्टि (सरस्वती) लाई देखाइएको पाइन्छ। तर काठमाडौं उपत्यकाको साँखु नारायण टोलको मूर्तिमा सरस्वतीलाई विष्णुको दायाँ तर्फ देखाइएको छ। काठमाडौं उपत्यका भित्र जयबागेश्वरीको एक मध्यकालीन अभिलेखमा पनि विष्णुको स्तुति गाउँदा सँगै लक्ष्मी र सरस्वतीको पनि स्तुति गाइएको प्रसङ्ग भेटिन्छ।[५३] अभिलेखको वाक्य निम्नानुसार छ।

ॐ नमो माधवाय। त्रैलोक्यस्त्राणहेतोः सुरमुनिनमितो माधवो विश्वयोनिस्त्रातु भक्ति जननां रगणपरिवृतं जन्मवासिद दुःख लक्ष्मीयुक्तसहायः पुनरपिरहिता, शारदा सास्वमार्या, तां दुष्टता मोहितात्मा भवदुरितहरः पातु वः श्री मुरारि ॥सं. ६६५।

(माधवलाई नमस्कार। तीनै लोकको रक्षाको कारण भएका, देवता तथा मुनिहरूले ढोगिएका, संसारको कारण भएका, परिवारसहित भक्तजनहरूलाई जन्मादि दुःखबाट रक्षा गर्ने लक्ष्मीसहित भएका, फेरि शारदाले पनि सहित भएका, ती

शारदालाई देखेर मुग्ध भएका श्री मुरारीले तिमीहरूको रक्षा गरुन् ...सम्वत् ६५५।)

काठमाडौं उपत्यकामा पाइएका अधिकांश सरस्वतीका मूर्तिहरू एकल छन्। देउपाटन जयबागिश्वरीको मन्दिरमा रहेको नागिश्वरी (सरस्वती) को मूर्ति लिच्छविकालको भएको विद्वान्हरू बताउँछन् यद्यपि हरेक १२ बर्षमा रंग फेर्ने चलनले मूर्तिको मूल स्वरूप देख्न सकिन्न, तापनि सम्पूर्ण शरीर कपडाले ढाकेको यस मूर्तिको रंग सेतो देखिन्छ। स्थानीय व्यक्तिका अनुसार मूर्तिको चार हातमा खड्ग, चक्र, ऐना तथा सिन्दुरदानी लिएको देखाइएको छ। सोही ठाउँमा प्राप्त प्रस्तरको बागिश्वरी पादुकाको अभिलेख सातौं शताब्दीको भएको कुरा गौतमवज्र बज्राचार्यले बताएका छन् ।[५४] यसले पनि मूर्ति प्राचीनकालदेखि रहेको कुरातर्फ औंल्याएको छ।

ज्ञान, वाणी तथा कलाकी देवी सरस्वतीलाई विभिन्न नामले सम्बोधन गरिएको पाइन्छ। वाणीकी देवी भएकाले वाग्देवी, महाविद्या, भारती, इला, इडा, ब्राह्मी, शारदा वेदगर्भा तथा महासरस्वती जस्ता नाम सरस्वतीको लागि प्रयोग गरिएका छन्। विभिन्न प्रतिमा विज्ञान सम्बन्धी ग्रन्थहरूमा सरस्वतीको मूर्ति निर्माण विधानहरू बताइएका छन्। रूपमण्डनमा एक मुख, चार हात, प्रभामण्डलले युक्त कुण्डल लगायत विभिन्न गहनाहरू तथा मुकुटद्वारा सुशोभित हुनुपर्छ। उनका चार हातमा अक्षमाला, अब्ज (बेल) वीणा र पुस्तक रहनु पर्दछ भनिएको छ।[५५] यसरी नै दुर्गासप्तशतीमा सरस्वतीका चार हातमा वीणा, पुस्तक, अक्षमाला तथा अंकुश रहनुपर्ने बताइएको छ।[५६] यसै ग्रन्थमा उनलाई महाविद्या, महावाणी, भारती, वाक् र सरस्वती नामले सम्बोधन गरिएको छ। विष्णुधर्मोत्तर पुराणमा सेतो वर्णकी, पुस्तक, अक्षमाला, वीणा तथा कमण्डलु हातमा लिएकी सरस्वतीको मूर्ति बनाउनुपर्ने विधान बताइएको छ। यसबाहेक त्रिशूल, कमण्डलु, अक्षमाला तथा पुस्तक लिएको मूर्ति बनाउनु पर्ने कुरा पनि सोही पुराणमा छ।[५७]

नेपाली समाजमा प्राचीन कालदेखि नै सरस्वतीका मूर्ति निर्माण गरी पूजा आजा गर्ने प्रचलन रहेको कुरा माथि उल्लेखित उदाहरणले नै प्रष्ट पारेका छन्। अझ पशुपति पुराणमा सरस्वतीलाई नदीको रूपमा वर्णन गरिएको, नेपाल महात्म्यमा ब्रह्माले देवी सरस्वतीको सम्झना गरेको प्रसङ्ग भेटिएबाट पनि यिनी नेपाली जनमानसमा प्राचीनकालीदेखि नै लोकप्रिय देवीको रूपमा रहेको बुझ्न कठिनाइ पर्दैन। लिच्छविकालीन सरस्वतीका मूर्तिको रूपमा कलाशैलीको आधारमा लिन सकिने, लेले, चापागाउँको सरस्वती, इटुम्बहाल (गचाननी) का सरस्वती (दुवै मूर्ति हराइसकेका छन्) लगायत पाटन यंगालटोलको सरस्वती मूर्ति तथा उपत्यकाभित्रका धेरै ठाउँबाट प्राप्त पछिल्लो समयका सरस्वतीका मूर्तिहरूका प्राप्य उदाहरणहरूले

यी देवी नेपालमा ज्यादै लोकप्रिय रहेको मान्न सकिन्छ।

मूर्तिकलामा मात्र नभएर चित्रकलामा पनि सरस्वतीलाई विष्णुको शक्तिको रूपमा देखाइएका उदाहरण प्राप्त छन्। राष्ट्रिय संग्रहालय छाउनीमा रहेको १७५१ को एक पौभा चित्रमा शिखरशैलीको मन्दिरमा तल्लो खण्डमा चार भुजा भएका विष्णु र उनको दायाँ बायाँ लक्ष्मी तथा सरस्वतीका चित्र कोरिएका छन्। सरस्वतीका चारहात मध्ये दुई हातमा अक्षमाला तथा पुस्तक छन् भने बाँकी दुई हात अभय र वरद मुद्रामा देखिन्छन्।[५८]

सनातन धर्मावलम्बीहरूले ज्ञान तथा विद्याकी देवीको पूजा अर्चना प्राचीन कालदेखि आजसम्म निरन्तर रूपमा गर्दै आएको कुरा काठमाडौं उपत्यका तथा बाहिरबाट पनि सरस्वतीका विभिन्न रूप तथा मुद्राका (आयुध तथा शैलीका आधारमा) मूर्तिहरू प्राप्त भएबाट बुझ्न सकिन्छ। यहाँसम्मकी बौद्ध धर्मावलम्बीद्वारा पूजा उपासना गरिने मञ्जुश्रीलाई समेत सरस्वतीको रूपमा पूजा गरेको पाइन्छ। उदाहरणको रूपमा स्वयम्भु स्थित सरस्वती स्थान भनिएको मन्दिरमा मञ्जुश्रीको पादुका रहेको र त्यसैलाई सरस्वती मानी हरेक वर्ष वसन्त पञ्चमीको दिन श्रद्धालुहरूले सरस्वतीका अन्य विभिन्न मन्दिर लगायत स्वयम्भुस्थित मञ्जुश्री पादुकालाई समेत दर्शन पूजन गर्ने गरेको पाइन्छ। अझ काठमाडौंको कंकेश्वरीको मञ्जुश्रीको मूर्तिलाई सरस्वतीकै रूपमा भक्तजनहरूले पुज्दछन्।[५९] सनातन धर्मावलम्बीद्वारा ज्ञान तथा विद्याकी देवीको रूपमा पुजिने सरस्वतीलाई बौद्ध धर्मावलम्बीहरूले पनि श्रद्धा एवं भक्तिपूर्वक पुज्दछन्। यो नेपाली समाजको धर्म समन्वयताको उत्कृष्ट नमुना हो। माघशुक्ल पञ्चमीको दिन मनाइने वसन्तपञ्चमी पर्व नेपाल लगायत भारतमा समेत धुमधामसँग मनाइन्छ। वैदिककालदेखि नै वसन्तोत्सवको रूपमा यो पर्व मनाइने कुरा ए.एल. वसामले बताएका छन्।[६०] लिच्छविकालीन नेपालमा यो पर्व कसरी मनाइन्थ्यो। त्यसबारे प्रष्ट हुन नसके पनि गोकर्णमा प्राप्त एक खण्डित अभिलेखमा *'शुक्लपञ्चम्याम्प्रातरेव स्नानातु.....'* (शुक्लपञ्चमीको दिन बिहानै स्नान गरी.....) भन्ने वाक्यांश भेटिएबाट सम्भवतः यो माघ शुक्ल पञ्चमी (वसन्त पञ्चमी) सँग सम्बन्धित थियो भन्ने अनुमान धनवज्र बज्राचार्यले लगाएका छन्। यद्यपि यो सरस्वती सँगै सम्बन्धित थियो वा थिएन भनी किटान गर्न थप प्रमाणको आवश्यकता छँदैछ।

मल्लकालमा पनि यो पर्व वसन्तोत्सवको रूपमा मनाइन्थ्यो भन्ने कुरा मल्लाकालीन राजाहरू जीतामित्र मल्ल तथा भूपतिन्द्र मल्लका अभिलेखहरूले प्रष्ट पारेका छन्।[६१] वसन्त पञ्चमीको दिन काठमाडौंको हनुमानढोका दरबारको

नासल चोकमा राष्ट्राध्यक्षको उपस्थितिमा विधिपूर्वक कलश पूजा गर्ने तथा राष्ट्राध्यक्ष तथा उच्च पदस्थ कर्मचारीले वसन्त श्रवण गर्ने चलन आजसम्म पनि रहेको छ, जो परम्परागत रूपमै चलिआएको विश्वास गरिन्छ। अझ श्रीपञ्चमीको दिन आज पनि स-साना बालबालिकाहरूलाई अक्षारम्भ गराउने उद्देश्यले देवी सरस्वतीको मन्दिरमा लगि पूजा आजा गराएर अक्षर लेख्न सिकाउने जुन चलन छ, त्यसले पनि सरस्वती र शिक्षाको सम्बन्धलाई उजागर गरेको छ। के हिन्दु, के बौद्ध सबैले यो दिनलाई उल्लासमय वातावरणमा मनाउँछन्। शिक्षा, ज्ञान तथा कलासँग सम्बन्धित देवीको रूपमा सरस्वतीलाई स्वीकारिएकोले नै यो परम्पराले आजसम्म निरन्तरता पाइरहेको हुनुपर्छ।

टिप्पणी

१. Vetam Mani, **Puranic Incyclopedia**, Delhi: Motial Banarasidass Publishers, 1998, P. 449.

२. वीणा पौड्याल, **काठमाडौं उपत्यकाका विष्णुविभव मूर्ति तथा चित्रहरू,** काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६२, पृ. ३२-३५।

३. मणी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ४४९ ।

४. पौड्याल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २, पृ. ३५ ।

५. T.A. Gopinath Rao, **The Elements of Hindu Iconography**, Delhi : Low Price Publications, 1999, pp.334-335.

६. उही, पृ. ३३५-३३६ ।

७. गोविन्दप्रसाद भट्टराई, **मूर्तिकला- लक्षण सहित प्राचीन नेपाली मूर्तिहरू,** काठमाडौं : इल्या भट्टराई, २०४१, पृ. ६०-६१ ।

८. उही ।

९. उही, पृ. ६२ ।

१०. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ५, पृ. ३७२-३७५ ।

११. लैनसिंह बाङ्गदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** काठमाडौं, : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ.२४-२५ ।

१२. धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,** काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३०, पृ. ३०१ ।

१३. मणी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ३९६-३९७ ।

१४. J.N. Banerjea, **Development of Hindu Iconography**, New Delhi : Munshiram Manoharlal, 1985 P. 529.

१५. मणी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ३९७ ।

१६. उही, पृ. २८२।

१७. वीणा पौड्याल, **नेपाली मूर्तिकला र चित्रकला,** कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व, केन्द्रीय विभाग, त्रि.वि. २०५७, पृ. ४४।

१८. मोहनप्रसाद खनाल, **नेपाली कला,** ललितपुरः साझा प्रकाशन, २०५२, पृ. १५३-१५४।

१९. उही, पृ. १५४।

२०. उही।

२१. पौड्याल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १७, पृ. ४४।

२२. बनर्जी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १४, पृ. ५३१।

२३. उही, पृ. ५३२।

२४. उही।

२५. उही।

२६. Pratapaditya Pal, **Vaisnava Iconology in Nepal**, Calcutta: The Asiatic Society , 1970, P. 118.

२७. खनाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १८, पृ. १५८।

२८. बज्राचार्य, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १२, पृ.१८।

२९. उही, पृ. १६२।

३०. पाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २६, पृ. ११९।

३१. उही, पृ. १२०।

३२. उही।

३३. Ramesh Dhungel, **The lost Heritage**, Kathmandu: CNAS, 2010, p.32.

३४. गौतमवज्र बज्राचार्य, **हनुमानढोका राजदरबार,** काठमाडौं: नेपाल र एसियाली अध्ययन संस्थान, २०३३, पृ १०७।

३५. उही।

३६. Pratapaditya Pal, **The Art of Nepal, Sculpture**, pt. 1, Netherlands : E.J. Brill, 1974, p. 81.

३७. मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री,** काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०४०, पृ ७२।

३८. उही, पृ ७३।

३९. मुकुन्दराज अर्याल (अनु.) "विष्णुधर्मोत्तर पुराण र मूर्तिविज्ञान", **रोलम्ब,** भो. २०. जनवरी-जुन २०००, पृ. १४३।

४०. पाल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ३६, पृ. ७४ ।

४१. वीणा पौड्याल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २, पृ. ४७-४९ ।

४२. मणि, टिप्पणी सङ्ख्या १, पृ. १४२ ।

४३. **देवी भागवत,** नवौं स्कन्ध (पुराणिक इन्साइक्लोपिडियाबाट उद्धृत, पृ
१४२)

४४. राव, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ५, पृ. ३७५ ।

४५. **Visnudharmottara Purana,** tr. by Priyambala Shah, Delhi
Parimal Publications, 2002, P. 168.

४७. Sabitree Mainali, **The Miniature Paintings of the Kathmandu
Valley;** Kathmandu; Bishwa Kanta Mainali, 2009, P. 216.

४८. उही, पृ. ६२ ।

४९. मणि, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. २७६

५०. श्री राम शर्मा आचार्य (सम्पा.) **ऋग्वेद,** ख. १. बरेली संस्कृति संस्थान
१९६५, पृ. १३ -१४)

५१. बनर्जी, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १४, पृ. ४९० ।

५२. Vedagya Arya, **The Vedic Saraswati River Revisiting** – Indus
Saraswati and Ancient India, USA: World Associations for Vedic
Studies, 1998, PP. 22-31.

५३. रुक्मिणी प्रधान, **काठमाडौं उपत्यकाका सरस्वती मूर्तिहरू र पूजा परम्परा**
कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६१, पृ. १९।

५४. Gantamvajra Bajracharya "Recently Discovered Inscriptions o
Lichchhavi Nepal", **Kailash,** Vol. 1 No. 2, 1972, P. 124.

५५. बलराम श्रीवास्तव, **रूपमण्डन,** वाराणसीः मोतीलाल बनारसीदास, २०२१
पृ. १९८ ।

५६. राम नारायण दत्त शास्त्री, **दुर्गा सप्तशती,** गोरखपुर : गीता प्रेस २०५४, पृ
१९८ ।

५७. भट्टराई, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ७, पृ. ६०-६१ ।

५८. पौड्याल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या २, पृ. ४३ ।

५९. प्रधान, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ५३, पृ. ३६ ।

६०. A.L. Basam, **The Wonder that was India,** London Sidjwick
and Jackson, 1967, P. 209.

६१. नयनाथ पौडेल (सम्पा.) **अभिलेख संग्रह,** चौथो संस्करण, काठमाडौं: २०१२
पृ. २१२ ।

अध्याय छ

विश्वरूप विष्णु तथा काठमाडौंका केही विश्वरूप मूर्तिहरू

परिचय

विश्वरूपको चर्चा वेद, उपनिषद् तथा पुराणहरूमा गरिएको पाइन्छ। ब्रह्मा, विष्णु तथा शिव (त्रिदेव) तीनै देवतालाई विश्वरूपमा चित्रण गर्ने कुराको उल्लेख पुराणहरूमा गरिएको छ। त्यसमा पनि शिव र विष्णुको हरिशंकर रूप तथा सबै देवता (सर्व देव) को रूपमा विश्वरूपका मूर्तिहरू बनेको पाइएका छन्।[1]

विष्णुधर्मोत्तर पुराणमा उल्लेख भए अनुसार विश्वरूपको मूर्ति निर्माण गर्दा शुरुमा सर्वोच्च देवताका (विष्णु) चारवटा अनुहारहरू बनाउनु, त्यसमाथि महेश्वरका इशान बाहेकका चार अनुहारहरू बनाउनु। त्यसभन्दा पनि माथि ब्रह्माका चार अनुहारहरू बनाउनु साथै अन्य देवताहरूका अनुहारहरू लगायत दायाँबायाँ अन्य विभिन्न प्राणीहरूलाई पनि स्थान दिएको हुनुपर्छ। यसबाहेक विश्वरूप मूर्तिमा विभिन्न प्राणीहरूलाई विश्वरूपको मुखबाट पसिरहेको देखाउनु ताकि यसले सम्पूर्ण प्राणीहरूमा भय उत्पन्न होस्। त्यसरी नै केही अनुहारहरू (प्राणी) मुखबाट बाहिर निस्किरहेको देखाउनु। विश्वरूपका हातहरू नृत्य शास्त्रमा बताए अनुरूपका मुद्रा तथा अस्त्र-शस्त्रले भरिपूर्ण भएको बनाउनु पर्छ।[2]

हेमाद्रिव्रतमा विश्वरूप मूर्तिहरूमध्येको हरिशंकर विश्वरूपमा उनका विभिन्न हातहरूमा चक्र, खड्ग, मूसल, अंकुश, शङ्ख, शार्ङ्गधनु, गदा, पाश, तोमर, लाङ्गुल, परशु, दण्ड, क्षुरिका, चर्म, क्षेपण, शक्ति, शूल, शरहरू लिएको देखाउनु पर्दछ साथै कमल तथा वीणा हातमा लिएका लक्ष्मी तथा सरस्वतीलाई साथमा देखाउनु,

चार मुख भएका विश्वरूपलाई लक्ष्मीले पाउ दाबेको अवस्थामा देखाउनु तथा विमलादिले स्तुति गरिएका शेषशायी नारायणको नाभीबाट उत्पन्न कमलको फूलमाथि ब्रह्मालाई समेत देखाउनु[३] भनिएको छ।

भागवत् गीताको चौथो अध्याय जो ज्ञान कर्म-सन्यास-योग नामले जानिन्छ यसै अध्यायमा अर्जुनले श्रीकृष्णसँग उनको जन्मबारे जिज्ञासा राख्दा अर्जुन र आफू जन्मजन्मान्तर सँगै रहेको, सो कुरा आफूलाई सम्पूर्ण थाहा भएको तर अर्जुन यसबारे अनभिज्ञ रहेको कुरा बताएपछि यसबारे प्रकाश पार्न अर्जुनले अनुरोध गर्दा श्रीकृष्णले उनलाई भनेको पद्यांश भागवत गीताको चौथो अध्यायको सातौं र आठौं श्लोकमा बताइएको छ, जो यसप्रकार छः-

यदा यदाहि धर्मस्य ग्लानीर्भवति भारत।
अभ्यूत्थानमधर्मस्य तदात्मान सृजाम्यहम् ॥७॥
परित्राणाय साधुनां विनाशाय च दृष्कृताम्।
धर्म संस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

अर्थात् (जबजब संसारमा धर्मको नाश हुन्छ, अधर्मलाई नाश गर्न तथा धर्मको रक्षा गर्न अथवा साधुहरूको रक्षा गर्न र दुष्टको संहार गर्न म बारम्बार जन्म लिन्छु)[४]

माथि उल्लेखित भागवतगीतामा कृष्णकै मुखबाट व्यक्त गरिएका भनाइहरूका आधारमा भगवान्ले आवश्यकता अनुसार लिने रूप नै विश्वरूप हो भन्ने बुझ्न कठिन छैन। वास्तवमा सनातन धर्मको महत्त्वपूर्ण ग्रन्थ तथा सम्पूर्ण उपनिषद्हरूको सारको रूपमा रहेको गीतालाई पथप्रदर्शक ग्रन्थको रूपमा लिइन्छ। भगवान् विष्णु (कृष्ण) ले आवश्यकता अनुसार विश्वरूप धारण गरेका कथाहरू महाभारत लगायत हरिवंश पुराणमा समेत उल्लेख गरिएको पाइन्छ। भागवतका अठार अध्याय मध्येको एघारौं अध्यायमा उनको विश्वरूप दर्शनबारे विस्तृत रूपमा चर्चा गरिएको छ यद्यपि यस अगाडि नै पनि वाल्यावस्थामै कृष्णले माटो मुखमा हालेपछि यशोधाले बालकृष्णलाई मुख बाउन लगाउँदा उनले त्यहाँ विश्वरूपको दर्शन गरेकी थिइन्। यसरी नै महाभारत युद्ध हुने करिब करिब निश्चय भइसकेको अवस्थामा यो युद्धलाई रोक्ने मनशायले कौरव पक्षलाई सम्झाउन दूतको रूपमा श्री कृष्ण दुर्योधनको सभामा गएको बेला उल्टै दुर्योधनले उनलाई बन्दी बनाउने दुष्साहस गरेपछि त्यसबेलामा पनि श्रीकृष्णले आफ्नो विराटरूपको दर्शन दिएका र सो दिव्य दर्शन गर्नेहरू भीष्मपितामह, गुरु द्रोणाचार्य, विदुर तथा सञ्जय रहेको कथा महाभारतमा

आउँछ। तेश्रो पटकको विश्वरूप दर्शन भने सत्यको विजयको लागि अर्जुनलाई युद्ध मैदानमा पुऱ्याउँदा समेत अर्जुनले आफन्तहरूको रगतले भिजेको राज्यमा भोग नगर्ने अभिव्यक्ति दिंदै युद्धका लागि बोकेको गाण्डिव धनु भुइँमा राखे। यस्तो स्थिति उत्पन्न भएपछि पनि श्रीकृष्णले उनलाई कर्म, भक्ति, तथा ज्ञानको माध्यमबाट कर्तव्य सम्झाउँदै गए। तर अजुर्नले श्रीकृष्णका हर किसिमका सम्झाई बुझाईलाई अबुझले झैं प्रश्न माथि प्रश्न गर्दै गएकोले अन्ततः संसार, जीवन–मरण लगायतका कार्यकलापहरूको श्रोत आफू रहेको बताउन उनलाई दिव्य दृष्टि दिई विश्वरूपको दर्शन गराए। यो दिव्य दर्शन प्राप्त गरिसकेपछि अर्जुन भगवान्को अगाडि नतमस्तक भएर "त्वं शरणं" भन्दै युद्धका लागि तयार भए।[५]

विष्णुको विश्वरूपको यो दृश्यलाई नेपाली कलाकारहरूले सम्भवतः प्राचीन कालदेखि नै विभिन्न माध्यममा उतार्ने काम गरे। तर कमजोर माध्यममा निर्मित कलाका नमुनाहरू नाश भएका कारण उपलब्ध हुन सकेनन्। तर ढुङ्गाका विश्वरूपका मूर्तिहरू नेपालमा प्राचीनकालदेखिकै प्राप्त छन्। काठमाडौं उपत्यकामा प्राप्त केही विश्वरूपका मूर्तिहरूको चर्चा गोविन्दप्रसाद भट्टराईले आफ्नो पुस्तकमा गरेका छन्। उनले नेपालमा पाइएका विश्वरूपका मूर्तिहरूलाई "सर्वदेवमय विश्वरूप" नाम दिएका छन्।[६] वास्तवमा विश्वरूप भगवानको व्यापक स्वरूपको प्रतिकात्मक रूप हो, जसलाई कलाकारले ढुङ्गा जस्तो कठोर माध्यममा समेत उतारे।

काठमाडौं उपत्यकामा पाइएका विश्वरूपका मूर्तिहरूमध्ये कुटुबहाल, चाबहिल तथा चाँगुनारायणको प्राङ्गणमा रहेका विश्वरूपका मूर्तिहरू उल्लेखनीय मूर्तिहरूको श्रेणीमा पर्दछन् यद्यपि गोविन्दप्रसाद भट्टराईले काठमाडौं उपत्यका भित्रकै मृगस्थली तथा पशुपतिका विश्वरूपका मूर्तिको उल्लेख आफ्नो पुस्तकमा गरेका छन्।[७] तर मूर्तिको विवरण विस्तृत रूपमा दिएका छैनन्। मृगस्थलीको मूर्तिको बारेमा उनी भन्दछन् कि मन्दिरमा स्थापित यो मूर्ति भव्य, सुन्दर तथा विशाल छ। यति ठूलो विश्व रूपको मूर्ति भारतमा समेत नभएको तथा श्रीमद्भागवत गीतोक्त विश्वरूपका सम्पूर्ण लक्षण यसमा रहेको भट्टराईले बताएका छन्। पशुपतिनाथ मन्दिरबाट पूर्वतर्फको आर्यघाट ओर्लने सिँढीको उत्तरतर्फको गुप्तेश्वर महादेव नजिकै ज्यादै जीर्ण तथा खिइएको अवस्थाको विश्वरूपको मूर्ति रहेको कुराको चर्चा समेत भट्टराईले गरेका छन्। माथि उल्लेख गरेबाहेक पाटन पुरातत्त्व बगैंचाको ढुङ्गेधारामा रहेको विश्वरूप, काठमाडौंको हनुमान ढोका माथि राखिएको विश्वरूप, इन्द्रजात्रामा प्रदर्शन गरिने मिति सहितको विश्वरूप, चाँगुनारायण

मन्दिरको टुँडालमा अंकित विश्वरूप आदि मूर्तिहरू प्राप्त छन्। तिनीहरू मध्ये केही उल्लेखनीय मूर्तिहरूको मात्र यहाँ चर्चा गरिन्छ। जो निम्नानुसार छन् :-

कुटुबहाल, चाबहिलको विश्वरूप मूर्ति

कुटुबहाल क्षेत्रमा रहेको यो विश्वरूप विष्णु मूर्ति निर्माण शैली, ढुङ्गाको गुण, मूर्तिफलकमा देख्न सकिने विश्वरूपका हातका मुद्रा लगायत फलकमा उत्कीर्ण विभिन्न आकृति आदिले काठमाडौं उपत्यकामा प्राप्त विभिन्न ठाउँका विश्वरूपका मूर्तिहरूभन्दा फरक देखिन्छ (चित्र नं. ३६)। मूर्ति भग्न भएका कारण मुखाकृति बारे यही भनी किटान गर्न सकिन्न तापनि मूर्तिफलकमा विष्णु गोडा फारेर उभिएको अवस्थामा देखाइएका छन्। फारिएको गोडाको बीचमा तिघ्राभन्दा माथिको सम्पूर्ण भागसहितको एक स्त्री मूर्तिलाई देख्न सकिन्छ। यो मूर्ति निश्चय पनि भूदेवी वा पृथ्वी माताको हो। पृथ्वी माताले आफ्नो काँधमा विश्वरूप विष्णुलाई थामेको देखाउन कलाकारले प्रयत्न गरेको भाव मूर्तिफलकमा विष्णुका पाइतालामुनी उनलाई थाम्न पुगेका उनका दुवै हातले देखाएका छन्। विष्णुका दुवै गोडाका दायाँ बायाँ दुई आकृतिहरू रहेका छन्। तर भग्न अवस्थामा रहेका कारण खुट्याउन सकिन्न। सम्भवतः विश्वरूप देखाउँदा स्वर्ग, मर्त्य तथा पातालकै प्रतिनिधित्व गराउने उदेश्यले दायाँतर्फ पातालको प्रतिनिधित्व गराउन नागको आकृतिलाई स्थान दिइएको होस् (नागराज) तथा बायाँतर्फ विष्णुकी अर्धाङ्गिनी लक्ष्मीले स्थान पाएकी हुन्।[६] यस मूर्तिमा विष्णुका तीनवटा शिरमात्र देख्न सकिन्छ यद्यपि पछाडिको शिर देख्न नसकिएको भएता पनि विष्णु धर्मोत्तर पुराणमा उल्लेख गरे अनुरूपका चार शिरहरू यहाँ रहेको मान्न सकिन्छ। ती शिरहरूमाथि पनि अर्को एक शिर रहेको कुरा वाङदेलले आफ्नो पुस्तकमा उल्लेख गरेका छन्। तर मूर्ति भग्न भएका कारण माथिको शिर देख्न सकिन्न। आठ हातयुक्त विष्णुको दायाँतर्फको सबैभन्दा माथिल्लो हातमा चक्र देखिन्छ र दायाँतर्फकै सबैभन्दा तल्लो हात केही कोप्रो वरद मुद्रामा प्रदर्शित छ। बायाँतर्फको सबैभन्दा माथिल्लो हातमा गदा तथा तल्लो हातमा शङ्ख लिएको देख्न सकिन्छ, बाँकी हातहरूका आयुधहरूबारे प्रष्ट हुन सकिन्न। यस मूर्तिफलकमा विष्णुको शरीरमा लगाइएको वस्त्र सौगलटोल, पाटनको हरिहरको मूर्तिको अधोवस्त्रसँग पूर्ण रूपमा मेल खान्छ। शङ्ख लिएको तरिका समेत सौगलटोलको हरिहरको मूर्तिका हातमा रहेको शङ्खसँगै मिल्छ। मूर्तिमा प्रष्ट रूपमा देख्न सकिने गहिरो नाइटो, शारीरिक संगठन, ढुङ्गाको गुणस्तर लगायतका विशेषताहरूले यस मूर्तिलाई तेश्रो-चौथो शताब्दीताकाको मूर्तिको श्रेणीमा

राख्नुपर्ने देखिन्छ। यस मूर्तिफलकमा चाँगुनारायणको विश्वरूपको मूर्तिमा देखाइएका विभिन्न देवदेवी लगायतका विश्वरूप दर्शनसँग सम्बन्धित पात्रहरूको उपस्थिति नरहे तापनि मूर्तिमा देखिएका माथि उल्लेखित विशेषताहरूले नेपालमा पाइएका विभिन्न प्राचीन मूर्तिहरूमध्येको विश्वरूप विष्णुको एक मूर्ति हो भन्ने प्रष्ट हुन्छ। यस मूर्तिको समय बाङ्गदेलले इशाको तेश्रो शताब्दी बताएका छन्।[९]

चाँगुनारायण मन्दिर हाताको विश्वरूप

चाँगुनारायण मन्दिरको दक्षिण पश्चिम दिशा (नैऋत्य कोण) मा रहेको विश्वरूपको यो मूर्ति नेपाली कलाकारको सीपको सर्वोत्तम नमूना हो भन्दा फरक पर्दैन। यस मूर्तिको विषयवस्तु, मूर्तिमा उत्कीर्ण गरिएका विभिन्न पात्रहरू, ढुङ्गाको गुणस्तर, भावभंगीमा, शैली तथा मूर्तिमा हुनुपर्ने सजिवता लगायतका विशेषताहरूले गर्दा यो मूर्तिफलक तात्कालीन कलाकारिताको अद्वितीय नमुनाको पगरी गुँथ्न सफल भएको छ। यस मूर्तिफलकमा श्रीमद्‌भागवत गीतामा उल्लेख भए अनुरूपको कौरव र पाण्डव बीचको महाभारत युद्ध निश्चित भइसकेपछि युद्ध मैदानमा पुगेका अर्जुनले माथि उल्लेख गरेझैं आफन्तहरूको रगतले भिजेको राज्यमा भोग नगर्ने बताउँदै आफूले लिएको गाण्डिव धनु बिसाएपछि श्रीकृष्णले संसार, चराचर जगत, जीवन–मृत्यु आदि सम्पूर्ण कुराको श्रोत आफू भएको बताउन अर्जुनलाई दिव्यदृष्टि दिई विश्वरूपदर्शन गराए (चित्र नं. ३७)। यही कथा चाँगुको यस मूर्तिफलकमा देखाइएको छ। मूर्तिफलकमा उत्कीर्ण कथा वस्तु यसप्रकार छ :–

यस मूर्तिफलकमा विश्वरूपका ९ वटा टाउका प्रष्ट रूपमा देख्न सकिन्छ। तर पछाडिका ३ वटा टाउकालाई समेत जोड्ने हो भने विष्णुधर्मोत्तर पुराणमा उल्लेख भए झैं सबैभन्दा तल्ला चार अनुहारहरू विष्णुका त्यसमाथिका चार अनुहार शिवका तथा त्यसभन्दा माथिका चार अनुहारहरू ब्रह्माका हुन्। यी अनुहारहरू सौम्य तथा रौद्र रूप गरी दुई थरिका छन्। मूर्तिफलकमा तीनै लोक (स्वर्ग, मर्त्य तथा पाताल) को प्रतिनिधित्व गराइएको छ। फलकमा मूर्तिहरूलाई तह–तह गरी छुट्याएर राखिएको छ। सबैभन्दा तल शेषनागको कुण्डल (शेषशय्या) माथि चारहातयुक्त बलरामलाई शयन रूपमा स्थान दिइएको छ। उनका हातमा लिएका चार आयुधहरूमध्ये मुसल, हलो तथा तुम्बी प्रष्ट रूपमा देख्न सकिन्छ। त्यसभन्दा माथि विश्वरूपको दुवै गोडाको बीचमा आफ्नो काँधमा विश्वरूपलाई थामी उभिइरहेको आकर्षक पृथ्वी माता (भूदेवी) को मूर्ति कुँदिएको छ। उनको दायाँ

बायाँ सोही लहरमा एक एक ओटा पाँच टाउके नागहरू फणा उठाएको अवस्थामा चित्रित छन्। ती आकृतिको ठीक दायाँ बायाँ एक-एक जोडी हात्तीहरू छन्। यी हात्तीहरू चार दिशाको प्रतिकको रूपमा रहेको विश्वास गरिन्छ। तेश्रो तहमा फलकको दायाँ भागमा अर्जुन र लक्ष्मीलाई चित्रण गरिएको छ। यहाँ अर्जुनलाई श्रीमद्भागवतमा वर्णन गरेझैं कृष्णले विश्वरूपको दर्शन दिइसकेपछि जुन मनस्थितिमा अर्जुन रहे त्यो समेत दर्शाउन कलाकार सफल छन्। कृष्णको विश्वव्याप्त, अनन्त स्वरूप देखेपछि उनको मुखारविन्दबाट निम्नलिखित वाक्य निस्किएको कुरा पुराणमा वर्णित छः-

वायुर्यमोग्निर्वरुणः शशाङ्कः प्रजापतिस्त्वं प्रपितामहश्च।

नमो नमस्तेऽस्तु सहस्रकृत्वः पुनश्च भूयोऽपि नमो नमस्ते॥[१०]

अध्याय ११ श्लोक ३९ (श्रीमद्भागवत गीता)

अर्थात् (वायु, यम, वरुण, चन्द्रमा, ब्रह्मा, तथा ब्रह्माका पनि पिता हजुर नै हुनुहुन्छ हजुरलाई हजार बार (सहस्र) नमस्कार छ फेरि पनि नमस्कार छ)

कृष्णको यस्तो रूप देखिसकेपछि गीतामा वर्णन गरे अनुरूप उनी प्रति नतमस्तक हुँदै हजुर नै आदि देव, पुराण पुरुष, परम् निधानम्, परमधाम, अनन्त तथा समग्र ब्रह्माण्डमा व्याप्त हुनुहुन्छ भन्दै भगवान्प्रति अञ्जली बाँधी नमन गरेको अवस्थामा यस मूर्तिफलकमा अर्जुनलाई उत्किर्ण गरिएको छ। यहि लहरमा अर्जुनको बायाँतर्फ बायाँ हातमा डाँठसहितको कमल लिएकी लक्ष्मीलाई स्थान दिइएको छ। मूर्तिफलकको दायाँतर्फ नै लक्ष्मी तथा अर्जुनको आकृतिभन्दा ठीक माथि अश्विनी कुमारहरू देखिन्छन्। उनीहरू देवताहरूका चिकित्सकको रूपमा पुराणमा वर्णित छन्।[११] अश्विनी कुमारहरू भन्दा माथि दश दिक्पाल मध्येका ४ दिशाका दिक्पालहरू इन्द्र, यम, वरुण तथा कुवेरहरू कुँदिएका छन्। सोभन्दा ठीक माथि अष्टवशुहरूले स्थान पाएका छन्। महाभारतको आदिपर्वको ६६ औं अध्यायमा यी अष्टवशुहरूको नामोल्लेख गरिएको पाइन्छ जसमा धर, ध्रुव, सोम अहर, अनिल, अनल, प्रत्युष तथा प्रभास पर्दछन्। तर विष्णुपुराणमा यिनीहरूको नाम आप, ध्रुव, सोम, धर्म, अनिल, अनल प्रत्युष र प्रभास भनिएको छ। पुराणमा वर्णन गरिए अनुसार यिनै अष्टवशुहरू वशिष्ठ ऋषिको श्रापका कारण अर्को जन्म लिई पृथ्वीमा चन्द्रवंशी राजा शन्तनु तथा गंगाका आठ पुत्रको रूपमा जन्मे जसमध्ये सातवटालाई गंगाले जन्मनासाथ पानी (गंगा) मै बगाइदिइन्। आठौं सन्तानलाई पनि बगाउन लाग्दा राजा शन्तनुले रोकेपछि गंगा अलप भइन्। यिनै आठौं पुत्र भीष्म पितामह महाभारतका एक महत्त्वपूर्ण पात्र हुन्।[१२]

अष्टवशुहरूभन्दा माथि एकादश रुद्रलाई मूर्तिफलकमा उत्कीर्ण गरिएको छ। विष्णु पुराणमा उल्लेख भए अनुसार एकादश रुद्रमा अजैकपात, अहिर्बुधन्य, विरूपाक्ष, सुरेश्वर, जयन्त, बहुरूप, अपराजित, सवित्र, त्रैयम्बक, वैवश्वत र हर पर्दछन् ।[१३] एकादश रुद्रहरूभन्दा माथि दायाँतर्फ सूर्य तथा सूर्यको बायाँतर्फ चार हात भएका शिवलाई कमलासनमाथि बसेको देखाइएको छ। उनका चार हात मध्येको दायाँतर्फको माथिल्लो हातमा अक्षमाला, तथा तल्लो हात वरद मुद्रामा छ। बायाँतर्फको माथिल्लो हातले त्रिसूल समातेको छ भने तल्लोमा तुम्बी लिएको देखिन्छ।

मूर्तिफलकको बायाँतर्फको माथिल्लो भाग फुटेको कारण यहाँ अंकित मूर्ति फलकका पात्रहरू बारे केही भन्न सकिन्न। तर पनि दायाँतर्फ सूर्य तथा शिवले स्थान पाएका कारण बायाँतर्फ ब्रह्मा तथा चन्द्रका आकृतिहरू रहेको अनुमान गर्न सकिन्छ। मूर्तिफलकको बायाँतर्फको भागमा तलदेखि क्रमशः माथि उल्लेख गरेझैं एक जोडी हात्ती, हात्ती भन्दामाथि पखेटा फैलाई उड्न लागेको आकर्षक गरुडको आकृति छ। सोभन्दा माथि पनि विभिन्न रूपका मानवाकृतिहरू कुँदिएका छन्। यी आकृतिहरू ऋषिमुनिका झैं लाग्दछन्। यस बाहेक विश्वरूपमा दायाँ बायाँ स–साना नारी आकृतिहरू कुँदिएका छन् सम्भवतः हेमाद्री व्रतमा बताएझैं सरस्वती तथा विमलादिलाई स्थान दिइएको होस्। यस मूर्तिफलकमा गीतामा श्री कृष्णले जुन प्रकारले विश्वरूपको महत्त्व बताएका छन्, सोही अनुरूपको परिदृश्य देखाउने काम नेपाली कलाकारले गरेका छन् अर्थात् सृष्टि तथा संहारको श्रोत श्रीकृष्ण नै हुन् भन्ने श्रीमद्भागवत गीताको यथार्थ चित्रण यहाँ गरिएको छ। यो यथार्थलाई प्रस्तुत गर्न विश्वरूपको मुखबाट कोही बाहिर निस्किरहेको देखाइएको छ भने उनको मुखमा पसिरहेका आकृतिहरू पनि देख्न सकिन्छ। यतिमात्र नभई ऋग्वेदको दशौं मण्डलको पुरुषसूक्तमा वर्णन गरे अनुरूपको विराट पुरुषको मुखबाट ब्राह्मण, पाखुराबाट क्षेत्री, तिघ्राबाट वैश्य तथा पाउबाट शुद्र जन्मेको दृश्यलाई देखाउन समेत खोजेको हो कि झैं लाग्छ।[१४] यस मूर्तिफलकमा विश्वरूपका १० वटा हातहरू देखाइएको छ, दायाँतर्फका हातहरूमा माथिबाट तल क्रमशः चक्र, तरवार, पद्मबीज प्रष्ट रूपमा देखिन्छ भने बाँकी २ हातका आयुधहरू खुट्याउन सकिन्न। रूपमण्डनमा भनिएझैं बज्र तथा अंकुश पनि हुन सक्छ। बायाँतर्फका हातहरूमा सबैभन्दा माथिल्लोले गदा समातेको छ भने दोश्रो हातमा धनु ? तेश्रो हातमा ढाल, चौथो हातमा तुम्बी आकारको वस्तु तथा सबैभन्दा तल्लो हातले शङ्ख समातेको देखिन्छ। रूपमण्डनमा विश्वरूपका चार मुख तथा बीस हातहरू हुनुपर्ने बताइएको छ। दायाँतर्फका हातहरूमा पताका, हलो, शङ्ख, बज्र, अङ्कुश, बाण,

चक्र, बीजपूरक, बाँकी हात वरद मुद्रामा हुनुपर्छ। बायाँ हातमा क्रमशः पताका, दण्ड, पाश, गदा, धनु, कमल, श्रृङ्गी, मूसल, अभय तथा बाँकी दायाँ तथा बायाँ तर्फका एक एक हात मिलाई योग मुद्रा प्रदर्शन गर्नुपर्दछ।[१५] यस मूर्तिको शरीरमा प्रयुक्त वस्त्र, पटुका, मेखला लगायतका श्रृङ्गारिक परिधान तथा आंगिक अनुपातयुक्त शारीरिक अवयवहरूतर्फ दृष्टि दिँदा मूर्ति लिच्छविकालको नै हो कि भैं लाग्छ। वाङदेल, पाल तथा कृष्णदेवले यस मूर्तिको समय आठौं शताब्दी बताएका छन्। मदनजीत सिंहले पाँचौं-छैटौं शताब्दीको मूर्ति भनेका छन्। तर मूर्तिलाई आकर्षक बनाउन मूर्तिफलकका विभिन्न ठाउँमा गरिएको काँटछाँट, मूर्तिमा देखिने प्वाल लगायत अन्य विभिन्न विशेषताहरूतर्फ ध्यान दिँदा यस मूर्तिलाई अगाडिको समय भन्नुपर्दा पनि आठौं र अझ नवौं शताब्दीको मूर्तिको श्रेणीमा राख्नु उपयुक्त देखिन्छ। यति धेरै पात्रहरू उत्कीर्ण गरिएको चाँगु नारायणको विश्वरूप मूर्तिफलकको ढुङ्गाको गुणस्तर, मूर्ति निर्माण शैली, आंगिक अनुपातको मेल, सुहाउँदो वस्त्र तथा गहनाको प्रयोग तथा समग्र मूर्तिफलकमा देखिने सजीवताको प्रशंसा गरेर सायद कोही थाक्ला। यसर्थ पनि लिच्छविकालको उत्तरार्ध तथा ठकुरीकालको आरम्भताकाको (आठौं-नवौं शताब्दी) मूर्तिको श्रेणीमा यसलाई राख्नु नै उपयुक्त देखिन्छ।

इन्द्रजात्रामा प्रदर्शन गरिने विश्वरूप

इशाको झण्डै आरम्भिक शताब्दीताकादेखि नै नेपाली समाजद्वारा पुजित विश्वरूप विष्णु पछिल्लो मल्लकालसम्म आइपुग्दा पुराणहरूमा वर्णन गरिए अनुरूपका हजारौं शिर, बाहु, पाउ तथा आँखा भएका विश्वरूप बनाउनुपर्ने नियमको प्रतिनिधित्व गर्ने किसिमको मूर्तिको रूपमा देखिएको छ। सात तहको पीठिका माथि चार पाउ भएका विश्वरूपको यस धातुको मूर्तिमा विश्वरूपका गन्न सकिएका शिरहरू बाइस वटा छन् यद्यपि विष्णु धर्मोत्तर पुराणले ब्रह्मा विष्णु तथा महेश्वरका चार-चार मुख बनाउनु भनेको छ। यस मूर्तिफलकमा सबैभन्दा तल्लो तहमा पाँच वटा अनुहारहरू बनाइएका छन्। बीचको अनुहार रौद्ररूपको छ भने दायाँबायाँका दुई-दुई अनुहार सौम्य रूपका छन्। त्यसपछिको तहमा बीचमा तीनवटा मानवाकृति तथा सोभन्दा दायाँतर्फ कछुवाको मुखाकृति र बायाँतर्फ माछाको आकृति देख सकिन्छ। चौथो तहमा दायाँबाट क्रमशः बराह र बराहको बायाँतर्फको आकृति प्रष्ट छैन। त्यस पछि मानवाकृति र अझ बायाँतर्फ नरसिंहको आकृति देख सकिन्छ। त्यसभन्दा माथिका आकृतिहरू बारे प्रष्ट हुन नसके पनि तहैपिच्छेका

बीचका पूर्ण मानवाकृति तथा छैटौं तहको दायाँतर्फको मुखाकृति गरुडको रहेको देखिन्छ अरु आकृतिहरू खुट्याउन सकिन्न। यी विभिन्न आकृतिहरूलाई हेरेर वीणा पौड्यालले आफ्नो पुस्तक "काठमाण्डौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू" मा मत्स्य, कुर्म, नृसिंह, हात्ती, घोडा, गरुड लगायत बुद्धको समेत शिर रहेको बताउनु भएको छ।[१६] ने.सं. ७७७/१६५६/५७ इ.मा कान्तिपुरका राजा प्रतापमल्लले निर्माण गर्न लगाएको अभिलेख सहितको सुनको मोलम्मायुक्त धातुको यस मूर्तिलाई त्यसपछिका समयमा श्रावण पूर्णिमाका दिन हुने बहिद्यो बोय् भनी प्रसिद्ध विहारमा सञ्चित वस्तुको प्रदर्शन हुने बेलामा लायकु बहीमा र इन्द्रजात्राको (अनन्त चतुर्दशीको दिन) समयमा दरबारको प्राङ्गणमा ल्याई प्रदर्शन गरिने प्रचलन रहयो ।[१९] जो आजसम्म पनि प्रत्येक वर्ष हनुमानढोका दरवारको प्राङ्गणमा प्रदर्शन गरिन्छ। यस मूर्तिफलकका सम्पूर्ण शिरहरू शेषनागका तेह्रवटा फणाहरूद्वारा सुरक्षित गराइएको छ। सहश्र हातहरूको प्रतिक स्वरूप देखाइएका कम्तीमा पनि तीसभन्दा बढी हातहरूमा विभिन्न आयुधहरू लिएको देखिन्छ तर खुट्याउन सकिन्न। मूर्तिमा प्रयुक्त गहनाहरूमा रत्नहार, केयूर, बाजु ठूला-ठूला कुण्डल, नुपूर, किरिटमुकुट आदिको प्रयोग गरिएको छ विष्णुका बीचका दुई गोडाका ठीक तल दुई नारी आकृति छन्। उनीहरू एउटा घुँडा मारी अर्कोले पीठिका माथि टेकेको अवस्थामा देखिन्छन्। यी नारी आकृतिहरू लक्ष्मी तथा भूदेवीको हुनुपर्छ। यस मूर्तिफलकमा सबै भन्दा तल्लो बीचको मूर्तिको पेटमा डर लाग्दो मुखाकृति तथा तिघ्रामा तथा हातमा समेत मानवाकृतिहरू देख्न सकिन्छ सम्भवतः ऋग्वेदको पुरुष सुक्तको भनाइलाई

ब्राह्मणस्यमुखमासित् बाहु राजन्यकृतः

उरुतदस्ययाद वैश्य पादाभ्यां शुद्रो अजयात् ॥

चरितार्थ गर्न खोजिएको होस्। चाँगुनारायण स्थानको विश्वरूपमा पनि यी आकृतिहरू देखाइएको कुरा माथि नै उल्लेख गरिसकिएको छ। यसरी पछिल्लो मल्लकालको यस विश्वरूप मूर्तिमा चराचर जगत्का विभिन्न प्राणी लगायतका दृश्य देखाउन. खोजिएको कुरा मूर्तिफलकमा चित्रित विभिन्न आकृतिले प्रष्ट पारेका छन्।

हनुमानढोका प्रवेशद्वारमाथिको विश्वरूप

माथि उल्लेख गरे बाहेक हनुमानढोकाको मूल प्रवेशद्वारको ठीक माथि राखिएको विश्वरूपको मूर्ति पनि इन्द्रजात्रामा देखाइने ने.सं. ७७७/१६५ विश्वरूपको

मूर्तिसँग मूर्तिनिर्माण शैलीको आधारमा निकै मात्रामा मेल खान्छ। त्यति हुँदाहुँ पनि मूर्तिमा देखाइएको विश्वरूपको डरलाग्दो अनुहार, मूर्तिमा प्रयुक्त गहनाहरू जस्तो हार, मुकुट आदि गहनाहरूको ढाँचामा भिन्नता देखिन्छ। यस मूर्तिफलकम विश्वरूपको घाँटीमा घुँडाको तहसम्म पुगेको बनमाला तथा जनैको समेत प्रयोग छ। मूर्तिमा प्रयुक्त वस्त्राभूषणमा समानता नरहँदा नरहँदै पनि यी दुई मूर्तिफलकहरू एउटै समयका कलाकारद्वारा निर्माण गरिएका हुन् भनी थाहा पाउन कुनै अप्ठ्यारो पर्दैन। यस मूर्तिमा विश्वरूपलाई पच्चीस वटा नागका फणाहरूले छत्राकारमा सुरक्षा दिएका छन्।

विश्वरूपका विभिन्न मूर्तिहरूमध्येको हाल Museum of Fine Arts, Boston को संग्रहमा रहेको एक धातु मूर्तिको उल्लेख प्रतापादित्य पालले गरेका छन्।[१८] यस मूर्तिमा माथि उल्लेख गरिएका विश्वरूपका मूर्तिमा भएका विभिन्न पात्रहरू लगायत विशाल मूर्तिफलकको अभाव छ। एक मुख तथा दश हातयुक्त यस विश्वरूप मूर्तिमा उनका हातहरूमा लिइएका आयुधहरू दायाँ माथिबाट तल क्रमशः चक्र, अंकुश, मुद्रा, वाण सहितको ठोक्रो, बज्र तथा सबैभन्दा तल्लो हातमा पद्मबीज सहित वरद मुद्रा देखिन्छ। बायाँतर्फ माथिबाट तल क्रमशः परशु, तरबार वा धनु ?, ढाल, गदा तथा शङ्खले स्थान पाएका छन्। रूपमण्डनमा उल्लेख गरिएका विश्व रूपका आयुधहरू बज्र, अंकुश लगायत चाँगुको विश्वरूपको मूर्तिमा देखिएका तरबार, बाण, ढाल, चक्र, बज्र, शङ्ख, परशु तथा पद्मबीज सहितको वरद मुद्रा प्रदर्शन गरिएबाट निश्चित रूपमा यो मूर्ति विश्वरूपको हो भनी ठम्याउन सकिन्छ। यस धातु मूर्तिमा विष्णुलाई समपाद स्थानक मुद्रामा देखाइएको छ। मूर्तिमा प्रयुक्त कीर्तिमुख सहितको मुकुट, कर्णकुण्डल, गला तथा पाखुराका गहना, जनै प्रयोगको ढाँचा तथा शैली र अझ शङ्ख समातेको ढाँचा र अधोवस्त्रको लम्बाइ तथा बुट्टा समेत दत्तात्रय भीमधारामा रहेको तर १९८३ मा चोरी भएको विष्णुको मूर्तिसँग मिल्दछ। यस मूर्तिको समय पालले दशौं शताब्दी बताएका छन्। मूर्तिमा देखिएका विशेषताहरूका आधारमा उनले तोकेको समय पूर्णरूपमा सही देखिन्छ (चित्र नं. ३८)।

विभिन्न कालमा निर्माण गरिएका माथि उल्लेखित विश्वरूप मूर्तिका उदाहरणहरूले नेपाली समाजमा विभिन्न युगमा विश्वरूपका मूर्तिहरू निर्माण गरी मन्दिरमा स्थापना गरेर पूजा आराधना गर्ने परम्परामा निरन्तरता रहे पनि मूर्तिमा देखाइने पात्रहरूमा समानता रहेन। अझ मल्लकालमा बनेका मूर्तिहरूमा तान्त्रिक प्रभावका कारण धेरै टाउका खुट्टा तथा हातको प्रयोग गरी मूर्तिलाई क्लिष्ट बनाउने काम कलाकारहरूले गरे भन्न अलिकति पनि हिचकिचाहट हुँदैन।

टिप्पणी

१. गोविन्दप्रसाद भट्टराई, **मूर्तिकला-लक्षण सहित प्राचीन नेपाली मूर्तिहरू,** काठमाडौं: इल्या भट्टराई, २०४१, पृ. ६९ ।

२. **SRI-VISNUDHARMOTARA PURANA,** Trans. Dr. Priyambala Shah, Delhi: Parimal Publication, 2002, P. 189-190.

३. भट्टराई, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ६९ ।

४. **श्रीमद्भागवत गीता,** अनु. जय दयाल गोयन्का, गोरखपुरः गीताप्रेस, १९८६, पृ. १७५ ।

५. वीणा पौड्याल, **काठमाडौं उपत्यकाका विष्णुविभव मूर्ति र चित्रहरू,** काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०६२, पृ. ९६-९७ ।

६. भट्टराई, **पूर्ववत्,** टिप्पणी सङ्ख्या १, पृ. ६९ ।

७. उही, पृ. ७० ।

८. Mary S.Slusser, **Nepala Mandala, A Cultural Study of the Kathmandu Valley**, Vol I, Kathmandu: Mandala Book Point, 1998, PP240-241.

९. लैनसिंह वाङदेल, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ. १२१-१२२ ।

१०. श्रीमद्भागवत् गीता, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ४, पृ. ५३९ ।

११. **महाभारत** अरण्य पर्व, अध्याय १२३. श्लोक १२ ।

१२. Vettam Mani, **Puranic Incyclopedia**, Delhi: Motilal Banarasidess publishers, 1998, p. 65.

१३. श्रीम्दभागवत् गीता **पूर्ववत्,** टिप्पणी सङ्ख्या ४ पृ. २६७ ।

१४. वीणा पौड्याल, **नेपाली मूर्तिकला र चित्रकला,** कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातन्व केन्द्रीय विभाग, २०५७, पृ. ३० ।

१५. उही, पृ. २७ ।

१६. पौड्याल, **पूर्ववत्,** टिप्पणी सङ्ख्या ५, पृ. १०४ ।

१७. गौतमवज्र बज्राचार्य, **हनुमानढोका राजदरबार,** काठमाडौं: नेपाल र एसियाली अध्ययन संस्थान, २०३३, पृ. २२ ।

१८. Pratapaditya Pal, **Art of Nepal**, Pt. 1, Sculture, Netherland: Leiden/koln, E.J. Brill, 1974, p 79.

अध्याय सात

जलशायी (शेषशायी) विष्णु

परिचय

सनातन धर्मावलम्बीहरूद्वारा पालनकर्ता देवताको रूपमा पूजा तथा उपासना गरिएका देवता विष्णुका विभिन्न स्वरूपहरूको चर्चा पौराणिक ग्रन्थहरूमा गरिएको पाइन्छ। वेद लगायत पौराणिक ग्रन्थहरूमा नामोल्लेख भएका विष्णुका विभिन्न नाम तथा स्वरूपहरू मध्येको जलशयन रूप ज्यादै नै महत्त्वपूर्ण रूप हो। जलशायी विष्णुलाई 'नारायण' नामले पनि पुराणहरूले सम्बोधन गरेका छन्। 'नारा' को अर्थ जल र जलमा बास गरेको वा सुतेका कारण उनी जलशायी भनिए। पुराणमा उल्लेख भए अनुसार महाप्रलयको समयमा सम्पूर्ण जगत् जलमग्न हुँदा यी विष्णु शेषनागको शैय्यामाथि योगनिद्रामा थिए। यस्तो अवस्थामा सृष्टि गर्ने उद्देश्यले भगवान्ले नाभीबाट कमल उत्पन्न गराएर त्यसमाथि ब्रह्मालाई स्थान दिई संसारमा विभिन्न प्राणीको श्रृष्टी गर्ने वातावरण मिलाएका तथा संसारमा धर्म संस्थापन गर्नका लागि आवश्यकता अनुसार फरक फरक रूप लिएको प्रसङ्ग पनि पुराणहरूमा नै वर्णित छ।

विभिन्न पुराणहरूले जलशायी विष्णुको मूर्तिको चर्चा गरेका छन्। मत्स्य पुराणमा एउटा गोडा खुम्च्याई अर्को गोडा लक्ष्मीको काखमा राखेका, बाजुयुक्त एउटा हात शेषनागको शरीरमा तथा अर्को हातले कल्पवृक्ष मञ्जरी लिएका, लक्ष्मीद्वारा पाउ दबाइएका शेषशायी भनिएको छ। ब्रह्मबैवर्त पुराणमा पनि लक्ष्मीद्वारा पाउ दबाइएका चतुर्भूजी विष्णुको उल्लेख गरिएको छ।[१] विष्णुधर्मोत्तर, मार्कण्डेय पुराण, बृहद्नारदीय पुराण, वायु पुराण आदि पुराणहरूले पनि जलशायी विष्णुको मूर्तिबारे चर्चा गरेका छन्। नारद पाञ्चरात्रमा उनको विशिष्टताबारे भनिएको छ

महाविष्णुका हरेक रोमकुपमा असंख्य ब्रह्माण्ड छन्। उनी जलशायी भएको समयमा उनका सम्पूर्ण रोमकुपमा जलप्रवाह भई सो जलमाथि महावायु, त्यसमाथि कछुवा र कछुवामाथि शेषनाग रहन्छन्। तिनै शेषनागलाई शय्या बनाएर सुतेका विष्णु सृष्टिकर्ता हुन् उनले नै सृष्टिको बन्दोबस्त मिलाएका हुन्[२] भन्ने भावका अभिव्यक्तिहरू दिएको पाइन्छ।

पुराणहरूमा नै विष्णुको मूर्ति कस्तो हुनुपर्छ उल्लेख गरिएको छ। विष्णु धर्मोत्तर पुराण अनुसार फणाको मणिले शिर झलमल्ल भएका शेषनागको शरीरमाथि शयन गर्ने विष्णुको एक पाउ लक्ष्मीको काखमा र अर्को पाउ पनि सोही (लक्ष्मीको काखमा राखिएको) पाउको घुँडामाथि गराउनु। विष्णुको एक बाहु आफ्नै नाभिमा र अर्को बाहु शिरमा तकियाको रूपमा राख्नु। चार बाहुमध्येको तेश्रोमा कल्पवृक्ष मञ्जरी र चौथो बाहु नाभीमा रहेको कमलमा गराउनु, शेषनागको नजिकै मानवाकारमा शङ्ख, चक्र, गदा, तथा पद्म होऊन्। विष्णुको नाभीबाट उत्पन्न भएको कमलमाथि ब्रह्मालाई विराजमान गराउनु साथै डाँठ सहितको कमलपुष्पको दायाँ-बायाँ मधु तथा कैटभलाई देखाउनु।[३]

सनातन धर्मको उद्‌गम तथा विकास भएको मुलुक भारतमा विष्णुका शयन मूर्ति सहित मन्दिरको स्थिति बारे चर्चा गर्नु पनि यहाँ सान्दर्भिक देखिन्छ। भारतमा विष्णुका शयन मूर्तिको सङ्ख्या अत्यन्तै कम रहेको कुरा विद्वान्‌हरूले बताएका छन्। जे.एन. बनर्जीले इशाको पाँचौं शताब्दीताकाको Bhitargaun को इँट्टाद्वारा निर्मित मन्दिरमा रहेको शेषशायी विष्णु मूर्ति तथा छैटौं शताब्दीको देउगढको मन्दिरमा रहेको प्रस्तर जलशयन विष्णुको मूर्तिको उल्लेख आफ्नो पुस्तकमा गरेका छन्। यी मूर्तिहरूमा मधु र कैटभ राक्षसलाई देवतासँग लड्ने भावभंगिमामा देखाइएको छ। दक्षिण भारतीय मन्दिरहरूमा पनि यस्ता मूर्तिहरू स्थापना गर्ने प्रचलन रहेको तर यिनीहरू जलशयन विष्णुको नामले नभई रंगनाथ वा रंगस्वामीको नामले प्रसिद्ध भएको कुरा बनर्जीले नै उल्लेख गरेका छन्।[४] गोपिनाथ रावले 'हलेविदु' गाउँको विष्णु मन्दिरमा रहेको जलशायी विष्णुको चित्र (drawing) को उल्लेख आफ्नो पुस्तकमा गरेका छन् जसमा पुराणहरूले वर्णन गरे अनुरूपको शयन विष्णुको पाउमुनि लक्ष्मी तथा विष्णुको शिरको दायाँतर्फ छेउमा भूदेवीलाई बसेको देखाइएको छ। विष्णुको एउटा हात (दायाँ) डाँठ सहितको कमल निस्केको नाभिस्थलमा तथा अर्को हात बायाँ घुँडामा आराम गरेको अवस्थामा राखिएको छ। विष्णुको शिरको ठीक पछाडि सानो आकारमा एक पुरुषाकृति पर्यङ्काशन मुद्रामा बसेको देखिन्छ भने दायाँ-बायाँ लस्करै विष्णुका मत्स्यदेखि कल्कीसम्मका दश

अवतारका आकृतिहरू पनि चित्रित छन्। लक्ष्मीको बायाँतर्फ स्थानक मुद्रामा ए
पुरुषाकृति अञ्जली मुद्रामा देखिन्छन्। पखेटा प्रष्ट रूपमा देख्न नसकिएको य
फलकमा अञ्जली मुद्रामा उभिएका पात्र गरुड नै होलान् भनी अनुमान गर्न सकिन्छ

जहाँसम्म नेपालमा शयन विष्णु मूर्तिको प्रचलनको सन्दर्भ छ वैखानसाग
लगायत विभिन्न साहित्यिक श्रोतहरूमा उल्लेख गरिए अनुरूपका विष्णुका अच
(ध्रुववेर) मूर्तिहरू नेपालमा प्राप्त छन्। विभिन्न श्रोतका आधारमा गोपीनाथ राव
उल्लेख गरे अनुरूपका योग, भोग, वीर तथा अभिचारिकमध्ये भोग प्रकारक
विष्णु मूर्तिको नेपालमा बाहुल्यता छ।[६] विष्णुका माथि उल्लेखित चार प्रकारक
मूर्तिहरूलाई नै पुनः उप-विभाजन गरी फरक फरक स्वरूपमा चित्रण गरिए
स्थानक आसन तथा शयन मूर्तिहरू नेपालमा प्रशस्त रहेका उदाहरणहरूको च
अगाडिका अध्यायहरूमा नै परिसकेको छ। लिच्छविकालीन अभिलेखहरूम
उल्लेख गरिएका विभिन्न नामहरू जस्तो केशव, विष्णु, हरि, नारायण, वासुदे
आदिले उनको चतुर्विंशव्यूह रूप मात्रलाई संकेत गरेको हो वा होइन प्रष्ट छैन। त
जलमा वास गरेका विष्णुलाई 'नारायण' भनिएको तर्फ ध्यान दिँदा तथा लिच्छवि
राजा भीमार्जुन देव तथा विष्णुगुप्तको यङ्गालहिटीको सं. ६४ को शिलालेखको
शुरुमै शेषनागराजको शरीरले चहकिलो भएको पोखरीमा प्राणीको कल्याणको
लागि सुतेका मुरारीरूपी विष्णुको अति शान्त तथा सुन्दर मूर्तिले तिमीहरूको मंगल
गरोस् .....। पहिले नै द्रङ्गको चार भागको एक भागको रूपमा इलाका छुट्याइएको
दक्षिणकोलीग्रामको यस सीमाभित्र बस्नेहरूलाई कल्ली, बाजु तथा पाउजु छोडे
अरु गहना लाउन पाउने गरी निगाह गरियो।[७] उल्लेख भएबाट भगवान् नारायणको
जलशायी मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याए बापतको यो निगाह
दक्षिणकोलीग्रामवासीलाई भएको कुरा प्रष्ट छ। झण्डै १४०० वर्षसम्मको घाम,
हावा तथा पानी खपिसकेको सो शयन विष्णुको मूर्ति आजसम्म पनि त्यत्तिकै
आकर्षक, तथा कालपारखीको मात्र नभै सम्पूर्ण भक्तहरूको समेत मन जित
सफल छ। अझ अर्को शब्दमा भन्ने हो भने प्राचीन (लिच्छवि) नेपाली कलाकारको
सीपको अद्वितीय नमुनाको रूपमा यो मूर्ति संसारभर प्रसिद्ध छ। भारतका समेत
शयन विष्णुका मूर्तिका उदाहरण अत्यन्तै कम रहेको अवस्थामा नेपालमा प्राप्त
यति उत्कृष्ट उदाहरणले प्राचीनकालदेखि नै नेपाली समाज विष्णुका शयन मूर्तिसँग
परिचित मात्र थिएन ज्यादै उत्कृष्ट कालकारिता पस्कने क्षमतावान् कलाकार
उत्पादन गर्न सक्ने हैसियत राख्तथ्यो भन्ने कुरा समेत प्रष्ट भएको छ।
लिच्छविकालीन नारायणको सो मूर्तिको स्तरसम्म नेपाली कलालाई उचाल्न अथवा

त्यति माझिएको (परिस्कृत) कलाकारिता ढुङ्गा जस्तो कठोर माध्यममा पोख्न दुई-चार सय वर्षले मात्र पुग्दैन यो त सयौं वर्षको निरन्तर अभ्यासले मात्र सम्भव हुन्छ। बूढानीलकण्ठ नारायणको सो मूर्ति माथि उल्लेख गरेझैं लामो समयसम्मको निरन्तर अभ्यासको प्रतिफल हो भन्ने कुराको पुष्टि सो मूर्तिको कारिगरीले गरिसकेको छ।

नेपालमा शयन विष्णु (शेषशायी विष्णु) का मूर्तिहरू बूढानीलकण्ठ नारायणको मूर्तिभन्दा पनि पुराना प्राप्त भएका छन्। जो निम्नानुसार छन् :

आर्यघाटको शेषशायी विष्णु

भारतमा समेत विष्णुका शयन मूर्ति (शेषशायी) को उदाहरणहरू अत्यन्त कम भएको अवस्थामा नेपालमा भने प्राचीन अर्थात् इशाको आरम्भिक ३-४ शताब्दीभित्र कै मान्न सकिने शेषशायी विष्णुको प्रस्तर मूर्ति पशुपति मन्दिरको पूर्वतर्फको भऱ्याङको बायाँतर्फको एक सानो पाटीको भित्तामा अवस्थित छ (चित्र नं. ३९)। प्रतिमा विज्ञानका नियमसँग पूर्ण रूपमा नमिले तापनि मूर्तिका कतिपय विशेषताहरू श्रोत अनुरूपकै छन्। फूस्रो बलौटे ढुङ्गामा निर्मित यस मूर्तिफलकमा विष्णु नागको शरीर (coil) माथि लामो भई सुतेका अवस्थामा छन्। दुई भुजायुक्त यी विष्णुका हातहरूमध्येको दायाँ हातलाई विष्णुधर्मोत्तर पुराणमा भनेझैं नाभिस्थलमा पुऱ्याइएको छ। निकै भग्न अवस्थामा रहेका यी विष्णुको बायाँ हात सम्भवतः उनको शिरमा पुऱ्याइएको हो। मूर्ति भग्न भएकै कारण यसमा उत्कीर्ण सम्पूर्ण पात्रहरू लगायत शैलीगत विशेषताको बारे विस्तृत विवरण दिन सक्ने अवस्था छैन। यति हुँदाहुँदै पनि यसमा थोरै मात्रामा भए पनि थाहा पाउन सकिने विवरण यस प्रकार छ।

विष्णुको शिरको बायाँतर्फ माथि एक नारी आकृतिको चित्रण गरिएको छ। संभवतः उनी भूदेवी हुन्। रावले वर्णन गरेको हलेविदुको विष्णुको चित्रमा विष्णुको शिरमा दायाँतर्फ भूदेवीको चित्र छ भने यस मूर्तिफलकमा विष्णुको शिरको बायाँतर्फ एक नारी आकृति छ। उनले दायाँहातमा नीलोत्पल लिएकी छन् यद्यपी मूर्ति भग्न भएका कारण फूलको प्रष्ट रूप देख्न सकिँदैन तापनि उनको हल्का माथितिर उठेको हातले त्यही कुरा संकेत गरेको छ। मूर्तिफलकमा सुतिरहेको विष्णुको बायाँतर्फ भग्न अवस्थाको आकृति छ सो आकृतिको काखमा विष्णुको बायाँ गोडा राखिएको प्रष्ट रूपमा देख्न सकिन्छ। विष्णुधर्मोत्तर पुराणमा भनेझैं यसमा लक्ष्मीले जलशायी विष्णुको पाउ दाबिरहेकी छन्। उनको खण्डित बायाँ हातबारे प्रष्ट हुन नसकेता पनि दायाँ हात केही उठाएर अभय ? मुद्रा प्रदर्शित गरेको

देखिन्छ। लक्ष्मीको दायाँबायाँ रहेका दुई नारी आकृतिले लक्ष्मीलाई घडाको पा
खन्याएर अभिषेक गरिरहेका छन्। वाङ्देलले यी नारी आकृतिलाई Serpe
divinity को संज्ञा दिएका छन्।[८] मूर्तिफलकको तल्लो भाग अर्थात् विष्णुक
पाउको बायाँतर्फ एक बलिष्ट शरीरयुक्त पुरुष आकृति छ यो पनि भग्न अवस्था
नै छ तापनि शारीरिक तन्दुरुस्ती तर्फ ध्यान दिँदा कहीँ माथि रावले उल्लेख गरे
चित्रमा झैं यहाँ पनि गरुडको उपस्थिति जनाइएको त होइन भन्ने कुरा मन
उठिहाल्छ। सम्भवतः यो मूर्ति गरुडकै हो तर मूर्तिमा गरुड अञ्जली मुद्रामा प
देखिँदैनन् साथै पंक्षीको प्रतिक पखेटा पनि देख्न सकिँदैन। सम्भवतः कल
निर्माणको प्रारम्भिक चरणको मूर्ति भएका कारण कतिपय कुराहरूमा कलाकार
पूर्ण रूपमा ध्यान पुग्न नसकेको होस्। जेहोस्, भारतमा समेत यति प्राचीन समय
प्राप्त हुन नसकेका शेषशायी विष्णुको मूर्तिको यो उदाहरणले इशाको आरम्भता
देखि नै नेपाली समाजले वैष्णव धर्मलाई एक महत्त्वपूर्ण धर्मको रूप
अपनाइसकेको प्रष्ट हुन्छ। गोपालराज वंशावलीको राजा हरिदत्त वर्माले चा
नारायणका मन्दिर बनाए भन्ने भनाइदेखि प्रामाणिक प्रथम लिच्छवि राजा मानदे
प्रथमले दोलाद्रीका हरिको मन्दिरमा आमासहित भई पूजा आजा गरेर ब्राह्मणहरूला
दान दक्षिणा भोजन आदिको प्रबन्ध गरी मल्लपुरी विजयको गाथासमेत उत्कीर्
गराएबाट निश्चय पनि इशाको आरम्भिक शताब्दीताकादेखि नै नेपालमा वैष्ण
धर्म महत्त्वपूर्ण धर्मको रूपमा रहिसकेको स्वीकार्न सकिन्छ।

हनुमानढोका भण्डारखाल पोखरीको शेषशायी विष्णु

काठमाडौं उपत्यकाका तीनै मल्ल राजदरबारमा भण्डारखाल बगैंचा बनेको पाइन्छ। वास्तवमा यी स्थान सम्पत्ति (राज्यको) को सुरक्षाको लागि बनाइएक हुन्थे। प्राचीन वास्तुशास्त्र सम्बन्धी ग्रन्थहरूमा सुरक्षित राजकीय भण्डार बनाउ कुराको चर्चा गरिएको पाइन्छ। यस्ता भाण्डागारहरू (भण्डार) दुई प्रकारका हुन्थे देश्य तथा पौर। देश्य अन्तर्गत राजकोषको सुरक्षा गर्न जमिनमुनि खाडल खनी सम्पत्ति जमिनमुनी राखेर सुरक्षा गरिन्थ्यो भने अर्को प्रकारको भाण्डागार विशे प्रकारको भवन बनाएर त्यहाँ सम्पत्ति राखेर राजकोषको सुरक्षा गरिन्थ्यो। नेपालम पनि समय-समयमा भएका आक्रमणका घटना इतिहासको पानामा सुरक्षित छन् यस्तै आक्रमणबाट सम्पत्तिको सुरक्षा गर्न राज्यले दरबारभित्रै भण्डारखाल बनाएको थियो। कान्तिपुर दरबारभित्र यस भण्डारखालको क्षेत्रफल निकै ठूलो थियो हालको भूगोल पार्क नजिकैको नेपाल बैंक रहेको भूभागसमेत भण्डारखाल क्षे

भित्र पर्दथ्यो ।[९] यसै भण्डारखाल बगैंचाभित्र एउटा पोखरी रहेको (हाल पानी छैन) छ। यस पोखरीमा एउटा विशाल शेषशायी विष्णुको मूर्ति रहेको छ। राइट वंशावलीमा उल्लेख गरे अनुसार यो मूर्ति राजा प्रताप मल्लले ज्ञानेश्वर नजिकैको एक पोखरीबाट उठाएर ल्याई दरबारको यस बगैंचामा पोखरी खनाएर राखेका थिए। वंशावलीकै आधारमा प्रताप मल्ल आफैंले जलशयन नारायणको मूर्ति बनाउन लगाई दरबारमा स्थापना गर्न चाहेका तर बूढानीलकण्ठ नारायणसँग अनुमति माग्दा नयाँ मूर्ति नबनाउनु, ज्ञानेश्वर पोखरीको मूर्ति ल्याएर राख्नु भन्ने सपना देखेका कारण सोही बमोजिम ज्ञानेश्वरबाट उठाएर ल्याई दरबारमा स्थापना गरेको[१०] भनिएको पाइन्छ। हनुमानढोकास्थित यस शेषशायी विष्णु मूर्तिको निर्माण शैली, मूर्ति निर्माणका लागि चयन गरिएको ढुङ्गाको गुण, शैलीगत विशेषता, लेपको प्रयोग मूर्तिमा देख्न सकिने सादगी आदि सबै विशेषताहरूलाई ध्यान दिँदा, यो मूर्ति पनि लिच्छविकालकै मूर्तिको श्रेणीमा पर्न आउँछ। यस मूर्तिका संस्थापक यिनै हुन् भन्न सक्ने स्थिति नभए तापनि लिच्छविकालीन अभिलेखहरूलाई एक/एक गरी केलाउँदै जाँदा केही संकेत भने मिल्दछन्। लिच्छविकालीन राजा अंशुवर्माको हाँडीगाउँको सं. ३२ को अभिलेखमा हरेक गृहस्थीले आफ्नो घर खेत आदिको लागि सरकारलाई बुझाउनुपर्ने कर सम्बन्धि नियम रहे अनुरूप विभिन्न देवी देवताको लागि छुट्याउनु पर्ने रकम बारे पनि उल्लेख गरिएको पाइन्छ। यसै क्रममा रकम छुट्याउँदा दोश्रो वर्गमा परेको भुभ्भुकिका जलशयन नारायणलाई तीन पुराण एक पण बुझाउनु पर्ने कुरा अभिलेखमा नै उल्लेख गरिएको छ। भुभ्भुकिका जलशयन नारायणको मूर्ति निर्माणकाल बारे विद्वान्हरू एक मत छैनन्। गोपालराज वंशावलीमा यसको श्रेय भौम गुप्तलाई दिइएको छ (भौमगुप्त अंशुवर्माभन्दा अगाडिकै गुप्त शासक हुन् जसले लिच्छवि राजालाई नाम मात्रको राजाको रूपमा राखे) उनले राज्यशक्ति आफ्नो हातमा पारेका थिए। लिच्छविकालीन अभिलेखमा कँही पनि भुभ्भुकिका जलशयन मूर्ति निर्माण समय बारे चर्चा नभएका कारण विद्वान्हरूले भुभ्भुकिकाको अर्थ भुइजसी लगाई बूढानीलकण्ठ नै भुभ्भुकिका जलशयन हुन् भन्ने तर्क अगाडि सारेका छन्। तर यसको खण्डन अर्थ सहित वज्राचार्यले गरिसकेका छन्।[११] फेरी बूढानीलकण्ठ नारायणको निर्माणकाल भीमार्जुन देव–विष्णुगुप्तको समयमा भएको कुरा सं. ६४ र ६५ को यङ्गालहिटी तथा भृङ्गारेश्वरको भीमार्जुन देव–विष्णुगुप्तका अभिलेखले नै प्रष्ट पारिसकेको छ। अर्को तर्फ सं. २९ देखि ४५ सम्म लिच्छविकालका महत्त्वपूर्ण राजाको हैसियतले शासन व्यवस्था संचालन गर्ने अंशुवर्माले आफ्ना आज्ञा आदेश जारी गर्ने क्रममा

हाँडीगाउँको अभिलेखमा प्रष्टसँग पशुपतिनाथ, दोलाशिखर स्वामी आदि क वर्गा पर्ने मठ मन्दिर तथा विहारहरूको लागि भुभ्भुकिकाको तुलनामा दुई गुणा ब रकम छुट्याएको कुरा अभिलेखबाटै प्रष्ट हुन्छ। यस शयन नारायणको मन्दिरक लागि (सम्भवतः पूजा आजा आदि व्यवस्थाका लागि) पनि राजदरबारमा जागि खानेहरूले मर्यादाको लागि बुझाउनुपर्ने रकम अंशुवर्माले तोकेको कुरामा शंक गर्ने ठाउँ छैन। यसका साथै ज्ञानेश्वर भेकबाट प्रताप मल्लले उठाएर ल्याई दरबा (हनुमानढोका) मा स्थापना गर्न लाएको भनिएबाट पनि लिच्छविकालमा ज्ञानेश्व भेक ज्यादै महत्त्वपूर्ण स्थानको रूपमा रहेको हुनुपर्छ सम्भवतः दरबार (हाँडीगाउँ नजिकैको एरिया भएका कारण यो क्षेत्रमा महत्त्वपूर्ण मन्दिर तथा विहारहरू निर्माण गरिएका र जलशयन नारायणको भव्य मूर्तिसहितको मन्दिर यस भेकमा बनेको थियो वैज्ञानिक उत्खननको अभावमा अझै पनि यस क्षेत्रका महत्त्वपूर्ण पुरातात्विक निधिहरू प्रकाशमा आउन सकेको छैनन्। आशा गरौं भविष्यमा यसले निकाश पाउनेछ।

नेपालमा बनेका जलशयन नारायणका मूर्तिहरू मध्येको विशाल मूर्तिम हनुमानढोकाको जलशयन नारायणको मूर्ति गनिन्छ। तेह्र वटा नागको फणाले संरक्षण दिइरहेको यस विशाल नारायणको मूर्ति रहेको पोखरी पूर्णरूपमा सुख्खा छ। जहाँ नागहरूले बेह्रिएको नागशय्यामाथि विशाल विष्णुको मूर्ति लमतन्न परे सुतेको अवस्थामा छ। चार भुजायुक्त विष्णुले बायाँतर्फको माथिल्लो हातमा गदा लिएका छन् भने तल्लोमा शङ्ख प्रष्ट रूपमा देखिन्छ। यसरी नै दायाँतर्फको माथिल्लो हातमा चक्र देखिन्छ भने तल्लो हात पद्मबीज सहित वरद मुद्रामा रहेको छ। यस मूर्तिफलकमा शेषनागको शय्यामाथि सुतेका विष्णुलाई नत विष्णुधर्मोत्तर पुराणमा भनिए अनुरूप (एक पाउ लक्ष्मीको काखमा र अर्को पाउ काखमा रहेको पाउको घुँडा माथि राख्नु) छ न विष्णुको हात नाभिमा नै राखिएको छ, न त्यहाँ डाँठसहितको कमलको नै उपस्थिति छ नत ब्रह्मा नै। नेपालमा पाइएका अधिकांश जलशयन विष्णुका मूर्तिहरूमा विष्णुको बायाँ गोडा माथि घुँडाभन्दा केही तल झण्डै गोली गाँठाको भागनिरबाट दायाँ गोडा खप्ट्याइएको अवस्थामा देखाइएको पाइन्छ। भव्य, सौम्य तथा शान्त मुद्रामा रहेका विष्णुले बायाँतर्फको हातले गदा समातेको देखिन्छ भने तल्लो हातमा शङ्ख रहेको छ। उनको दायाँतर्फको माथिल्लो हातमा चक्र छ भने तल्लो पद्मबीजसहित वरद मुद्रामा देखिन्छ। विष्णुको शिरमा देखिने आकर्षक किरीटमुकुट तथा नागका उठेका फणा देखाउन कलाकारले धेरै मेहनत गरेको बुझ्न गाह्रो पर्दैन यस मूर्तिमा प्रयुक्त कर्णकुण्डल, हार, केयूर, बाजू लगायतका सुहाउँदा गहना, चौडा छात्ती, कस्सिएका तिघ्रा तथा पखेटायुक्त आंगिक

अनुपातको मेल भएको शरीरको बनावटले मूर्तिमा अझै चार चाँद थपेको छ। यो मूर्ति विष्णुगुप्तले नै बनाएको भन्ने विद्वान्हरूको पनि यहाँ कमी छैन। तर भीमार्जुन देव विष्णुगुप्तको समयभन्दा ३३-३४ वर्ष अगाडि नै भुभ्भुकिका को उल्लेख हाँडीगाउँको अंशुवर्माको अभिलेखमा परिसकेको तथा हालसम्मपनि भुभ्भुकिका नामक (राज्यले नै मर्यादाको लागि रकम तोकेको) विशाल मूर्ति कहीँ पनि फेला पर्न नसकेकोले अंशुवर्माको अभिलेखमा उल्लेखित भुभ्भुकिका जलशयन मूर्ति नै प्रतापमल्लले भण्डारखाल बगैंचामा स्थापना गरेको मूर्ति हुनुपर्दछ। यद्यपि यसको पुष्टिको लागि आधिकारिक प्रमाणको अझैं खाँचो छ।

बूढानीलकण्ठको जलशयन नारायण

पुराणहरूमा जलमा निवास गर्ने भएका कारण 'नारायण' भनिएका शेषशायी विष्णुको यस भव्य मूर्तिको निर्माण इशाको सातौं शताब्दीतिरका लिच्छवि राजा भीमार्जुन देव तथा विष्णु गुप्तको समयमा भएको कुरा माथि नै उल्लेख गरिसकिएको छ। यी नारायण जलशायी, शेषशायी, आदि कुनै नामले परिचित छैनन्। केवल बूढानीलकण्ठ नारायणको नामले मात्र प्रसिद्ध छन्। यी नारायणको नाम के आधारमा बूढानीलकण्ठ रह्यो यसबारेमा चित्त बुझ्ने तर्क कसैले दिन सकेका छैनन्। गोविन्दप्रसाद भट्टराईले शेषशायी विष्णुको मूर्ति स्थापना गरी मन्दिर निमाण गर्न तयार गरिएको जमीन नीलकण्ठ नामक बूढाको भएकोले उनै नीलकण्ठ बूढा पूजा आजाको प्रबन्धक बनेका कारण सो नारायणको नाम बूढानीलकण्ठ रह्यो भन्ने तर्क दिएका छन्।[१२] अर्को थरि भनाइमा (जन बोली) यिनी बुद्ध, नीलकण्ठ (शिव) र नारायण हुन् किनकि यिनको हातमा शिवले लिने विभूतिको डल्लो छ साथै पाखुरामा सर्प केयूरको प्रयोग गरिएको छ जो शिवले मात्र प्रयोग गर्दछन्, यसरी नै जलमाथि शेषनागको शय्यामा सुतेका कारण यिनी नारायण हुन्, बुद्ध यसकारण हुन् कि उनी बुद्धझैं शान्त, सौम्य छन् साथै उनको निधारमा उर्णाको प्रयोग गरिएको छ। समष्टिगत रूपमा भन्नुपर्दा धार्मिक समन्वयताको प्रतीकको रूपमा यो मूर्ति रहेको छ।

माथि उल्लेखित मन गढन्ते भनाइको आधिकारिक पुष्टि हुने ठाउँ छैन। तर प्रतिमा विज्ञानका नियमहरूमा पूर्ण रूपमा आधारित भई निर्माण नगरिएको यस मूर्तिका हातमा देखिएका आयुधहरू पूर्ण रूपमा श्रीधर विष्णुले लिने आयुध अनुरूपका बायाँ माथिल्लो हातबाट घडीगत रूपमा क्रमशः गदा, शङ्ख, पद्मबीजसहित वरदमुद्रा तथा चक्रको प्रयोग गरिएको छ। जल माथि शेषनागको कुण्डल (Coil)

मा लमतन्न सुतेको यो मूर्ति शेषशायी विष्णुकै हो। अझ लिच्छविकालको भृङ्गारेश्वर र यंगालहिटीका अभिलेखमै विशाल नारायणको मूर्ति बनाउनको लागि ढुङ्गा तानेर ल्याए बापत सो ठाउँका बासिन्दालाई स्थान विशेषका आधारमा सुविधा दिएको कुरा उल्लेख भएबाट यसमा शंका गर्ने ठाउँ नै रहँदैन। यस मूर्तिका शारीरिक विशेषताहरू पनि हनुमान ढोकाको शेषशायी विष्णुका जस्तो छन्। बूढानीलकण्ठ नारायणका यस भव्य मूर्तिको तारिफ गरेर सायदै कोही थाक्ला। ढुङ्गा जस्तो कठोर माध्यममा यति विशाल र सुन्दर तथा सजीव कला भर्ने प्राचीन नेपाली कलाकार साँच्ची नै स्तूत्य छन् (चित्र नं. ४०)।

बालाजुको शेषशायी मूर्ति

बालाजु उद्यानको पश्चिमोत्तर भागमा रहेको यो मूर्ति अनुश्रुतिका आधारमा राजा प्रताप मल्लले बनाउन लगाएका थिए। गौतमवज्र बज्राचार्यले यस मूर्तिको कलाकारितातर्फ इङ्गित गर्दै बूढानीलकण्ठ नारायणको मूर्ति निर्माण भए ताकाकै हो भनेका छन्।[१३] उनले बालाजुस्थित शेषनागको शय्यामा सुतेको यो मूर्ति विष्णुको नभएको कुरा बताएका छन्। उनका अनुसार यस जलशयन मूर्तिमा प्रष्ट रूपमा मूर्तिको दायाँतर्फको हातमा अक्षमाला तथा तुम्बी लिएको देखिन्छ भने बायाँतर्फका दुई हातमा शङ्ख तथा पद्मबीज देखिन्छ। तसर्थ यो मूर्ति नारायणको नभई जलशायी हरिहरको हो।[१४] मेरी स्लसर तथा बज्राचार्यले नेपाली ढुङ्गे मूर्तिकलाको अध्ययन अनुसन्धानको क्रममा यस मूर्तिको समेत अध्ययन गरी आर्टिवस एसिया" नामक स्वीटजरल्याण्डबाट प्रकाशित जर्नलमा छपाएका छन्। यसैलाई आधार मानेर यो मूर्ति जलशयन विष्णुको नभई हरिहरको हो भन्ने तर्क गौतमवज्र बज्राचार्यको छ। बाङ्गदेलले यसलाई शेषशायी विष्णुकै मूर्ति मानेका छन्।[१५] तर हातमा लिएका आयुधहरूको आधारमा यस मूर्तिलाई जलशायी विष्णुको रूपमा स्वीकार्नु उपयुक्त देखिन्न। हुन सक्छ नेपाली समाजमा प्राचीनकालदेखि नै कलाको विषय बनेका हरिहरलाई उपल्लो मल्लकालसम्म आइपुग्दा योगशयन स्वरूपमा समेत उतारी धर्मसमन्वयताको उच्चतम उदाहरणको रूपमा प्रस्तुत गर्ने काम नेपाली कलाकारले गरेको होस्। बूढानीलकण्ठ नारायण तथा भण्डारखाल बगैंचाका पोखरीमा अवस्थित नारायण मूर्तिहरूको तुलनामा सानो आकारको यस मूर्ति सानो भए तापनि आकर्षक देखिन्छ। नौ वटा फणायुक्त शेषनागका शिरले सुरक्षा दिएको यस मूर्तिमा लिच्छविकालीन विशेषताहरू नै समाविष्ट भन्ने विद्वान्हरूको राय पाइन्छ।[१६] तर वंशावलीको कथनलाई पनि यहाँनेर सम्झनै पर्ने हुन्छ। वंशावलीमा उल्लेख

भएअनुसार सपनामा स्वयं बूढानीलकण्ठ नारायणले प्रतापमल्ल लगायत उनका सन्तानहरूले दर्शन गर्न आएमा मृत्यु हुनेछ, भनेका कारण प्रताममल्लले बूढानीलकण्ठ नारायणकै मूर्तिको नमुना अनुरूपको मूर्ति निर्माण गर्न लगाई बालाजुमा स्थापना गरेर नारायणको दर्शन गरेका थिए। यस भनाइलाई पुष्टि गर्ने प्रमाणिक आधार नहुँदा नहुँदै पनि वंशावलीको कथनलाई पूर्ण रूपमा अस्वीकार गर्नु पनि उचित देखिन्न। कारण हालसम्मपनि बालाजु उद्यानमा सो मूर्ति हुनु र वंशावलीमा पनि माथि उल्लेखित भनाइ उल्लेख गर्नु संयोग मात्र हुँदैन। यद्यपि मूर्तिमा देखिने आयुधले यस मूर्तिलाई हरिहरको मूर्ति मान्नुपर्ने अवस्था छ। आधिकारिक प्रमाण (अभिलेख आदि) प्राप्त नहुञ्जेल यस मूर्तिका संस्थापक प्रताप मल्ललाई नै मान्नु उचित देखिन्छ।

माथि उल्लेखित शेषशायी विष्णुका मूर्तिहरूका उदाहरणहरूले नेपालमा प्राचीन कालदेखि नै वैष्णव सम्प्रदायका विभिन्न स्वरूपका मूर्तिहरूमध्ये जलशयन वा शेषशायी विष्णुका मूर्ति निर्माण गरी पूजा गर्ने प्रचलन रहेको र यस प्रचलनले हरेक युगमा निरन्तरता पाएको कुरा प्रष्ट हुन्छ। यति मात्र नभै त्यसभन्दा पछिको समयका पनि जलशयन विष्णुका मूर्तिहरू नेपालका विभिन्न स्थानमा रहेका जसमध्ये पलाञ्चोक भगवती स्थानको चौधौं शताब्दीतिरको भनिएको जलशयन मूर्ति तथा काठमाडौं उपत्यकाभित्रै अन्य जलशयन नारायणका मूर्तिहरू प्राप्त भएबाट नेपाली समाजमा शयन मूर्तिहरू निर्माण गरी पूजाआजा गर्ने प्रचलन आजसम्म पनि कायम रहेकाले यस मतको ख्यातिको अनुमान गर्न सकिन्छ।

टिप्पणी

१ गोविन्दप्रसाद भट्टराई, **मूर्तिकला-लक्षणसहित नेपाली मूर्तिहरू** काठमाडौं: इल्या भट्टराई, २०४१, पृ. २८-२९ ।

२ उही, पृ. २९

३ **विष्णुधर्मोत्तरपुराण,** ३ । ८१ ।

४ J.N. Bararjea, **The Development of Hindu Inconography**, New Delhi: Munsiram Manoharlal, 1985, P. 275.

५ T.A. Gopinath Rao, **Elements of Hindu Iconography**, vol. I, Delhi: Low price pulications, 1999, p. 264-265.

६ Pratapaditya Pal, **Vaishava Iconology in Nepal**, Culcutta; The Asiatic, Society, 1970, P. 63.

७ धनवज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. ४४२-४४४ ।

८ Lain Singh Bangdel, **The Inventory of Stone Sculptures of Kathmandu Valley**, Kathmandu: Royal Nepal Academy, 1995, P. 2-52(PL.1)

९ गौतमवज्र बज्राचार्य, **हनुमान ढोका राजदरवार**, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, २०३३, पृ. १२४-१२५ ।

१० उही ।

११ बज्राचार्य, **पूर्ववत्**, टिप्पणी सङ्ख्या ७, पृ. ३२५ ।

१२ भट्टराई, **पूर्ववत्**, टिप्पणी सङ्ख्या १, पृ. ३०-३१ ।

१३ बज्राचार्य, **पूर्ववत्**, टिप्पणी सङ्ख्या ९, पृ. १२६ ।

१४ उही ।

१५ वाङ्देल, **पूर्ववत्**, टिप्पणी सङ्ख्या ८, पृ. ९२ ।

१६ भट्टराई, **पूर्ववत्**, चित्र सङ्ख्या १, पृ. ३२ ।

निष्कर्ष

ऋग्वेदमा उरुगाय तथा उरुक्रम (धेरैद्वारा गाइएका तथा धेरै टाढासम्म टेक्न सक्ने) शब्दहरूद्वारा सम्बोधन गरिएका द्युस्थानका (आकाश) देवता विष्णु त्रिविक्रम नामले पनि चिनिएका छन्। आफ्ना तीन पाइलाले स्वर्ग, पृथ्वी र अन्तरिक्ष ढाक्ने विष्णु उपनिषद्, ब्राह्मणसाहित्य तथा पौराणिक कालसम्म आइपुग्दा विश्व ब्रह्माण्ड स्वरूपा वा विश्वरूपा, अनन्तशायी नारायणको रूपमा प्रख्यात हुन पुगे। भारतीय उपमहाद्वीपमा इशापूर्व दोश्रो शताब्दीताका नै भक्ति तथा उपासनाको महत्त्वपूर्ण पात्र बनेका विष्णु इ.पू. प्रथम शताब्दीसम्ममा राजाहरूका मुद्राहरूमा समेत स्थान प्राप्त गर्ने महत्त्वपूर्ण देवताको रूपमा चिनिए। पाञ्चाल नरेश विष्णुमित्रको मुद्रामा अंकित भएका वाशुदेव (विष्णु) सिक्कामा अंकित प्रथम विष्णु भएको कुरा आर.जी. भण्डारकरले बताएका छन्। श्रीमद्भागवत महापुराणमा विष्णुका विभिन्न अवतारहरूको चर्चा गरिएको तथा भगवान् विष्णु सर्वव्यापि छन् तथापि आवश्यकता अनुसार उनी विभिन्न स्वरूपमा देखा पर्दछन् भन्ने सनातन धर्मावलम्बीहरूको मान्यता अनुरूप नै भारतीय उपमहाद्वीपमा योग, भोग, वीर तथा अभिचारिक स्वरूपका स्थानक, आसन तथा शयन स्वरूप लगायत विभव स्वरूपका विष्णुमूर्ति निर्माण गरी सनातन धर्मावलम्बीहरूले पूजा, उपासना गरेको कुराको पुष्टि विभिन्न स्थानहरूबाट प्राप्त विष्णुका विभिन्न स्वरूपका मूर्तिहरूले गरेका छन्।

नेपाली मूर्तिकलाको इतिहास पहिल्याउँदै जाँदा इशापूर्वका शताब्दीहरूसम्म पुग्न सकिन्छ त्यसमा पनि लुम्बिनी तथा कपिलवस्तुमा प्राप्त माटाका मूर्तिका नमुनाहरूले मूर्ति निर्माणको माध्यमको रूपमा कलाकारले चित्रकला पछि माटोलाई रोजेको र त्यसपछि मात्र प्रस्तर तथा धातुमा समेत कलाकारिता पस्कने काम भएको अनुमान गर्न कठिन पर्दैन, यद्यपि यसबेलाका कलाका नमुनाहरू परिस्कृत देखिँदैनन्।

नेपालको प्रमाणिक इतिहासकालदेखिका भने ज्यादै परिस्कृत रूपमा नेपाल कलाकारको सीप पोखिएका वैष्णव सम्प्रदाय सम्बन्धी विभिन्न मूर्तिहरू नेपालक विभिन्न स्थानबाट प्राप्त भएका छन्। अझ राजा मानदेव प्रथमद्वारा आमासहि भइ पूजा अर्चना गरिएका दोलाद्रीका हरि (गरुडासन विष्णु) मानदेवको सम अगावै दोलाद्रीपर्वतमा रहेको मन्दिरमा (चाँगुनारायण) स्थापना गरिएका र मल्लपु विजयपश्चात् आमासहित सो मन्दिरमा पुगेर हरिको पूजा गरी गरुडध्वज स्ताम राखेको कुरा ७८ पंक्तिको चाँगुनारायणको सं. ३८६ को मानदेवको शिलालेखब प्रष्ट पारेको छ। मानदेवकै समयदेखिका मिति सहितका परिस्कृत कलाशैलीसँ कतिपय कुरामा सामाञ्जस्यता राख्ने काठमाडौं उपत्यका लगायत बाहिरबाट प्राप वैष्णव सम्प्रदायसँग सम्बन्धित मूर्तिका उदाहरणहरूले नेपाली समाज इशाक आरम्भिक पाँच शताब्दी भित्र 'वैष्णवधर्मपृय' समाजको रूपमा रहिसकेको मान पर्दछ। त्यसपछिका विभिन्न युगहरू लिच्छवि, ठकुरी, मल्ल, शाह हुँदै आज पर्यन्त नेपाली समाजमा विष्णुका विभिन्न स्वरूपका मूर्तिहरू निर्माण गरी विधि विधान साथ मन्दिरमा स्थापना गरी पूजा गरिएका प्रशस्त उदाहरणहरू छन्। यस्त उदाहरणहरूमा विभिन्न माध्यममा निर्माण गरिएका स्थानक, आसन, शयन लगायत विश्वरूप तथा अवताररूपी मूर्तिहरू पर्दछन्।

काठमाडौं उपत्यका लगायत सिमरौनगढ, हरिहरक्षेत्र तथा नेपालको पूर्व तथा पश्चिमी क्षेत्रबाट पनि वैष्णव सम्प्रदाय सम्बन्धी मूर्तिहरू प्राप्त भएका छन्। तिनीहरूमध्ये काठमाडौं उपत्यका सिमरौनगढ, हरिहरक्षेत्र र दुल्लुमा प्राप्त विष्णुका केही उल्लेखनीय मूर्तिहरूलाई मात्र यस ग्रन्थमा समावेश गरिएको छ।

नेपाली कला कुनै न कुनै रूपमा समकालीन भारतीय कला शैलीबाट प्रभावित रहेको कुराको माथिका विभिन्न अध्यायहरूमा सन्दर्भ अनुरूप चर्चा गरिसकिएको छ। प्राचीन कालदेखि नै नेपाल र भारतबीचको खुला सिमाना, नेपाली तथा भारतीय बीचको बसाइँ-सराइको प्रक्रिया, धार्मिक आस्था, तीर्थाटन, व्यापारिक गतिविधिदेखि लिएर राजनीतिक तथा सांस्कृतिक आदानप्रदानका कारण पनि एक अर्को मुलुकको सांस्कृतिक छाप पर्नु स्वाभाविक हो। अझ प्राचीन भारतीय भूमिमा उद्भव भई विकास हुन पुगेको सनातन धर्म तथा दर्शनमा आस्था एवं विश्वास राख्ने सनातन धर्मावलम्बी नेपालीहरूद्वारा सिर्जित कलामा प्राचीन कालदेखि नै कुनै न कुनै रूपमा समकालीन भारतीय कला शैलीको प्रभाव नपर्दा चाहिँ अनौठो मान्नु पर्ने हुन्छ तर यसको अर्थ यो पनि होइन कि नेपाली कला भारतीय कलाशैलीका नक्कल हुन्। नेपाली कलामा भारतीय कलाको प्रभाव

रहँदारहँदै पनि कलाकारहरूले कला निर्माण गर्दा नेपाली कलाकारको सीप अनुरूपको मौलिकतालाई उल्लेखनीय तवरले पस्केका छन्। अझ लिच्छवि राजा मानदेवको समयमा निर्माण गरिएको लाजिम्पाट तथा तिलगंगाका विष्णु विक्रान्त मूर्तितर्फ ध्यान दिँदा भारतको बदामीमा पाइएको त्रिविक्रम मूर्तिभन्दा नेपाली त्रिविक्रम विष्णुका मूर्ति पुराना रहेको तथा त्रिविक्रम मूर्ति निर्माण कला भारतमा भन्दा नेपालमा जेठो रहेको कुरा सो मूर्तिहरूले प्रस्ट्याएका छन्। भारतको सबैभन्दा पुरानो भनिएको बदामीको त्रिविक्रम मूर्ति नेपालका मूर्तिभन्दा ११४ वर्षपछिको देखिएको छ। नेपालमा प्राप्त पाटन च्यासलहिटीको गजलक्ष्मीको मूर्तिदेखि लिएर पूर्व लिच्छविकालकै अन्य थुप्रै मूर्तिका उदाहरण तथा लिच्छवि, ठकुरी, मल्लकाल हुँदै त्यस पछिको समयमा निर्माण गरिएका कलाका नमुनाहरूको मुखाकृति, हातका मुद्रा, वस्त्र तथा गहनाको प्रयोग लगायतका विषयमा कलाकारहरूले ज्यादै चनाखो भई नेपाली मौलिकतालाई पस्केका छन्। सम्भवतः यिनै विशेषताहरूतर्फ इंगित गर्दै भारतीय विद्वान् कृष्णदेवले नेपाली कलामा देख्न सकिने भारतीय प्रभावलाई सिद्धहस्त नेपाली कलाकारले जादुगरी खुबीद्वारा नौलोपन (मौलिकता) प्रदान गरेका छन् भन्न सकेका हुन्। कृष्णदेव बाहेक अमिता राय, ए.के. कुमार स्वामी, प्रतापादित्य पाल, मेरी एस. स्लसर लगायतका विद्वान्हरू पनि नेपाली कलामा समकालीन भारतीय कलाको प्रभाव रहँदारहँदै पनि कलाकारको सीप तथा दक्षता तथा चातुर्यताले गर्दा नेपाली कला कृतिहरूमा मौलिकता पाइने कुरा बताउँछन्।

अन्तमा नेपाली भूमिमा नेपाली कलाकारहरूद्वारा इशाको आरम्भिक शताब्दीताकादेखि वर्तमान समयसम्म निरन्तर रूपमा निर्माण भएका, समयको अन्तरालमा प्राकृतिक तथा मानवीय क्षतिबाट जोगिन नसकी जीर्ण अवस्थामा पुगेका कतिपय कलाकृतिदेखि सग्लो अवस्थामा रहेका नेपाली संस्कृतिका अनुपम निधिहरू संरक्षणको अभावमा बिग्रिएर, नासिएर तथा चोरिएर समेत विलुप्त हुने स्थिति दिनानुदिन बढ्दै गइरहेको छ। यो क्रम बढ्दै जाँदा एउटा बिहान यस्तो पनि आउने छ, २००० वर्ष अगाडिदेखि नेपाली भूमिमा जरो गाडेर बसेको नेपाली संस्कृतिको धरोहरको रूपमा रहेको नेपाली कलालाई हाम्रा भविष्यका पुस्ताहरूले एकादेशको कथाको रूपमा वाचन गर्नु पर्नेछ। हाम्रा पुर्खाहरूको अथक प्रयत्नले सिर्जेको संस्कृति युग युगसम्म बाँचिरहनु पर्छ। यस दिशामा सम्बन्धित निकायको ध्यान पुग्नैपर्छ साथै समस्त नेपालीहरूले आ-आफ्ना सांस्कृतिक धरोहरहरू जोगाउन जुट्न अबेला भइसकेको छ। समयमै सचेत होऔं।

सन्दर्भ ग्रन्थसूची

नेपाली, हिन्दी

आचार्य, श्रीराम शर्मा, (सम्पा.) **ऋग्वेद,** ख. १, वरेली : संस्कृति संस्थान, १९६५।

उपाध्याय, वासुदेव, **प्राचीन भारतीय मूर्ति विज्ञान,** पटना : चौखम्बा संस्कृत सिरीज, १९७०।

काणे, पि.भि., **धर्मशास्त्रका इतिहास,** भाग १, लखनउः उत्तर प्रदेश हिन्दी संस्थान, १९६६।

खनाल, मोहनप्रसाद, **चाँगुनारायणका ऐतिहासिक सामग्री,** काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०४०।

खनाल, मोहनप्रसाद, **नेपाली कला,** काठमाडौंः साझा प्रकाशन, २०५३।

खनाल, मोहनप्रसाद, **सिमरौनगढको इतिहास,** काठमाडौंः नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५६।

खत्री, प्रेमकुमार, **नेपालको सामाजिक इतिहास र धार्मिक मतहरु,** काठमाडौंः एम्.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स, २०४८।

खत्री, प्रेमकुमार, **नेपालका धार्मिक मत र सामाजिक संरचना,** काठमाडौंः एम्.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०५४।

गोयन्का, जयदयाल (अनु.) **श्रीमद्भागवत्गीता,** गोरखपुरः गीता प्रेस, १९८६।

गौतम, ज्योतिप्रसाद, **श्रीमद्भागवत्गीता,** काठमाडौंः रत्न पुस्तक भण्डार, २०४५।

द्विवेदी, पि.एन., **वैदिक साहित्यका इतिहास,** वाराणसीः चौखम्बा भारती पब्लिसर्स, १९८७।

नेपाल, ज्ञानमणि, **नेपाल निरुक्त,** काठमाडौंः राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०।

ढुङ्गेल, शोभा, **नारायणहिटी–नारायण स्थान–एक अध्ययन,** अप्रकाशित शोध ग्रन्थ एम्.ए., संस्कृति, त्रि.वि. २०५३।

पौड्याल, वीणा, **सर्वेश्वर महादेव,** काठमाडौंः डा. ठाकुरनाथ पन्त स्मृति गुठी, २०६०।

पौड्याल, वीणा, **नेपाली मूर्तिकला र चित्रकला,** कीर्तिपुरः ने.इ.सं.पु. केन्द्रीय विभाग, त्रि.वि., २०५७।

प्रधान, रुक्मिणी, **काठमाडौं उपत्यकाका सरस्वती मूर्तिहरू र पूजा परम्परा**, कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६१ ।

पौड्याल, वीणा, **काठमाडौं उपत्यकाका विष्णु विभव मूर्ति र चित्रहरू**, काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०६२ ।

बज्राचार्य, गौतमवज्र, **हनुमानढोका राजदरबार**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३० ।

बज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३० ।

वाङदेल, लैनसिंह, **प्राचीन नेपाली मूर्तिकलाको इतिहास**, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९ ।

भट्टराई, गोविन्दप्रसाद, **मूर्तिकला-लक्षणसहित प्राचीन नेपाली मूर्तिहरू**, काठमाडौं इल्या भट्टराई, २०४१ ।

मैनाली, साबित्री "नेपाली कलामा धर्म समन्वयवाद" **भ्वाइस अफ कल्चर**, नेका विभाग, पद्मकन्या क्याम्पस, बागबजार, २०६६ ।

योगी, नरहरीनाथ, **हिमवत् खण्ड**, काशी: योग प्रचारिणी गोरस ठिल्ला, २०१३ ।

विद्यालंकार, सत्यकेतु, **प्राचीन भारतका धार्मिक, सामाजिक और आर्थिक इतिहास**, नई दिल्ली: श्री सरस्वती सदन, २००० ।

शास्त्री, रामनारायण दत्त, **दुर्गा सप्तशती**, गोरखपुर : गीताप्रेस, २०५४ ।

श्रीवास्तव, बलराम, **रूपमण्डन**, वाराणशी: मोतिलाल वनारसीदास, २०२१ ।

English

Arya, Vedagya, **The Vedic Saraswati River Rivisiting, Indus Saraswati and Ancient India,** USA: world Association for Vedic, Studies, 1998.

Banarje, J.N. **The Development of Hindu Iconography**, New Delhi: Munsiram Manaharlal, 1985.

Bajracharya Gautamvajra, "Recently Discovered Inscriptions of Lichchhavi Nepal" **Kailash**: Vol. 1, No. 2, 1973, P. 124.

Bajracharya Dhanavajra and Malla Kamal Prakash (ed) **The Gopalraj vansavali**, Kathmandu: Franz Steiner Verla Wiesbaden GMBH, 1985.

Bangdel, L.S. **Stolen Images of Nepal**, Kathmandu: Royal Nepal Academy, 1989.

Bangdel, L.S., **Inventory of Store sculptures of the Kathmand Valley**, Kathmandu: Royal Nepal Academy, 1995.

Basam A.L. **The wonder that was India**, London : Sidjwick an Jackson, 1967.

Bhandarkar, R.G. Vaisnavism, **Saivism and other Minor Religion System**, Varanasi: Indological House, 1965.

Dadekar, R.N. Indian Mythology- **The Cultural Heritage of India** Vol. 2, Calcutta: Ram Krishna Mission, 1982.

Dev, Krishna, **Images of Nepal**, New Delhi: Archaeological Survey o India, 1984.

Dhungel, Ramesh, **The Lost Heritage**, Kathmandu: CeNAS, 2010.

Gonda, J, **Aspects of Early Visnuism**, Delhi: Motilal Banarsidass, 1993

Mainali, Sabitree, **Hindu Miniature Paintings of the Kathmandu Valley**, Kathmandu: Bishwa Kanta Mainali, 2009.

Huntington, Susan L., **The Art of Ancient India**, New York Weather Hill, 1985.

Mani, Vetam, **Puranic Incyclopedia**, Delhi: Motilal Banaradidass Publishers, 1975.

Pal, Pratapaditya, **Vaisnava Iconology in Nepal**, Calcutta: The Asiatic Society, 1970.

Pal, Pratapaditya, **Art of Nepal**, Pt. I. Sculpture, Netherland: Leiden/ Koln, E.J.Brill, 1974.

Rao, T.A. Gopinath, **Elements of Hindu Iconography, Vol. 1,** Delhi: Low Price Publication, 1999.

Shick, Jurgen, **The Gods are Leaving The Country**, Bangkok: Orchid Press, 1998.

Shah Priyambala (tr.) **Vishnudharmoatrara Purana. III**. Delhi: Parimal Publication, 2002.

Slusser, Mary S., **Nepal Mandala- A Cultural Study of the Kathmandu Valley**, Kathmandu: Mandala Book Point, 1998.

चित्रसूची

चित्र नं. १ : गरुडासन विष्णु, चाँगुनारायण मन्दिर, मूल गर्भगृह (संवत् ३१) छैटौं शताब्दी

चित्र नं. २ : गरुडासन विष्णु, लस एञ्जेलस काउन्टी म्युजियम, न्युयोर्क, आठौं शताब्दी

चित्र नं. ३ : गरुडासन विष्णु, चाँगुनारायण मन्दिर, नवौं शताब्दी

चित्र नं. ४ : गरुडासन विष्णु, चाँगुनारायण मन्दीर, तेह्रौं शताब्दी

चित्र नं. ५ : गरुडासन विष्णु, ज्याक जिमरम्यान संग्रह, न्युयोर्क, १००४ इ.सं.

चित्र नं. ६ : गरुडासन विष्णु, ह्युमतटोल, काठमाडौं, बाह्रौं शताब्दी

चित्र नं. ७ : गरुडासन विष्णु, देउपाटन, बाह्रौं शताब्दी

चित्र नं. ८ : गरुडासन विष्णु, कुम्भेश्वर, पाटन, सोह्रौं-सत्रौं शताब्दी

चित्र नं. ९ : गरुडासन विष्णु, खजहनी, सिमरौनगढ, बाह्रौं शताब्दी

चित्र नं. १० : गरुडासन विष्णु, त्रिवेणीघाट, नवलपरासी, सत्रौं शताब्दी

चित्र नं. ११(क) : गरुडासन विष्णु, दुल्लु, पादुकास्थान, अठारौं-उन्नाइसौं शताब्दी

चित्र नं. ११(ख) : श्रीधर विष्णु, नक्साल, नवौं शताब्दी

चित्र नं. १२ : श्रीधर विष्णु, चाँगुनारायण, दशौं-एघारौं शताब्दी

चित्र नं. १३ : श्रीधर विष्णु, नक्साल, (हाल राष्ट्रिय संग्रहालय), दशौं-एघारौं शताब्दी

चित्र नं. १४ : श्रीधर विष्णु, च्यासलहिटी, पाटन, दशौं-एघारौं शताब्दी

चित्र नं. १५ : श्रीधर विष्णु, भीमधारा, भक्तपुर, तेह्रौं शताब्दी

चित्र नं. १६ : श्रीधर विष्णु, त्रिवेणीघाट, पनौती, पन्ध्रौं शताब्दी

चित्र नं. १७ : श्रीधर विष्णु, कोत्सु टोल, फर्पिङ्ग, सत्रौं शताब्दी

चित्र नं. १८ : वासुदेव विष्णु (चतुर्व्यूह), नारायण मन्दिर, नारायणहिटी, सातौं शताब्दी

चित्र नं. १९ : संकर्षण विष्णु (चतुर्व्यूह), नारायण मन्दिर, नारायणहिटी, सातौं शताब्दी

चित्र नं. २० : कंकालीस्थान परिसरको विष्णु मूर्ति, सिमरौनगढ, बाह्रौं शताब्दी

चित्र नं. २१ : श्रीधर विष्णु (चतुर्विंशति), खजहनी, सिमरौनगढ, तेह्रौं शताब्दी

चित्र नं. २२ : त्रिविक्रम विष्णु (चतुर्विंशति), बलुरघाट, पश्चिम बंगाल, बाह्रौं शताब्दी

चित्र नं. २४ : नारायण विष्णु (चतुर्विंशति), हरिहरक्षेत्र, चौधौं शताब्दी

चित्र नं. २५ : त्रिविक्रम विष्णु (चतुर्विंशति), हरिहरक्षेत्र, तेह्रौं-चौधौं शताब्दी

चित्र नं. २६ : उपेन्द्र विष्णु (चतुर्विंशति), हरिहरक्षेत्र, तेह्रौं शताब्दी

चित्र नं. २७ : विष्णुधर्म, हस्तलिखित ग्रन्थको गाता चित्र, राष्ट्रिय अभिलेखालय, ने.सं. ३४०/१२२० इ.

चित्र नं. २८ : विष्णु मण्डल, नास्ली एण्ड हिरामानेक कलेक्सन, न्युयोर्क, ने.सं. ५४०/१४२० ई.

चित्र नं. २९ : श्रीधर (चतुर्विंशतिव्यूह) विष्णु, नास्ली एण्ड हिरामानेक कलेक्सन, न्युयोर्क, पन्ध्रौं शताब्दी

चित्र नं. ३० : नारायण विष्णु (चतुर्विंशति), भारत कलाभवन, बनारस, अठारौं शताब्दी

चित्र नं. ३१ : वासुदेव विष्णु, भुवनेश्वर मन्दिर, देउपाटन, पाँचौं शताब्दी

चित्र नं. ३२ : गरुड, हाँडीगाउँ, काठमाडौं, एघारौं-बाह्रौं शताब्दी

चित्र नं. ३३ : गरुड, मेट्रोपोलिटन म्युजियम, न्युयोर्क, तेह्रौं-चौधौं शताब्दी

चित्र नं. ३४ : गरुड, चाँगुनारायण मन्दिर भण्डार, धातु

चित्र नं. ३५ : गरुड, नास्ली एण्ड हिरामानेक कलेक्सन, न्युयोर्क, पन्ध्रौं-सोह्रौं शताब्दी

चित्र नं. ३६(क) : गरुड, मरुटोल, काठमाडौं, १६९० इ.सं.

चित्र नं. ३६(ख) : विश्वरूप विष्णु, कुटुबहाल, चाबहिल, चौथौं शताब्दी

चित्र नं. ३७ : विश्वरूप विष्णु, चाँगुनारायण मन्दिर हाता, आठौं-नवौं शताब्दी

चित्र नं. ३८ : विश्वरूप विष्णु, म्यूजियम अफ फाइन आर्ट, बोस्टन, दशौं-एघारौं शताब्दी

चित्र नं. ३९ : शेषशायी विष्णु, आर्यघाट, पशुपति, तेस्रो-चौथो शताब्दी

चित्र नं. ४० : जलशयन नारायण, बूढानीलकण्ठ, सातौं शताब्दी

चित्र नं. ४१ : वासुदेव, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६७ इ.

चित्र नं. ४२ : संकर्षण, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६६ इ.

चित्र नं. ४३ : अनिरुद्ध, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६६ इ.

चित्र नं. ४४ : प्रद्युम्न, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६६ इ.

चित्र नं. ४५ : वैकुण्ठ विष्णु, चाँगुनारायण मन्दिर, हाता, सत्रौं शताब्दी

चित्र नं. ४६ : त्रैलोक्य मोहन, हनुमानढोका, काठमाडौं, अठारौं शताब्दी

चित्र नं. ४७ : चतुर्मुख विष्णु, मालीगाउँ, काठमाडौं, नवौं-दसौं शताब्दी

चित्र नं. ४८ : शेषशायी विष्णु, हनुमानढोका, काठमाडौं, छैटौं शताब्दी

चित्र नं. ४९ : शेषशायी मूर्ति (हरिहर), बालाजु, काठमाडौं, सत्रौं शताब्दी



*चित्र नं. २ : **गरुडासन विष्णु**, लस एञ्जेल्स काउन्टी म्युजियम, न्युयोर्क, आठौं शताब्दी*

चित्र नं. ३ : गरुडासन विष्णु, चाँगुनारायण मन्दिर, नवौं शताब्दी



चित्र नं ४ : गरुडासन विष्णु, चाँगुनारायण मन्दिर, तेह्रौं शताब्दी

चित्र नं. ५ : गरुडासन विष्णु, ज्याक जिमरम्यान संग्रह, न्युयोर्क, १००४ इ.सं.

चित्र नं. ६ : गरुडासन विष्णु, ह्युमतटोल, काठमाडौँ, बाह्रौँ शताब्दी



चित्र .नं. ७ : गरुडासन विष्णु, देउपाटन, बाह्रौं शताब्दी

चित्र नं. ८ : गरुडासन विष्णु, कुम्भेश्वर, पाटन, सोह्रौं–सत्रौं शताब्दी



चित्र नं. ९ : गरुडासन विष्णु, खजहनी, सिमरौनगढ, बाह्रौं शताब्दी

चित्र नं. १० : गरुडासन विष्णु, त्रिवेणीघाट, नवलपरासी, सत्रौं शताब्दी

चित्र नं. ११(क) : गरुडासन विष्णु, दुल्लु, पादुकास्थान, अठारौं–उन्नाइसौं शताब्दी

चित्र नं. ११ (ख) : श्रीधर विष्णु, नक्साल, नवौं शताब्दी



चित्र नं. १२ : श्रीधर विष्णु, चाँगुनारायण, दशाँ/एघारौं शताब्दी



चित्र नं. १३ : श्रीधर विष्णु, नक्साल, (हाल राष्ट्रिय संग्रहालय)
दशौ–एघारौं शताब्दी



चित्र नं. १४ : श्रीधर विष्णु, च्यासलहिटी, पाटन,
दशौ–एघारौं शताब्दी



चित्र नं. १५ : श्रीधर विष्णु, भीमधारा, भक्तपुर, तेह्रौं शताब्दी



चित्र नं. १६ : श्रीधर विष्णु, त्रिवेणीघाट, पनौती, पन्ध्राँ शताब्दी

चित्र नं. १७ : श्रीधर विष्णु, कोत्सु टोल, फर्पिङ्ग, सत्रौं शताब्दी



चित्र नं. १८ : वासुदेव विष्णु (चतुर्व्यूह), नारायण मन्दिर, नारायणहिटी, सातौं शताब्दी



चित्र नं. १९ : संकर्षण विष्णु (चतुर्व्यूह), नारायण मन्दिर, नारायणहिटी, साताँ शताब्दी



चित्र नं. २० : विष्णु मूर्ति, कंकालीस्थान, सिमरौनगढ,
बाह्रौं शताब्दी



चित्र नं. २१ : श्रीधर विष्णु (चतुर्विंशति), खजहनी, सिमरौनगढ, तेह्राँ शताब्दी

चित्र नं. २२ : त्रिविक्रम विष्णु (चतुर्विंशति विष्णु), बलुरघाट, पश्चिम बंगाल, बाह्रौं शताब्दी



चित्र नं. २३ : त्रिविक्रम विष्णु, हरिहरक्षेत्र,
बाह्रौँ–तेह्रौँ शताब्दी



चित्र नं. २४ : नारायण विष्णु, हरिहरक्षेत्र,
चौधाँ शताब्दी

चित्र नं. २५ : त्रिविक्रम विष्णु, हरिहरक्षेत्र,
तेह्रौँ–चौधौँ शताब्दी

चित्र नं. २६ : उपेन्द्र विष्णु, हरिहरक्षेत्र, तेह्रौं शताब्दी



चित्र नं. २७ : विष्णुधर्म, हस्तलिखित ग्रन्थको गाता चित्र, राष्ट्रिय अभिलेखालय, ने.सं. ३४०/१२२० इ.



चित्र नं. २८ : विष्णु मण्डल, नास्ली एण्ड हिरामानेक कलेक्सन, न्यूयोर्क, ने.सं. ५४०/१४२० इ.



चित्र नं. २९ : श्रीधर विष्णु (चतुर्विंशतिव्यूह), नास्ली एण्ड हिरामानेक कलेक्सन, न्यूयोर्क, पन्ध्रौं शताब्दी

चित्र नं. ३० : नारायण विष्णु, भारत कलाभवन, वनारस, अठारौं शताब्दी



चित्र नं. ३१ :
वासुदेव विष्णु,
भुवनेश्वर मन्दिर,
देउपाटन,
पाँचौं शताब्दी



चित्र नं. ३२ : गरुड, हाँडीगाउँ, काठमाडौं,
एघारौं–बाह्रौं शताब्दी

चित्र नं. ३३ : गरुड, मेट्रोपोलिटन म्यूजियम, न्यूयोर्क, तेह्रौं–चौधौं शताब्दी

चित्र नं. ३४ : गरुड, चाँगुनारायण मन्दिर भण्डार, धातु



चित्र नं. ३५ : गरुड, नास्ली एण्ड हिरामानेक कलेक्सन, न्यूयोर्क, पन्ध्रौं–सोह्रौं शताब्दी



चित्र नं. ३६(क) : गरुड, मरुटोल, काठमाडौँ, १६९० इ.सं.

चित्र नं. ३६(ख) : विश्वरूप विष्णु, कुट्टबहाल, चावहिल, चौथाँ शताब्दी



चित्र नं. ३७ : विश्वरूप विष्णु, चाँगुनारायण मन्दिर हाता, आठौँ–नवौँ शताब्दी



चित्र नं. ३८ : विश्वरूप विष्णु, म्यूजियम अफ फाइन आर्ट, बोस्टन, दशौँ–एघारौँ शताब्दी



चित्र नं. ३९ : शेषशायी विष्णु, आर्यघाट, पशुपति, तेस्रो–चौथो शताब्दी



चित्र नं. ४० : जलशयन नारायण, बूढानिलकण्ठ, साताँ शताब्दी



चित्र नं. ४१ : वासुदेव, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६७ इ.



चित्र नं. ४२ : संकर्षण, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६६ इ.



चित्र नं. ४३ : अनिरुद्ध, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६६ इ.



चित्र नं. ४४ : प्रद्युम्न, चतुर्व्यूह मूर्तिफलक, नारायण मन्दिर, मंगलबजार, पाटन, ने.सं. ६८६/१५६६ इ.



चित्र नं. ४५: वैकुण्ठ विष्णु, चाँगुनारायण मन्दिर, हाता, सत्राँ-अठाराँ शताब्दी

चित्र नं. ४६ : त्रैलोक्य मोहन, हनुमानढोका, काठमाडौं, अठारौं शताब्दी



चित्र नं. ४७ : चतुर्मुख विष्णु, मालीगाउँ, काठमाडौं,
नवौं–दसौं शताब्दी



चित्र नं. ४८ : शेषशायी विष्णु, हनुमानढोका, काठमाडौँ, छैटौँ शताब्दी



चित्र नं. ४९ : शेषशायी मूर्ति (हरिहर), बालाजु, काठमाडौं, सत्रौं शताब्दी

प्रा.डा. सावित्री मैनाली

आमा	कमला आचार्य
बाबा	स्व मेघराज आचार्य
शिक्षा	विद्यावारिधि, त्रिभुवन विश्वविद्यालय, २०६१
पद	प्राध्यापक, नेपाली इतिहास, सस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर
प्राध्यापन अनुभव	३५ वर्ष
प्रकाशित कृति	१. लिच्छविकालीन धर्म तथा अर्थ व्यवस्थाका केही पक्षहरु, २०४१ २. प्राचीन नेपाली समाजमा प्रचलित प्रमुख धर्महरु, २०५७ ३. Hindu Miniature Paintings of Kathmandu Valley, 2066 ४. वैष्णव धर्म र नेपालका केही विष्णु मूर्तिहरु, २०७०
प्रकाशोन्मुख कृति	नेपाली हस्तलिखित ग्रन्थमा प्रज्ञापारमिता-एक अध्ययन cult Syncretism in Nepali Art.
अन्य	विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पत्र-पत्रिकाहरुमा दुई दर्जन भन्दा बढि अनुसन्धानात्मक लेखहरु प्रकाशित ।
पुरस्कार सम्मान	नेपाल विद्या भूषण 'क' श्रेणी दिर्घ सेवा पदक त्रि.वि., २०६१ मैनाली समाज सेवा सस्था सम्मान पद्मकन्या बहुमुखी क्याम्पस प्राध्यापक इकाइ सम्मान जोशी रिचर्स सेन्टर सम्मान
भ्रमण	चीन, भारत, पाकिस्तान, मलेसिया, थाइल्याण्ड, जर्मनी, बेल्जियम, फ्रान्स, वेलायत, अष्ट्रिया, अष्ट्रेलिया, स्वीजरल्याण्ड, अमेरिका, क्यानाडा आदि मूलुकहरु
सम्पर्क	९८४१८८६८८२

9789937264488